# भूपेन्द्र शर्मा भट्टराईको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन

त्रिभुवन विश्वविद्यालय
मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत
वीरेन्द्र बहुमुखी क्याम्पस, नेपाली विभाग, भरतपुर, चितवनको
स्नातकोत्तर तह (एम.ए.), द्वितीय वर्षको
दसौँ पत्रको प्रयोजनार्थ
प्रस्तुत

## शोधपत्र


**शोधार्थी**

**टीकाराम आचार्य**

क्याम्पस क्रम सङ्ख्या : ७/०६२
त्रि.वि. दर्ता सङ्ख्या : ६-१-२४१-७१४-९७
नेपाली विभाग
वीरेन्द्र बहुमुखी क्याम्पस
भरतपुर, चितवन


२०६९/२०१२

# त्रिभुवन विश्वविद्यालय
**मानविकी तथा सामाजिक शास्त्र सङ्काय**
**वीरेन्द्र बहुमुखी क्याम्पस, नेपाली विभाग,**
**भरतपुर, चितवन**

# स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत वीरेन्द्र बहुमुखी क्याम्पस, नेपाली विभाग, भरतपुर, चितवनका छात्र टीकाराम आचार्यले स्नातकोत्तर तह (एम.ए.) नेपाली विषयको दसौँ पत्रको प्रयोजनका लागि प्रस्तुत गरेको **भूपेन्द्र शर्मा भट्टराईको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन** शीर्षकको यो शोधपत्र स्वीकृत गरिएको छ ।

## मूल्याङ्कनसमिति

**प्रा.डा. नारायणप्रसाद खनाल** — हस्ताक्षर
विभागीय प्रमुख

**प्रा.डा. नारायणप्रसाद खनाल** — हस्ताक्षर
शोधनिर्देशक

**सह-प्राध्यापक गोविन्दराज विनोदी** — हस्ताक्षर
बाह्यपरीक्षक

मिति : २०६९/०४/०५ (२० जुलाई २०१२)

भूपेन्द्र शर्मा भट्टराईको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन टीकाराम आचार्य २०६९/२०१२

# शोधनिर्देशकको मन्तव्य

त्रिभुवन विश्वविद्यालय, वीरेन्द्र बहुमुखी क्याम्पस, भरतपुर, नेपाली विभागअन्तर्गत स्नातकोत्तर तह दोस्रो वर्षका छात्र टीकाराम आचार्यले **भूपेन्द्र शर्मा भट्टराईको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन** शीर्षकको शोधपत्र मेरा निर्देशनमा तयार पार्नुभएको हो । परिश्रमपूर्वक तयार पारिएको प्रस्तुत शोधकार्यबाट म सन्तुष्ट छु र यसको आवश्यक मूल्याङ्कनका लागि विभागसमक्ष सिफारिस गर्दछु ।

मिति : २०६९/०४/०२
१७ जुलाई २०१२

**डा.नारायणप्रसाद खनाल**
प्राध्यापक
**नेपाली विभाग**
**वीरेन्द्र बहुमुखी क्याम्पस**
भरतपुर, चितवन

# कृतज्ञताज्ञापन

**भूपेन्द्र शर्मा भट्टराईको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन** शीर्षकको प्रस्तुत शोधपत्र मैले त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र सङ्काय, वीरेन्द्र बहुमुखी क्याम्पस, नेपाली विभागअन्तर्गत स्नातकोत्तर तह दोस्रो वर्षको दसौँ पत्रको प्रयोजनका लागि तयार पारेको हुँ । प्रस्तुत शोधपत्रको शीर्षकमा अनुसन्धान गर्न स्वीकृति प्रदान गरी यस शोधपत्र तयार पार्ने क्रममा आफ्नो अमूल्य समय दिएर हार्दिक सहयोग गरी मलाई कुशल निर्देशन, सल्लाह र सुझाव दिनुहुने नेपाली विभागका विभागीय प्रमुख एवम् शोधनिर्देशक आदरणीय गुरु प्रा.डा. नारायणप्रसाद खनालप्रति हार्दिक कृतज्ञता प्रकट गर्दछु ।

प्रस्तुत शोधपत्र तयार पार्ने आवश्यक सामग्री उपब्ध गराई हार्दिकतापूर्वक आफ्नो व्यस्त समय दिएर सहयोग गर्नुहुने शोधनायक भूपेन्द्र शर्मा भट्टराई र उहाँको परिवारप्रति म कृतज्ञताज्ञापन गर्दछु । शोधपत्र तयार गर्दा आवश्यक सल्लाह र सुझाव दिनुहुने वीरेन्द्र बहुमुखी क्याम्पस, नेपाली विभागका सम्पूर्ण गुरुवर्ग एवम् कर्मचारीहरूप्रति पनि हार्दिक कृतज्ञता प्रकट गर्दछु । मैले शोधपत्र तयार पार्ने क्रममा विभिन्न कार्यमा सहयोग गर्नुहुने मेरा दाजु मीनप्रसाद आचार्य, विष्णु जैसी, टङ्कप्रसाद काफ्ले, सोमनाथ सुवेदी, सदानन्द अभागी, शिव कोइराला, सुरेन्द्र भट्ट साथै श्री पृथ्वी मा.वि. परिवार, प्रगतिनगर-६ प्रति हार्दिक आभार प्रकट गर्दछु । शोधपत्रका लागि सामग्रीसङ्कलनका क्रममा सहयोग पुऱ्याउने वीरेन्द्र बहुमुखी क्याम्पसको पुस्तकालय, सामुदायिक पुस्तकालय डण्डा, लुम्बिनी आदर्श डिग्री कलेजलगायत अन्य सहयोगी सङ्घसंस्थाहरूप्रति आभार व्यक्त गर्दछु ।

प्रस्तुत शोधपत्र तयार पार्ने क्रममा मलाई घरायसी व्यावहारिक समस्यामा नपारी अध्ययन-अनुसन्धानका लागि प्रशस्त समय उपलब्ध गराएर सहयोग गर्नुहुने मेरा पिता मनिलाल आचार्य, श्रीमती सरस्वती आचार्य र शान्त वातावरण तयार पारिदिने पुत्र शुभम आचार्यलगायत सम्पूर्ण परिवारप्रति धन्यवाद दिन चाहन्छु । साथै शोधपत्र यथासम्भव शुद्ध एवम् छिटो टङ्कण गरिदिनु हुने 'निक द डिजाइनर' नारायणगढका श्री दिपेन्द्रकुमार जोशी 'निक' एवम् सुमिना जोशीलाई विशेष धन्यवाद दिन चाहन्छु ।

अन्त्यमा **भूपेन्द्र शर्मा भट्टराईको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन** शीर्षकको प्रस्तुत शोधपत्र आवश्यक मूल्याङ्कनका लागि नेपाली विभाग, वीरेन्द्र बहुमुखी क्याम्पस भरतपुरसमक्ष प्रस्तुत गर्दछु ।

शोधार्थी

मिति : २०६८/०४/०२

१७ जुलाई २०१२

**टीकाराम आचार्य**

त्रि.वि.दर्ता नं. : ६-१-२४१-७१४-९७

नेपाली विभाग

**वीरेन्द्र बहुमुखी क्याम्पस**

भरतपुर, चितवन

२०६९

# सङ्क्षेपीकृत शब्दसूची

प्रस्तुत शोधपत्रमा प्रयोग गरिएका सङ्क्षेपीकृत शब्दहरू यसप्रकार छन् :

| | |
|---|---|
| अप्र. | अप्रकाशित |
| ई.सं. | ईस्वी संवत् |
| उ.मा.वि. | उच्च माध्यमिक विद्यालय |
| एफ.एम. | फ्रिक्वेन्सी मोडुलेसन |
| एम.ए. | मास्टर इन आर्ट |
| एम.एस.डि.एस. | मल्टिप्रपोज सोसियल डेभलप्मेन्ट सर्भिस |
| गा.वि.स. | गाउँ विकास समिति |
| डा. | डाक्टर |
| त्रि.वि. | त्रिभुवन विश्वविद्यालय |
| नि. | निर्देशक |
| नि.मा.वि. | निम्न माध्यमिक विद्यालय |
| ने.रा.प्र.प्र. | नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान |
| पं. | पण्डित |
| पृ. | पृष्ठ |
| प्रा. | प्राध्यापक |
| भू.श.भ. | भूपेन्द्र शर्मा भट्टराई |
| मा.वि. | माध्यमिक विद्यालय |
| रा.स.स. | राष्ट्रिय समाचार समिति |
| वि.सं. | विक्रम संवत् |
| संस्क. | संस्करण |
| सम्पा. | सम्पादक |
| सा.प्र. | साझा प्रकाशन |
| स्व. | स्वर्गीय |

# विषयसूची


(क) शोधपत्रको स्वीकृतिपत्र

(ख) शोधनिर्देशकको मन्तव्य

(ग) कृतज्ञताज्ञापन

(घ) सङ्क्षेपीकृत शब्दसूची


## पहिलो परिच्छेद
## शोधपरिचय


| | | |
|---|---|---|
| १.१ | विषयपरिचय | १ |
| १.२ | समस्याकथन | २ |
| १.३ | शोधकार्यका उद्देश्यहरू | २ |
| १.४ | पूर्वकार्यको विवरण र समीक्षा | २ |
| १.५ | शोधकार्यको औचित्य, महत्त्व र उपयोगिता | ६ |
| १.६ | शोधकार्यको क्षेत्र र सीमा | ६ |
| १.७ | सामग्रीसङ्कलन | ७ |
| १.८ | शोधविधि | ७ |
| १.९ | शोधकार्यको रूपरेखा | ८ |


## दोस्रो परिच्छेद
## साहित्यकार भूपेन्द्र शर्मा भट्टराईको जीवनीको अध्ययन


| | | |
|---|---|---|
| २.१ | पृष्ठभूमि | १० |
| २.२ | वंश परम्परा | ११ |
| २.३ | जन्म र नामकरण | ११ |
| २.४ | पारिवारिक पृष्ठभूमि | १२ |
| २.५ | बाल्यकाल | १३ |
| २.६ | शिक्षा-दीक्षा | १४ |
| २.७ | संस्कार-कर्महरू | १६ |
| २.८ | दाम्पत्य जीवन र सन्तान लाभ | १६ |

२.९ आर्थिक अवस्था १७
२.१० धार्मिक अवस्था १८
२.११ रुचि र स्वभाव १९
२.१२ लेखनमा प्रेरणा र प्रभाव २०
२.१३ दिनचर्या २१
२.१४ सेवामा प्रवेश २१
२.१५ सङ्घसंस्थासँगको आबद्धता २२
२.१६ सम्मान तथा पुरस्कार २३
२.१७ भ्रमण २३
२.१८ निष्कर्ष २४

## तेस्रो परिच्छेद
## साहित्यकार भूपेन्द्र शर्मा भट्टराईको व्यक्तित्वको अध्ययन

३.१ पृष्ठभूमि २५
३.२ बाह्य व्यक्तित्व २६
३.३ आन्तरिक व्यक्तित्व २६
 ३.३.१ साहित्यिक व्यक्तित्व २६
  ३.३.१.१ कवि व्यक्तित्व २७
  ३.३.१.२ गजलकार व्यक्तित्व २७
  ३.३.१.३ समालोचक व्यक्तित्व २८
 ३.३.२ प्रकाशक-सम्पादक व्यक्तित्व २८
 ३.३.३ पत्रकार व्यक्तित्व २९
 ३.३.४ प्राध्यापक व्यक्तित्व २९
 ३.३.५ समाजसेवी व्यक्तित्व ३०
 ३.३.६ प्रशासक व्यक्तित्व ३१
३.४ जीवनी, व्यक्तित्व र साहित्यसिर्जनाबीच सामञ्जस्य ३१
३.५ निष्कर्ष ३२

## चौथो परिच्छेद
## साहित्यकार भूपेन्द्र शर्मा भट्टराईको कृतित्वको अध्ययन

४.१ नेपाली साहित्यमा साहित्यकार भूपेन्द्र शर्मा भट्टराईको आगमन र साहित्य यात्रा ३३
 ४.१.१ लेखनका लागि प्रेरणा र प्रभाव ३३
 ४.१.२ नेपाली साहित्यमा भूपेन्द्र शर्मा भट्टराईको आगमन
 र लेखनको परम्परा ३४

४.१.३ भूपेन्द्र शर्मा भट्टराईको साहित्य यात्रा ३५
४.१.३.१ प्रथम चरण (वि.सं. २०३८-२०४४) ३५
४.१.३.२ द्वितीय चरण (वि.सं. २०४५ - हालसम्म) ३६
४.१.४ भूपेन्द्र शर्मा भट्टराईको प्रवृत्तिगत साहित्यिक विशेषता र स्थान निर्धारण ३७
४.२ भूपेन्द्र शर्मा भट्टराईका पुस्तकाकार कृतिहरूको अध्ययन ३९
४.२.१ कृतिविश्लेषणका आधार ३९
४.२.२ 'शिवबस्तीदेखि शिवबस्तीसम्म' कवितासङ्ग्रहको अध्ययन ४०
४.२.२.१ परिचय ४०
४.२.२.२ शीर्षक ४१
४.२.२.३ संरचना ४१
४.२.२.४ विषयवस्तु ४२
४.२.२.५ भाषाशैली ४६
४.२.२.६ दृष्टिबिन्दु ४७
४.२.२.७ केन्द्रीय भाव ४८
४.२.२.८ लयविधान ४९
४.२.२.९ बिम्ब र प्रतीक ५१
४.२.२.१० अलङ्कार ५२
४.२.२.११ रसविधान ५४
४.२.२.१२ निष्कर्ष ५६
४.२.३ 'रित्तो गिलास र अनारका आँखाहरू' कवितासङ्ग्रहको अध्ययन ५६
४.२.३.१ परिचय ५६
४.२.३.२ शीर्षक ५७
४.२.३.३ संरचना ५७
४.२.३.४ विषयवस्तु ५८
४.२.३.५ भाषाशैली ६४
४.२.३.६ दृष्टिबिन्दु ६४
४.२.३.७ केन्द्रीय भाव ६६
४.२.३.८ लयविधान ६६
४.२.३.९ बिम्ब र प्रतीक ६७
४.२.३.१० अलङ्कार ६८
४.२.३.११ रसविधान ७०

४.२.३.१२ निष्कर्ष ७२
४.२.४ 'करुवाको पानी' गजलसङ्ग्रहको अध्ययन ७२
४.२.४.१ परिचय ७३
४.२.४.२ शीर्षक ७३
४.२.४.३ संरचना ७४
४.२.४.३.१ शेर ७४
४.२.४.३.२ काफिया ७५
४.२.४.३.३ रदिफ ७५
४.२.४.३.४ मतला ७६
४.२.४.३.५ मक्ता ७७
४.२.४.३.६ तखल्लुस ७८
४.२.४.३.७ मिसरा ७८
४.२.४.३.८ बहर ७९
४.२.४.४ विषयवस्तु ८२
४.२.४.५ भाषाशैली ८६
४.२.४.६ दृष्टिबिन्दु ८७
४.२.४.७ केन्द्रीय भाव ८७
४.२.४.८ लयविधान ८८
४.२.४.९ बिम्ब र प्रतीक ८९
४.२.४.१० अलङ्कार ९०
४.२.४.११ रसविधान ९१
४.२.४.१२ निष्कर्ष ९३
४.२.५ 'गण्डर्षिका कविताहरू' कृतिको अध्ययन ९४
४.२.५.१ परिचय ९४
४.२.५.२ शीर्षक ९५
४.२.५.३ संरचना ९५
४.२.५.४ विषयवस्तु ९६
४.२.५.५ भाषाशैली १०५
४.२.५.६ दृष्टिबिन्दु १०५
४.२.५.७ केन्द्रीय भाव १०६
४.२.५.८ लयविधान १०७
४.२.५.९ बिम्ब र प्रतीक ११०

| | | | |
|---|---|---|---|
| | ४.२.५.१० | अलङ्कार | १११ |
| | ४.२.५.११ | रसविधान | ११५ |
| | ४.२.५.१२ | निष्कर्ष | ११८ |
| ४.२.६ | 'केही द्रष्टा : केही दृष्टि' समालोचनात्मक लेखसङ्ग्रहको अध्ययन | | ११८ |
| | ४.२.६.१ | परिचय | ११९ |
| | ४.२.६.२ | शीर्षक | ११९ |
| | ४.२.६.३ | संरचना | ११९ |
| | ४.२.६.४ | विषयवस्तु | १२० |
| | | ४.२.६.४.१ नेपाली समालोचनाको पहिलो चेष्टा | १२० |
| | | ४.२.६.४.२ ज्ञवाली र शर्मा : अमर समीक्षकका रूपमा | १२१ |
| | | ४.२.६.४.३ खोज अन्वेषण परम्पराका अविष्मरणीय प्रतिभा | १२२ |
| | | ४.२.६.४.४ दुई समालोचकबारे केही कुरा | १२४ |
| | | ४.२.६.४.५ साहित्यिक इतिहास छोटो चिन्तन | १२४ |
| | | ४.२.६.४.६ प्र.वा.स. : एक दृष्टि | १२५ |
| | | ४.२.६.४.७ केही द्रष्टा : केही दृष्टि | १२६ |
| | ४.२.६.५ | भाषाशैली | १२८ |
| | ४.२.६.६ | निष्कर्ष | १२९ |
| ४.२.७ | 'नवलपरासीका साहित्यिक व्यक्ति र कृति' (साहित्य र पत्रकारिताको इतिहास) कृतिको अध्ययन | | १२९ |
| | ४.२.७.१ | परिचय | १२९ |
| | ४.२.७.२ | शीर्षक | १३० |
| | ४.२.७.३ | संरचना | १३० |
| | ४.२.७.४ | विषयवस्तु | १३१ |
| | | ४.२.७.४.१ नवलपरासीका साहित्यिक व्यक्ति र कृति | १३१ |
| | | ४.२.७.४.२ नयाँ कदमदेखि देवचुलीसम्म | १३२ |
| | | ४.२.७.४.३ नवलपरासीको पत्रकारिताको सामान्य परिचय | १३३ |
| | | ४.२.७.४.४ पाँच प्रतिभा : सयौँ गजल | १३४ |
| | | ४.२.७.४.५ अस्मितावाद : आरम्भ सन्दर्भ | १३५ |

४.२.७.५ भाषाशैली १३६
४.२.७.६ निष्कर्ष १३६
४.३ प्रकाशित फुटकर रचनाहरूको विवरण १३७
४.४ निष्कर्ष १३७

## पाँचौं परिच्छेद
## उपसंहार एवं निष्कर्ष

५.१ परिचय १३९
५.२ पहिलो परिच्छेदको निष्कर्ष १३९
५.३ दोस्रो परिच्छेदको निष्कर्ष १३९
५.४ तेस्रो परिच्छेदको निष्कर्ष १४०
५.५ चौथो परिच्छेदको निष्कर्ष १४२
५.६ समग्र निष्कर्ष १४३

## सन्दर्भसामग्रीसूची

(क) सन्दर्भग्रन्थसूची १४६
(ख) सन्दर्भ पत्रिकासूची १४८

## परिशिष्ट खण्ड

परिशिष्ट १ : शोधनायकसँग लिइएको लिखित अन्तर्वार्ताको प्रश्नावली १४९
परिशिष्ट २ : मौखिक अन्तर्वार्ता लिइएका अन्य व्यक्तिहरूको परिचय १५२
परिशिष्ट ३ : शोधनायकको छायाँचित्र १५३
परिशिष्ट ४ : विभिन्न कार्यक्रममा खिचिएको शोधनायकको तस्बिर १५४
परिशिष्ट ५ : विभिन्न सङ्घसंस्था र कार्यक्रमहरूबाट शोधनायकले प्राप्त गरेका पुरस्कार तथा सम्मानपत्रका प्रतिलिपिहरू १५७

## तालिकासूची

प्रकाशित फुटकर लेख-रचनाहरूको विवरण १३७

# परिशिष्ट खण्ड

## परिशिष्ट : १
## शोधनायकसँग लिइएको लिखित अन्तर्वार्ताको प्रश्नावली

सर ! नमस्कार, म टीकाराम आचार्य नेपाली एम.ए.को **भूपेन्द्र शर्मा भट्टराईको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन** शीर्षकको शोधपत्रका निम्ति सामग्रीसङ्कलनका क्रममा हजुरसमक्ष यो प्रश्नावली पेस गरिरहेको छु, कृपया यी प्रश्नहरूको तथ्यपूर्ण उत्तर लिखित रूपमा दिएर मलाई सहयोग गर्नुहुन अनुरोध गर्दछु :

(१) सर्वप्रथम हजुरको जन्म, जन्मस्थान र नामकरणका बारेमा स्पष्ट परिदिनुहोस् न !

(२) हजुरको पारिवारिक अवस्थाबारे प्रकाश पारिदिनु हुन्छ कि ?

(३) साहित्य क्षेत्रमा सर्वप्रथम यहाँले कहिलेदेखि प्रवेश गर्नुभयो र कसलाई प्रेरणाको स्रोत ठान्नुहुन्छ ?

(४) हजुरको बाल्यकाल कसरी बित्यो ?

(५) विद्यालयीय जीवनको सुरुवात, औपचारिक शिक्षा, शैक्षिक संस्थाहरू र आफ्ना उपलब्धिहरूबारे बताइदिनुहोस् न ।

(६) ब्राह्मण परिवारमा जन्मनुभएका हजुरको धार्मिक र सांस्कारिक कार्यहरू के-कसरी सम्पन्न हुँदै आएका छन् ?

(७) दाम्पत्य जीवन र वर्तमान पारिवारिक अवस्थाबारे के भन्न चाहनुहुन्छ ?

(८) पारिवारिक जीवनले साहित्यमा कत्तिको प्रभाव पार्दछ ?

(९) पहिलो प्रकाशित रचना र पुस्तकाकार कृति कुन-कुन हुन् र कहिले प्रकाशित भए ?

(१०) हालसम्म कुन-कुन विधाका कतिवटा पुस्तकाकार कृति प्रकाशित भएका छन् ?

(११) प्रकाशित, अप्रकाशित फुटकर र पुस्तकाकार कृतिका बारेमा विस्तृत रूपमा बताइदिनुहोस् न ।

(१२) साहित्यसम्बन्धी हजुरको धारणा के रहेको छ ?

(१३) के-कस्ता साहित्यिक सङ्घसंस्थाहरू र पत्रपत्रिकाहरूमा आबद्ध रहेर काम गर्नुभयो ? कृपया तिथिमितिसहित आफ्नो अनुभव बताइदिनुहोस् न ।

(१४) हालको हजुरको दिनचर्या कसरी व्यतीत भएको छ ?

(१५) पत्रकारिताको क्षेत्रमा कहिलेदेखि पाइला राख्नुभयो र कुन-कुन पत्रिकामा यहाँको अनुभव रह्यो ?

(१६) पेसागत अनुभवबारे बताइदिनुहोस् न ।

(१७) साहित्यका विधागत भिन्नताबारे तपाईंको मत के रहेको छ ?

(१८) गजलविधातर्फ कहिलेदेखि आकर्षित भई रचना सुरु गर्नुभयो र कुन साहित्यिक विधालाई बढी रुचाउनुहुन्छ ?

(१९) साहित्य, पत्रकारिता र सामाजिक सङ्घसंस्थाहरूसँगको संलग्नताबारे प्रस्ट पारिदिनुहोस् न ।

(२०) हजुर आफूलाई कुन पिढीको साहित्यिक बटुवा मान्नुहुन्छ अर्थात् हजुरको साहित्यिक मान्यता, वाद र विशेषता के रहेको छ भन्ने ठान्नुहुन्छ ?

(२१) सर, साहित्य लेखनमा लेखकको आफ्नै यथार्थ झल्किन्छ भन्दछन्, यसबारे हजुरको विचार के रहेको छ ?

(२२) साहित्यमा लागेर हजुरले के-कस्ता पुरस्कार प्राप्त गर्नुभएको छ ?

(२३) हजुरका कृतिहरू पढेर पाठकहरूले के प्राप्त गर्न सक्छन् भन्ने लाग्छ ?

(२४) अस्मितावादी साहित्यलेखनबारे केही प्रस्ट पारिदिनुहोस् न ।

(२५) हजुरको जीवनदर्शन र विचार के रहेको छ ?

(२६) नवलपरासीको साहित्यिक स्थिति विगत र वर्तमानमा कस्तो देख्नुहुन्छ ?

(२७) हजुरको जीवनका दु:खद र सुखद क्षणबारे बताउनुपर्दा कुन घटना सुनाउनु हुन्छ ?

(२८) साहित्य क्षेत्रमा अझै आफू कस्तो छु भन्ने लाग्छ ?

(२९) पत्रकारिता, प्राध्यापन, प्रशासन र रेडियोमा कार्यक्रम उद्घोषणजस्ता कार्य गरिसक्नुभएका हजुरलाई कुन पेसामा बढी पोख्त छु भन्ने लाग्छ ?

(३०) आफ्ना समयका साहित्यिक सखाहरूमध्ये क-कसलाई सम्झनुहुन्छ ?

(३१) मैले नसोधेका र हजुरले भन्न चाहेका केही कुराहरू छन् भने बताइदिनुहोस् न ।

अन्त्यमा आफ्नो व्यस्त समयका बावजुद समय उपलब्ध गराई यस शोधपत्रका निम्ति सामग्री उपलब्ध गराइदिनु भएकोमा कृतज्ञता व्यक्त गर्न चाहन्छु ।

# परिशिष्ट : २
# मौखिक अन्तर्वार्ता लिइएका अन्य व्यक्तिहरूको परिचय

| क्र.सं. | नाम | ठेगाना/बसोबास | सम्बन्ध |
|---|---|---|---|
| १) | इन्द्रप्रसाद भट्टराई | कावासोती-५, नवलपरासी | शोधनायकका पिता |
| २) | नारायणी भट्टराई | कावासोती-५, नवलपरासी | शाधनायककी धर्मपत्नी |
| ३) | लक्ष्मीदेवी भट्टराई | कावासोती-५, नवलपरासी | शोधनायकी माता |

# परिशिष्ट : ३

# शोधनायकको छायाँचित्र



# परिशिष्ट : ४
# विभिन्न कार्यक्रममा खिचिएका शोधनायकका तस्वीर




राष्ट्रिय सहमतिका लागि काव्य आन्दोलन-२०६२ मा कवितावाचन गर्दै शोधनायक





राष्ट्रिय सहमतिका लागि काव्य आन्दोलन-२०६२ मा संलग्न नवलपरासीका
स्रष्टाहरूका साथ शोधनायक



जनकपुर भ्रमणका क्रममा २०६१ सालमा धर्मपत्नी नारायणी भट्टराईका साथमा जानकी मन्दिर परिसरभित्र शोधनायक



लुम्बिनी आदर्श डिग्री कलेजबाट २०६४ मा बी.एड. (प्रथम वर्षका) विद्यार्थीहरूका साथ चितवनको शान्तिकुञ्जमा गरिएको वनभोज कार्यक्रममा शोधनायक



किशोरावस्थाको शोधनायकको तस्बिर

# परिशिष्ट : ५

# विभिन्न सङ्घसंस्था र कार्यक्रमहरूबाट शोधनायकले प्राप्त गरेका पुरस्कार तथा सम्मानपत्रका प्रतिलिपिहरू

कमलादी,
काठमाडौं,
नेपाल ।

**माधवप्रसाद घिमिरे**
उप-कुलपति
नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान

मिति:- २०४४-९-३० गते

श्री युक्त भुपेन्द्र शर्माज्यू,
सभापति,
सम स्मृति साहित्य सेवा समिति तदर्थ समिति,
नवलपरासी ।

महाशय,

नेपाली साहित्यका अद्वितीय नाटककार स्व. बालकृष्ण समको सम्फनामा नवलपरासी जिल्लाका साहित्यकार र साहित्यसेवीहरूले सम स्मृति साहित्य सेवा समितिको स्थापना गर्न लाग्नु भएको समाचार सुन्दा ज्यादै खुशी लाग्यो । स्व.समको स्मृतिको आलोकमा पुराना साहित्यकारहरूलाई सन्मान गर्नुको साथै त्यस भेगका नयां प्रतिभाहरूलाई प्रोत्साहन गर्ने जस्ता त्यस समितिका स्तुत्य उदेश्यको सफलताको कामना गर्दछु ।

माधवप्रसाद घिमिरे
२०४४।९।३०

# प्रमाण-पत्र

नेपाल पत्रकार संघको आयोजना एवं रुपन्देही शाखाको आतिथ्यमा आयोजित ३ दिने पश्चिमाञ्चल क्षेत्रीय प्रशिक्षण गोष्ठीमा रा. स. स. (प्र. पराशी) को प्रतिनिधित्व गर्दै सहभागी हुनु भएका श्री भूपेन्द्र शर्मा लाई यो प्रमाणपत्र प्रदान गरिएको छ ।

| | | |
|---|---|---|
| बालकृष्ण चापागाई | गोपालदास श्रेष्ठ | होमनाथ दाहाल |
| संयोजक | अध्यक्ष | सभापति |
| गोष्ठी तयारी समिति | नेपाल प्रेस इन्स्टीच्यूट | नेपाल पत्रकार संघ |
| रूपन्देही | | |

# नेपाल पत्रकार महासंघ

जिल्ला शाखा,-नवलपरासी

पत्रकार महासंघ जिल्ला शाखा नवलपरासी

# कदर-पत्र

नवलपरासी जिल्लामा पत्रकारीताको क्षेत्रमा तपाई श्री भुपेन्द्र शर्मा भट्टराई ले पुरयाउनु भएको योगदान प्रशंसनिय भएकोले सो को कदर गर्दै नेपाल पत्रकार महासंघ नवलपरासी शाखाबाट यो कदर-पत्र प्रदान गरिएको छ ।

| | |
|---|---|
| (प्रमुख अतिथि) | कृष्ण बहादुर कार्की |
| उप. सभापति | सभापति |
| ने० प० महासंघ | नेपाल पत्रकार महासंघ |
| | नवलपरासी शाखा |

०५८।११।२४

जि.प्र.का.द.नं. : ८६८ "दिगो विकास, शान्ति, संस्कृति र साहित्यको लागि स्थानिय युवाहरुको सृजनात्मक मञ्च" स.क.म.द.नं. : १६०२७

# सहयोगी हातहरु

अर्घौली-९, डण्डा, नवलपरासी

२०६०

## कदर-पत्र

सि.नं.

विश्वप्रसाद शर्मा २०६९ को उपलक्ष्यमा यस सहयोगी हातहरु संगठन अर्घौली-९, डण्डाद्वारा आयोजित जिल्लास्तरीय खुला गजल-वाचन कार्यक्रम मार्फत नवलपरासी जिल्लाको साहित्यिक क्षेत्रमा उल्लेखनीय योगदान पुर्‍याउनुहुने नवलपरासी जिल्ला कावासोती गा.वि.स. वार्ड नं. ९ बस्ने श्री/सुश्री भुपेन्द्र शर्मा भट्टराई [illegible] लाई स-धन्यवाद सहित उत्तरोत्तर प्रगतिको कामना गर्दै यो कदर-पत्र प्रदान गरिएको छ।

कार्यक्रम संयोजक | प्रमुख अतिथि | अध्यक्ष, सहयोगी हातहरु

मिति:- २०६९।६।२२

# श्री लक्ष्मी स्मृति साहित्य समाज

कावासोती , नवलपरासी

स्था.- २०५६

## अभिनन्दन - पत्र

लक्ष्मी स्मृति साहित्य समाज कावासोतीले जिल्लामा साहित्यप्रति अविछिन्न सेवा पुऱ्याउँदै आउनुहुने महानुभावलाई कदर गर्दै आएको छ । यही क्रममा यस ९६ औं लक्ष्मी जयन्तीका अवसरमा नवलपरासीको साहित्यिक क्षेत्रमा निरन्तरताको साथै विभिन्न साहित्य संस्थाहरुमा संलग्न रही सेवा पुऱ्याउँदै आउनु भएका र साहित्यका विविध विधामा उहाँको लगनशीलता र समालोचना क्षेत्रमा तथा विभिन्न स्रष्टाहरुको प्रगतिमा उहाँले पुऱ्याउँदै आउनु भएको सहयोग र नेपाली साहित्यको सिर्जना र विकास क्रममा उहाँले दिनु भएको योगदानको कदर गर्दै नवलपरासी साहित्य परिषद्का संस्थापक अस्मितावादी कवि / समालोचक **श्री भूपेन्द्र शर्मा भट्टराई 'गण्डर्षि'** ज्यूलाई भावी साहित्यिक यात्रा सवल बन्दै जाओस् भन्दै यो अभिनन्दन पत्र प्रदान गरिएको छ ।

| | | |
|---|---|---|
| विष्णुमाया विभु | सदानन्द अभागी | गोविन्दराज विनोदी |
| अध्यक्ष | संस्थापक अध्यक्ष | प्रमुख अतिथि |

"श्रमजीवी पत्रकारहरूको संगठन"

# नेपाल प्रेस युनियन

कावासोती शाखा, नवलपरासी

मितिः२०६२।८।२०

## सम्मान-पत्र

**श्रीमान भूपेन्द्र शर्मा भट्टराई ज्यू**

**पूर्व सभापति, नेपाल पत्रकार महासंघ, कावासोती वडा नं. -५, नवलपरासी**

नवलपरासीमा रहेर पत्रकारिता क्षेत्रमा तपाईले पुऱ्याउनु भएको योगदानको नेपाल प्रेस युनियन कावासोती शाखा, नवलपरासी उच्च मूल्याङ्कन गर्दछ । पत्रकारिता पेशालाई जिम्मेवार र मर्यादित बनाउन तपाईबाट भए गरेका विशिष्ट योगदानको शाखा उच्च मूल्याङ्कन गर्दै तपाईको निरन्तर सहयोगको अपेक्षा राख्दै यो **सम्मान-पत्र** टक्र्याउँदछौं ।

तपाईको उज्ज्वल भविष्यको कामना गर्दछौं ।

| | | |
|---|---|---|
| (होमराज रानाभाट) | मदनभक्त अधिकारी | सुशील कोइराला |
| सभापति | प्रधानसंरक्षक | प्रमुख अतिथि |
| नेपाल प्रेस युनियन | पुरस्कार अक्षयकोष समिति | उप-सभापति नेपाली काँग्रेस |
| कावासोती शाखा | | केन्द्रीय समिति |

# लाली गुराँस मासिक

नवलपरासी, २०३६

## सम्मान-पत्र

मिति: २०६४/६/३

यस नवलपरासी जिल्लामा पत्रकारिताको विकासमा संस्थागत प्रयास गर्नुहुने पत्रकार महासंघ नवलपरासीका संस्थापक सभापति तपाईं **श्री भूपेन्द्र शर्मा भट्टराईलाई** यो **सम्मान-पत्र** प्रदान गरिएको छ।

सम्पादक
(हिमलाल छवाली)

प्रमुख अतिथि
(डा. घनश्याम 'परिश्रमी')

मध्यनेपालको सर्वोत्कृष्ट रेडियो

# कालिका एफ एम प्रा लि

# Kalika FM Pvt Ltd

निकटमा कालिका

## सम्मान-पत्र

विकटमा कालिका

श्री ......भूपेन्द्र गण्डकी...... ज्यू,

......नवलपरासी ।......

साहित्य क्षेत्रमा प्रवेश गरी सिर्जनात्मक साहित्यिक कार्यमा निरन्तर सक्रिय रही चितवनको साहित्यिक क्षेत्रमा विशिष्ट योगदान पुऱ्याउनु भएकोले सो को कदर गर्दै कालिका एफ.एम. प्रा.लि.को गौरवमय *सातौं वार्षिकोत्सव* को पावन अवसरमा यहाँलाई **"कालिका स्रष्टा सम्मान - २०६६"** प्रदान गरिएको छ ।

हृदयको स्पन्दन.........

निरन्तरको साथी.........

( रिना गुरुङ्ग )
स्टेशन म्यानेजर
कालिका एफ एम प्रा लि

( विक्रम पाण्डे )
अध्यक्ष तथा प्रवन्ध निर्देशक
कालिका एफ एम प्रा लि

मितिः २०६६ आश्विन २६ रोज २ शुभम् ।

सरस्वत्यास्तत्त्वं कविसहृदयाख्यं विजयतात्

# त्रिवेणी साहित्य परिषद्, नवलपरासी

स्था: २०४७

## कृष्णजङ्ग–डम्बरजङ्ग पुरस्कार

## सम्मान-पत्र

साहित्यकार श्री भूपेन्द्र शर्मा भट्टराईज्यू,
कावासोती, नवलपरासी

नवलपरासी जिल्लामा रही नेपाली भाषा-साहित्यको समुत्थानमा विगत लामो समयदेखि निरवच्छिन्न रूपमा सेवारत यहाँले विशेषत: नेपाली कविता काव्य एवम् समालोचनाका क्षेत्रमा पुऱ्याउनुभएको उल्लेखनीय योगदानको कदर गर्दै २०६८ को कृष्णजङ्ग–डम्बरजङ्ग पुरस्कार राशि ५००१।- सहित यो **सम्मान-पत्र** समर्पण गरिएको छ।

यहाँको सु-स्वास्थ्य, दीर्घायु, उत्तरोत्तर प्रगति र यशोभिवृद्धिका लागि हार्दिक शुभकामना !

| | | |
|---|---|---|
| (प्रा. डा. नारायण कुँवर) | (प्रेमविनोद नन्दन) | (प्रा. डा. नारायणप्रसाद खनाल) |
| संस्थापक | प्रमुख अतिथि | अध्यक्ष |

२२ औं स्थापना दिवस १५ आषाढ २०६८

# पहिलो परिच्छेद
# शोधपरिचय

## १.१ विषयपरिचय

वि.सं. २०२१ साल जेठ १७ गते पिता पण्डित इन्द्रप्रसाद भट्टराई र माता लक्ष्मीदेवी भट्टराईका माइला सुपुत्रका रूपमा नवलपरासी जिल्लाको पिठौली गा.वि.स.को कुस्नहरी गाउँमा जन्मिएका भूपेन्द्र शर्मा भट्टराईको साहित्यिक उपनाम भू.श.भ. गण्डर्षि हो । प्राय: प्रथम नाम, मध्यम नाम र अन्तिम नामको सङ्क्षिप्त रूप भू.श.भ. लेख्ने गर्छन् भने 'गण्डर्षि' उपनाम पनि यसैसँग जोडेर लेख्ने गरेका छन् । उनले नव्यव्याकरणमा आचार्यसम्म र नेपालीमा एम.ए.सम्मको अध्ययन गरेका छन् । वि.सं. २०३८ सालमा नेपाली छात्र सङ्घ गोरखपुरद्वारा प्रकाशित **संस्कृतामृतम्** नामक पत्रिकामा *पृथ्वीनारायण शाहप्रति* शीर्षकको कविता छपाएर नेपाली साहित्यमा प्रवेश गरेका शर्माका नेपालमा विभिन्न ठाउँबाट प्रकाशित **गोरखापत्र, बगर, गरिमा, मिर्मिरे, रत्नश्री, पाल्ही-नन्दन, स्वदेश** आदि पत्रपत्रिकाहरूमा कविता, लेख, समालोचना, कथा, गजल प्रकाशित भएका छन् । उनको पहिलो प्रकाशित पुस्तकाकार कृति **शिवबस्तीदेखि शिवबस्तीसम्म** कवितासङ्ग्रह (२०४५) हो । अन्य कृतिहरू **केही द्रष्टा : केही दृष्टि** समालोचनासङ्ग्रह (२०४७), **रित्तो गिलास र अनारका आँखाहरू** कवितासङ्ग्रह (२०५९), **करुवाको पानी** गजल-गोजिकासङ्ग्रह (२०६१), **नवलपरासीका साहित्यिक व्यक्ति र कृति** साहित्य र पत्रकारिताको सङ्क्षिप्त इतिहास (२०६२) र **गण्डर्षिका कविताहरू** कवितासङ्ग्रह (२०६७) हुन् ।

कवि, समालोचक, पत्रकार, सम्पादक, प्रकाशक, प्राध्यापक, गजलकार, समाजसेवीजस्ता बहुमुखी व्यक्तित्वका धनी भूपेन्द्र शर्मा भट्टराईको नवलपरासीको साहित्य, पत्रकारिता, शिक्षा र विकासनिर्माणका क्षेत्रमा उल्लेखनीय योगदान रहेको छ । त्यसैले यिनी स्वयम् अनुसन्धेय व्यक्तित्व हुन् । यिनका बारेमा केही पत्रपत्रिका र पुस्तकहरूमा छिटफुट रूपमा चर्चा-परिचर्चा गरिए पनि उनको जीवनी, व्यक्तित्व र कृतित्वमाथि साङ्गोपाङ्ग रूपमा व्यवस्थित अध्ययन र अनुसन्धान हुन सकेको छैन । त्यसकारण यस शोधपत्रको विषय शर्माको जीवनी, व्यक्तित्व र प्रकाशित कृतिहरूको अध्ययन र विश्लेषणमा केन्द्रित रहेको छ । यस

शोधपत्रका लागि **भूपेन्द्र शर्मा भट्टराईको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन** विषय शीर्षक चयन गरिएको छ ।

## १.२ समस्याकथन

साहित्यकार भूपेन्द्र शर्मा भट्टराईको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन-विश्लेषण र मूल्याङ्कन नै यस शोधपत्रको समस्या रहेको छ । प्रस्तुत शोधपत्रका खास समस्याहरू यसप्रकार रहेका छन् :

(क) साहित्यकार भूपेन्द्र शर्मा भट्टराईको जीवनी र व्यक्तित्व कस्तो रहेको छ ?

(ख) उनको साहित्यिक यात्रा के-कस्तो रहेको छ ?

(ग) उनका साहित्यिक कृतिहरूका प्रवृत्ति के-कस्ता रहेका छन् ?

(घ) नेपाली साहित्यमा उनले दिएको योगदान के-कस्तो रहेको छ ?

यस शोधपत्रमा यिनै समस्याहरूमा केन्द्रित रहेर समाधान खोजिएको छ ।

## १.३ शोधकार्यका उद्देश्यहरू

साहित्यकार भूपेन्द्र शर्मा भट्टराईको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन, साहित्यिक यात्रा र उनका प्रकाशित कृतिहरूको अध्ययन तथा विश्लेषण गरी नेपाली साहित्यमा उनको स्थान निर्धारण गर्नु यस शोधपत्रको उद्देश्य रहेको छ । यस शोधपत्रका निम्नलिखित उद्देश्य रहेका छन् :

(क) साहित्यकार भूपेन्द्र शर्मा भट्टराईको जीवनी र व्यक्तित्वको पहिचान गर्नु ।

(ख) उनको साहित्यिक यात्राको अध्ययन गर्नु ।

(ग) उनका साहित्यिक कृतिहरूमा पाइने मुख्य प्रवृत्ति पत्ता लगाउनु ।

(घ) नेपाली साहित्यमा उनको योगदानको विश्लेषण गर्दै मूल्याङ्कनका साथ निष्कर्षमा पुग्नु ।

यो शोधकार्य यिनै उद्देश्यको परिपूर्ति गर्न तयार गरिएको छ ।

## १.४ पूर्वकार्यको विवरण र समीक्षा

साहित्यकार भूपेन्द्र शर्मा भट्टराई नेपाली साहित्यका प्रयोगवादी-अस्मितावादी कवि तथा समालोचक हुन् । यिनको जीवनी, व्यक्तित्व र साहित्यिक कृतित्वका सम्बन्धमा कतिपय लेखकहरूले सामान्य चर्चा गरेको पाइए तापनि समग्र रूपमा अहिलेसम्म अध्ययन-विश्लेषण र

मूल्याङ्कन गरी साहित्यिक मूल्य निर्धारण गर्ने कार्य हुन सकेको छैन । नेपाली साहित्यको फाँटमा वि.सं. २०३८ सालदेखि हालसम्म योगदान पुऱ्याइरहेका शर्मा र उनका कृतिहरूका बारेमा हालसम्म विभिन्न पुस्तक र पत्रपत्रिकाहरूमा भएगरेका टीकाटिप्पणीका विवरणहरूलाई कालक्रमिक रूपमा तपसिलअनुसार प्रस्तुत गरिएको छ :

केशवप्रसाद रूपाखेतीले **शिवबस्तीदेखि शिवबस्तीसम्म** कवितासङ्ग्रह (काठमाडौँ : स्वदेश प्रकाशन, २०४५) को पृ. 'ङ' को *हाम्रो कुरा* शीर्षक भूमिकालेखमा द्रष्टा पाठकवर्गबाट कविको कवित्वलाई साधारण पाठकहृदयले छाम्न सक्ने छैन, छामियोस्, यो पनि अपेक्षित छ भन्ने कुरा उल्लेख गरेका छन् ।

हिमांशु थापाले केही द्रष्टा : केही दृष्टि समालोचनात्मक लेखसङ्ग्रह (काठमाडौँ : तीर्थनारायण महर्जन, २०४७) को पृ. 'ग' को *सम्मति : शुभकामना* शीर्षकको भूमिकालेखमा समालोचनाविधाको उठान र विकासप्रक्रियालाई प्रस्तुत पुस्तकमा समेट्ने प्रयास गरिएको छ तर प्रकाशित भइसकेका लेख सङ्कलन भएकाले विकासप्रक्रियामा उत्तरवर्ती रूप त्यति स्पष्ट हुन नसके पनि समष्टिमा एउटै लेखकले एउटै पुस्तकमा समालोचनाको विकासक्रमका विविध पक्षलाई समावेश गरिएकाले पुस्तकको महत्त्व छ भन्ने उल्लेख गरेका छन् ।

भूपेन्द्र शर्मा भट्टराईले **केही द्रष्टा : केही दृष्टि** समालोचनात्मक लेखसङ्ग्रह (काठमाडौँ : तीर्थनारायण महर्जन, २०४७) को पृ. ४१ को *केही द्रष्टा : केही दृष्टि* शीर्षक लेखमा समसामयिक पत्रपत्रिकाहरूमा आलोचनात्मक लेखहरू प्रकाशित गर्ने समालोचक भूपेन्द्र शर्मा हुन् भनेका छन् ।

कवि गोविन्दराज विनोदीले **रित्तो गिलास र अनारका आँखाहरू** कवितासङ्ग्रह (नवलपरासी : नवलपरासी साहित्य परिषद् र देवचुली प्रकाशन, २०५९) को पृ. 'ग' को *कवि गण्डर्षिलाई चिनाउन खोज्दा* शीर्षक भूमिकालेखमा मानवीय जनजीवनको प्रकृतिसँगको एकाकार सम्बन्ध, मानवमा सांस्कृतिक प्रभाव, वर्तमानका समस्याले पिरोलिएका मानिसका यथार्थलाई प्राकृतिक, सांस्कृतिक, पौराणिक बिम्बका सहाराले अर्थ्याउन कुशल रहेको देखाउँदै विसङ्गत एवम् जटिल जीवनबीच अस्मिताको खोज गर्ने कवि भूपेन्द्र शर्मा भट्टराईका काव्यगत विशेषताहरूको उल्लेख गरेका छन् ।

नुमाखर भुर्तेलले **रित्तो गिलास र अनारका आँखाहरू** कवितासङ्ग्रह (नवलपरासी : नवलपरासी साहित्य परिषद् र देवचुली प्रकाशन, २०५९) को पृ. 'छ' को प्रकाशकीय लेखमा अन्वेषण र प्रकाशनका माध्यमबाट नवलपरासीमा साहित्यिक जागरण ल्याउने पहिलो साहित्यिक पत्रकार र

सृजनशील स्रष्टाका रूपमा चौथौ साहित्यकार मानेका छन् भने अरूको रचना छपाउन प्रेरणा दिने तर आफ्नो रचना नछाप्ने अनौठो गुण यिनको छ भनी पत्रकारिता र कविव्यक्तित्वमाथि चर्चा गरेका छन् ।

विष्णु लामिछानेले **रित्तो गिलास र अनारका आँखाहरू** कवितासङ्ग्रह (नवलपरासी : नवलपरासी साहित्य परिषद् र देवचुली प्रकाशन, २०५९) को अन्तिम बाहिरी पृष्ठको *स्रष्टा परिचय* लेखमा २०४१ सालदेखि काठमाडौँबाट श्रमजीवी पत्रकारिता गर्ने भूपेन्द्र शर्मा भट्टराईलाई कवि, कथाकार, समालोचक, स्तम्भकारका रूपमा २०४७ मा नै स्थापित भइसकेको बताएका छन् साथै **अभिलाषा** युवा अङ्क एवम् **इतिहासशिरोमणि बाबुराम आचार्य स्मृतिग्रन्थ** (काठमाडौँ, २०४६) को प्रकाशनमा उनको संलग्नता रहेको भन्ने पनि उल्लेख गरेका छन् ।

शङ्कर बस्यालले **दैनिक लुम्बिनी** (वर्ष १७, अङ्क २३७, भदौ २५, २०६१) को पृ. २ को *गण्डर्षि आफ्ना सिर्जनाहरूमा* शीर्षक लेखमा यिनका रचनाहरूमा नवीन प्रयोगवादी, अस्मितावादी, उत्तरआधुनिकतावादी सिद्धान्त देखापर्ने उल्लेख गर्दै अस्मितावाद विभिन्न वादहरूको बीचमा हुर्किएको सशक्त साहित्यिक सिद्धान्त हो भन्ने चिनाएका छन् । विविध पक्षको अस्मिता वा अस्तित्वको खोजी गर्नु यस वादको अडान रहेको छ । राष्ट्र, राष्ट्रियता, संस्कृति, सभ्यता एवं स्थानीय बिम्बलाई विषयवस्तुका रूपमा उठान गर्नु यस वादको मूलभूत विशेषता रहिआएको दर्शाउँदै यिनी अस्मितावादका संस्थापक/प्रवर्तक हुन् भन्ने उल्लेख गरेका छन् ।

टङ्कप्रसाद न्यौपानेले **करुवाको पानी** गजल-गोजिकासङ्ग्रह (नवलपरासी : केशवराज भुर्तेल, २०६१) को पृ. 'ग' को *करुवाको पानी सम्बन्धमा* शीर्षक भूमिकालेखमा मोतीरामका कविमण्डलीजस्तै संस्थागत विकासका निम्ति नवलपरासी साहित्य परिषद्का संस्थापक अध्यक्ष भूपेन्द्र शर्मा भट्टराईलाई काव्य सृजना, प्रेरणा, प्रकाशनमा निरन्तर उत्प्रेरणा दिइरहने र काव्यिक वातावरण निर्माणमा जुटिरहने स्थापित कवि व्यक्तित्व हुन् भन्ने उल्लेख गर्दै उनको योगदानबारे सामान्य चर्चा गरेका छन् ।

रामप्रसाद भुर्तेलले **करुवाको पानी** गजल-गोजिकासङ्ग्रह (नवलपरासी : केशवराज भुर्तेल, २०६१) को पृ. 'ञ' को *मेरा मनका शब्दहरू* शीर्षक लेखमा भूपेन्द्र शर्मा भट्टराईले नवलपरासीको साहित्य, पत्रकारिता र प्राध्यापन क्षेत्रमा जीवनको उर्वर क्षण समर्पण गरिसकेकाले यस क्षेत्रका एकल इतिहास भएको

भनी नवलपरासीको साहित्य, पत्रकारिता र शिक्षा क्षेत्रमा भूपेन्द्र शर्मा भट्टराईको योगदानबारे सामान्य टिप्पणी गरेका छन् ।

यदुनन्दन भट्टराईले **नवलपरासीका साहित्यिक व्यक्ति र कृति** साहित्य र पत्रकारिताको सङ्क्षिप्त इतिहास (नवलपरासी : श्यामप्रसाद श्रेष्ठ, २०६२) को पृ. 'ग' को *मन्तव्य* शीर्षक भूमिकालेखमा नवलपरासीका अधिकांश साहित्यकार र पत्रकारका गुरु भू.श.भ. गण्डर्षिका फुटकर लेखहरूको सङ्कलन भएको यस पुस्तकले जिल्लाको साहित्यिक अन्वेषण गर्नेहरूलाई धेरै मद्दत गर्ने उल्लेख गरेका छन् ।

भूपेन्द्र शर्मा भट्टराईले **नवलपरासीका साहित्यिक व्यक्ति र कृति** साहित्य र पत्रकारिताको सङ्क्षिप्त इतिहास (नवलपरासी : श्यामप्रसाद श्रेष्ठ, २०६२) को पृ. ३, १९, २६ मा भूपेन्द्र शर्मा भट्टराईको सामान्य परिचयका साथै पत्रकारिताको सामान्य परिचय तथा उनको गजलकारिताको सामान्य चर्चा गरेका छन् ।

भगवती अर्याल (पाण्डे) ले **नवलपरासीका साहित्यिक गतिविधि** समालोचनासङ्ग्रह (नवलपरासी : लालीगुराँस मासिक र अन्य, २०६३) को पृ. ९३-९६ को *भूपेन्द्र शर्मा भट्टराई र उनका कवितासङ्ग्रह* शीर्षकमा उनको सामान्य परिचयका साथ **शिवबस्तीदेखि शिवबस्तीसम्म** (२०४५) र **रित्तो गिलास र अनारका आँखाहरू** (२०५९) कवितासङ्ग्रहको सामान्य विश्लेषण गरेकी छन्, साथै यसै पुस्तकका पृ. १७३ मा उनको समालोचकीय व्यक्तित्व, पृ. १८८ मा सम्पादक-प्रकाशक, व्यक्तित्व र पृ. १९१ मा उनले विभिन्न सङ्घसंस्थाको स्थापना र विकासमा पुऱ्याएको योगदानबारे सामान्य चर्चा गरेकी छन् ।

टङ्कप्रसाद काफ्लेले **नवलपरासीका प्रतिनिधि कवि र तिनका कृतित्वगत विशेषता** (केन्द्रीय नेपाली विभाग, त्रि.वि. कीर्तिपुर, अप्रकाशित स्नातकोत्तर शोधपत्र, २०६३) को पृ. ८२-९३ मा भूपेन्द्र शर्मा भट्टराई र उनको कृतित्वगत विशेषताको सामान्य चर्चा गरी उनका **शिवबस्तीदेखि शिवबस्तीसम्म** (२०४५), **रित्तो गिलास र अनारका आँखाहरू** (२०५९) कवितासङ्ग्रहको सामान्य विश्लेषण गरेका छन् ।

कमला सापकोटाले **मधुश्री** (वीरेन्द्र बहुमुखी क्याम्पस, अप्रकाशित स्नातक तृतीय वर्षको कार्यमूलक पत्रकारिता, वर्ष १, अङ्क १, २०६४) को पृ. २१ को *साहित्य र पत्रकारिताका केन्द्रबिन्दु भू.श.भ. गण्डर्षि* शीर्षक लेखमा भूपेन्द्र शर्मा भट्टराईको जीवनी र व्यक्तित्वका विभिन्न पाटाहरूको सामान्य जानकारी प्रस्तुत गरेकी छन् ।

महालक्ष्मी ढकालले **अंशु** (वीरेन्द्र बहुमुखी क्याम्पस, अप्रकाशित स्नातक तृतीय वर्षको कार्यमूलक पत्रकारिता, वर्ष १, अङ्क १, २०६४) को पृ. १२ को *साहित्य अस्मितापूर्ण अभिव्यक्तिको कला बन्नुपर्दछ* शीर्षक दिएर कवि भूपेन्द्र शर्मा भट्टराईसँग भएको भेटवार्ता प्रस्तुत गरेकी छन् ।

धर्म चापागाईंले **नवलपरासी जिल्लाको गजलकारिता** (केन्द्रीय नेपाली विभाग, त्रि.वि. कीर्तिपुर, अप्रकाशित स्नातकोत्तर शोधपत्र, २०६४) मा गजलकार भूपेन्द्र शर्मा भट्टराई र उनको **करुवाको पानी** गजल-गोजिकासङ्ग्रहको सामान्य परिचयात्मक विश्लेषण गरेका छन् ।

माथिका विवरणहरूबाट शर्माको जीवनी, व्यक्तित्व र कृतित्वका सम्बन्धमा छिटपुट रूपले विभिन्न पुस्तक र पत्रपत्रिकाहरूमा अध्ययन भएको देखिए पनि एउटै कृतिमा पूर्णरूपले अध्ययन-विश्लेषण भने भएको देखिँदैन । यसैले भूपेन्द्र शर्मा भट्टराईको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन समग्र रूपमा यस शोधपत्रमा गरिएको छ ।

## १.५ शोधकार्यको औचित्य, महत्त्व र उपयोगिता

वि.सं. २०३८ सालदेखि साहित्यसाधनामा निरन्तर रूपमा लागिरहेका कवि भूपेन्द्र शर्मा भट्टराईले वि.सं. २०४० सालदेखि पत्रकारितालाई पनि साहित्यसँगै अघि बढाएका छन् । वि.सं. २०४५ मा पहिलो कृति प्रकाशित गरेका शर्माका हालसम्म ६ वटा कृति प्रकाशित भइसकेका छन् । उनले विभिन्न पत्रपत्रिका र सङ्घसंस्थामा रहेर आफ्नो क्षमता र कार्यकुशलता देखाउँदै नेपाली साहित्य र पत्रकारितामा महत्त्वपूर्ण योगदान दिएका छन् । नवलपरासीमा पत्रकारिता र साहित्यको जग बलियो पार्ने श्रेय उनैलाई छ । पूर्वकार्यका रूपमा उनका बारेमा जे-जति अध्ययन-अनुसन्धान, टीकाटिप्पणी र समीक्षा भएका छन्, केवल सामान्य चर्चा-परिचर्चाका रूपमा मात्र भएकाले उपर्युक्त कार्यहरूबाट उनका बारेमा व्यवस्थित र सिङ्गो अध्ययन हुन सकेको छैन । एउटै पुस्तकाकार कृतिमा उनको जीवनी, व्यक्तित्व र कृतित्वको तथ्यपरक अध्ययन हुनु आवश्यक छ । शर्माको साहित्यसिर्जना अझै फस्टाउन र उनको योगदान पाठकसामु पुऱ्याई नवआगन्तुक स्रष्टाहरूलाई पनि प्रेरणा प्रदान गर्नका लागि यो शोधकार्यको महत्त्व देखापर्दछ । यस शोधकार्यबाट उनका बारेमा जान्न इच्छुक व्यक्ति, साहित्यानुरागी पाठक र अनुसन्धानकर्ताहरू लाभान्वित हुनेछन् । यिनै कुराहरूबाट नै प्रस्तुत शोधपत्रको औचित्य, महत्त्व र उपयोगिता रहेको छ ।

## १.६ शोधकार्यको क्षेत्र र सीमा

प्रस्तुत शोधपत्र साहित्यकार भूपेन्द्र शर्मा भट्टराईको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन-विश्लेषण र मूल्याङ्कनसँग रहनेछ । उनको जीवनको प्रमुख घटनाक्रमका

प्रसङ्गहरूलाई प्रस्तुत शोधपत्रको जीवनीपक्षमा समेटिनेछ भने उनका व्यक्तित्वका विविध पाटाहरूलाई व्यक्तित्वपक्षमा र उनीबाट सृजित रचनाहरूलाई कृतित्वपक्षमा समेटिनेछ । उनका हालसम्म प्रकाशित ६ वटा कृतिहरूमध्ये काव्यिक मूल्यका दायराभित्र पर्नेखालका ४ वटा कृतिहरू क्रमश: **शिवबस्तीदेखि शिवबस्तीसम्म** कवितासङ्ग्रह (२०४५), **रित्तो गिलास र अनारका आँखाहरू** कवितासङ्ग्रह (२०५९), **करुवाको पानी** गजल-गोजिकासङ्ग्रह (२०६१) र **गण्डर्षिका कविताहरू** कवितासङ्ग्रह (२०६७) लाई काव्यविश्लेषणका स्थापित विभिन्न तत्त्वहरूको आधारमा सामान्य रूपले अध्ययन गर्नुका साथै उनका **केही द्रष्टा : केही दृष्टि** समालोचनासङ्ग्रह (२०४७) र **नवलपरासीका साहित्यिक व्यक्ति र कृति** साहित्य र पत्रकारिताको सङ्क्षिप्त इतिहास (२०६२) गरी दुईवटा कृतिहरू केवल स्वतन्त्र र फुटकर लेखहरूको सङ्कलन तथा सङ्ग्रह मात्र भएकोले यिनलाई सामान्य हिसाबले परिचयात्मक अध्ययन गर्नु यस शोधपत्रको मुख्य सीमाक्षेत्र रहेको छ । उनका २०६८ सम्म अप्रकाशित र प्रकाशोन्मुख पुस्तकाकार कृतिहरूका साथै विभिन्न पत्रपत्रिकाहरूमा प्रकाशित फुटकर लेख/रचनाहरूलाई सामग्रीका रूपमा नलिई तिनको विवरण मात्र दिनु यस शोधपत्रको सीमाक्षेत्र रहेको छ ।

## १.७ सामग्रीसङ्कलन

प्रस्तुत शोधपत्र तयार गर्ने क्रममा क्षेत्रीय र पुस्तकालयीय अध्ययनविधिद्वारा सामग्रीसङ्कलन गरिएको छ । क्षेत्रीय अध्ययनद्वारा सामग्रीसङ्कलन गर्ने क्रममा शोधनायक जीवितै भएकाले उनीसँगको प्रत्यक्ष भेटघाट, अन्तर्वार्ता, लिखित तथा मौखिक जानकारी र विभिन्न पत्रपत्रिकाहरूमा प्रकाशित शोधनायकका अन्तर्वार्ताहरू, शोधनायकका परिवारजन, चिरपरिचित मित्रहरू, समकालीन तथा उत्तरवर्ती साहित्यकारहरूसँग प्रत्यक्ष/अप्रत्यक्ष सम्पर्क गरी सामग्रीसङ्कलन गरिएको छ । पुस्तकालयीय अध्ययनविधिद्वारा सामग्रीसङ्कलन गर्ने क्रममा विभिन्न सङ्घसंस्था र व्यक्तिगत प्रयासबाट प्रकाशित उनका पुस्तकहरू एवम् पत्रपत्रिकाहरूमा प्रकाशित उनका कविताकृतिहरू र उनका कृतिहरूका बारेमा लेखिएका समीक्षात्मक लेखहरूलाई अँगालिएको छ । कविप्रतिभाका प्रकाशित कृतिहरूलाई प्रमुख स्रोतका रूपमा लिइएको छ । विशेषत: व्यक्तिगत सम्पर्कबाट नै कवितासम्बन्धी धारणाहरू बुझ्ने काम गरिएको छ ।

## १.८ शोधविधि

शोधविधिअन्तर्गत सङ्कलित सामग्रीको विवेचना गर्ने क्रममा आवश्यकताअनुसार वर्णनात्मक, विवरणात्मक, परिचयात्मक र व्याख्यात्मक विधि अपनाइएको छ । साहित्यकार

भूपेन्द्र शर्मा भट्टराईको जीवनी र व्यक्तित्वसम्बन्धी अध्ययनकार्यमा ऐतिहासिक पद्धति अँगालिएको छ । यसैगरी कृति विश्लेषण र मूल्याङ्कनका क्रममा कविता र गजल तत्त्वहरूलाई आधार मानिएको छ । यसैगरी समालोचनात्मक कृतिहरूलाई सामान्य रूपमा चर्चा गरिएको छ ।

## १.९ शोधकार्यको रूपरेखा

यस शोधपत्रको संरचनालाई सन्तुलित र व्यवस्थित ढङ्गले प्रस्तुत गर्नका लागि पाँचवटा परिच्छेदमा विभाजन गरिएको छ :

(क) **पहिलो परिच्छेद : शोधपत्रको परिचय**

यस परिच्छेदमा शोधपत्रको परिचय रहेको छ ।

(ख) **दोस्रो परिच्छेद : साहित्यकार भूपेन्द्र शर्मा भट्टराईको जीवनीको अध्ययन**

दोस्रो परिच्छेद साहित्यकार भूपेन्द्र शर्मा भट्टराईको जीवनीको अध्ययनको रूपमा रहेको छ । यस परिच्छेदमा साहित्यकार भूपेन्द्र शर्मा भट्टराईको जीवनीलाई विभिन्न शीर्षक-उपशीर्षकमा विभाजन गरी जीवनीका विभिन्न पाटाहरूको अध्ययन गरिएको छ । यसअन्तर्गत उनको वंशपरम्परा, जन्म र नामकरण, पारिवारिक पृष्ठभूमि, बाल्यकाल, शिक्षा-दीक्षा, संस्कार कर्महरू, दाम्पत्य जीवन र सन्तानलाभ, आर्थिक अवस्था, धार्मिक अवस्था, रुचि र स्वभाव, प्रेरणा र प्रभाव, दिनचर्या, सेवामा प्रवेश, सङ्घसंस्थासँगको आवद्धता, सम्मान तथा पुरस्कार र भ्रमणजस्ता शीर्षकअन्तर्गतका विषयवस्तुहरूमाथि चर्चा गरिएको छ ।

(ग) **तेस्रो परिच्छेद : साहित्यकार भूपेन्द्र शर्मा भट्टराईको व्यक्तित्वको अध्ययन**

तेस्रो परिच्छेद साहित्यकार भूपेन्द्र शर्मा भट्टराईको व्यक्तित्वको अध्ययनका रूपमा रहेको छ । यस परिच्छेदमा भूपेन्द्र शर्मा भट्टराईको व्यक्तित्वलाई विभिन्न शीर्षक-उपशीर्षकमा चिनाइएको छ । यसअन्तर्गत उनको व्यक्तित्वलाई बाह्य र आन्तरिक व्यक्तित्व गरी आन्तरिक व्यक्तित्वअन्तर्गत साहित्यिक व्यक्तित्व, प्रकाशक-सम्पादक व्यक्तित्व, पत्रकार व्यक्तित्व, प्राध्यापक व्यक्तित्व, समाजसेवी व्यक्तित्व र प्रकाशक व्यक्तित्वको चर्चा गरिएको छ ।

(घ) **चौथो परिच्छेद : साहित्यकार भूपेन्द्र शर्मा भट्टराईको कृतित्वको अध्ययन**

चौथो परिच्छेद साहित्यकार भूपेन्द्र शर्मा भट्टराईको कृतित्वको अध्ययनको रूपमा रहेको छ । यस परिच्छेदमा नेपाली साहित्यको फाँटमा उनको आगमन एवम् साहित्यिक यात्रा, उनको साहित्यिक प्रवृत्तिको अध्ययन-विश्लेषण गरिएको छ ।

(ङ) **पाँचौँ परिच्छेद : उपसंहार एवं निष्कर्ष**

पाँचौँ परिच्छेद उपसंहार एवं निष्कर्षका रूपमा रहेको छ । यसमा पहिलो, दोस्रो, तेस्रो र चौथो परिच्छेदको क्रमशः निष्कर्ष प्रस्तुत गरिएको छ र अन्तमा समग्र निष्कर्ष दिइएको छ । यसमा साहित्यकार भूपेन्द्र शर्मा भट्टराईको जीवनी, व्यक्तित्व र कृतित्वको विवेचनाको निष्कर्षका साथै प्रवृत्तिहरूको मूल्याङ्कन गरिएको छ ।

शोधपत्रको अन्त्यमा सन्दर्भसामग्रीसूची रहेको छ । यसलाई सन्दर्भग्रन्थसूची र सन्दर्भ पत्रिकासूची गरी दुई रूपमा अलग-अलग प्रस्तुत गरिएको छ । यसरी आदि भाग, मध्य भाग र अन्त्य भाग गरी साङ्गोपाङ्ग शोधपत्र प्रस्तुत गरिएको छ । त्यसपछि शोधनायकसँग लिइएको अन्तर्वार्ताको प्रश्नावली नमुना, शोधनायकले प्राप्त गरेका मानसम्मानको प्रतिलिपि र उनको छायाँचित्र परिशिष्टअन्तर्गत प्रस्तुत गरिएको छ ।

# दोस्रो परिच्छेद
# साहित्यकार भूपेन्द्र शर्मा भट्टराईको जीवनीको अध्ययन

## २.१ पृष्ठभूमि

जीवनी व्यक्तिवृत्तान्त हो । संसारमा जीवनी त्यस्ता व्यक्तिहरूको लेखिन्छ, जसले राष्ट्र, समाज अनि सिङ्गो मानवताका लागि महत्त्वपूर्ण कार्य गरेको हुन्छ । जीवनीमा सम्बन्धित व्यक्तिका वाल्यकाल, शिक्षा, महत्त्वपूर्ण कार्य, योगदान आदिका बारेमा सिलसिलाबद्ध ढङ्गले चरित्र चित्रण गरिन्छ । जीवनका यावत् गतिविधिहरूको क्रमबद्ध लेखन, कथन वा जीवनचरित्र नै जीवनी हो ।[१] संस्कृतको 'जीवन' शब्दमा 'ई' प्रत्यय लागेर बनेको जीवनी शब्द अङ्ग्रेजी शब्द बायोग्राफीको पर्याय हो । यो संस्कृतबाट नेपालीमा आएको तत्सम शब्द हो । यसमा चरित्रनायकका जीवनका सम्पूर्ण पक्षहरूलाई यथाशक्य रूपमा प्रस्तुत गर्ने प्रयास गरिएको हुन्छ । जीवनीबाट तत्कालीन सामाजिक, आर्थिक, सांस्कृतिक, राजनैतिक परिवेश बुझ्न सकिन्छ ।[२] कुनै पनि व्यक्तिको जीवनमा जीवनका उकाली-ओराली पार गर्दै जाँदा विभिन्न मोड तथा घटनाहरू आउने गर्दछन् । तिनै मोड र घटनाहरूसँग सामना गर्दै जाँदा उसको मौलिक व्यक्तित्व निर्माण हुन पुग्दछ । उसको व्यक्तित्वले आम जनमानसमा सकारात्मक प्रेरणा दिन सफल हुन सक्यो भने त्यस्ता व्यक्तिको जीवनमा घटित घटनाहरूको शृङ्खलाबद्ध साङ्गोपाङ्ग वर्णन जीवनीमा गरिन्छ ।

संसारमा धेरै मानिस जन्मन्छन् र मर्छन् तर कोहीकोही मानिस मात्र सदाका लागि अरूको हृदयमा बाँचिरहन्छन् जसको भौतिक शरीर समाप्त भएर गए पनि उसले गरेका महत्त्वपूर्ण कार्य तथा योगदानले नाम अजरअमर रहन्छ । राष्ट्र, समाज र मानवताका लागि

---

१ बालकृष्ण पोखरेल (नि.), **नेपाली वृहत् शब्दकोश** (पुनर्मुद्रित), (काठमाडौँ : नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान, २०५८), पृ. ४७० ।

२ दयाराम श्रेष्ठ 'सम्भव' र मोहनराज शर्मा, **नेपाली साहित्यको सङ्क्षिप्त इतिहास**, चौथो संस्क., (ललितपुर : साझा प्रकाशन, २०४९), पृ. ८ ।

उल्लेखनीय योगदान दिने धर्तीपुत्रपुत्रीहरू कालजयी बनेर हरेकको हृदयमा सल्बलाइरहन्छन् । उनीहरूको योगदान भावी मानव समुदायको लागि प्रेरणाको स्रोत बनिदिन्छ । यस्तै व्यक्तिहरूको जीवनका विविध पक्ष, घटना र उनीहरूले धर्तीका लागि सुम्पिएको कर्तव्य सबैका लागि मार्गनिर्देशन बनिदिन्छ । शोधनायक भूपेन्द्र शर्मा भट्टराई यस्तै एक महत्त्वपूर्ण व्यक्तित्व हुन् । समाजका विविध क्षेत्रमा उनको आदर्श व्यक्तित्वको छाप परेको देखिन्छ । यस सन्दर्भमा उनको जीवनीको चर्चा गर्दा उनले जीवनयापनमा भोगेका, देखेका र व्यवहारमा ल्याएका अनुभव, ज्ञान, सीप आदि थुप्रै विषयहरूको अध्ययन गरिएको छ । साहित्यकारको जीवनचर्या, दुःख-सुख, अध्ययन, योगदान, बाल्यकाल, जिन्दगीका उकाली-ओरालीजस्ता घटनामूलक विवरणहरूलाई विभिन्न शीर्षकमा विभाजित गरी सत्यतथ्य रूपमा यस शोत्रपत्रमा चर्चा गरिएको छ ।

## २.२ वंश–परम्परा

भूपेन्द्र शर्मा भट्टराई वशिष्ट गोत्री हुन् । यस गोत्रमा वशिष्ठ, इन्द्रप्रमद र अभरतबसु गरी तीन प्रवरपुरुषहरू रहेको पाइन्छ । उनका पूर्वजहरू पर्वत जिल्लाको शालिग्राम गा.वि.स. वार्ड नं. ५ वाहाकी ठाँटी भन्ने ठाउँमा धेरै पहिलेदेखि बसोबास गरेको कुरा थाहा हुन्छ ।[३] हाल उक्त ठाउँलाई हल्लनडाँडा भनेर चिनिन्छ । उनको तीनपुस्ते वंशावलीअनुसार प्रपितामह हरिशरण भट्टराई, पितामह जयबल्लभ भट्टराई र पिता इन्द्रप्रसाद भट्टराई रहेको जानकारी पाइन्छ ।[४] भट्टराई वंशदर्पणको धुरु महाशाखाअन्तर्गत पाल्पा-पर्वत खण्डमा बसोबास गरेका दाराम भट्टराईका सातभाइ छोरामध्ये देउपतिका कान्छा छोरा हरिशरण भट्टराई उनका प्रपितामह रहेको थाहा हुन्छ ।[५] उनै हरिशरणका एक मात्र छोरा जयबल्लभका पाँच छोराहरूमध्येका माइला छोरा इन्द्रप्रसाद भट्टराईका माइला छोराको रूपमा भूपेन्द्र शर्मा भट्टराईको जन्म भएको पाइन्छ ।

## २.३ जन्म र नामकरण

साहित्यकार भूपेन्द्र शर्मा भट्टराईको जन्म वि.सं. २०२१ साल जेठ १७ गते भएको हो । पिता पण्डित इन्द्रप्रसाद भट्टराई र माता लक्ष्मीदेवी भट्टराईका माइला सुपुत्रका रूपमा लुम्बिनी अञ्चल, नवलपरासी जिल्लाको पिठौली गा.वि.स.अन्तर्गत पर्ने कुस्नहरी गाउँमा उनी जन्मिएका हुन् । उनका एकदाजु पुरुषोत्तम भट्टराई र दुईभाइ लीलाधर भट्टराई र डोलराज भट्टराई (स्वर्गीय) रहेका छन् ।

---

३ शोधनायकसँगको लिखित अन्तर्वार्ताअनुसार ।

४ ऐजन ।

५ इन्द्रप्रसाद भट्टराईसँगको मौखिक अन्तर्वार्ताअनुसार ।

भूपेन्द्र शर्मा भट्टराईको न्वारनको नाम भोजराज भट्टराई हो । बाल्यकालदेखि नै उनलाई छरछिमेकमा भूपेन्द्र नामले बोलाइने हुँदा स्कुले जीवन सुरु गर्दा भर्नाका क्रममा उनको भूपेन्द्र शर्मा भट्टराई नाम लेखाइएको पाइन्छ । उनका कविता तथा गजल कृतिहरूमा भू.श.भ. गण्डर्षि र समालोचनात्मक कृति लेख तथा कृतिहरूमा भूपेन्द्र शर्मा भट्टराई लेखिएको पाइन्छ । उनका अनुसार पौराणिक ग्रन्थ वराहपुराण तथा गण्डकी शालिग्राम महात्म्यमा गण्ड नामक ऋषिले तपस्या गरी स्वर्गकी गङ्गालाई मुक्तिनाथमा अवतीर्ण गरेका र त्यसैका नाममा गण्डकी नामकरण भएको हो । जसरी गण्ड ऋषिको साधनाबाट प्रकट भएकी गङ्गा प्रवाहित हुँदै यस क्षेत्रमा आएर नारायणी भइन् त्यसै गरी नवलपरासीको साहित्यिक क्षेत्रमा अनवरत साधना गरेर जिल्लालाई साहित्यमय तुल्याउने दृढ सङ्कल्प लिई 'गण्डर्षि' उपनाम राखेको पाइन्छ ।[६] प्राय: प्रथम नाम, मध्यम नाम र अन्तिम नामको सङ्क्षिप्त रूप भू.श.भ. लेख्ने गर्छन् भने 'गण्डर्षि' उपनाम पनि यसैसँग जोडेर लेख्ने गरेका छन् ।

## २.४ पारिवारिक पृष्ठभूमि

साहित्यकार शर्माका पुर्खाहरू पहिलेदेखि नै कुलीन परिवारका भएकाले धर्मकर्म, समाजिक-सांस्कृतिक परम्परा र आदर्शका हिमायती भएको पाइन्छ । उनका बुवा इन्द्रप्रसाद विख्यात पण्डित भएकाले शिक्षाप्रेमी, धर्मानुरागीहरूले उनीसँग आएर धार्मिक विषयमा चिन्तनमनन गरेको पाइन्छ । उनको पारिवारिक वंशावलीअनुसार चारपुस्ता अघिदेखि उनका बाबुबाजेहरूले पण्डित्याइँ गरेको देखिन्छ । उनका पिता इन्द्रप्रसाद संस्कृत विश्वविद्यालय वाराणसीबाट इतिहास पुराणाचार्य उत्तीर्ण भई पुराणवाचन व्यवसायमा सक्रिय रहेकाले अभावमय जीवन कहिल्यै पनि भोग्नु नपरेको थाहा हुन्छ ।[७] शैक्षिक-धार्मिक दृष्टिकोणले उच्च भट्टराई परिवारको समाजमा पनि आदर्श परिवारको रूपमा सम्मान र इज्जत रहेको पाइन्छ ।

उनका मातापिता आफ्ना सन्तानप्रति सदैव उत्तरदायित्त्व पूरा गर्नुलाई आफ्नो कर्तव्य ठान्ने गर्दथे । त्यसैले पारिवारिक मायाममता, पढाइ, लेखाइ, धार्मिक तथा सांस्कृतिक रीतिरिवाजबाट आफूलाई वञ्चित हुन नपरेको कुरा शर्माले बताएका छन् ।[८] पारिवारिक सद्भाव र सहयोगी भावनाले सदैव आफ्नो मनोमस्तिष्कमा असल कुराहरूको सोँच मात्र रहनुमा यसको श्रेय पूजनीय मातापितालाई दिन सकिन्छ भनी साहित्यकार शर्माले बताएका छन् । सामाजिक, आर्थिक एवम् धार्मिक दृष्टिले असल परिवारमा जन्मिएका भूपेन्द्र शर्मा भट्टराईको भावी जीवनको रूपरेखा पनि सोहीअनुसार कोरिएको पाइन्छ ।

---

६ शोधनायकसँगको लिखित अन्तर्वार्ताअनुसार ।

७ ऐजन ।

८ ऐजन ।

पुर्ख्यौलीदेखिको आर्थिक सम्पन्नताले साहित्यकार भूपेन्द्र शर्मा भट्टराईलाई यो अवस्थासम्म आइपुग्न अत्यन्त सजिलो भएको हो भन्न सकिन्छ । बाल्यकालदेखि नै आफ्ना पिताको आदर्श, उदारवादी र हार्दिक भावनाबाट प्रभावित भएका शर्माले आफ्नो साहित्यिक लेखनको आधार पनि यसैलाई मानेका छन् ।[९] उनी आफ्नो घरलाई एउटा आदर्श थलोका रूपमा लिन्छन् । यही परिवेशले उनलाई साहित्यिक क्षेत्रमा लाग्न प्रेरित गरेको बुझ्न सकिन्छ । उनी आदर्श पारिवारिक पृष्ठभूमि र साहित्य साधकहरूको संसर्गले साहित्यकार बन्न पुगेको कुरा स्वयम्ले बताएका छन् ।[१०]

वि.सं. २०१५ सालमा शर्माका मातापिता आफ्नो पुर्ख्यौली थलो पर्वतबाट बसाइसराइँ गरी चितवन जिल्लाको माडी क्षेत्रमा पर्ने गर्दी गा.वि.स. वार्ड नं. ४ चैनपुरमा बसोबास गरेको थाहा हुन्छ ।[११] त्यहाँ बसी खेतीपाती र पशुपालन व्यवसाय अँगालेर ६ वर्षको समय पार गरेपछि त्यहाँबाट पुर्ख्यौली थलो आवतजावत गर्न कठित भएका कारण वि.सं. २०२० सालमा फेरि बसाइसराइँ गरी नवलपरासी जिल्लाको पिठौली गा.वि.स. वार्ड नं. ४ कुस्नहरीमा बसोबास थालेको पाइन्छ । त्यही पवित्र भूमिमा वि.सं. २०२१ साल जेठ १७ गते पिता इन्द्रप्रसाद भट्टराई र माता लक्ष्मीदेवी भट्टराईका माइला सुपुत्रका रूपमा उनी जन्मिएका हुन् । उनको बाल्यकालको पूर्वार्ध समय त्यही भूमिमा व्यतीत भएको पाइन्छ । त्यही भूमिमा नै उनले प्रारम्भिक शिक्षाको थालनी गरेको थाहा हुन्छ । त्यसपछि वि.सं. २०३० सालमा त्यहाँबाट पनि बसाइसराइँ गरी छिमेकी गा.वि.स. कावासोतीको वार्ड नं. ५ मा आई उनको परिवार हालसम्म पनि बसोबास गरिरहेको छ ।

## २.५ बाल्यकाल

भूपेन्द्र शर्मा भट्टराईको बाल्यकालको पूर्वावस्था नवलपरासी जिल्लाको पिठौली गा.वि.स.को समथर फाँटमा रहेको मनोरम बस्ती कुस्नहरीमा आफ्ना मातापिता र दाजुको मायाममता र लालनपालनका साथ सुखद वातावरणमा बितेको पाइन्छ । वर्षामा रोपेको धानको लहलह र हरियाली वातावरण, हिउँदमा गहुँ, तोरी, दालहन र मकै बाली हुने उर्बर भूमि, दक्षिणमा बग्ने पवित्र नारायणी नदी र त्यसकै आसपासमा रहेको हरियाली जङ्गलको पूर्ण प्राकृतिक वातावरणमा साथीभाइहरूसँग गाईभैँसी चराउँदै, लुकामारी, कपर्दी, डन्डीबियो खेल्दै अगाडि बढेको पाइन्छ । बुबा इन्द्रप्रसाद पुराणवाचन व्यवसायमा सक्रिय रहेकाले उनको बाल्यकालमा कहिल्यै आर्थिक अभाव भएको पाइँदैन । आफ्ना पिता प्रकाण्ड विद्वान् भएकाले उनको अक्षरारम्भ पिताबाट घरमा नै भएको पाइन्छ । घरैमा वर्णमाला, रुद्री, चण्डी,

९ ऐजन ।

१० ऐजन ।

११ ऐजन ।

लघुकौमुदी अध्ययन गरेका शर्माको औपचारिक शिक्षा श्री शान्ति निकुञ्ज मा.वि. हाल श्री शान्ति निकुञ्ज उ.मा.वि. पिठौलीबाट आरम्भ भएको अवगत हुन्छ ।[१२] त्यसै विद्यालयमा कक्षा दुईसम्म अध्ययन गरी वि.सं. २०३० सालमा कावासोती बसाइँ सरेपछि शिवमन्दिर गा.वि.स.मा रहेको श्री शिव मा.वि. हाल श्री शिव उ.मा.वि. शिवबस्तीमा कक्षा तीनदेखि कक्षा ६ सम्म अध्ययन गरेको कुरा उनले बताएका छन् । गाउँले सरल बाल्यजीवन व्यतीत गरेका शर्मा बाल्यावस्थामा नै पढाइलेखाइप्रति अभिरुचि राख्दै गएकाले बाह्य वातावरणभन्दा पनि किताबी संसारमा रमाउँदारमाउँदै बाल्यकाल बितेको कुरा अवगत हुन्छ ।[१३]

बाल्यकालदेखि नै कविता सुन्न हिरिक्क हुने, कविता लय हालेर वाचन गर्ने, गीत गुन्गुनाउने प्रवृत्तिले छरछिमेकका मानिसहरू शर्माप्रति आकर्षित हुने गरेकाले उनी सबैका बीचमा लोकप्रिय भएको थाहा हुन्छ ।[१४] बाल्यकालमा उनी विद्यालय पढ्दा खेलकुद तथा अन्य अतिरिक्त क्रियाकलापमा रुचिपूर्वक सहभागी हुने गर्दथे । अरूले सुनाएका कविता, गीत, कथा तुरुन्तै ग्रहण गरी तत्कालै लयात्मक तथा मीठो पाराले व्यक्त गर्न सक्ने भएकाले सबै साथीहरू उनीसँग गीत, कविता, कथा सुन्न चाहन्थे । गीतगायन तथा कवितावाचन गर्ने कार्यक्रममा उनी सधैँ अग्रसर रहने गर्दथे । सानै उमेरबाट साहित्यप्रति रुचि राख्ने उनको स्वभाव देखेर गुरुहरूले पनि खुलेर प्रशंसा गरेको पाइन्छ ।[१५]

समग्रमा भन्नुपर्दा उनको बाल्यकाल सुख, सन्तोष र अति रोमाञ्चकारी ढङ्गले बितेको पाइन्छ ।

## २.६ शिक्षादीक्षा

भूपेन्द्र शर्मा भट्टराईको शिक्षादीक्षाको कुरा गर्दा उनले सानै उमेरबाट अध्ययनमा रुचि राखेको पाइन्छ । उनका पिता संस्कृत र नेपाली भाषाका प्रकाण्ड विद्वान् भएकाले बुबाले संस्कृत तथा नेपालीका विभिन्न काव्यहरू लय मिलाएर पढेको सुन्दा यिनमा पनि अध्ययन गर्ने जिज्ञासा बढेको पाइन्छ ।[१६] उनले सानै उमेरमा बुबासँग घरैमा वर्णमालाको अध्ययन सुरु गरी त्यसपश्चात् रुद्री, चण्डी, लघुकौमुदी आदिको अध्ययन गरेको थाहा हुन्छ । औपचारिक शिक्षाको प्रारम्भ भने वि.सं. २०२७ सालमा उनी ६ वर्षको भएपछि गाउँमै रहेको श्री शान्ति निकुञ्ज मा.वि.हाल श्री शान्ति निकुञ्ज उ.मा.वि. पिठौलीबाट सुरु गरेको पाइन्छ । कक्षा २

---

१२ शोधनायकसँगको लिखित अन्तर्वार्ताअनुसार ।

१३ ऐजन ।

१४ लक्ष्मीदेवी भट्टराईसँगको मौखिक अन्तर्वार्ताअनुसार ।

१५ ऐजन ।

१६ शोधनायकसँगको लिखित अन्तर्वार्ताअनुसार ।

सम्म त्यसै विद्यालयमा अध्ययन गर्दा उनको प्रतिभा तथा तीक्ष्ण बुद्धिको प्रशंसा गुरुहरूले मुक्तकण्ठले गरेकाले उनको शिक्षाप्रति विशेष रुचि बढ्दै गएको थाहा हुन्छ ।[१७]

वि.सं. २०३० सालमा उनको परिवार त्यस ठाउँबाट कावासोती गा.वि.स. वार्ड नं. ५ मा बसाइसराइँ गरेपछि उनी शिवमन्दिर गा.वि.स. वार्ड नं. ५ मा अवस्थित श्री शिव मा.वि. हाल श्री शिव उ.मा.वि.मा कक्षा ३ मा भर्ना भई अध्ययनलाई अगाडि बढाएको पाइन्छ । त्यहाँ उनले नि.मा.वि. तहको कक्षा ६ सम्म अध्ययन पूरा गरेको थाहा हुन्छ । नि.मा.वि. तहको अध्ययन गर्दागर्दै संस्कृत भाषा र साहित्यप्रतिको झुकावका कारण सन् १९७८ मा उनी भारतको नयाँ दिल्लीतर्फ प्रस्थान गरेको पाइन्छ । आफ्ना पिता संस्कृत भाषाका विद्वान् एवम् जिल्लाकै प्रख्यात पुराणवाचक भएका कारण पिताले कमाएको ख्यातिलाई निरन्तरता दिने ध्येय उनको मनमा पैदा भएपछि त्यस महान् लक्ष्यलाई पूर्णता दिनका खातिर पिताकै सल्लाह एवम् मार्गनिर्देशनमा उनी भारततर्फ प्रस्थान गरेको अवगत हुन्छ ।[१८]

सन् १९७८ मा उनी भारतको नयाँ दिल्लीको राजघाटस्थित ब्रह्मर्षि रामप्रपन्नाचार्य संस्कृत महाविद्यालयमा गुरुकुल शिक्षापद्धतिअनुसार प्रथमा तहमा भर्ना भई अनवरत रूपले संस्कृत शिक्षा अध्ययनलाई अगाडि बढाएको पाइन्छ । उनले त्यस महाविद्यालयबाट प्रथमा तह उत्तीर्ण गरी पूर्वमध्यमा प्रथम खण्डको तीनवर्षसम्म अध्ययन गर्दागर्दै बकौलीस्थित ऋषिकुल संस्कृत महाविद्यालयमा स्थानान्तरण भई योग तथा व्याकरण शास्त्रको अध्ययन गरेर पूर्वमध्यमा तह उत्तीर्ण गरेको थाहा हुन्छ । त्यसपछि उत्तरमध्यमा तहको प्रथम वर्षको परीक्षा दिएपछि फेरि स्थानान्तरण भई गोरखपुरस्थित गोरक्षनाथ संस्कृत विद्यापीठमा भर्ना भएर उत्तरमध्यमा तह उत्तीर्ण गरेको जानकारी पाइन्छ । उनले त्यहाँ नव्यव्याकरण र नेपाली विषय लिई शास्त्री तहसम्मको अध्ययन सन् १९८५ सम्ममा पूरा गरेको कुरा जानकारी पाइन्छ ।[१९]

वि.सं. २०४२ सालमा उनी शास्त्री तह उत्तीर्ण भएपछि विदेशको अध्ययन सकेर त्यसभन्दा माथिल्लो तहको अध्ययन नेपालबाट नै अघि बढाउने आकाङ्क्षा बोकेर स्वदेश फर्किएको पाइन्छ । स्वदेश फर्किएपछि उनले काठमाडौँस्थित वाल्मीकि विद्यापीठमा व्याकरण विषयमा स्नातकोत्तर तहमा भर्ना भई आफ्नो अध्ययनलाई अघि बढाएका थिए । उनले त्यहाँको अध्ययनलाई अगाडि बढाउँदै कीर्तिपुरमा नेपाली विषयमा स्नातकोत्तर तहमा भर्ना भई संस्कृत र नेपाली विषयको दोहोरो अध्ययन गरेको कुरा उनीबाट थाहा हुन्छ ।[२०] उनले काठामाडौँमा बसेर अध्ययन गरी वाल्मीकि विद्यापीठबाट आचार्य र त्रि.वि. कीर्तिपुरबाट नेपाली विषयमा स्नातकोत्तर तहसम्म अध्ययन गरेको थाहा हुन्छ ।

---

१७ इन्द्रप्रसाद भट्टराईसँगको मौखिक अन्तर्वार्ताअनुसार ।

१८ शोधनायकसँगको लिखित अन्तर्वार्ताअनुसार ।

१९ ऐजन ।

२० ऐजन ।

संस्कृत र नेपाली विषयको गहिरो अध्ययन गरेका हुनाले उनको शैक्षिक उपलब्धि उच्च रहेको पाइन्छ । यसकै फलस्वरूप पत्रकारिता, साहित्य, प्राध्यापन, सम्पादन, प्रशासन र सामाजिक एवम् साहित्यिक सङ्घसंस्था गठन र सञ्चालन गरी विविध क्षेत्रमा उल्लेखनीय योगदान पुऱ्याउन उनी सफल रहेको देखिन्छ ।

## २.७ संस्कार–कर्महरू

भूपेन्द्र शर्मा भट्टराई आर्य हिन्दू परम्परालाई आत्मसात् गर्ने धार्मिक, आध्यात्मिक पृष्ठभूमि भएको परिवारमा जन्मेहुर्केका हुँदा उनका संस्कार-कर्महरू हिन्दू परम्पराअनुसार हुँदै आएको पाइन्छ । उनी जन्मिएको एघारौँ दिनमा हिन्दू विधिविधानअनुसार उनको न्वारन गरी भोजराज भट्टराई नामकरण गरिएको पाइन्छ । उनको भातखुवाइ उनी जन्मिएको छैठौँ महिनामा भएको हो ।[२१] उनको चूडोपनयन कार्य वि.सं. २०३२ सालमा उनी ११ वर्षको छँदा गरिएको पाइन्छ । उनको न्वारन, भातखुवाइ कर्महरू उनी जन्मिएकै स्थान पिठौली गा.वि.स.को कुस्नहरीस्थित आफ्नै घरमा गरिएको थाहा हुन्छ भने चूडोपनयन कार्य पवित्र नारायणी नदीको तटमा गरिएको पाइन्छ । यसैगरी उनी पूर्वमध्यमा अध्ययन पूरा गरी विदामा कावासोतीस्थित आफ्नो घर आएको समय पारी वि.सं. २०३७ साल जेठ २२ गते उनी सत्र वर्षको किशोर अवस्थामा छँदै उनको शुभ-विवाह हिन्दू वैदिक-विधिविधानअनुसार प्रगतिनगर गा.वि.स. वार्ड नं. ७ निवासी कृष्णप्रसाद भुर्तेलकी माइली सुपुत्री नारायणी भुर्तेलका साथ सुसम्पन्न भएको पाइन्छ ।[२२]

## २.८ दाम्पत्य जीवन र सन्तानलाभ

भूपेन्द्र शर्मा भट्टराई र उनकी जीवनसङ्गिनी नारायणीका बीचको दाम्पत्य जीवन सुखद रहेको पाइन्छ । नारायणी समझदार, सहनशील, सुशील हिन्दू आदर्शवती नारी भएका कारण उनको जीवनमा कहिल्यै पारिवारिक झैझगडा, कलह, आपसी मनमुटावको स्थिति नरहेको कुरा थाहा हुन्छ ।[२३] विद्यार्थी जीवनमै विवाह भएका कारण शर्मा वैवाहिक जीवनका सुरुका केही वर्ष गृहस्थी जीवनबाट टाढा बस्नुपरे तापनि दाम्पत्य जीवन सुखमय रहेको थाहा हुन्छ । उनमा कर्तव्यनिष्ठ, इमान्दार, कर्मशील, पत्नीव्रत, मृदुभाषी, अहिंसा, शान्ति र परोपकारजस्ता गुणहरू रहेकाले उनको आफ्नी जीवनसङ्गिनी नारायणीसँग सधैँ प्रगाढ माया र आत्मीयता रहेको पाइन्छ ।[२४] शर्मा र उनकी जीवनसङ्गिनी नारायणीका तीन सन्तान रहेका

---

२१ लक्ष्मीदेवी भट्टराईसँगको मौखिक अन्तर्वार्ताअनुसार ।

२२ शोधनायकसँगको लिखित अन्तर्वार्ताअनुसार ।

२३ ऐजन ।

२४ नारायणी भट्टराईसँगको मौखिक अन्तर्वार्ताअनुसार ।

छन् । वि.सं. २०३९ सालमा जेष्ठ पुत्ररत्न यदुनन्दन भट्टराई, वि.सं. २०४१ सालमा दोस्रो सन्तानका रूपमा कान्छा छोरा रामचन्द्र भट्टराई र वि.सं. २०४३ सालमा तेस्रो सन्तानका रूपमा छोरी पद्मा भट्टराईको जन्म भएको थाहा हुन्छ । हाल जेष्ठ पुत्र यदुनन्दन विज्ञान विषयमा स्नातक र राजनीतिशास्त्रमा स्नातकोत्तरसम्म अध्ययन गरी व्यापार व्यवसायमा संलग्न रहेका छन् । त्यसैगरी कान्छा छोरा रामचन्द्र त्रि.वि., कीर्तिपुरमा समाजशास्त्रमा स्नातकोत्तर तह अध्ययन गरी व्यापार व्यवसायमा संलग्न रहेका छन् । छोरी पद्मा स्टाफ नर्स विषय लिई कालिका नर्सिङ कलेज, गैंडाकोटमा आफ्नो अध्ययनलाई अघि बढाइरहेकी छन् । समष्टिमा भूपेन्द्र शर्मा भट्टराईको दाम्पत्य जीवन सुखमय रूपमा अघि बढेको थाहा हुन्छ ।

## २.९ आर्थिक अवस्था

भूपेन्द्र शर्मा भट्टराईको आर्थिक अवस्था मध्यम रहेको पाइन्छ । वि.सं. २०४७ सालमा शर्माका चार दाजुभाइबीच अंशवण्डा भएपछि उनलाई गृहस्थी चलाउन ज्यादै कठिन भएको थाहा हुन्छ ।[२५] प्राध्यापन र पत्रकारिताबाट प्राप्त त्यतिबेलाको न्यून आयस्रोतले छोराछोरीको शैक्षिक शुल्क तिर्न धान बेच्नुपर्ने र गुन्द्रुकको तरकारी र भुटेका मकैले छाक टार्नुपर्ने स्थिति रहेको पाइन्छ ।[२६] लगभग पाँचवर्षसम्म यस्तै विषम परिस्थिति गुजारेपछि वि.सं. २०५२ सालमा शर्मालाई पाल्ही क्याम्पस, परासीले पूर्णकालीन सेवाको नियुक्ति दिएपछि आर्थिक अवस्थामा केही सुधार आएको पाइन्छ ।

वि.सं. २०५६ सालमा पाल्ही क्याम्पस, परासीको प्राध्यापन जागिर छोडेर आफ्नै गाउँ कावासोतीमा लुम्बिनी आदर्श डिग्री कलेज स्थापनार्थ गठित संस्थापन-व्यवस्थापन मूल समितिको सचिव रहेर गाउँमा रहँदा उनको परिवारमा पुन: आर्थिक अभाव देखिन गएको पाइन्छ । क्याम्पस स्थापना भएपछि पनि आंशिक प्राध्यापक भई प्राध्यापन कार्य गर्दा आर्जन गरेको पैसाले छोराछोरीको शैक्षिक शुल्क तिर्न र छाक टार्न समेत धौधौ परेको थाहा हुन्छ ।[२७] वि.सं. २०६१ सालदेखि लुम्बिनी आदर्श डिग्री कलेजमा प्रशासन प्रमुख भएपछि शर्माको आर्थिक अवस्था सुदृढ बन्दै गएको पाइन्छ । उनका दुवै छोरा हाल व्यापार-व्यवसायमा संलग्न हुन थालेपछि हालको उनको आर्थिक अवस्था सन्तोषजनक रहेको पाइन्छ । पैतृक सम्पत्तिको नाममा पाएको खेतबाट वर्षदिनभरिलाई पुग्ने अन्न, दाल प्राप्त हुने कुरा थाहा हुन्छ ।[२८] त्यसैगरी पैतृक सम्पत्तिकै रूपमा पाएको घडेरीमा चारकोठे दुईतले पक्की घर उनको आफ्नो

---

२५ शोधनायकसँगको लिखित अन्तर्वार्ताअनुसार ।

२६ नारायणी भट्टराईसँगको मौखिक अन्तर्वार्ताअनुसार ।

२७ शोधनायकसँगको लिखित अन्तर्वार्ताअनुसार ।

२८ ऐजन ।

आम्दानीबाट बनाइएको छ । यसबाट भूपेन्द्र शर्मा भट्टराईको आर्थिक अवस्था सामान्य मध्यमवर्गीय रहेको मान्न सकिन्छ ।

## २.१० धार्मिक अवस्था

साहित्यकार भूपेन्द्र शर्मा भट्टराईको पारिवारिक पृष्ठभूमि हेर्दा धार्मिक वातावरण निकै सघन रहेको देखिन्छ । उनका पितापुर्खाहरू चारपुस्ता अघिदेखि पण्डित्याइँ तथा धर्मकर्ममा नै आफ्नो जीवन बिताउँदै गएका हुनाले उनी पनि हिन्दू वैदिक सनातन धर्ममा आस्था र विश्वास राख्ने व्यक्ति हुन् ।[२९] हजुरबुबा जयबल्लभ पर्वत जिल्लामा वेदुवा पण्डितका नामले प्रख्यात रहेका र घरैमा त्यस क्षेत्रका विद्यार्थीहरूलाई वेद, चण्डी, रुद्री, व्याकरण आदिको ज्ञान दिलाउने गरेको थाहा हुन्छ ।[३०] उनका पिता इन्द्रप्रसाद पनि संस्कृत भाषाका ज्ञाता एवम् संस्कृत विश्वविद्यालय वाराणसीबाट इतिहास पुराणाचार्य उत्तीर्ण भई पुराणवाचन व्यवसायमा सक्रिय रहेका कारण धार्मिक, पौराणिक ज्ञान दिने पिताको पेसागत वृत्तिलाई निरन्तरता दिने ध्येयले उनले संस्कृत शिक्षा आर्जनका खातिर भारत र नेपालका विभिन्न विद्यालय, विश्वविद्यालयहरूमा अध्ययन गरी संस्कृत विषयमा आचार्यसम्मको अध्ययन गरेको पाइन्छ । उनका पिता इन्द्रप्रसादको पहलकदमीबाट पर्वत जिल्लाको बाहाकीठाँटी गा.वि.स.मा एउटा विद्यालय स्थापना भएको पाइन्छ ।[३१] उनको पुर्ख्यौली परम्परादेखि नै दान, धर्म, तीर्थ, व्रतजस्ता धार्मिक क्रियाकलाप गरिँदै आएको हुँदा त्यही धार्मिक धरातललाई आत्मसात् गरी अघि बढ्नुलाई कर्तव्यपरायण सम्झने शर्मालाई एक हिन्दू वैदिक धर्मका अनुयायी मान्न सकिन्छ । हालसम्म पनि उनका पिता वैदिक धर्म परिषद केन्द्रीय कार्यसमितिका अध्यक्ष, हरिहर सन्न्यास आश्रम, देवघाट, श्री राधाकृष्ण सिद्धेश्वर पाञ्चायन मन्दिर, कावासोतीको संस्थापक तथा संरक्षक रहेका तथा उनी स्वयम् पनि विन्ध्यवासिनी आध्यात्मिक सङ्घ, सतुङ्गल, काठमाडौँ, राधाकृष्ण मन्दिर, कावासोती, वैदिक धर्म परिषद्, नवलपरासीजस्ता धार्मिक सङ्घसंस्थाहरूसँग विभिन्न समयमा सम्बद्ध भएका कारण उनको धार्मिक आस्था सबल रहेको देखिन्छ । हाल शनिबार विधिपूर्वक मन्दिरहरूको दर्शन, पूजापाठ साथै रेडियो मध्यबिन्दुमा धार्मिक शिक्षाप्रद कार्यक्रम सञ्चालनमा सक्रिय रहेबाट उनी एक सगुण धार्मिक भक्तिभाव राख्ने व्यक्तिका रूपमा चिनिन्छन् । संसार सबै परमात्माको रचना हो, हामी सबै प्राणी ईश्वरकै अंश हौँ तसर्थ सबै प्राणी सुखमय, आनन्दमय, ज्ञानमय भई दैनिक भौतिक उन्नति गरून् भन्ने धार्मिक विचार वा मान्यता उनमा रहेको पाइन्छ ।[३२] यिनै धार्मिक विचार र धार्मिक क्रियाकलापका आधारमा उनी एक कट्टर हिन्दू धर्मका उपासक रहेको पाइन्छ ।

---

२९ शोधनायकसँगको लिखित अन्तर्वार्ताअनुसार ।

३० इन्द्रप्रसाद भट्टराईसँगको मौखिक अन्तर्वार्ताअनुसार ।

३१ ऐजन ।

३२ शोधनायकसँगको लिखित अन्तर्वार्ताअनुसार ।

## २.११ रुचि र स्वभाव

भूपेन्द्र शर्मा भट्टराईको सानै उमेरबाट नयाँनयाँ कुरा सिक्ने, बुझ्ने तथा खेलकुद र अध्ययनतर्फ विशेष रुचि रहेको पाइन्छ । विद्यार्थी जीवनमा विभिन्न खेलकुद तथा सिर्जनात्मक कार्यक्रमहरूमा सहभागी हुने, साथीभाइसँग डन्डीबियो, भकुन्डो, कपर्दीजस्ता खेलहरू खेली आनन्द लिने उनको रुचि भएको पाइन्छ । सादा जीवन उच्च विचारप्रति आस्था राख्ने शर्माले खानामा साधारण दालभात, गुन्द्रुक, ढिँडो, रोटीका साथै मौसमअनुसार आफ्नै करेसाबारीमा उब्जिएका सागसब्जी मन पराउने गरेका छन् ।[३३] कपडा पहिरनमा साधारण कमिज, पाइन्ट र नेपाली ढाकाटोपी लगाउँछन् ।[३४] यसैगरी ऐतिहासिक र पुरातात्त्विक महत्त्वका ठाउँहरू र प्राकृतिक सौन्दर्यको दृश्यावलोकन गर्न उनलाई साह्रै मन पर्छ ।[३५] उनमा साहित्य सिर्जना गर्ने, पत्रपत्रिका प्रकाशन-सम्पादन गर्ने तथा ठूलाठूला विद्वान्का लेखरचना पढ्ने रुचि रहेको पाइन्छ । समसामयिक पत्रिका पढ्ने, राजनीतिले ल्याएको परिवर्तनप्रति विचारविमर्श गर्ने, सामाजिक क्षेत्रमा सहयोग गर्ने उनको स्वभाव रहेको पाइन्छ । साहित्य सिर्जनाद्वारा सामाजिक विकृति-विसङ्गतिलाई व्यङ्ग्य प्रहार गर्नु तथा राष्ट्र, राष्ट्रियता, भाषा र साहित्यको चिन्तनका साथै नारी स्वतन्त्रता र अस्मिताको पक्षमा उभिनु उनको साहित्यिक रुचि देखिन्छ ।[३६]

शर्मा नम्र, शान्त र मिजासिलो स्वभावका छन् । हाँसेर बोल्ने, शिष्ट एवम् मर्यादित शब्दको प्रयोग गर्ने, सहृदयी एवम् मिलनसार, परोपकारी र दयालु स्वभाव उनमा पाइन्छ । सामाजिक, धार्मिक, शैक्षिक सङ्घसंस्थामा रही सेवा गर्नु नै परमधर्म ठान्ने उनी मानव-मानववीच मित्रता, सद्भाव र सद्विचार राख्ने गर्दछन् ।[३७] उनको कुनै बेला घण्टौँसम्म पनि साहित्यिक रचना अध्ययन गरेर टेलिभिजनमा चलचित्र हेरेर वा आफू आफैमा शिवजीझैँ मस्त भएर बस्ने स्वभाव रहेको थाहा हुन्छ ।[३८] आफूले गर्नुपर्ने काम भोक, प्यास, निद्रा, थकाइ केही नमानी पूरा नभएसम्म लागिरहने उनको बानी रहेको पाइन्छ । उनी धूर्त, जाली, अपराधी र शोषक मनोवृत्ति भएका मानिसलाई मन पराउँदैनन् । उनमा सत्यतथ्यमा आधारित भई बोल्ने हक्की स्वभाव रहेको देखिन्छ । यसैगरी महिला-पुरुष सबै मानिसप्रति समान व्यवहार हुनुपर्छ भन्ने भावनाको विकास उनको मनोमस्तिष्कमा रहेको देखिन्छ । सङ्क्षेपमा सिर्जना, अध्ययन, सामाजिक तथा शैक्षिक सेवा उनको रुचि क्षेत्र हो भने सरल, शान्त, सहृदयी, मिलनसार, मृदुभाषी र दयालु स्वभाव उनको स्वभावगत चिनारी हो ।

---

३३ ऐजन ।

३४ ऐजन ।

३५ ऐजन ।

३६ ऐजन ।

३७ ऐजन ।

३८ नारायणी भट्टराईसँगको मौखिक अन्तर्वार्ताअनुसार ।

## २.१२ लेखनमा प्रेरणा र प्रभाव

जीवनरूपी रथलाई समयसँगै अघि बढाउँदै लैजाने क्रममा कुनै पनि मानिसलाई हरेक क्षेत्रमा अघि बढ्न कुनै पनि महत्त्वपूर्ण घटना, महान् व्यक्तिहरू, अभिभावकहरू तथा गुरुहरूको नितान्त आवश्यकता पर्दछ । भूपेन्द्र शर्मा भट्टराई बाल्यकालदेखि नै आफ्ना पिताले भागवत, गीता, रामायण आदिका श्लोकहरू छन्द र लयअनुसार वाचन गरेको सुन्दा त्यसैबाट निकै प्रभावित भएको थाहा हुन्छ ।[३९] त्यसैबेला उनले आफ्ना पितासँग कहाँबाट, कोसँग, कसरी सिक्नुभयो जस्ता प्रश्नहरू गरी जिज्ञासा मेटाउने गरेको कुरा बताएका छन् ।[४०] पिताजीले आफ्ना गुरु वनमालीदास शास्त्रीसँग वृन्दावनमा अध्ययन गरी सिकेको प्रतिजवाफ सुन्दा उनलाई अध्ययनप्रति निकै रुचि बढेको थाहा हुन्छ । त्यसपछि पिताकै प्रभाव र प्रेरणा ग्रहण गरी उनले घरैमा साउँअक्षर सिक्न थालेको पाइन्छ । उनी शान्ति निकुञ्ज मा.वि., पिठौलीमा आफूलाई विद्यालय जीवनमा प्रवेश गराई अध्ययनमा हौसला प्रदान गर्ने गुरुहरूलाई पनि प्रेरणाको स्रोत मान्दछन् । उनको घरमा भानुभक्तीय **रामायण**, देवकोटाको **मुनामदन**, चक्रपाणि चालिसेको सम्पूर्ण **महाभारत** भएकाले पिताजीको वाचन कलाबाट प्रेरित भई तिनै कृतिहरू वाचन गर्न थालेको अवगत हुन्छ । वि.सं. २०३४ सालमा विद्यालयमा कविता प्रतियोगिता आयोजना हुँदा त्यसमा सहभागी भई *पृथ्वीनारायण शाहप्रति* शीर्षकको कविता रचना एवम् वाचन गरी पुरस्कृत भएपछि उनलाई साहित्य सिर्जनातर्फ अघि बढ्न विशेष प्रेरणा जागेको बताएका छन् ।[४१]

बाल्यकालदेखि नै संस्कृत भाषा-साहित्यप्रतिको रुचि, पिताको पाण्डित्य पेसाको निरन्तरता, प्रसिद्धि र ख्याति, महाकवि वनमालीदास शास्त्रीसँग भेट हुने अन्तरचाहनाजस्ता कुराहरूबाट उनी नि.मा.वि.सम्मको शिक्षा अध्ययन गरेपछि उच्च शिक्षा संस्कृत भाषाबाट आर्जन गर्ने उद्देश्य राखी भारतको नयाँ दिल्लीको राजघाटस्थित ब्रह्मर्षि रामप्रपन्न महाविद्यालयमा भर्ना भई अध्ययन गर्दा भारतीय महाकवि वनमालीदास शास्त्रीसँगको भेट र उनकै प्रेरणा ग्रहण गरी अध्ययन र साहित्यमा उनी अघि बढेको पाइन्छ ।[४२] त्यसैगरी काठमाडौँमा बसी अध्ययन गर्दा प्रयोगवादी कवि मदन रेग्मीसँगको भेटघाट र उनको प्रेरणा ग्रहण गरी नवीन प्रयोगवादी साहित्य सिर्जनामा लाग्ने प्रेरणा मिलेको थाहा हुन्छ ।[४३] उनको साहित्य सिर्जनाका साथै पत्रकारितामा पनि उल्लेखनीय योगदान रहेको देखिन्छ । पत्रकारिता क्षेत्रमा प्रवेश गर्ने प्रेरणाको स्रोतको रूपमा उनी राजधानीमा बस्दा किशोरीरमण राणासँगको भेटघाट, सान्निध्य र प्रभावलाई मान्ने गरेको थाहा हुन्छ ।[४४]

---

३९ शोधनायकसँगको लिखित अन्तर्वार्ताअनुसार ।

४० ऐजन ।

४१ ऐजन ।

४२ ऐजन ।

४३ ऐजन ।

४४ ऐजन ।

यसरी शर्माको प्रेरणाको स्रोतमा बुबा इन्द्रप्रसाद भट्टराई, भारतीय महाकवि वनमालीदास शास्त्री, नेपाली प्रयोगवादी कवि मदन रेग्मी र किशोरीरमण राणा रहेको थाहा हुन्छ । यस्तै राष्ट्रियस्तरका अग्रज साहित्यकारहरूका कृति, जीवनी र व्यक्तित्वलाई पनि उनले प्रेरणाकै स्रोत मानेको जानकारी मिल्दछ ।

## २.१३ दिनचर्या

कुनै पनि व्यक्तिको बिहान उठेदेखि राति नसुतुन्जेलसम्मका दैनिक क्रियाकलापलाई नै उसको दिनचर्या भनिन्छ । साहित्यकार भूपेन्द्र शर्मा भट्टराईको दिनचर्या हरेकदिन प्राय: एकै किसिमको रहेको थाहा हुन्छ । उनी दिनहुँ बिहान चारबजे उठी नित्यकर्म सिध्याएर रेडियो मध्यबिन्दु एफ.एम. मा कार्यक्रम सञ्चालन गर्दछन् । रेडियोको कार्यक्रम सकेपछि बिहान सवा पाँचबजे घर फर्की चियापान गरेर बिहान सवा ६ बजे क्याम्पस प्रस्थान गर्दछन् । बिहान एघारबजे क्याम्पसबाट फर्किएपछि बिहानको भोजन गरी आफ्नी पत्नीलाई मध्यबिन्दु महिला विद्यालयमा पुऱ्याउने गरेको कुरा उनीबाट थाहा हुन्छ । त्यहाँबाट फर्किएपछि दिउँसो दुईबजेसम्म आराम गर्ने र दुईबजेदेखि तीनबजेसम्म साथीभाइसँग भेटघाट तथा घुमफिर गर्ने प्राय: उनको दैनिक क्रियाकलाप नै हो । त्यसपछि दिउँसो सवा तीन बजे आफ्नी पत्नीलाई विद्यालयसम्म लिन जाने र घर फर्की चियापान गरेर दिउँसो चारबजे क्याम्पस प्रस्थान गर्ने कुरा अवगत हुन्छ । क्याम्पसबाट बेलुका साढे ६ बजे घर फर्की अध्ययन तथा रेडियो, टेलिभिजनमा आउने कार्यक्रमसँगै उनको समय बित्ने गरेको जानकारी मिल्दछ । बेलुकी आठबजे समाचार सुन्दै खाना खाने र प्राय: राति दसबजेसम्म अध्ययन र लेखनकार्यमा व्यस्त रहने कुरा थाहा पाइन्छ । शर्माको प्राय: दैनिक क्रियाकलाप यही रूपले अघि बढेको देखिन्छ । शनिबार तथा बिदाको समयमा विभिन्न कार्यक्रमहरूमा सहभागी हुने तथा साथीभाइ र इष्टमित्रहरूसँग भेटघाट गरी दिन बिताउने कुरा उनले बताएका छन् । त्यस्तै कहिलेकाहीँ फुर्सदको समयमा साहित्यिक कृतिहरू पढेर, रेडियो टेलिभिजनका विभिन्न कार्यक्रमहरूसँग रमेर तथा साथीभाइसँग राजनैतिक, साहित्यिक विषयमा विचार विमर्श गरेर समय बिताउने कुरा उनीबाट थाहा हुन्छ ।[४५] प्राय: यसरी नै उनको दिनचर्या बित्ने गरेको पाइन्छ ।

## २.१४ सेवामा प्रवेश

भूपेन्द्र शर्मा भट्टराईले जीवनगुजाराका निमित्त पत्रकारिता क्षेत्र र शैक्षिक क्षेत्रमा रहेर विभिन्न समयमा जागिर खाँदै आएको पाइन्छ । उनले सर्वप्रथम पत्रकारिता क्षेत्रबाट सेवामा प्रवेश गरेको जानकारी प्राप्त हुन्छ । उनले वि.सं. २०४० सालमा काठमाडौँमा रहँदा

४५ ऐजन ।

त्यहाँबाट प्रकाशित **जुनेली** मासिक पत्रिकाको देश विकास विशेषाङ्कको भाषा सम्पादक भई पत्रकारिताको क्षेत्रमा प्रवेश गरेको थाहा पाइन्छ । सेवाका दृष्टिले हेर्दा उनी वि.सं. २०४० देखि २०४२ सम्म उपत्यकाबाट प्रकाशित **संरचना** साप्ताहिक पत्रिकामा सह-सम्पादक पदमा जागिर खाई सेवामा प्रवेश गरेको जानकारी मिल्दछ । यसैगरी वि.सं. २०४२ देखि २०४४ सम्म **नवरस** साप्ताहिकको कार्यकारी सम्पादक भई उनले सेवा गरेको अवगत हुन्छ । उनले वि.सं. २०४४ देखि २०५१ सम्म राष्ट्रिय समाचार समितिको संवाददाता भई सेवा गरेका थिए । त्यही सेवाकै क्रममा वि.सं. २०४८ सालदेखि नवलपरासी संवाददाता भई नवलपरासीको सदरमुकाम परासीमा बसोबास गरी काम गरेको थाहा हुन्छ । उनले वि.सं. २०४८ सालदेखि २०५६ सालसम्म पाल्ही बहुमुखी क्याम्पस परासीमा प्राध्यापन र पत्रकारिता पेसालाई सँगसँगै बढाएको जानकारी मिल्दछ । यसैगरी उनले वि.सं. २०६१ देखि हालसम्म प्रशासन प्रमुख भई आफ्नै गाउँ कावासोतीमा रहेको लुम्बिनी आदर्श डिग्री कलेजमा कार्य गरेको देखिन्छ । उनले वि.सं. २०६५ देखि रेडियो मध्यबिन्दु एफ.एम.को संस्थापक सेयर सदस्य, कार्यक्रम सञ्चालक तथा सञ्चालक बोर्डको उपाध्यक्ष पदमा रही सेवा गर्दै आएको पाइन्छ । यिनै विभिन्न सेवाहरूमा समर्पित भई शर्माले पत्रकारिता, साहित्य र शिक्षाको क्षेत्रमा नवलपरासी क्षेत्रमा योगदान दिएको पाइन्छ ।

## २.१५ सङ्घसंस्थासँगको आबद्धता

साहित्यकार भूपेन्द्र शर्मा भट्टराईको स्वभाव सहयोगी भावनाले प्रेरित भएकाले समाजसेवामा सक्रियताका साथ लाग्दै आएको पाइन्छ । उनले पत्रकारिता, सामाजिक, साहित्यिक, शैक्षिक सङ्घसंस्थाहरूसँग आबद्ध रहेर नवलपरासी जिल्लामा आफूलाई पत्रकार, समाजसेवी, साहित्यकार र शिक्षाप्रेमी व्यक्तित्वको रूपमा चिनाउन सफल भएको पाइन्छ । उनी नेपाल पत्रकार महासङ्घ, नवलपरासी शाखाको संस्थापक सभापति भई वि.सं. २०४८ देखि वि.सं. २०५३ सम्म सेवा पुऱ्याउँदै आएको थाहा हुन्छ ।[४६] त्यसै समयममा परासी साहित्य समाज नामक साहित्यिक संस्था गठन गरी त्यस संस्थाको संस्थापक सचिव रही कार्य गरेको बताइएको छ ।[४७] यसैगरी नवलपरासी साहित्य परिषद् (वि.सं. २०४४) को संस्थापक अध्यक्ष भई उनले नवलपरासी जिल्लामा साहित्यिक गतिविधि भित्र्याउने कार्य गरेको अवगत हुन्छ । वि.सं. २०४७ देखि नेपाल मानव अधिकार सङ्गठन, नवलपरासी शाखाको सक्रिय सदस्य भई उनले कार्य गरेको देखिन्छ । नेपाल प्रेस युनियन, परासी शाखाको सदस्य भई हालसम्म पनि सदस्यकै रूपमा रही कार्य गरेको कुरा थाहा हुन्छ । यसैगरी मध्यबिन्दु प्रज्ञाप्रतिष्ठान कावासोतीको संस्थापक सदस्य, नेपाल रेडक्रस सोसाइटी, नवलपरासीको आजीवन सदस्य,

---

४६ ऐजन ।

४७ ऐजन ।

सामुदायिक प्रहरी सेवा केन्द्र, नवलपुर क्षेत्रको सचिव तथा हाल सल्लाहकार सदस्य, सामुदायिक रेडियो मध्यबिन्दु एफ.एम. १०१ मेघाहर्ज, कावासोतीको संस्थापक सेयर सदस्य तथा हाल सञ्चालक बोर्डको उपाध्यक्ष, **देवचुली** साहित्यिक मासिक पत्रिकाको संस्थापक एवम् प्रकाशक, लुम्बिनी आदर्श डिग्री कलेज, कावासोतीको संस्थापन मूल समितिको सचिव भई कार्य गरेको देखिन्छ । यसरी शर्माले विभिन्न समयमा विभिन्न सङ्घसंस्थासँग आबद्ध भई नवलपरासीको चौतर्फी विकासमा उल्लेखनीय योगदान दिँदै आएको पाइन्छ ।

## २.१६ सम्मान तथा पुरस्कार

भूपेन्द्र शर्मा भट्टराईले विद्यालयीय जीवनमा शैक्षिक तथा अतिरिक्त क्रियाकलापहरूमा आफू पुरस्कृत भएको कुरा बताएका छन् ।[४८] यसैगरी साहित्य, समाजसेवा, पत्रकारिता र शैक्षिक क्षेत्रमा लागिसकेपछि भने विभिन्न सङ्घसंस्थाहरूद्वारा उनलाई विभिन्न समयमा सम्मान तथा पुरस्कार प्रदान गरेको थाहा हुन्छ । नेपाल पत्रकार महासङ्घ, नवलपरासीद्वारा उनलाई वि.सं. २०४८ मा वरिष्ठ पत्रकार एवम् साहित्यकारका रूपमा सम्मान गरिएको पाइन्छ । यसैगरी वि.सं. २०६० मा लक्ष्मी स्मृति साहित्य समाजले उनलाई अस्मितावादी-प्रयोगवादी काव्य सम्मान तथा अभिनन्दन गरेको देखिन्छ । यस्तै उनलाई सहयोगी हातहरू संस्थाले वि.सं. २०६१ मा अभिनन्दन तथा सम्मान प्रदान गरेको पाइन्छ । वि.सं. २०६२ मा नेपाल प्रेस युनियन कावासोती शाखाद्वारा सम्मान, वि.सं. २०६२ मा सूर्यभक्त-पतनादेवी पत्रकारिता सम्मान, वि.सं. २०६६ मा कालिका एफ.एम. चितवनबाट कालिका स्रष्टा सम्मान र त्रिवेणी साहित्य परिषद्द्वारा वि.सं. २०६८ मा कृष्णजङ्ग-डम्बरजङ्ग पुरस्कारद्वारा उनलाई सम्मानित गरिएको पाइन्छ । यिनै पुरस्कार तथा सम्मान साहित्यकार भूपेन्द्र शर्मा भट्टराईले हालसम्म प्राप्त गरेको देखिन्छ ।

## २.१७ भ्रमण

सुन्दर प्राकृतिक वातावरणमा विचरण गर्न र धार्मिक, ऐतिहासिक एवम् पर्यटकीय स्थलमा मुग्ध हुन चाहने साहित्यकार भूपेन्द्र शर्मा भट्टराईले समय, परिस्थिति, स्रोत र साधनको अभावमा मुलुकको सबै क्षेत्र पुग्न नसके पनि मेचीदेखि महाकालीसम्मका तराई भागमा पर्ने प्रायः धेरै जिल्ला र केही मध्यपहाडी जिल्लाहरूको भ्रमण गरेका छन् । उनले अध्ययनको सिलसिलामा भारतको नयाँ दिल्ली, गोरखपुर, लखनऊ, हरिद्वार, बनारसजस्ता पवित्र क्षेत्रहरूको भ्रमण गरेका छन् ।[४९] यसैगरी नेपालका प्रसिद्ध ठाउँहरू काठमाडौँ, पोखरा, धरान, जनकपुर,

---

४८ ऐजन ।

४९ ऐजन ।

लुम्बिनी, पाल्पा, स्याङ्जाजस्ता भू-भागको भ्रमण गरी देशको भौगोलिक, प्राकृतिक एवम् सांस्कृतिक पर्यावरणको अनुभव ग्रहण गरिसकेका छन् । नेपालका पवित्र धामहरू त्रिवेणीधाम, लुम्बिनी, पशुपतिक्षेत्र, जनकपुरजस्ता क्षेत्रको पनि उनले भ्रमण गरिसकेका छन् । उत्तरतर्फ चीनको स्वशासित क्षेत्र तिब्बतको खासा भन्ने ठाउँको भ्रमण गरेका शर्माले अन्य अन्तर्राष्ट्रिय भ्रमणको अवसर आफूलाई नमिलेको बताएका छन् ।[५०] साहित्यकार शर्माले यिनै क्षेत्रहरूको भ्रमण गरी भ्रमणयात्राको अनुभव लिएको पाइन्छ ।

## २.१८ निष्कर्ष

भूपेन्द्र शर्मा भट्टराईको जीवनी र उनका साहित्यिक रचनाका बीच घनिष्ट सम्बन्ध रहेको पाइन्छ । उनका जीवनका घटना र परिस्थितिहरू उनका साहित्यिक रचनाहरूमा पनि प्रत्यक्ष-अप्रत्यक्ष रूपमा व्यक्त भएको पाइन्छ । वि.सं. २०२१ जेठ १७ गतेका दिन नवलपरासी जिल्लाको पिठौली गा.वि.स.को कुश्नहरी गाउँमा पिता इन्द्रप्रसाद र माता लक्ष्मीदेवीका माइला सुपुत्रका रूपमा जन्मिएका उनको न्वारनको नाम भोजराज भट्टराई भए पनि भूपेन्द्र शर्मा भट्टराई र भू.श.भ. गण्डर्षि दुवै नामबाट उनी नेपाली साहित्य, पत्रकारिता र अन्य सामाजिक संस्थाहरूमा चिरपरिचित छन् । हिन्दू धर्मका अनुयायी उनको कुलपरम्परामा उनका सबै संस्कारकर्महरू हिन्दू विधिविधानअनुसार हुने गरेको पाइन्छ । उनको शैक्षिक योग्यता स्नातक तहसम्मको रहेको छ भने उनको पारिवारिक, आर्थिक अवस्था सन्तोषजनक रहेको देखिन्छ । विभिन्न साहित्यिक, शैक्षिक, पत्रकारिता र सामाजिक क्षेत्रका सङ्घसंस्थासँग आबद्ध उनी नवलपरासी जिल्लाकै अग्रज साहित्यकारका रूपमा चिनिएका छन् । देशविदेशका विभिन्न ठाउँहरूको भ्रमण गरी अनुभव बटुल्न सफल उनी विभिन्न संस्थाद्वारा विभिन्न पुरस्कारले सम्मानितसमेत भइसकेका छन् । बाल्यकालदेखि नै शिष्ट, सरल र मिलनसार स्वभावका उनी साहित्यलेखन, समाजसेवा र पत्रकारितामा विशेष रुचि राख्दै सोहीअनुसार आफ्नो जीवनयापन अघि बढाइरहेका देखिन्छन् ।

---

५० ऐजन ।

# तेस्रो परिच्छेद
# साहित्यकार भूपेन्द्र शर्मा भट्टराईको व्यक्तित्वको अध्ययन

## ३.१ पृष्ठभूमि

कुनै व्यक्तिको वैयक्तिक विशेषता देखाउने वा कुनै व्यक्तिले अरूलाई प्रभावित पार्ने व्यक्तिविशेषमा निहित विशेषता वा व्यक्तिविशेषको निजीपन प्रकट गर्ने शब्दलाई व्यक्तित्व भनिन्छ ।[1] कुनै पनि व्यक्ति एकै किसिमको सामाजिक धरातलमा रहेर पनि उसका गतिविधिका कारण एकभन्दा अर्को अलग हुन्छन् । यसरी व्यक्तिको निजीपना र सामाजिकता दुवैबाट व्यक्तिको एउटा पृथक् पहिचान बन्दछ, जसलाई उसको व्यक्तित्व भनिन्छ । कुनै व्यक्तिमा अन्तर्निहित दक्षता, अभिरुचि, अनुराग, साधना, बौद्धिकता, विचार, इच्छा, प्रतिभा, कार्यक्षेत्र र निरन्तर लगनशीलता नै व्यक्तित्व निर्धारणका तत्त्वहरू मानिन्छन् । कुनै पनि व्यक्तिको व्यक्तित्व निर्माणमा उसको जीवनमा आइपरेका परिस्थिति, घटना, आरोह, उतार-चढाव, घात-प्रतिघातजस्ता चक्रहरू र उसको परिवेश, पारिवारिक वातावरण, रुचि, पेसा र शिक्षादीक्षाले उल्लेखनीय योगदान पुऱ्याइरहेका हुन्छन् ।[2]

कुनै पनि व्यक्तिमा आन्तरिक र बाह्य गरी दुई किसिमका व्यक्तित्व हुन्छन् । यिनै दुई व्यक्तित्वलाई नै मूलभूत व्यक्तित्व मानिन्छ । भौतिक रूपमा देखिने व्यक्तित्व भौतिक वा बाह्य व्यक्तित्व मानिन्छ भने अनुभव, ज्ञान, आस्था, शिक्षादीक्षा, मूलप्रवृत्ति, आर्जित गुण, रुचि आदि आन्तरिक व्यक्तित्व मानिन्छ । सबै व्यक्तिमा बहुआयामिक व्यक्तित्व नभई केही विशिष्ट व्यक्तिमा मात्र यस खालका प्रतिभाहरू हुन्छन् । यिनै विशिष्ट व्यक्तिहरूमध्येका साहित्यकार भूपेन्द्र शर्मा भट्टराईको बाह्य र आन्तरिक दुवै व्यक्तित्वलाई विभिन्न कोणबाट हेर्न सकिन्छ ।

---

१ बालकृष्ण पोखरेल (नि.), **नेपाली वृहत् शब्दकोश**, (काठमाडौं : नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान, पुन: मुद्रण २०५५), पृ. १२४५ ।

२ गङ्गाकुमारी (सुबेदी) भट्टराई, **कवि पोषराज पौडेलको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन** (अप्रकाशित स्नातकोत्तर शोधपत्र), (चितवन : त्रि.वि, नेपाली विभाग, वीरेन्द्र बहुमुखी क्याम्पस, २०५९), पृ. ३० ।

## ३.२ बाह्य व्यक्तित्व

कुनै पनि व्यक्तिको बाहिरबाट हेर्दा देखिने जिउडाल, रूप, आकारको भौतिक संरचना नै बाह्य व्यक्तित्व हो । भूपेन्द्र शर्मा भट्टराईको आन्तरिक व्यक्तित्वसँगै बाह्य व्यक्तित्व पनि आकर्षक देखिन्छ । अड्चालीस वर्षको उमेर, पाँच फिट दुई इन्चको उचाइ र लगभग सत्तरी कि.ग्रा. तौल, शरीरसुहाउँदो ठिक्कको मोटाइ, गहुँगोरो वर्ण, फुकेको छाती, उज्यालो मुखमण्डल, भावपूर्ण आँखा, सुहाउँदो नाक, प्रायजसो कमिज, पाइन्ट र ढाकाटोपीको साधारण पहिरनमा रहने, नम्र र मृदुभाषी, गम्भीर र चिन्तनशील स्वभाव, चुस्त र फुर्तिलो ज्यान आदि पक्ष नै भूपेन्द्र शर्मा भट्टराईका परिचायक तत्त्व हुन् । अरूसँग कुराकानी गर्दा ध्यानपूर्वक सुन्ने र त्यसप्रति आफ्नो प्रतिक्रिया राख्ने उनीसँग जो पनि सजिलै प्रभावित हुन्छन् ।

सादा जीवन उच्च विचारको आदर्शलाई उनले आफ्नो जीवनको पलपलमा पालना गरेको पाइन्छ । स्पष्ट, सत्य र लोकको हितका निम्ति बोल्न कहिल्यै पछि नहट्ने उनको स्वभाव रहेको पाइन्छ । धेरै सोचेर थोरै बोल्ने स्वभावले बोलीमा दृढ र अडिग रहने विशेष व्यक्तित्व उनमा पाइन्छ । त्यस्तै भलाद्मी, शिष्ट, सरल र निष्कपट चारित्रिक विशेषताले गर्दा उनको बाह्य व्यक्तित्व थप आकर्षक र प्रशंसनीय देखिन्छ ।

## ३.३ आन्तरिक व्यक्तित्व

व्यक्तिभित्र अन्तर्निहित गुण, प्रतिभा, त्याग, बौद्धिकता, क्षमता वा विशेषताबाट नै व्यक्तिको आन्तरिक व्यक्तित्व झल्कन्छ । सामाजिक वा सार्वजनिक काममा कुनै व्यक्तिले दिएको योगदानबाट समाजमा ऊ सम्मानित र पुरस्कृत हुन्छ । यसरी उसको आन्तरिक व्यक्तित्वको छाप समाजका लागि प्रेरणादायक बन्दछन् । साहित्यकार भूपेन्द्र शर्मा भट्टराईको आन्तरिक व्यक्तित्वलाई नियाल्दा उनमा बहुमुखी व्यक्तित्व रहेको देखिन्छ । उनले साहित्य, समाज, शिक्षा र पत्रकारिताको क्षेत्रमा पुऱ्याएको योगदानका आधारमा उनको आन्तरिक व्यक्तित्वलाई विभिन्न शीर्षक-उपशीर्षकमा बाँडी चर्चा गरिएको छ ।

### ३.३.१ साहित्यिक व्यक्तित्व

साहित्यिक व्यक्तित्व भनेको साहित्यसित सम्बन्धित व्यक्तित्व हो ।[३] भूपेन्द्र शर्मा भट्टराईको प्रमुख व्यक्तित्वमध्ये साहित्यिक व्यक्तित्व प्रमुख हो । वि.सं. २०३८ सालमा नेपाली छात्र सङ्घ गोरखपुरद्वारा प्रकाशित **संस्कृतामृतम्** पत्रिकामा *पृथ्वीनारायण शाहप्रति* शीर्षकको कविता छपाई नेपाली साहित्यमा प्रवेश गरेका कवि भूपेन्द्र शर्मा भट्टराईको साहित्यिक उपनाम

३ बालकृष्ण पोखरेल (नि.), **नेपाली वृहत् शब्दकोश**, (काठमाडौं : नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान, पुनः मुद्रण २०५५), पृ. १२७० ।

भू.श.भ. गण्डर्षि हो । उनले सुरुमा पिता इन्द्रप्रसाद त्यसपछि भारतीय महाकवि वनमालीदास शास्त्री र नेपाली प्रयोगवादी कवि मदन रेग्मीसँगको उठबस र सहकार्यलाई आफ्नो साहित्यिक यात्राको प्रेरणाको स्रोतको रूपमा लिएको पाइन्छ ।[४] उनको प्रथम प्रकाशित पुस्तकाकार कृति **शिवबस्तीदेखि शिवबस्तीसम्म** कवितासङ्ग्रह (२०४५) हो । उनका हालसम्म तीनवटा कवितासङ्ग्रह, दुईवटा समालोचनात्मक कृति र एउटा गजलसङ्ग्रह गरी जम्मा ६ वटा कृति प्रकाशित भएका छन् । उनका अप्रकाशित कृतिहरू क्रमश: **राजघाटदेखि राजधानीसम्म** नियात्रा, **दीपकदेवी** खण्डकाव्य, **चवालीसको हुरी** उपन्यासका हाल कुनै पाण्डुलिपिसमेत आफूसँग नरहेको उनी बताउँछन् ।[५] करिब ३० वर्ष साहित्यसेवामा समर्पित उनी कवि, गजलकार, समालोचक, सम्पादक व्यक्तित्वका रूपमा चर्चित भएको पाइन्छ । यहाँ उनको साहित्यिक व्यक्तित्वलाई विधागत रूपमा विभिन्न भागमा विभाजन गरी अध्ययन गरिएको छ ।

### ३.३.१.१ कवि व्यक्तित्व

भूपेन्द्र शर्मा भट्टराई एक सशक्त कवि व्यक्तित्व हुन् । साहित्यका अन्य विधामा भन्दा उनको प्रतिभा कविता विधामा नै बढी फस्टाएको पाइन्छ । *पृथ्वीनारायण शाहप्रति* शीर्षकको कविता छपाएर सर्वप्रथम नेपाली साहित्यमा प्रवेश गरेका उनी प्रथमत: कविकै रूपमा चर्चित भएको पाइन्छ । उनका प्रकाशित कविताकृतिहरूमा **शिवबस्तीदेखि शिवबस्तीसम्म** (२०४५), **अनारका आँखाहरू** (२०५९) र **गण्डर्षिका कविताहरू** (२०६७) रहेका छन् । यसका साथै विभिन्न फुटकर कविताहरू प्रकाशित भएका पाइन्छन् । कवितामा राष्ट्र, राष्ट्रियता, जातीयता, स्वाभिमान, अस्मिता आदिको खोजी गरिएको पाइन्छ । विशेष गरी गुणात्मक र सङ्ख्यात्मक दृष्टिले उनका गद्य कविताहरू पद्यकविताहरूका तुलनामा उच्चस्तरका रहेका छन् । उनका कवितामा बिम्ब र प्रतीकको प्रयोग गरी वर्तमान युगका विकृति, विसङ्गति, सामाजिक यथार्थता, युगबोध, नारीअस्मिता, शान्ति र क्रान्तिको सङ्केत गरिएको पाइन्छ । यसकारण कवि शर्मा एक स्थापित कवि व्यक्तित्वको रूपमा आफ्नो पहिचान गराउन सफल छन् ।

### ३.३.१.२ गजलकार व्यक्तित्व

नेपाली गजलको क्षेत्रमा हेर्दा यसको इतिहास त्यति लामो पाइँदैन । हाल आएर युवा पिँढीमा गजलको एउटा बाढी नै चलेको पाइन्छ । शास्त्रीय गजल कमै मात्रामा रचिए पनि मौलिक शैलीमा गजल लेख्ने परम्परा बसिसकेको छ । यस्तै भूपेन्द्र शर्मा भट्टराईले सर्वप्रथम वि.सं. २०४९ सालमा **देवचुली** साहित्यिक मासिक पत्रिकामा गजल प्रकाशित गरी आफूलाई

---

४ शोधनायकसँगको लिखित अन्तर्वार्ताअनुसार ।

५ ऐजन ।

गजल विधामा प्रवेश गराएको पाइन्छ । उनको एक मात्र गजलसङ्ग्रह **करुवाको पानी** (२०६१) प्रकाशित भएको पाइन्छ । उनका गजलमा अन्तर्मनको प्रेमभाव, समसामयिकता, राष्ट्रियस्वाभिमान, एकता, स्वतन्त्रता, विद्रोह, प्रकृतिप्रेमजस्ता विषय वा भाव व्यक्त गरिएको पाइन्छ ।

### ३.३.१.३ समालोचक व्यक्तित्व

भूपेन्द्र शर्मा भट्टराई एक सशक्त साहित्यकार हुन् । उनलाई साहित्य सिर्जना मात्र होइन साहित्य, साहित्यकार र साहित्यिक इतिहासका अन्वेषक पनि मान्न सकिन्छ । साहित्य सिर्जनासँगै साहित्यिक लेखरचना, साहित्यकार र साहित्यिक इतिहासका बारेमा लेख, टीकाटिप्पणी र समालोचना विभिन्न पत्रपत्रिकामा प्रकाशित भएको पाइन्छ । उनको समालोचनात्मक कृतिमा **केही द्रष्टा : केही दृष्टि** (२०४७) र **नवलपरासीका साहित्यिक व्यक्ति र कृति** साहित्य र पत्रकारिताको सङ्क्षिप्त इतिहास (२०६२) प्रकाशित भएका छन् । पहिलो समालोचनात्मक कृति **केही द्रष्टा : केही दृष्टि** मा **नवरस**, **नयाँ किरण**, **राष्ट्रवाणी**, **जनसन्देश**जस्ता पत्रपत्रिकामा प्रकाशित समालोचनात्मक लेखरचनालाई सङ्गृहित गरिएको पाइन्छ । दोस्रो कृतिमा नवलपरासी जिल्लाको साहित्यिक पृष्ठभूमि, साहित्यिक यात्रा, साहित्यिक सङ्घसङ्गठन, प्रकाशन, साहित्यकार र प्रकाशन संस्थाहरूको बारेमा सङ्क्षिप्त रूपमा चर्चा गरिएको पाइन्छ । यस दृष्टिले समालोचनाको क्षेत्रमा पनि शर्मा सिद्धहस्त रहेको पाइन्छ । यसकारण उनको समालोचक व्यक्तित्वले पनि उनको समग्र व्यक्तित्वमा टेवा पुऱ्याएको मान्न सकिन्छ ।

## ३.३.२ प्रकाशक-सम्पादक व्यक्तित्व

भूपेन्द्र शर्मा भट्टराईको व्यक्तित्वको पाटोलाई नियाल्दा साहित्यिक व्यक्तित्वका साथै प्रकाशक-सम्पादक व्यक्तित्व पनि सबल रहेको पाइन्छ । उनले सर्वप्रथम पत्रकारिता क्षेत्रबाट प्रकाशन-सम्पादन क्षेत्रतर्फ लागेको पाइन्छ । उनले वि.सं. २०४० सालमा काठमाडौँबाट प्रकाशित **जुनेली** मासिक पत्रिकाको देश विकास विशेषाङ्कको भाषा सम्पादक भई कार्य गरेको पाइन्छ ।[६] त्यसपश्चात् वि.सं. २०४० देखि वि.सं. २०४२ सम्म उपत्यकाबाट प्रकाशित **संरचना** साप्ताहिक पत्रिकामा सह-सम्पादक भई कार्य गरेको थाहा हुन्छ । वि.सं. २०४२ देखि वि.सं. २०४४ सम्म **नवरस** साप्ताहिकको कार्यकारी सम्पादक भएर उनले कार्य गरेको देखिन्छ । राजधानीबाट प्रकाशित **स्वदेश** साहित्यिक त्रैमासिक पत्रिकामा अतिथि सम्पादक, **विन्ध्य-सन्देश** मासिक पत्रिकामा प्रधान सम्पादक भई महत्त्वपूर्ण योगदान दिएका उनले

---

६ शोधनायकसँगको लिखित अन्तर्वार्ताअनुसार ।

नवलपरासीबाट प्रकाशित **पाल्ही सन्देश**, **रामग्राम सन्देश**, **परासी टाइम्स**, **देवचुली** र **छुनामुना** पत्रिकाहरूमा सम्पादन एवम् प्रकाशन कार्य गरेको पनि थाहा भएको छ ।[७] यसरी लेखन, प्रकाशन र सम्पादन कार्यलाई साहित्यिक गतिविधिसँग जोडेर शर्माले नेपाली साहित्यको उन्नयनमा विशिष्ट योगदान पुऱ्याएको पाइन्छ ।

## ३.३.३ पत्रकार व्यक्तित्व

भूपेन्द्र शर्मा भट्टराई नवलपरासीका एक ख्याति प्राप्त पत्रकार पनि हुन् । पत्रकारिताको क्षेत्रमा वि.सं. २०४० देखि सक्रिय उनले वि.सं. २०४४ देखि २०४८ सम्म राष्ट्रिय समाचार समितिको संवाददाता भई काठमाडौँमा र वि.सं. २०४८ देखि वि.सं. २०५६ सम्म रा.स.स.को नवलपरासी संवाददाता भएर नवलपरासीमा पत्रकारिता गरेको थाहा पाइन्छ । यसै सिलसिलामा परासीमा रहँदा उनले विभिन्न स्थानीय पत्रपत्रिका प्रकाशन र सम्पादन गरेको देखिन्छ । पत्रकारहरूको हक, हित, स्वतन्त्रता र संरक्षणको उद्देश्य राखी नेपाल पत्रकार महासङ्घ, नवलपरासी जिल्ला शाखा गठन गरी अध्यक्षको रूपमा रहेर सक्रिय पत्रकारिता गरेको पाइन्छ । वास्तवमा नवलपरासी जिल्लामा साहित्यिक गतिविधि, पत्रपत्रिका प्रकाशन र पत्रकारिताको क्षेत्रमा उनको योगदान अद्वितीय रहेको पाइन्छ । सुरुमा किशोरीरमण राणाबाट पत्रकारिताको क्षेत्रमा प्रभाव र प्रेरणा ग्रहण गरेका उनी वर्तमान समयमा नवलपरासीका नवआगन्तुक साहित्यस्रष्टा र पत्रकारहरूका प्रेरणाका मूलस्रोत मानिन्छन् । वि.सं. २०४४ सालमा नवलपरासी साहित्य परिषद् गठन गरी त्यस संस्थाको संस्थापक अध्यक्ष पदमा रहँदै नवलपरासी जिल्लामा साहित्यिक गतिविधि भित्र्याउने कार्य उनीबाट भएको पाइन्छ । यसै गरी नेपाल प्रेस युनियन, परासी शाखाको संस्थापक सदस्य भई हालसम्म पनि सदस्यकै रूपमा कार्य गरेका उनको पत्रकार व्यक्तित्वले समग्र व्यक्तित्वको उठानमा महत्त्वपूर्ण भूमिका खेलेको पाइन्छ ।

## ३.३.४ प्राध्यापक व्यक्तित्व

बहुआयामिक व्यक्तित्वका धनी शर्मा शैक्षिक र प्राध्यापन क्षेत्रमा पनि आफ्नो विशिष्ट पहिचान बनाउन सफल रहेको पाइन्छ । पत्रकारिता, साहित्यसिर्जना, समाजसेवाजस्ता क्षेत्रमा पनि आफ्नो अग्रता हासिल गरेका उनले प्राध्यापन कार्यमा पनि आफ्नो जीवनको लामो समय व्यतीत गरेको पाइन्छ । वि.सं. २०४८ सालदेखि नवलपरासीको सदरमुकाम परासीमा रा.स.स.को नवलपरासी संवाददाता भई पत्रकारिता गर्ने समयमा त्यहीँको पाल्ही बहुमुखी क्याम्पस, परासीमा वि.सं. २०४८ सालदेखि सर्वप्रथम प्राध्यापन कार्यमा प्रवेश गरेको कुरा

---

७ ऐजन ।

अवगत हुन्छ ।[८] वि.सं. २०४८ देखि २०५२ सम्म आंशिक र वि.सं. २०५२ देखि २०५६ सम्म पूर्णकालीन सेवामा प्राध्यापन कार्य गरेपछि वि.सं. २०५६ मा त्यहाँको प्राध्यापन पेसालाई छाडेर कावासोतीस्थित लुम्बिनी आदर्श डिग्री कलेजको स्थापनामा सहभागी भएको पाइन्छ । लुम्बिनी आदर्श डिग्री कलेज स्थापना भएपछि वि.सं. २०५६ देखि २०६१ सम्म त्यही कलेजमा आंशिक प्राध्यापक भई कार्य गरेको थाहा हुन्छ । यसरी चौधवर्षको प्राध्यापन कार्यको अनुभव उनमा रहेको पाइन्छ जसले उनको व्यक्तित्वको खुड्किलोमा पाइला अघि बढाउने काम गरेको छ भन्न सकिन्छ ।

## ३.३.५ समाजसेवी व्यक्तित्व

समाज र राष्ट्रको उत्थानका निम्ति नि:स्वार्थ र परोपकारको भावनाले समर्पित व्यक्तिलाई समाजसेवी भनिन्छ । व्यक्तिले समाजका लागि गरेको त्याग र समर्पणबाट नै उसको समाजसेवी व्यक्तित्व झल्कन्छ । भूपेन्द्र शर्मा भट्टराई पनि एक यस्तै समाजसेवी व्यक्तित्व हुन् । सामाजिक क्षेत्रमा रहेका विभिन्न सङ्घसंस्थामा आबद्ध भएर शिक्षा, भाषा, साहित्य, धर्म, विकासनिर्माणमा उनको योगदान रहेको पाइन्छ । उनले वि.सं. २०४४ सालमा नवलपरासी साहित्य परिषद् गठन गरी त्यस संस्थाको संस्थापक अध्यक्ष भई नवलपरासी जिल्लामा साहित्यिक गतिविधि भित्र्याउने कार्य गरेको पाइन्छ । यसै गरी वि.सं. २०४७ मा नेपाल मानव अधिकार सङ्गठन नवलपरासी शाखाको सदस्य भई मानवता, शान्ति, एकता र मानव अधिकारका बारेमा नवलपरासी जिल्लामा विभिन्न कार्य गरेको कुरा उनीबाट थाहा हुन्छ ।[९] वि.सं. २०४८ सालमा नेपाल पत्रकार महासङ्घ, नवलपरासी शाखा गठन गरी त्यसको संस्थापक अध्यक्ष भई वि.सं. २०५३ सम्म उनले कार्य गरेको पाइन्छ । यसै समयमा नेपाल प्रेस युनियन, परासी शाखाको संस्थापक सदस्य र हालसम्म पनि सदस्यको रूपमा रही उनले कार्य गरेका छन् । परासीमा रहँदा वि.सं. २०४८ देखि २०५८ सम्म एम.एस.डि.एस. नामक संस्थामा आबद्ध भई उनी सक्रिय रूपमा लागेको र यसै संस्थाको माध्यमबाट बालबालिकाहरूलाई भित्तेपत्रिका प्रकाशनसम्बन्धी तालिम प्रदान गरेको पाइन्छ । यस्तै जिल्ला बाल कल्याण समितिमा आबद्ध भई **छुनामुना** बाल पत्रिकाको सम्पादनमा सक्रिय रूपमा लागेको देखिन्छ । वि.सं. २०४८ सालमा **देवचुली** साहित्यिक मासिक पत्रिकाका संस्थापक एवम् प्रकाशक भई त्यस समयदेखि नवलपरासीमा सिर्जित साहित्यिक रचनाहरूको प्रकाशन र सम्पादन कार्य गर्दै आएको बताइएको छ ।[१०] यसै गरी वि.सं. २०५६ मा लुम्बिनी आदर्श डिग्री कलेज संस्थापन मूल समितिको सचिव रही विराट धनधान्याचल महायज्ञ सम्पन्न गरी

---

८ ऐजन ।

९ ऐजन ।

१० ऐजन ।

आर्थिक स्रोत जुटाउने कार्यमा उनको उल्लेखनीय योगदान रहेको पाइन्छ । यसका अतिरिक्त उनी नेपाल रेडक्रस सोसाइटी, नवलपरासीको आजीवन सदस्य, मध्यबिन्दु प्रज्ञाप्रतिष्ठान, कावासोतीको संस्थापक सदस्य, प्रहरी सेवा केन्द्र, नवलपुर क्षेत्रको सचिव तथा हाल सल्लाहकारजस्ता पदमा रहेर उनले योगदान दिएका छन् । यस्तै विन्ध्यवासिनी आध्यात्मिक सङ्घ, सतुङ्गल, काठमाडौँ, राधाकृष्ण मन्दिर, कावासोती, वैदिक धर्म परिषद्, नवलपरासीजस्ता संस्थाहरूमा पनि उनी समयसमयमा आबद्ध रहेका छन् । हाल उनी रेडियो मध्यबिन्दु एफ.एम. १०१ मेघाहर्ज, कावासोतीको संस्थापक सेयर सदस्य र सञ्चालक बोर्डको उपाध्यक्ष पदमा रही सञ्चारजगत्को क्षेत्रमा पनि आफ्नो सहभागिता जनाइरहेको पाइन्छ । यिनै विभिन्न संस्थाहरूमा विभिन्न पदमा रही योगदान दिएका शर्माको समाजसेवी व्यक्तित्व उच्च रहेको पाइन्छ ।

### ३.३.६ प्रशासक व्यक्तित्व

वि.सं. २०६१ देखि हालसम्म लुम्बिनी आदर्श डिग्री कलेज, कावासोतीमा प्रशासन प्रमुख रहेका शर्माको प्रशासनिक दक्षता र प्रशासनिक व्यक्तित्व उत्तम रहेको पाइन्छ । करिब आठ वर्षजतिको समयावधिमा उक्त कलेजको प्रशासनिक फाँट चुस्त र छिटोछरितो देखिन्छ । उनले आफ्नो प्रशासकीय दायित्त्वलाई पूर्ण रूपमा सफल ढङ्गले सञ्चालन गर्दै आएको पाइन्छ । एउटै कलेजमा त्रिभुवन विश्वविद्यालय र पूर्वाञ्चल विश्वविद्यालयबाट सम्बन्धन लिएर समानान्तर ढङ्गले शैक्षिक कार्यक्रमहरू सञ्चालन भएका संस्थामा रहेर काम गर्ने उनको प्रशासनिक खुबी रहेको देखिन्छ ।

## ३.४ जीवनी, व्यक्तित्व र साहित्यसिर्जनाबीच सामञ्जस्य

भूपेन्द्र शर्मा भट्टराईको जीवनयात्रा सामाजिक, राजनैतिक, सांस्कृतिक, समसामयिक घटनाक्रम तथा परिवेशलाई प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा भोग्दै र समाधान गर्दै वर्तमान अवस्थासम्म आइपुगेको कुरा उनको जीवनीबाट थाहा हुन्छ । आफ्नो जीवनयात्राका सवालमा भोगेका, देखेका, सुनेका कुराहरूलाई समेटी उनले साहित्यिक रचनाहरू सिर्जना गरेका छन् । साहित्यको सेवा गरेर अन्याय, अत्याचार, शोषण, दमन, उत्पीडन आदिको भण्डाफोर गर्दै स्वच्छ समाजको निर्माणको परिकल्पनातर्फ उन्मुख भएको कुरा उनका कृतिबाट स्पष्ट हुन्छ । साहित्यिक तथा सामाजिक व्यक्तित्वले उनको जीवनीलाई माथि उठाएको पाइन्छ । साहित्यिक रचना, जीवनी र व्यक्तित्वप्रति केन्द्रित हुँदै समाजका विसङ्गति, समसामयिक परिवेशलाई छर्लङ्ग पार्न उनी सफल देखिन्छन् । उनका कृतिहरू अध्ययन गर्दा उनीसँगै बोलेको आभास पाइन्छ । राष्ट्रियता, लोकतान्त्रिक मूल्यमान्यता, विश्वबन्धुत्व, मानवता, एकता, राष्ट्रिय अस्मिताप्रतिको चिन्तनले उनको जीवनी र व्यक्तित्वलाई माथि उठाउन सहयोग पुऱ्याएको

देखिन्छ । अन्तर्मनका भावनाहरूलाई साहित्यकारले आफ्ना कृतिहरूमा उल्लेख गरेकाले उनको जीवनी, व्यक्तित्व र साहित्यसिर्जनामा सामञ्जस्य पाइन्छ ।

समग्रमा उनको महत्त्वपूर्ण पक्ष नेपाली साहित्य र समाजको सेवा गर्नु नै रहेको पाइन्छ । उनको जीवनयात्रामा देखिएको समाजसेवी भावना, साहित्यिक रुचिको प्रभाव साहित्यलेखनमा देखापर्दछ । यसरी उनको जीवनी, व्यक्तित्व र साहित्यसिर्जनालाई अध्ययन गर्दा यी तत्त्वहरूबीच आन्तरिक सामञ्जस्य कायम रहेको पाइन्छ ।

## ३.४ निष्कर्ष

यसप्रकार भूपेन्द्र शर्मा भट्टराईको बाह्य र आन्तरिक दुवै व्यक्तित्व निकै नै उत्कृष्ट रहेको पाइन्छ । उनका साहित्यिक रचनाहरूले उनमा रहेको प्रबल साहित्यिक व्यक्तित्वको परिचय दिन सफल छन् भने अर्कोतर्फ सामाजिक, शैक्षिक र पत्रकारिता जगत्मा उनको सहभागिताले उनको आन्तरिक व्यक्तित्व उच्च रहेको पाइन्छ । यसै गरी उनको शारीरिक बनोट, बोलीचाली, व्यवहारजस्ता बाह्य व्यक्तित्वले समग्रमा उनको आन्तरिक व्यक्तित्वमा समेत सुनमा सुगन्ध थपेको पाइन्छ । निष्कर्षमा भूपेन्द्र शर्मा भट्टराईको व्यक्तित्व उच्च रहेको छ ।

# चौथो परिच्छेद
# साहित्यकार भूपेन्द्र शर्मा भट्टराईको कृतित्वको अध्ययन

## ४.१ नेपाली साहित्यमा भूपेन्द्र शर्मा भट्टराईको आगमन र साहित्ययात्रा

यस परिच्छेदमा नेपाली साहित्यमा भूपेन्द्र शर्मा भट्टराईको आगमन र उनको साहित्ययात्रालाई विभिन्न शीर्षक राखेर अध्ययन-विश्लेषण गरिएको छ ।

### ४.१.१ लेखनका लागि प्रेरणा र प्रभाव

हरेक साहित्यकारलाई साहित्यतर्फ लाग्ने प्रेरणा र लेखनमा कसै न कसैको प्रत्यक्ष वा अप्रत्यक्ष प्रभाव परेकै हुन्छ । भूपेन्द्र शर्मा भट्टराईलाई साहित्य लेखनतर्फ सर्वप्रथम त उनकै पिता इन्द्रप्रसादको प्रेरणा र प्रभाव परेको पाइन्छ ।[१] घरमा राखिएका भानुभक्त आचार्य, लेखनाथ पौड्याल, लक्ष्मीप्रसाद देवकोटा, चक्रपाणि चालिसे आदिका साहित्यिक ग्रन्थहरू बाल्यकालमा अध्ययन गर्न पाउँदा उनलाई पछि गएर साहित्यतर्फ लाग्ने प्रेरणा मिलेको पाइन्छ । बाल्यावस्थामा वि.सं. २०३४ सालमा विद्यालयमा आयोजित कविता प्रतियोगितामा *पृथ्वीनारायण शाहप्रति* शीर्षकको कविता रचना र वाचन गरी पुरस्कृत हुन पाउँदा उनलाई यस क्षेत्रमा थप प्रेरणा जागेको बताइन्छ ।[२] यसैगरी उच्च शिक्षाका लागि भारतको नयाँ दिल्लीमा वनमालीदास शास्त्रीसँगको सम्पर्कबाट उनलाई साहित्य लेखनमा अरू थप प्रेरणा जागेको पाइन्छ । यसैगरी काठमाडौँमा बसी स्नातकोत्तर तह अध्ययन गर्दा प्रयोगवादी कवि मदन रेग्मीसँगको सम्पर्कले त झन् उनलाई साहित्य रचना र प्रकाशन कार्यमा थप प्रेरणा

---

१ भगवती अर्याल (पाण्डे), **नवलपरासीको साहित्यिक गतिविधि**, (नवलपरासी : लालीगुराँस मासिक र अन्य, २०६३), पृ. ९३ ।

२ शोधनायकसँगको लिखित अन्तर्वार्ताअनुसार ।

मिलेको देखिन्छ । कवि मदन रेग्मीको प्रयोगवादी कवितालेखनबाट प्रभावित भएपछि उनले पद्य र गद्य दुवै शैलीमा कविता रचना गर्न थालेको पाइन्छ । यिनै अग्रज व्यक्तित्व र स्थापित साहित्यकारहरूका कृति नै कवि शर्माको साहित्य लेखनको प्रेरणा मान्न सकिन्छ ।

## ४.१.२ नेपाली साहित्यमा भूपेन्द्र शर्मा भट्टराईको आगमन र लेखनको परम्परा

साहित्यकार भूपेन्द्र शर्मा भट्टराई गोरखपुरमा बसेर पढ्दा वि.सं. २०३८ सालमा गोरखपुर छात्र सङ्घ नामक संस्थाद्वारा प्रकाशित **संस्कृतामृतम्** पत्रिकामा छापिएको उनको कविता *पृथ्वीनारायण शाहप्रति*बाट नेपाली साहित्यमा प्रवेश गरेका हुन् ।[३] बाल्यकालमा स्कुले जीवनमा पनि विभिन्न कविताहरू रच्ने गरेको तर अहिले उनलाई ती कविताहरूको सम्झना नरहेको थाहा हुन्छ । *पृथ्वीनारायण शाहप्रति* शीर्षकको कविता भने वि.सं. २०३४ सालमा विद्यालयमा रचना र वाचन गरेकै कविता हो जुन कविताको प्रकाशन वि.सं. २०३८ सालमा भएको हो । त्यसपछि काठमाडौँमा बसेर अध्ययन गर्दा पत्रकारिता र साहित्य लेखनलाई सँगसँगै लगेको देखिन्छ । त्यही समयमा पुस्तकाकार कृति नछापिए पनि विभिन्न पत्रपत्रिकामा उनका रचना प्रकाशित भएका छन् । **स्वदेश**, **नयाँकिरण**, **राष्ट्रवाणी**, **विन्ध्यसन्देश**, **जनसन्देश**, **बगर**, **गोरखापत्र**, **गरिमा**, **मधुपर्क**जस्ता पत्रपत्रिकामा लेखरचना पठाउने तथा प्रकाशित गराउने कार्य उनीबाट भएको पाइन्छ । फुटकर रूपमा रचना भई पत्रपत्रिकामा प्रकाशित भएका त्यसबेलाका केही कविताहरू वि.सं. २०६७ मा प्रकाशन भएको **गण्डर्षिका कविताहरू** कवितासङ्ग्रहमा प्रकाशित भएका छन् । वि.सं २०४३ मा **गोरखापत्र** दैनिकमा *स्वर्गाधिक नेपाल* र वि.सं. २०४२ मा अन्तर्राष्ट्रिय युवावर्ष सन् १९८५ को अवसरमा **अभिलाषा** युवा विशेषाङ्कमा *युवा राष्ट्रको आत्मा* फुटकर रूपमा प्रकाशित त्यतिबेलाका कविताहरू हुन् । यसरी कविताका साथसाथै लेख र समालोचनाहरू पनि त्यतिबेलाका पत्रपत्रिकामा प्रकाशित हुने गरेको पाइन्छ । ती फुटकर लेख र समालोचना सङ्कलन गरी कृति प्रकाशित गर्दै आएका शर्माका प्रकाशित कृतिहरू यसप्रकार छन् :

(क) **शिवबस्तीदेखि शिवबस्तीसम्म** (कवितासङ्ग्रह, वि.सं. २०४५)

(ख) **केही द्रष्टा : केही दृष्टि** (समालोचनात्मक लेखसङ्ग्रह, वि.सं. २०४७)

(ग) **रित्तो गिलास र अनारका आँखाहरू** (कवितासङ्ग्रह, वि.सं. २०५९)

(घ) **करुवाको पानी** (गजलसङ्ग्रह, २०६१)

(ङ) **नवलपरासीका साहित्यिक व्यक्ति र कृति** (समालोचनात्मक लेखसङ्ग्रह, वि.सं. २०६२)

(च) **गण्डर्षिका कविताहरू** (कवितासङ्ग्रह, वि.सं. २०६७)

---

३ ऐजन ।

## ४.१.३ भूपेन्द्र शर्मा भट्टराईको साहित्ययात्रा

कुनै पनि साहित्यकारको साहित्ययात्रालाई विभाजन गर्ने केही न केही आधारहरू त हुन्छन् नै । साहित्यकारको साहित्यिक लेखनको इतिहासमा देखापरेका विभिन्न साहित्यिक रचनाका प्रवृत्तिगत परिवर्तन, रचनाहरूका गुणस्तर, धारागत प्रवृत्तिको अन्तर्विकास, साहित्यिक रचना अथवा कृतिगत प्रकाशन, चिन्तनपक्षको परिवर्तन इत्यादिजस्ता आधारहरूको जगमा उभिएर उसको साहित्ययात्राको काल विभाजन गर्ने गरिन्छ ।[४]

वि.सं. २०३८ सालमा *पृथ्वीनारायण शाहप्रति* शीर्षकको कविता प्रकाशित गरी साहित्यलेखन यात्रा शुभारम्भ गरेका भूपेन्द्र शर्मा हालसम्म पनि यस क्षेत्रमा क्रियाशील छन् । लगगभ ३० वर्षजतिको लामो समयावधिको लेखनयात्रामा उनले ६ पुस्तकाकार कृति एवम् फुटकर रूपमा कविता, गजल, लेख, समालोचना विधामा कलम चलाई नेपाली साहित्य भण्डारलाई समृद्ध पार्नमा योगदान दिइरहेको देखिन्छ ।

यिनको तीनदशक लामो साहित्ययात्रालाई दुईचरणमा विभाजन गर्न सकिन्छ :

(क) प्रथम चरण (वि.सं. २०३८-२०४४)

(ख) द्वितीय चरण (वि.सं. २०४५ - हालसम्म)

### ४.१.३.१ **प्रथम चरण** (**वि.सं.** २०३८-२०४४)

वि.सं. २०३८ सालमा गोरखपुर छात्र सङ्घ, गोरखपुरबाट प्रकाशित **संस्कृतामृतम्** पत्रिकामा छापिएको *पृथ्वीनारायण शाहप्रति* शीर्षकको कविता कवि शर्माको पहिलो प्रकाशित रचना हो । यसअघि कविका कुनै रचना प्रकाशित नभएकाले यो समय नै कविको कवितायात्राको प्रारम्भकाल हो । यसपछि काठमाडौँमा अध्ययन र पत्रकारितामा सक्रिय हुँदा उनका थुप्रै कविता, लेख र समालोचनाहरू विभिन्न पत्रपत्रिकामा प्रकाशित हुन थालेको पाइन्छ । *युवा राष्ट्रको आत्मा, स्वर्गाधिक नेपाल*जस्ता यसै समयमा **अभिलाषा** र **गोरखापत्र**जस्ता पत्रिकाहरूमा प्रकाशित उत्कृष्ट कविताहरू हुन् । कवितासँगसँगै यस चरणमा कविका थुप्रै लेख, समालोचनाहरू, पत्रपत्रिकामा प्रकाशित भएको पाइन्छ । *नेपाली समालोचनाको पहिलो चेष्टा, ज्ञवाली र शर्मा : अमर समीक्षकका रूपमा, खोज- अन्वेषण परम्पराका अविस्मरणीय प्रतिभा, प्रवास : एक दृष्टि* जस्ता समालोचनात्मक लेखहरू यस समयमा पत्रपत्रिकामा प्रकाशित भएका छन् । यस समयका कविताहरूमा कविको राष्ट्रभक्ति, राष्ट्रिय एकता, राष्ट्रिय गौरव, आत्मस्वाभिमानजस्ता विषयवस्तुलाई उठान गरिएको पाइन्छ । यसैगरी यी कृतिहरूमा सरल र मीठो भाषाशैली, पद्य वा गीतिलयको प्राचुर्यता पाइन्छ । मूलत:

४ मीनादेवी घिमिरे, **रविकिरण 'निर्जीव' को जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन**, (अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि., नेपाली विभाग, वीरेन्द्र बहुमुखी क्याम्पस, चितवन, २०५९), पृ. ३१ ।

यिनै विशेषताहरूका कारण यो चरण कविको प्रारम्भिक वा आभ्यासिक चरणको रूपमा ठहर गर्न सकिन्छ । यस समयका अन्य फुटकर रचनाहरूको स्रोत र विवरण उपलब्ध हुन नसकेको शर्माबाट थाहा हुन्छ ।[५] केही फुटकर कविता र समालोचनात्मक लेख पत्रपत्रिकामा छापिए पनि कृतिको रूपमा कुनै पनि पुस्तक प्रकाशित नभएकाले यो चरण कवि शर्माको साहित्ययात्राको प्रथम चरण रहेको पाइन्छ ।

### ४.१.३.२. **द्वितीय चरण (वि.सं. २०४५ – हालसम्म)**

वि.सं. २०४५ देखि हालसम्मको समयलाई शर्माको साहित्यिक यात्राको द्वितीय चरण मान्न सकिन्छ । यस चरणमा उनका ६ वटा पुस्ताकाकार कृति प्रकाशित भएका छन् । यस चरणमा हालसम्म **शिवबस्तीदेखि शिवबस्तीसम्म** (कवितासङ्ग्रह, २०४५), **केही द्रष्टा : केही दृष्टि** (समालोचनात्मक लेखसङ्ग्रह, २०४७), **रित्तो गिलास र अनारका आँखाहरू** (कवितासङ्ग्रह, २०५९), **करुवाको पानी** (गजलसङ्ग्रह, २०६१), **नवलपरासीका साहित्यिक व्यक्ति र कृति** (समालोचनात्मक लेखसङ्ग्रह, २०६२), **गण्डर्षिका कविताहरू** (कवितासङ्ग्रह, २०६७) रहेका छन् ।

प्रारम्भिक एवम् आभ्यासिक कालका रूपमा चिनिएको प्रथम चरणमा कविका कुनै कृतिहरू प्रकाशित थिएनन् तर दोस्रो चरणमा आइपुग्दा कृतिहरू प्रकाशन मात्र होइन यिनका कृतिले काव्यगत गुणात्मकता पनि हासिल गर्न सफल भएको देखिन्छ । प्रथम चरणका कविता खासगरी पद्यमा लेखिएका र मुख्य रूपमा राष्ट्रभक्तिकै भावनामा केन्द्रित भएको देखिन्छ भने दोस्रो चरणमा आइपुग्दा विषय, भाव, भाषाशैली, बिम्ब-प्रतीक, गद्यात्मकता आदिका दृष्टिले विविधता र उत्कृष्टता हासिल गर्न पुगेको पाइन्छ । विषय वा भावका हिसाबले पनि क्रान्तिकारी चेत, विद्रोही स्वर, नारीचेतना, राष्ट्रभक्ति, देशमा विद्यमान समसामयिक विकृति, अन्याय, अत्याचार, शोषण, निराशा, गरिबीप्रतिको पीडा र सहानुभूति, भ्रष्टाचारजस्ता विषयहरूको प्रस्तुति र नागरिक सचेतनप्रति अभिप्रेरित देखिन्छ । यसैगरी यस चरणमा अघिल्ला चरणमा पत्रपत्रिकामा प्रकाशित कविता, लेखरचनालाई समेत कृतिका रूपमा समेटिएको पाइन्छ । कवि शर्मा यस चरणमा आइपुग्दा कविता, लेख र समालोचनामा मात्र सीमित नरही गजललेखन र प्रकाशनतर्फ लागेको देखिन्छ । यस चरणमा कविको साहित्यप्रतिको सहभागिता, साहित्यिक सङ्घसंस्था गठन, पत्रपत्रिका सम्पादन, प्रकाशनजस्ता कार्य पहिलो चरणमा भन्दा अझ सशक्त बन्दै गएको पाइन्छ । यिनै मूलभूत विशेषता, प्रवृत्ति, लेखनशैली, विषयवस्तु यिनको साहित्ययात्राको दोस्रो चरणमा देखिन्छ । त्यसैले वि.सं. २०४५ देखि हालसम्मको साहित्ययात्रा कवि शर्माको दोस्रो चरण रहेको पाइन्छ ।

---

५ शोधनायकसँगको लिखित अन्तर्वार्ताअनुसार ।

## ४.१.४ भूपेन्द्र शर्मा भट्टराईको प्रवृत्तिगत साहित्यिक विशेषता र स्थान निर्धारण

साहित्यकार भूपेन्द्र शर्मा भट्टराई मूलतः प्रयोगवादी-अस्मितावादी साहित्यकार हुन् । उनका कविताहरू नवीन गद्यशैलीमा लेखिएका हुन्छन् र बिम्ब-प्रतीकको समुचित प्रयोगले प्रयोगवादी कवितालेखनका नजिक रहेका छन् । उनका कविताहरूमा राष्ट्र, राष्ट्रियता, जाति, स्वाभिमान आदिको अस्मिताको खोजी गरिएको हुन्छ । त्यसैले उनलाई प्रयोगवादी अस्मितावादी कविका रूपमा चिनिन्छ । प्रयोगवादी कवि मदन रेग्मीको लेखनशैलीबाट प्रभावित र प्रेरित भूपेन्द्र शर्मा भट्टराईका कविताहरू प्रयोगवादी-अस्मितावादी भावधारामा केन्द्रित छन् । उनले पद्य र गद्य दुवै शैलीमा साहित्य रचना गरेका छन् । विशेषगरी गुणात्मक र सङ्ख्यात्मक दृष्टिकोणबाट उनका गद्यरचनाहरू पद्यरचनाका तुलनामा निकै उच्चस्तरका छन् । 'गद्यं कवीनां निकषं वदन्ति' अर्थात् कविहरूको सफल परीक्षणको कसी नै गद्य हो ।[६] उनी गद्यकविताहरूमार्फत् आफ्नो सफल परीक्षण गर्न समर्थ छन् । उनका गद्यकवितामा आन्तरिक लय बेजोड रहेको छ । गद्यकवितामा पनि अन्त्यानुप्रास, अन्तःअनुप्रासजस्ता आनुप्रासिक सचेतना, भावगत तरलता, स्वतःस्फूर्तमूर्त शब्दसंयोजनमा बिम्बात्मक अर्थ पाइनु यिनका कविताको विशेषता हो ।[७] कविले आफ्ना रचनाहरूमा विभिन्न बिम्बहरूको प्रयोगद्वारा जीवनको अस्मिताको खोजी गरिरहेको पाइन्छ । उनका कवितामा बिम्बविधान निकै कुशलताका साथ प्रयोग गरिएको पाइन्छ । यिनका कविताहरूमा बिम्ब र प्रतीकको प्रयोग गरी वर्तमान युगका विकृति, विसङ्गति, सामाजिक यथार्थता, युगबोध, नारीअस्मिता, राष्ट्रभक्ति, राष्ट्रियता, कर्तव्यबोध, शान्ति र क्रान्तिको सङ्केत गरिएको पाइन्छ । गण्डर्षिका रचनाहरूमा नवीन प्रयोगवादी-अस्मितावादी, उत्तरआधुनिकतावादी सिद्धान्त देखापर्दछ । समाजको विकृति-विसङ्गतिको व्यवस्थित चिरफार गर्न यो प्रयोजनपूर्ण लेखन हो । पाश्चात्य साहित्यको अत्यधिक प्रभावप्रति असन्तुष्टि, नेपालीको आत्मपहिचान, मौलिक राष्ट्रिय गौरवप्रति समर्पित हुनु यस सिद्धान्तका विशेषता हुन् ।[८] यसैगरी बिम्ब र प्रतीकको बाहुल्यताले यिनका रचना प्रयोगशील बनेको पाइन्छ । मानवीय जनजीवनको प्रकृतिसँगको एकाकार सम्बन्ध, मानवमा सांस्कृतिक प्रभाव, वर्तमानका समस्याले पिरोलिएका मानिसका यथार्थलाई प्राकृतिक, पौराणिक, सांस्कृतिक बिम्बका सहाराले अर्थ्याउन यिनी निकै कुशल देखिन्छन् ।[९] उनका कृतिहरूमा अस्मिताबोधका भावहरूलाई प्रयोगशील ढङ्गबाट बिम्ब-प्रतीकको प्रयोगद्वारा व्यक्त गरिएको

---

६ नारायणप्रसाद खनाल, **समीक्षा प्रहर-प्रहरका**, (नवलपरासी : त्रिवेणी साहित्य परिषद्, २०६१), पृ. ४५ ।

७ गोविन्दराज विनोदी, *कवि गण्डर्षिलाई चिनाउन खोज्दा,* **रित्तो गिलास र अनारका आँखाहरू**, भूपेन्द्र शर्मा भट्टराई, (नवलपरासी : नवलपरासी साहित्य परिषद र देवचुली प्रकाशन, २०५९), पृ. च ।

८ शङ्कर बस्याल, *गण्डर्षि आफ्ना सिर्जनाहरूमा,* **दैनिक लुम्बिनी**, (वर्ष १७, अङ्क २३७, भदौ २५, २०६१), पृ. २ ।

९ गोविन्दराज विनोदी, *कवि गण्डर्षिलाई चिनाउन खोज्दा,* पूर्ववत्, पृ. ङ ।

पाइन्छ । 'म प्रयोगशीलतामा अस्मितावादको अस्तित्व थोपार्न रुचाउँछु'१० भन्ने कविको अभिव्यक्तिबाट पनि उनका रचनामा नेपालीहरूको आत्मपहिचान, राष्ट्रिय गौरव, राष्ट्रियता, स्वतन्त्रता र मानवताको रक्षा गर्दै आफ्नै अस्मिता र अस्तित्वको खोजी गरिरहेको पाइन्छ । आफ्ना रचनाहरू प्रेमकै माध्यमबाट व्यक्त गरी जीवनदर्शनको गहन सन्देश सम्प्रेषण गर्नु र समसामयिक परिवेश, प्रेम, परिस्थिति र मानवीय अस्मिताका सशक्त भाव नवीन शिल्प प्रवृत्तिमा तरलीकृत गर्नु उनको मौलिक विशेषता मानिन्छ ।[११] उनको साहित्यलेखनमा दार्शनिक विचार, अस्तित्ववादी दर्शन, युगबोध र राष्ट्रप्रेम पाइन्छ । युगबोध, राष्ट्रप्रेम, ऋषिभावले युक्त यिनका कविता नेपाली साहित्यको प्रयोगधर्मी समसामयिक धारामा प्रभावित छन् ।[१२] देशको समसामयिक जटिल अवस्था, जटिल राजनैतिक अवस्था, नारीअस्मिता, क्रान्तिकारी विचारधारा, शान्ति, सहिष्णुता आदिलाई ऐनाजस्तै छर्लङ्ग प्रतिबिम्बित गर्न उनी सफल छन् । राष्ट्रप्रेम, स्वतन्त्रता, मानवता, सामाजिक पक्ष एवम् प्रेमपक्षका लागि समानान्तर रूपमा उठान गर्ने उत्तर आधुनिक अस्मितावादी-प्रयोगवादी धाराका सशक्त साहित्यकारका रूपमा उनलाई पहिचान गर्न सकिन्छ ।[१३] उनी स्वयम् आफूलाई प्रयोगवादी काव्यधाराको उत्तर आधुनिकतावादी अस्मितावादी काव्यप्रवृत्तिको अनुयायी ठान्दछन् र प्रयोगवादी काव्यधाराअन्तर्गत नेपाली परिवेश र संस्कृतिको गायन गर्ने अस्मितावादी चिन्तनधारामा रहेर साहित्य सिर्जना गरिरहेको पाइन्छ ।[१४] त्यस्तै उनलाई मोतीरामका कविमण्डलीजस्तै संस्थागत विकासका निम्ति नवलपरासी साहित्य परिषद्का संस्थापकका साथै काव्य सृजना, प्रेरणा र प्रकाशनमा निरन्तर उत्प्रेरणा दिइरहने र काव्यिक वातावरण निर्माणमा जुटिरहने समसामयिक कविताधाराका प्रयोगधर्मी अस्मितावादी स्थापित कविका रूपमा चिनिन्छ ।[१५] यिनै काव्यगत मान्यता र विशेषता बोकेका कवि भूपेन्द्र शर्मा भट्टराई नेपाली साहित्यका स्थापित प्रयोगवादी-अस्मितावादी साहित्यकार हुन् ।

शर्मा नवलपरासी जिल्लाका एक सशक्त साहित्यकारका अतिरिक्त नवलपरासी जिल्लामा साहित्यिक गतिविधि, पत्रकारिता र सङ्घसंस्था गठन, प्रकाशन, सम्पादन कार्यमा जग बसाल्ने अग्रज प्रतिभाका रूपमा चिनिन्छन् । उनी साहित्यकार, पत्रकार, सम्पादक, प्रकाशक, प्राध्यापकजस्ता बहुमुखी प्रतिमा सम्पन्न व्यक्तित्व मानिन्छन् । नवलपरासी जिल्लामा

---

१० भूपेन्द्र शर्मा भट्टराई, *प्राक्कथन,* **रित्तो गिलास र अनारका आँखाहरू**, पूर्ववत्, पृ. ज ।

११ रामप्रसाद भुर्तेल, *मेरा मनका शब्दहरू,* **करुवाको पानी**, (नवलपरासी : केशवप्रसाद भुर्तेल, २०६१), पृ. ट ।

१२ गोविन्दराज विनोदी, कवि गण्डर्षिलाई चिनाउन खोज्दा, पूर्ववत्, पृ. च ।

१३ शङ्कर बस्याल, *गण्डर्षि आफ्ना सिर्जनाहरूमा,* **दैनिक लुम्बिनी**, पूर्ववत्, पृ. २ ।

१४ महालक्ष्मी ढकाल, *साहित्य अस्मितापूर्ण अभिव्यक्तिको कला बन्नुपर्दछ,* **अंशु**, (वीरेन्द्र बहुमुखी क्याम्पस, अप्रकाशित कार्यमूलक पत्रकारिता, स्नातक, तृतीय वर्ष, वर्ष १, अङ्क १, असार, २०६४), पृ. १४ ।

१५ टङ्कप्रसाद न्यौपाने, *करुवाको पानीका सम्बन्धमा,* **करुवाको पानी**, पूर्ववत्, पृ. ङ ।

औपचारिक रूपमा साहित्यिक कार्यक्रम र गतिविधिको थालनीकर्ताका रूपमा उनलाई लिइन्छ ।[१६] विभिन्न सङ्घसंस्थामा रहेर नवलपरासी जिल्लाको चौतर्फी विकासमा योगदान पुऱ्याइरहेका उनको उच्च मूल्याङ्कन रहेको पाइन्छ । साहित्य र पत्रकारिताका क्षेत्रमा उनलाई नवलपरासी जिल्लाकै गुरुका रूपमा चिनिन्छ ।[१७] खोजअन्वेषण र साहित्यिक इतिहास लेखनका क्षेत्रमा नवलपरासी क्षेत्रमा उनको योगदान अतुलनीय रहेको पाइन्छ । उनी यस क्षेत्रका एकल जीवित इतिहास हुन् ।[१८] उनलाई खोज, अन्वेषण र प्रकाशनका माध्यमबाट नवलपरासी जिल्लामा साहित्यिक जागरण ल्याउने पहिलो साहित्यिक पत्रकार र सृजनशील कवि-स्रष्टामा चौथो प्रमुख साहित्यकारको रूपमा लिइन्छ ।[१९] यसरी साहित्यकार भूपेन्द्र शर्मा भट्टराईलाई एक समसामयिक आधुनिक प्रयोगवादी-अस्मितावादी स्रष्टाको रूपमा चिन्न सकिन्छ साथै उनको बहुआयामिक योगदानले नवलपरासी जिल्लामा उनले अतुलनीय एवम् अविष्मरणीय व्यक्तित्वका रूपमा उच्च स्थान हासिल गरेका छन् ।

## ४.२ भूपेन्द्र शर्मा भट्टराईका पुस्तकाकार कृतिहरूको अध्ययन

### ४.२.१ कृतिविश्लेषणका आधार

भूपेन्द्र शर्मा भट्टराईका कृतिहरूको अध्ययनमा विभिन्न साहित्यिक विधाअन्तर्गत विधागत तत्त्वहरू एवम् आवश्यकताअनुसार अन्य विभिन्न शीर्षक दिएर त्यसैका आधारमा विभिन्न दृष्टिकोणबाट अध्ययन गरिएको छ । पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्तअनुसार साहित्यिक विधाका विधागत तत्त्वहरूमा मतैक्य रहेको पाइँदैन । यसैगरी कृति विश्लेषणमा पनि पूर्ण रूपमा समानता रहेको देखिँदैन तसर्थ कृति विश्लेषणमा कुन आधारलाई सार्वभौम मान्ने भन्ने कुरा यकिनका साथ प्रस्तुत गर्न सकिँदैन । उपर्युक्त आधारमा पूर्वीय र पाश्चात्य साहित्यका मिल्दाजुल्दा केही आधारहरूलाई मध्यनजर गर्दै भूपेन्द्र शर्मा भट्टराईका कविता र गजल कृतिहरूलाई फरक आधारमा विश्लेषण गरिएको छ ।

कविता र गजल कृति विश्लेषणका आधारहरूलाई निम्नअनुसार विभिन्न शीर्षक राखेर चर्चा-परिचर्चा गरिएको छ :

(क) परिचय

(ख) शीर्षक

---

१६ टङ्कप्रसाद काफ्ले, **नवलपरासीका प्रतिनिधि कवि र तिनका कृतित्वगत विशेषता**, (अप्रकाशित स्नातकोत्तर शोधपत्र, केन्द्रीय नेपाली विभाग, त्रि.वि., २०६३), पृ. ८३ ।

१७ यदुनन्दन भट्टराई, *मन्तव्य,* **नवलपरासीका साहित्यिक व्यक्ति र कृति**, भूपेन्द्र शर्मा भट्टराई, (नवलपरासी : श्यामप्रसाद श्रेष्ठ, २०६२), पृ. ग ।

१८ रामप्रसाद भुर्तेल, *मेरा मनका शब्दहरू,* **करुवाको पानी**, पूर्ववत्, पृ. ठ ।

१९ नुमाखर भुर्तेल, *प्रकाशकीय,* **रित्तो गिलास र अनारका आँखाहरू**, भूपेन्द्र शर्मा भट्टराई, पूर्ववत्, पृ. ६ ।

(ग) संरचना

(घ) विषयवस्तु

(ङ) भाषाशैली

(च) दृष्टिबिन्दु

(छ) केन्द्रीय भाव

(च) लय विधान

(छ) बिम्ब र प्रतीक

(ज) अलङ्कार

(झ) रसभाव

(ञ) निष्कर्ष

यसैगरी लेखसमालोचनात्मक कृतिहरूको विश्लेषण निम्नानुसार विभिन्न शीर्षक राखेर गरिएको छ :

(क) परिचय

(ख) शीर्षक

(ग) संरचना

(घ) विषयवस्तु

(ङ) भाषाशैली

(च) निष्कर्ष

## ४.२.२ 'शिवबस्तीदेखि शिवबस्तीसम्म' कवितासङ्ग्रहको अध्ययन

यस शीषर्कअन्तर्गत कविता तत्त्वका आधारमा प्रस्तुत कृतिको अध्ययन-विश्लेषण गरिएको छ ।

### ४.२.२.१ परिचय

वि.सं. २०४५ सालमा स्वदेश, प्रकाशन, काठमाडौँद्वारा प्रकाशित **शिवबस्तीदेखि शिवबस्तीसम्म** कवितासङ्ग्रह भूपेन्द्र शर्मा भट्टराईको पहिलो प्रकाशित साहित्यिक कृति हो । यस कवितासङ्ग्रहको बाह्य आवरणमा अगाडिपट्टि ठूलो अक्षरमा **शिवबस्तीदेखि शिवबस्तीसम्म** कृतिको नाम लेखी त्यसको तल भूपेन्द्र शर्मा र त्यसमुनि स्वदेश प्रकाशन लेखिएको छ भने

पछाडिपट्टिको बाह्य आवरणमा कविको छायाँचित्रसहित जन्म, विभिन्न सङ्घसंस्थामा रही काम गरेको वैयक्तिक परिचय र अप्रकाशित दुई कृतिको नाम र त्यस समयमा रचना भइरहेको **चवालीसको हुरी** उपन्यासको छ पङ्क्ति छोटो अंश लेखिएको छ । यस सङ्ग्रहको भूमिकामा *हाम्रो कुरा* शीर्षक दिएर केशवप्रसाद रूपाखेतीले शिवबस्तीदेखि सर्वत्र चहार्ने कवि तथा समाजसेवी भूपेन्द्र शर्माका १२ वटा कविता सङ्कलन गरी प्रकाशन गर्न पाएकामा आभार प्रकट गर्दै यस कृतिमा कविको कवित्वलाई साधारण पाठकहृदयले छाम्न नसकिने कुरा व्यक्त गरेका छन् ।[२०] प्रथम संस्करण २०४५ मा ५११ प्रति छापेर मूल्य रु. ५।- राखिएको पाइन्छ । यस कवितासङ्ग्रहको पृष्ठ २९ मा राखिएको १२ औं कविता **शिवबस्तीदेखि शिवबस्तीसम्म** शीर्षकबाट नै यस कृतिको नामकरण भएको पाइन्छ ।

### ४.२.२.२ **शीर्षक**

कुनै कविता, निबन्ध आदि रचनाको परिचय गराउने शब्द वा शब्दावली वा नामलाई शीर्षक भनिन्छ ।[२१] शीर्षक कविताकृतिको नामकरण मात्र नभई कृतिका सारभूत भावविचारको सूचक, सङ्केत वा उद्घाटकसमेत हुनुपर्छ ।[२२] यस कवितासङ्ग्रहको पृष्ठ २९ मा रहेको बाह्रौं कविता *शिवबस्तीदेखि शिवबस्तीसम्म* शीर्षकबाट यस कृतिको नामकरण गरिएको छ । कवि शर्माको यस सङ्ग्रहका कविताहरूमा नेपाल राष्ट्रलाई एउटा शिवको बस्ती अर्थात् शान्ति, कल्याण, शिवत्व भएको स्वर्गभूमिका रूपमा चिनाउन खोजिएको छ । यही राष्ट्रको समुन्नतिका लागि जुटौं र जहाँ रहे पनि आफ्नो बस्ती वा मातृभूमिलाई बिर्सनु हुँदैन भन्ने व्यापक अर्थ द्योतन भएको पाइन्छ । धेरैजसो कविता राष्ट्रभक्ति, देशविकास, नेपालीको जातीय एवम् धार्मिक पहिचानजस्ता विषयहरूसँग निकट रहेका कारण यस कृतिको शीर्षक अत्यन्त सार्थक रहेको छ ।

### ४.२.२.३ **संरचना**

विभिन्न अवयव वा घटकहरूको पारस्परिक सम्बन्धद्वारा विभिन्न वस्तु वा कृतिको पूर्ण, जीवन्त र स्वनिष्ठ अस्तित्व नै संरचना हो ।[२३] सबै अङ्ग, भाग वा घटकले पूर्ण

---

२० केशवप्रसाद रूपाखेती, *हाम्रो कुरा,* **शिवबस्तीदेखि शिवबस्तसम्म**, (काठमाडौं : स्वदेश प्रकाशन, २०४५), पृ. ग ।

२१ सूर्यविक्रम ज्ञवाली, (प्र.सम्पा.), **नेपाली सङ्क्षिप्त शब्दकोश**, (काठमाडौं : नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान, २०४०), पृ. ७१३ ।

२२ वासुदेव त्रिपाठी र अन्य (सम्पा.), **नेपाली कविता (भाग-४)**, तेस्रो संस्क., (ललितपुर : साझा प्रकाशन, २०५४), पृ. १७ ।

२३ खगेन्द्रप्रसाद लुइटेल, **कविताको संरचनात्मक विश्लेषणात्मक**, (काठमाडौं : विद्यार्थी पुस्तक भण्डार, २०६२), पृ. ४८ ।

निर्मितिलाई संरचनाको संज्ञा दिइन्छ ।[२४] **शिवबस्तीदेखि शिवबस्तीसम्म** कवितासङ्ग्रह बाह्य संरचनाका दृष्टिले ३० पृष्ठको लघुआकारको कृति हो । यस सङ्ग्रहमा १२ वटा कविता सङ्ग्रहित छन् । पुस्तक परिचय, भूमिका लेखन र विषयसूचिका लागि ६ पेज खर्चिएको छ । *देशको माया, सच्चाइ खाने कीरा, अभिलाषा,* यी तीनवटा कविताहरू पद्यशैलीमा रचिएका छन् भने बाँकी सबै कविताहरू गद्यशैलीमा रचिएका छन् । पद्यकविताहरू चार-चार हरफको एक पङ्क्तिपुञ्जको संरचनामा पाँच-पाँच श्लोकका छन् भने गद्यकविताहरूमा पङ्क्तिपुञ्जगत समानता देखिँदैन साथै आकारमा पनि कुनै लामा र कुनै छोटा हुनाले पङ्क्तिपुञ्जमा हरफगत समानता देखिँदैन । यस सङ्ग्रहको सबैभन्दा लामो कविता *ठूलो मान्छेको छोरा* शीर्षकको कविता हो जुन ५ पेज र ९५ हरफको आयाममा विस्तारित छ । गद्य, पद्यशैली र विभिन्न विषयवस्तु समेटिएकाले यस कवितासङ्ग्रहका रचनाहरू उत्कृष्ट रहेको पाइन्छ । सबै कविताहरू संरचनाका दृष्टिले फुटकर रूपमा नै रहेको देखिन्छ । वि.सं. २०३७ सालदेखि २०४५ सालसम्म रचना गरिएका कविताहरूलाई सङ्कलन गरिएको यस सङ्ग्रहमा कविको प्रथम र द्वितीय चरणका विशेषता झल्किएको पाइन्छ ।

### ४.२.२.४ **विषयवस्तु**

कुनै पनि ग्रन्थ, लेखादि रचनामा प्रतिपादन गरिने या गरिएको विचार, कथानक आदिलाई विषयवस्तु भनिन्छ ।[२५] मानव चेतनाको यावत् अनुभवपुञ्ज र पूरै प्रकृति, मानवीय समाज र संस्कृति, पूराकथा र इतिहास, दर्शन र ज्ञानविज्ञान आदिका साथै मानवमनको समस्त अनुभव व्यापारको समग्र प्रकाशन कविताको विषयवस्तुमा पर्न सक्दछन् । **शिवबस्तीदेखि शिवबस्तीसम्म** कवितासङ्ग्रहमा कवि शर्माले राष्ट्रप्रेम, जातिप्रेम, नारीचेतना, अत्याचार, अन्याय, मुलुकको समसामयिक विग्रहप्रति चिन्ता, विकृति-विसङ्गतिप्रति व्यङ्ग्य र विद्रोह, युगबोध, आध्यात्मिक चेत तथा दार्शनिकताजस्ता विषयवस्तुलाई विभिन्न कविताहरूमार्फत् व्यक्त गरेका छन् । देश, समाज र प्रकृतिको चित्रणका साथै बीसौं सताब्दीका मानिसहरूमा देखापरेको स्वार्थीपन, मिचाहा प्रवृत्ति, सहरिया मानसिकता, राजनैतिक विकृतिको चित्रण गर्दै आदर्श व्यक्ति र विचारहरूको गुणगान गरी आदर्श समाजको कल्पनासमेत गरिएको पाइन्छ ।

यस कवितासङ्ग्रहको पहिलो कविता *श्रीसँगका कुरा*मा कविले म पात्रले आफ्नी श्रीमतीलाई श्री सम्बोधन गर्दै आफ्नो कर्तव्यप्रति सजग भएर उठ्ने, जाग्ने समय आएको र नारी अस्मिताका लागि पुरुषप्रधान समाजमा सिर्जनशील कार्य गरेर नारीहरूले आफ्नो खुबी र

२४ मोहनराज शर्मा, **समकालीन समालोचना सिद्धान्त र प्रयोग**, (काठमाडौं : नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान, २०५५), पृ. १७६ ।

२५ सूर्यविक्रम ज्ञवाली (प्र.सम्पा.), **नेपाली सङ्क्षिप्त शब्दकोश**, पूर्ववत्, पृ. ६९६ ।

प्रतिभा देखाउनुपर्दछ भन्ने मनोकाङ्क्षा प्रकट गर्दै कवितामा भाव र शीर्षकको तालमेललाई यसरी मिलाएका छन् :

तिम्री उषा पनि त आइसकिन्
प्रिय श्री ! तिमी किन अल्छी गरेकी ?
तिम्रो भाऊ बढी सक्यो कि कसो ?
दुईचार कुरा जानैं भन्दैमा,
त्यसो होइन !
तिमी त भद्र हुनुपर्छ
जाग जाग अब रात बितिसक्यो
बिहानको सङ्केत मात्र होइन जीवनी श्री !
अब त समृद्धि दाइको फोन पनि आइसक्यो
न्यानो घाम पनि सर्वत्र छाइसक्यो ।

*श्रीसँगका कुरा*, पृ. २ ।

*साँढेले सीमा नाघेपछि* शीर्षकको कवितामा साँढेले प्रतीकात्मक रूपमा तत्कालीन पञ्चायती शासन व्यवस्थाका दमनकारी शासकवर्गलाई इङ्गित गरेको पाइन्छ । साँढेलाई सबैले भगवान् शिवको वाहनको रूपमा पूजा र श्रद्धा गरे पनि उसले सीमा नाघेर गाउँ, सहर, खेत, बारी जताततै तहसनहस पार्दै हिँडेको र मान्य भएकाले कसैले पनि उसलाई धपाउन नसकेको चित्रण गर्दै उसलाई सीमाभित्र फर्काउन सबै जुर्मुराएर एकजुट भई उठ्नु पर्ने कुरालाई कविले व्यक्त गरेका छन् । यस कवितामा पञ्चायती शासन व्यवस्थामा सर्वसाधारण जनताले शासकवर्गको अन्याय, अत्याचार, शोषण, बलात्कार, टुलुटुलु हेरेर बस्नुपरेको दयनीय अवस्थाको चित्रण गदै अब सबै जनता उठ्नु, जाग्नु पर्ने अवस्था आएको सङ्केत, विद्रोही एवम् क्रान्तिकारी स्वर, बहुदलीय प्रजातन्त्र प्राप्तिको चाहना साथै परिवर्तनकारी विचारधारालाई शीर्षक र भावसँग सामाञ्जस्य बनाएर यसरी प्रस्तुत गरेका छन् :

यसै अब त असह्य बनिसकेको छ,
अब साँढे आफ्नो सीमातर्फ फर्कनुपर्छ,
अहिले त अब किसान मुर्मुरिएको छ,
खतीदेखि समस्त प्राणी साँढेको अत्याचारले जुर्मुरिएको छ,

*साँढेले सीमा नाघेपछि*, पृ. ४ ।

*ठूलो मान्छेको छोरा* शीर्षकको कवितामा कविले एउटा नारीको मनोवादलाई विषयवस्तु बनाएको पाइन्छ । यसमा गाउँमा एकजना ठूलो मान्छे वा समाजसेवीले एउटी गरिब किसानकी छोरीलाई पढाइप्रति प्रेरित गरेको र ती युवती अहिले सहरमा ठूलो महलमा बस्न पुगेकी तर ती समाजसेवी अहिले पनि गाउँमै यथास्थितिमा रहेको अर्थात् कुनै पनि आर्थिक उन्नति गर्न नसकेको कुरा व्यक्त गर्दै उनको पहिचान हराउँदै गएको र उनकै सहयोगले अहिले थुप्रै मानिसहरू सम्पन्न बनिसकेका तर उनलाई बिर्सेर कृतघ्न बन्दै गएको सामाजिक यथार्थलाई समेटिएको छ ।

*बिन्दु* शीर्षकको कवितामा जलबिन्दु अर्थात् थोपालाई विषयवस्तु बनाइएको छ । कविले शीतको थोपालाई सम्बोधन गर्दै जलबिन्दुलाई शान्ति र विकासको प्रतीकको रूपमा लिएका छन् । जलबिन्दुले जसरी सागरबाट छुट्टिएर, बिन्दुबिन्दुमा टुक्रिएर, शीत, वर्षा बनेर धर्तीलाई सिञ्चित गरी उर्बर बनाएजस्तै शान्ति, समृद्धि, विकास संसारभरि फैलिएर विश्वको उन्नति र कल्याण हुनुपर्छ भन्ने विषयवस्तुलाई यसरी प्रस्तुत गरेका छन् :

बिन्दु तिम्रो अचल सत्ता मान्नुपर्छ !
तिमीले
सर्वत्र फुक्नुपरेको छ !
'यत्रतत्र सर्वत्र' हुनुपरेको छ ।
दुर्गमदेखि सुगमसम्म
अनन्त कालदेखि अहिलेसम्म
अविच्छिन्न रूपमा,
पुगिरहेका छौ,
'सर्वे भवन्तु सुखिन:' चरितार्थ पार्न
अविचल कटिबद्ध रहिरहेछौ
त्यसैले तिमी अझै व्यापक बनिदिनुपरेको छ ।

*बिन्दु*, पृ. १४ ।

*देशको माया* शीर्षकको कवितामा कविको स्वदेश प्रेम, प्रकृतिप्रेम र राष्ट्रोन्नतिको शुभेच्छा प्रकट भएको पाइन्छ । कविहृदय आफ्नो मातृभूमिलाई छोडेर विदेशिनु पर्दा मातृभूमिको माया, आस्था, श्रद्धा र स्मृति झन् बढ्दै गएको कुरा व्यक्त गर्दै प्रकृति, कला, ज्ञान, विज्ञान, उद्योग, खानी, बिजुली, यातायात, शिक्षाजस्ता क्षेत्रमा चौतर्फी विकास होओस् भन्ने कामना वा शुभेच्छा यसरी प्रकट गरेका छन् :

इच्छा हुन्छ सदैव भित्री तहमा संसार अर्को हओस्
हाम्रो देश फूली फली भुवनमा यो रत्न खानी हओस्
ती सङ्ला झरना झरी छङछडी नौलै कला सिर्जिऊन्
झुल्की घाम र जूनले पनि यहाँ अस्ताउनै बिर्सिऊन् ॥

*देशको माया,* पृ. १६ ।

*सच्चाई खाने कीरा* शीर्षकको कवितामा कविले आजको युगमा सत्यता हराउँदै गएको सामाजिक परिस्थितिप्रति व्यङ्ग्य गर्दै सत्यको बाटोमा हिँड्ने मानिस ठूलाठूला जीवहरूको बीचमा हराउँदै गएको कीरा समान बन्दछ र ऊ जाली, फटाहा, शोषक, सामन्ती र धूर्त व्यक्तिहरूको बीचमा अस्तित्वविहीन हुन पुग्छ भन्ने कुरालाई यसरी सङ्केत गरेका छन् :

भर्खर बुझेँ है सब यी कुराहरू
सच्चाई खाने सब ती कीराहरू
जो सत्यको आँट लिएर आउँछ
त्यसै हराईकन त्यो बिलाउँछ ।

*सच्चाई खाने कीरा,* पृ. १८ ।

यस कवितासङ्ग्रहका अन्य कविताहरूमा देशविकासको निम्ति सबैजना एकस्वरमा सत्य र सह-अस्तित्वको आवाज उराल्नुपर्ने, विषम राजनैतिक अवस्थामा भ्रष्टाचार, व्यभिचार र अनैतिक कार्यहरू गरेर रातारात सम्पन्न भई अरूमाथि बेवास्ता गर्ने समाजका दुषित वर्गहरूको इतिहासको खोजी हुनुपर्ने, संसारमा मानवता र बन्धुत्वका लागि रातो र चन्द्रसूर्य अङ्कित झन्डा बोकेर करुणा, दया, माया र जयको भावना लिई अघि बढ्नुपर्ने अभिलाषा, रोग, भोक, अशिक्षा र गरिबीको उन्मूलन गरी यस धर्तीका जीव, वनस्पति र सम्पूर्ण प्रकृति सुवासमय होऊन् भन्ने चाहना आदिलाई कथ्य विषय बनाइएको पाइन्छ ।

वि.सं. २०३६ सालको विद्यार्थी आन्दोलन एवम् जनमतसङ्ग्रहको राजनैतिक सन्दर्भ जोडेर काँचको गिलासलाई बहुदलीय प्रजातन्त्रको प्रतीकका रूपमा व्यक्त गर्दै दुई पक्षबीचको खिचातानीमा फुटेको वा तत्कालीन शासकवर्ग र बहुदलीय प्रजातन्त्रका लागि लडेका अगुवाहरूको द्वन्द्व र मतभिन्नताका कारण देशमा बहुदलीय प्रजातन्त्र आउन नसकेको कुरालाई कविले यसरी व्यक्त गरेका छन् :

बिनासित्तीमा फुटेर टुक्रियो,
मान्छेको खुट्टामा नै बिझ्यो
तिर्खा पनि रहिरह्यो, घाउ पनि भइगयो

गिलास रहेन, मान्छेले

गिलास चिन्न सकेन ।

*काँचको गिलास*, पृ. २७ ।

नेपाली समाज र नेपाली गौरवलाई शिवबस्तीको रूपमा चिनाई सत्यम् शिवम् सुन्दरम्‌को भावना सम्पूर्ण नेपालभरि पाएको अनुभूतिलाई कविले व्यक्त गर्ने क्रममा बुद्ध, सीता, भृकुटीजस्ता आदर्श व्यक्ति अनि देवकोटा, घिमिरे, रिमाल, मोतीराम, भानुभक्त, सेक्सपियर, कलरिज, रिचार्ड्सजस्ता साहित्यकारहरू यही भूमिमा पूर्व मेचीदेखि पश्चिम महाकालीसम्म रमेको प्रसङ्ग कवितामा व्यक्त गरेको पाइन्छ । उनले नेपाल वास्तवमा धर्म, इतिहास, कला, साहित्य, संस्कृति आदि सबै पक्षमा विश्वमा अनुपम छ भन्ने कुरालाई यसरी व्यक्त गरेका छन् :

सौम्य मुद्रामा सुकुमारी प्रकृति मुस्कान छरेर,

हिमालको न्यानो काखमा बसेको !

शिवबस्तीदेखि यात्रारम्भ गरेँ

यो देश नै शिवबस्ती पाएँ ।

*शिवबस्तीदेखि शिवबस्तीसम्म*, पृ. २९ ।

राष्ट्रप्रेम, जातिप्रेम, भाषाप्रेम, जीवन र जगत्‌का अनुभूतिजन्य तरङ्गहरू, सामाजिक विकृति-विसङ्गतिप्रति व्यङ्ग्य, तीव्र कर्तव्यबोध, मानवता, महानता, नारीचेतनाजस्ता विषयवस्तुहरू समेटिएकाले यो कवितासङ्ग्रह विषयवस्तुका आधारमा सबल र सक्षम रहेको पाइन्छ ।

### ४.२.२.५ भाषाशैली

जुन अर्थको कथन कुनै कविता कृतिले गर्नुछ, त्यसका लागि उपलब्ध भएका भाषिक विकल्पहरूमध्येबाट सबैभन्दा बढी ललित र रागात्मक अनि व्यञ्जक र लयात्मक हुनसक्ने गरी वर्ण, शब्द/पद, पदावली, वाक्यखण्ड, वाक्य र अनुच्छेदविधानसमेत सृजित हुने कुरा नै कविताको भाषाशैली हो ।[२६] **शिवबस्तीदेखि शिवबस्तीसम्म** कवितासङ्ग्रहमा प्रयुक्त भाषाशैलीलाई अध्ययन गर्दा यस कवितासङ्ग्रहमा तीनवटा कविता पद्यलयमा र बाँकी नौवटा कविता गद्यलयमा  लेखिएका छन् । यस कवितासङ्ग्रहमा तत्सम, तद्भव, आगन्तुक, झर्रा शब्दहरूको उचित सन्तुलन मिलाएर भाषाशैली रोचक र सरल तुल्याइएको पाइन्छ । कुनैकुनै

२६ वासुदेव त्रिपाठी र सहयोगीहरू (सम्पा.), **नेपाली कविता (भाग–४)**, पूर्ववत्, पृ. १९ ।

कवितामा तत्सम शब्दको बहुल प्रयोग पाइन्छ । यसैगरी यस सङ्ग्रहमा विभिन्न ठाउँमा स्वाभाविक रूपमा उद्धरण, कोष्ठ, प्रश्न, उद्गार चिह्नहरूको प्रयोग गरिएको छ ।

(अ) तत्सम शब्द – सत्यम्, शिवम्, सुन्दरम्, सर्वे भवन्तु सुखिन: (*शिवबस्तीदेखि शिवबस्तीसम्म*, पृ. ३०)

(आ) तद्भव शब्द – काम (*श्रीसँगका कुरा*, पृ. १)

(इ) झर्रा शब्द – जुँगीमुठे, ढाडे (*ठूलो मान्छेको छोरा*, पृ. ११)
लहलह (*साँढेले सीमा नाघेपछि*, पृ. ५)
गल्छेडो (*श्रीसँगको कुरा*, पृ. २)

(ई) आगन्तुक शब्द – स्कुल (*श्रीसँगका कुरा*, पृ. १)
क्याम्पस, हाइस्कुल (*ठूलो मान्छेको छोरा*, पृ. ८)

(उ) प्रश्न चिह्न – तिम्रो भाऊ बढी सक्यो कि कसो ? (*श्रीसँगको कुरा*, पृ. १)

(ऊ) उद्धरण चिह्न – 'सर्वे भवन्तु सुखिन:' (*बिन्दु*, पृ. १४)

(ए) कोष्ठक चिह्न – अनि बाँदरहरू, सीमा नाघेपछि (*साँढेले सीमा नाघेपछि*, पृ.७)

(ऐ) उद्गार चिह्न – प्रिय श्री ! (*श्रीसँगका कुरा*, पृ. १)
ए ! देशका अनमोल सितारहरू (*ए ! देशका अनमोल सितारहरू*, पृ. १९)

## ४.२.२.६ दृष्टिबिन्दु

कृति उपस्थित गर्ने पद्धतिलाई दृष्टिबिन्दु भनिन्छ । दृष्टिबिन्दु मुख्यत: प्रथम पुरुषात्मक र तृतीय पुरुषात्मक हुन्छ ।[२७] यस कवितासङ्ग्रहमा प्रथम, द्वितीय, तृतीय तीनै प्रकारका कथनपद्धति पाइन्छन् । कुनै कविता कविनिबद्ध प्रथम पुरुष शैलीमा आत्मालापित हुन पुगेका छन् भने कुनै तृतीय पुरुष शैलीमा व्यक्त भएका छन् । केही कविताहरूमा भने सम्मिश्रण दृष्टिबिन्दु पाइन्छ ।

---

२७ ईश्वरीप्रसाद गैह्रे, **आधुनिक नेपाली खण्डकाव्य र महाकाव्य**, (काठमाडौँ : न्यु हीरा बुक्स इन्टरप्राइजेज, २०६०), पृ. १९ ।

(अ) **प्रथम पुरुष दृष्टिबिन्दु**

म देशको एक बलिष्ठ कर्म
स्वदेश सेवा गरने स्वधर्म
सम्झेर मैले प्रण यो गरेछु
स्वराष्ट्र सेवारत भैदिनेछु ।

*सच्चाई खाने कीरा,* पृ. १७ ।

(आ) **द्वितीय पुरुष दृष्टिबिन्दु**

प्रिय श्री ! तिमी किन अल्छी गरेकी ?
तिम्रो भाऊ बढी सक्यो कि कसो ?

*श्रीसँगको कुरा,* पृ. २ ।

(इ) **तृतीय पुरुष दृष्टिबिन्दु**

किसान
मनमनै रोएको हुन्छ,
साँढे धपाउने उसको हुती हुँदैन
किनकि ऊ मान्य छ,

*साँढेले सीमा नाघेपछि,* पृ. ६ ।

## ४.२.२.७ केन्द्रीय भाव

कविताको पहिलो आधारभूत संरचक घटक मानिने भाव वा विचार मूलवस्तु वा मूलकथ्य हो र यो कार्यव्यापारमा अन्तर्निहित हुन्छ । कविता सिर्जनाको लागि प्रयुक्त मूल विषयवस्तु र अवधारणालाई भाव वा विचार भनिन्छ ।[२८] यस कवितासङ्ग्रहमा राष्ट्रप्रेम, राष्ट्रभक्ति, राष्ट्रिय एकता, विश्वबन्धुत्व, मानवता, भाषिक प्रेम, एकतन्त्री शासनव्यवस्थाप्रतिको विरोध, क्रान्तिकारी चेत, युगबोध, सामाजिक-राजनैतिक विकृतिप्रति व्यङ्ग्य, प्रकृति प्रेम, कलासाहित्यप्रतिको चाह, विश्वकल्याण, राष्ट्रिय गौरव, आत्म गौरव, जीवनप्रतिको सकारात्मक सोच, नारीचेतना, भविष्यप्रतिको आशाजस्ता भाव वा विचार मुखरित भएको पाइन्छ ।

---

२८ खगेन्द्रप्रसाद लुइटेल, **कवितासङ्ग्रह र नेपाली कविताको इतिहास**, (काठमाडौं : नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान, २०६०), पृ. ७७ ।

### ४.२.२.८ लयविधान

कविताकाव्यको महत्त्वपूर्ण तत्त्वको रूपमा लयलाई लिइन्छ । पद्य कवितामा शास्त्रीय र लोकछन्द तथा गद्य कवितामा मूक्तछन्दले कवितालाई लयात्मक तुल्याउने गर्दछ । अमूर्त रूपमा रहेको लयले छन्दलाई मूर्त रूप प्रदान गर्न सहयोग पुऱ्याउने हुनाले लय र छन्द पृथक् भएर पनि परस्पर अन्योन्याश्रित छन् । कवितालाई लयात्मक तुल्याउने एउटा प्रमुख साधन छन्द हो ।[२९] प्रस्तुत **शिवबस्तीदेखि शिवबस्तीसम्म** कवितासङ्ग्रहमा गद्य र पद्य दुवै किसिमका कविताहरू रहेका छन् । पद्य कवितामा समुचित वर्ण प्रयोग गरी वार्णिक छन्दमा लय सिर्जना गरिएको छ भने गद्य कवितामा पनि आन्तरिक लयको सिर्जना भएको पाइन्छ । विशेष गरी यस कवितासङ्ग्रहमा शास्त्रीय छन्द प्रयोग गरी पद्यमा लेखिएका तीनवटा कविता छन् भने बाँकी नौ वटा कविता गद्य लयमा संरचित छन् ।

**(अ) शार्दूलविक्रीडित छन्द**

शार्दूलविक्रीडित छन्दको प्रत्येक पाउमा १९-१९ वर्ण वा अक्षरहरू हुन्छन् । यस छन्दमा गणको स्थिति र क्रम तथा यति-विधान निम्नअनुसार भएको हुन्छ :

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| गणको नाम | : | म | स | ज | स | त | त | गु |
| गण चिह्न | : | ऽऽऽ | ।।ऽ | ।ऽ। | ।।ऽ | ऽऽ। | ऽऽ। | ऽ |
| यति-विधान | : | बाह्रौँ र उन्नाइसौँ वर्णमा । | | | | | | |

प्यारीका गहना चुरा तिलहरी स्वदेशमै बन्दियोस्
बाटो बाँध र बाल्न निम्ति बिजुली सर्वत्र नै फैलियोस् ।
हाम्रा पर्वत कन्दरा झिलिमिली बत्ती बलेको हवस्
आमाका मनमा सदैव खुसीको आभास छाईरहोस् ।

*देशको माया,* पृ. १६ ।

यस पद्यको प्रथम चरणको तेह्रौँ वर्ण दीर्घ हुनुपर्नेमा ह्रस्व भएकाले र चौथो चरणको एघारौँ वर्ण ह्रस्व हुनुपर्नेमा दीर्घ भएकाले यसमा स्पष्ट छन्दोभङ्गको अवस्था देखापर्छ ।

---

२९ खगेन्द्रप्रसाद लुइटले, पूर्ववत्, पृ. १३८ ।

**(आ) उपजाति छन्द**

उपजाति छन्द कुनै छुट्टै वा स्वतन्त्र छन्द नभएर इन्द्रवज्रा र उपेन्द्रवज्रा यी दुई छन्दहरूको सम्मिलित रूप हो । अर्थात् उक्त दुई छन्दको सँगसँगै प्रयोग गर्दा जुन तेस्रो प्रकारको छन्द देखापर्दछ त्यसैलाई उपजाति छन्द भनिन्छ । यसअन्तर्गत पर्ने उक्त दुई छन्दहरूको लक्षणलाई तल दिइएको छ :

इन्द्रवज्रा छन्द

| | | | | | | |
|---|---|---|---|---|---|---|
| वर्ण-सङ्ख्या | : | प्रत्येक पाउमा ११-११ वर्ण या अक्षर | | | | |
| गणको नाम | : | त | त | ज | गु | गु |
| गण-चिह्न | : | ऽऽ। | ऽऽ। | ।ऽ। | ऽ | ऽ |
| यति विधान | : | एघारौँ वर्णमा | | | | |

उपेन्द्रवज्रा छन्द

| | | | | | | |
|---|---|---|---|---|---|---|
| वर्ण-सङ्ख्या | : | प्रत्येक पाउमा ११-११ वर्ण या अक्षर | | | | |
| गणको नाम | : | ज | त | ज | गु | गु |
| गण-चिह्न | : | ।ऽ। | ऽऽ। | ।ऽ। | ऽ | ऽ |
| यति विधान | : | एघारौँ वर्णमा | | | | |

म देशको एक बलिष्ठ कर्म

स्वदेश सेवा गरने स्वधर्म

सम्झेर मैले प्रण यो गरेछु

स्व. राष्ट्र सेवारत भै दिनेछु

*सच्चाई खाने कीरा,* पृ. १७ ।

**(इ) मन्दाक्रान्ता छन्द**

मन्दाक्रान्ता छन्दको प्रत्येक पाउमा १७-१७ वर्ण वा अक्षरहरू हुन्छन् । यस छन्दमा वर्णको स्थिति र क्रम तथा यति-विधान यस्तो हुन्छ :

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| गणको नाम | : | म | भ | न | त | त | गु | गु |
| गण-चिह्न | : | ऽऽऽ | ऽ।। | ।।। | ऽऽ। | ऽऽ। | ऽ | ऽ |
| यति-विधान | : | चारौँ, दसौँ र सत्रौँ वर्णमा । | | | | | | |

झन्डा हाम्रो फरफर गरी हिममा फर्फराई ।

रातो राम्रो रगत सितको चिह्न हाम्रो बताई ॥

पुर्खाका यी रवि शशि दुवै रश्मि हुन् यो बताऊन् ।

हाम्रो इच्छा अखिल जगमा शान भन्ने चिनाऊन् ॥

*अभिलाषा,* पृ. २१ ।

यस पद्यको प्रथम चरणको एघारौँ अक्षर दीर्घ हुनुपर्नेमा ह्रस्व भएकाले यहाँ स्पष्ट छन्दोभङ्गको अवस्था रहेको छ ।

### ४.२.२.९ **बिम्ब र प्रतीक**

सर्जकका मानसपटलमा रहेको मानसिक तस्बीरलाई सम्मूर्तित बनाउने चित्रात्मक भाषालाई बिम्ब भनिन्छ ।[३०] प्रस्तुत वस्तुद्वारा अप्रस्तुतको र अप्रस्तुतद्वारा प्रस्तुतको चित्राङ्कन गरी प्रस्तुतलाई सम्मूर्तित गराउनु नै सामान्यार्थमा बिम्ब हो । बिम्बको उद्देश्य पाठकसामु भाव वा विचारलाई मूर्तवान् बनाएर त्यसलाई अझै संवेद्य बनाउनु हो भने प्रतीकको उद्देश्यचाहिँ भाव वा विचारलाई सङ्केतित गर्नु मात्र हो । त्यसैले प्रतीक र बिम्बको यही सादृश्य सम्बन्धका कारण बिम्ब वर्गीकरणमा प्रतीकात्मक बिम्ब देखापरेको पाइन्छ ।[३१] जीवनजगत्का विविध सन्दर्भ र सामग्रीबाट बिम्बविधान हुन सक्छ । बिम्बले कविताको भावलाई परिपोषक र व्यञ्जनात्मक बनाउन सहयोग गर्दछ ।

विश्लेष्य **शिवबस्तीदेखि शिवबस्तीसम्म** कवितासङ्ग्रहका धेरैजसो शीर्षकहरू प्रतीकात्मक रहेका छन् । साथै पौराणिक, सामाजिक, ऐतिहासिक, राजनैतिक, स्मृतिपरक, प्राकृतिक, ग्राम्य बिम्बको प्रयोग र सन्दर्भअनुसार विभिन्न प्रतीकहरूको प्रयोग भएको पाइन्छ । यस कवितामा प्रयुक्त केही प्रतीक र तिनले सङ्केत गरेको अर्थ यसरी बुझ्न सकिन्छ :

| | | |
|---|---|---|
| श्री | - | कर्तव्य, नारीजाति |
| बिन्दु | - | कल्याण, शान्ति र शीतलता |
| गिलास | - | प्रजातन्त्र |
| कीर | - | निरङ्कुश शासक |
| सितार | - | राजनेता |

३० लक्ष्मणप्रसाद गौतम, **समकालीन नेपाली साहित्यको बिम्बपरक विश्लेषण**, (ललितपुर : साझा प्रकाशन, २०६०), पृ. १ ।

३१ पूर्ववत्, पृ. ४४ ।

यसरी यस कवितामा बिम्ब र प्रतीकको उचित र कुशल प्रयोग भएको पाइन्छ । यस्तै एउटा अंश यसप्रकार छ :

सँगै कोही सितार बजाउँछ
किन तिम्रो छुट्टै आवाज आउँछ
ए ! देशका अनमोल सितारहरू !
यौटै बलिष्ठ आवाज देऊ
अनि, त्यो आवाजले
संसार थर्थराउँछ !
(अहिले) किन तिम्रो छुट्टै आवाज आउँछ ।

*ए ! देशका अनमोल सितारहरू*, पृ. १९ ।

माथिको कवितांशमा सितारलाई राजनेताको प्रतीकका रूपमा प्रयोग भएको पाइन्छ, साथै राजनैतिक र क्रान्ति बिम्ब झल्किएको देखिन्छ ।

### ४.२.२.१० अलङ्कार

कवितालाई सजाउने, सुन्दर पार्ने र थप चामत्कारिता प्रदर्शन गर्ने अर्को तत्त्व अलङ्कारलाई मानिन्छ । अलङ्कार भन्नाले भूषण गर्ने वस्तु भन्ने बुझिन्छ । यसप्रकार प्रशस्त सीप कुँदेर वा साह्रै बनाएर भनिएको कथनलाई अलङ्कार भनिन्छ ।[३२] अलङ्कारको शाब्दिक अर्थ गहना वा आभूषण हो ।[३३] प्रस्तुत **शिवबस्तीदेखि शिवबस्तीसम्म** कवितासङ्ग्रहमा शब्दालङ्कार र अर्थालङ्कारको प्रयोग भएको पाइन्छ । जस्तै :

**(अ) अन्त्यानुप्रास अलङ्कार**

प्रत्येक हरफको अन्त्यमा गरिने समान वर्णको पनुरावृत्तिलाई अन्त्यानुप्रास भनिन्छ । जस्तै:

ऐले नै स्मृतिमा छ मन्मन् अहा त्यो गाउँ कस्तो भयो
राम्रो स्वच्छ पवित्र जन्म यसको सौन्दर्यता के भयो

यहाँ माथिका दुवै हरफमा रेखाङ्कित ‘भयो’ शब्द अन्त्यमा आएकाले अन्त्यानुप्रास अलङ्कारको प्रयोग भएको पाइन्छ ।

---

३२ विष्णुप्रसाद पौडेल, **संस्कृत काव्यशास्त्र**, (काठमाडौँ : भुँडीपुराण प्रकाशन, २०५७), पृ. ७० ।
३३ खगेन्द्रप्रसाद लुइटेल, पूर्ववत्, पृ. १४९ ।

**(आ) श्रुत्यनुप्रास अलङ्कार**

समस्थानिक व्यञ्जनवर्णहरूको विन्यासद्वारा प्रकट हुने अनुप्रास अलङ्कारलाई श्रुत्युनुप्रास भनिन्छ । जस्तै:

यो गाउँ-गाउँहरूको महान

प्रकृतिको एक सु-धामलाई

सुवासको रास छरूँ-छरूँ सधैँ

विचारी आज म त लागदैथेँ ।

*सच्चाई खाने कीरा,* पृ. १७ ।

यहाँ गाउँ-गाउँ र छरूँ-छरूँमा उक्त अलङ्कार छ ।

**(इ) वृत्यनुप्रास अलङ्कार**

उही क्रममा एक वा अनेक व्यञ्जनहरूको पटकपटक पुनरावृत्तिलाई वृत्यनुप्रास भनिन्छ । जस्तै:

प्यारीका गहना चुरा तिलहरी स्वदेशमै बन्दियोस्

बाटो बाँध र बाल्न निम्ति बिजुली सर्वत्र नै फैलियोस्

*देशको माया,* पृ. १६ ।

यहाँ 'ब' एउटा व्यञ्जनवर्णको आवृत्ति चारपटक भएको छ, त्यसैले माथिको कवितांशमा वृत्यनुप्रास अलङ्कार प्रयोग भएको पाइन्छ ।

**(ई) रूपक अलङ्कार**

उपमेयमा उपमानको अभेद आरोप गरी फलानु नै फलानु हो भन्नुलाई रूपक अलङ्कार भनिन्छ । जस्तै:

त्यतिखेर ऊ कोपिला थिई

आज सुवास भएर आएकी छ

जिन्दगी भनेको फूल हो

फूल फुल्नुपर्छ सुवासका लागि

*इतिहासको खोजी होस्,* पृ. २३ ।

यहाँ उपमेय 'जिन्दगी' लाई उपमान 'फूल' भनी अभेद गरिएकाले रूपक अलङ्कारको प्रयोग भएको पाइन्छ ।

यसरी यस कवितासङ्ग्रहमा उपर्युक्त शब्दालङ्कार र अर्थालङ्कारको प्रयोग भएको देखिन्छ । उपर्युक्त (अ), (आ), (इ) का कविताहरूमा शब्दालङ्कारअन्तर्गतका अनुप्रास अलङ्कारहरूको प्रयोग भएको देखिन्छ भने (ई) मा अर्थालङ्कारअन्तर्गत पर्ने रूपक अलङ्कारको प्रयोग भएको छ ।

### ४.२.२.११ **रसविधान**

हृदयले जुन कुराको आस्वादन गर्छ अथवा स्वाद प्राप्त गर्दछ त्यही नै रस हो ।[३४] सामान्यत: कुनै साहित्यको अध्ययन, श्रवण वा अवलोकन गर्दा विभावादिको संयोगबाट निष्पन्न हुने आनन्दात्मक चित्रवृत्ति नै रस हो । अझ सरल शब्दमा भन्ने हो भने साहित्यबाट जुन चमत्कारपूर्ण आनन्द प्राप्त हुन्छ त्यसैलाई रस भनिन्छ ।[३५] प्रस्तुत **शिवबस्तीदेखि शिवबस्तीसम्म** कवितासङ्ग्रहलाई रसविधानका दृष्टिले हेर्दा यसमा विभिन्न रसहरूको प्रयोग भएको पाइन्छ ।

**(अ) करुणरस**

शोक स्थायीभाव हुने रसलाई करुणरस भनिन्छ । यसमा विनष्ट व्यक्ति वा वस्तु आलम्बन विभाव, त्यस्ता व्यक्ति वा वस्तुको सम्झना, सम्झेर हुने डाहा, पीडा, छटपटी आदि उद्दीपन विभाव, रुनु, कराउनु, विलाप हुनु, आँसु झार्नु, काम्नु जस्ता अनुभाव तथा निर्वेद, मोह ग्लानि, चिन्ता, विषादजस्ता व्यभिचारीभाव हुन्छन् । जस्तै :

झुपडी र सडकहरूमा
अनगिन्ती विकलहरू
'रोटी रोटी' भन्दै पसेको
उदरहरू छाम्दै छाम्दै
बालबालिकाहरू रुँदै थिए ।

*फूल अनि म*, पृ. २६ ।

---

३४ कृष्णप्रसाद पराजुली, **राम्रो रचना : मीठो नेपाली**, (बाह्रौं संस्क.), संसोधित (काठमाडौ : सहयोगी प्रेस, २०४६), पृ. २५८ ।

३५ ईश्वरकुमार श्रेष्ठ, **पूर्वीय एवम् पाश्चात्य साहित्य समालोचना : प्रमुख मान्यता, वाद र प्रणाली**, चौथो संस्क., (ललितपुर : साझा प्रकाशन, २०६२), पृ. ८९ ।

यहाँ बालकहरूले आलम्बन विभाव 'रोटी' को सम्झना गर्नु उद्दीपन विभाव, त्यसका लागि रुनु, उदर छाम्नुजस्ता अनुभाव र त्यस अवस्थाले मोह र चिन्ता व्यभिचारी भाव उत्पन्न भएकोले करुणरसको प्रयोग भएको पाइन्छ ।

**(आ) वीररस**

उत्साह स्थायीभाव हुने रसलाई वीररस भनिन्छ । यसमा शत्रु, विरोधी, दु:खी, पीडित आदि आलम्बन, शक्ति, बल, सौर्य आदि उद्दीपन विभाव, सजगता, गर्वपूर्ण बोली, सहायताको खोजी आदि अनुभाव तथा स्मृति, गर्व, आवेग आदि व्यभिचारी भाव हुन्छन् । जस्तै:

चम्की चम्चम् विमल खुकुरी विश्वमा टल्किएर

झिल्का छोडोस् सकट परदा दुष्ट सारा निभाओस् ।

नेपालीको प्रबल बलले विश्व डग्मग् बनाओस्

मैत्री गङ्गा सलल बगदै विश्वमा जान पाओस् ।

*अभिलाषा*, पृ. २१ ।

यहाँ शत्रु वा दुष्ट आलम्बन विभाव, खुकुरी टल्काउनु उद्दीपन विभाव, विश्व डगमग बनाउने गर्वपूर्ण बोली अनुभावका रूपमा आएको र यसबाट गर्व व्यभिचारीभाव उत्पन्न भएकाले स्थायी भाव 'शोक' रहेको पाइन्छ । यसैले यस कवितांशमा वीररस प्राप्त गर्न सकिन्छ ।

**(इ) रौद्ररस**

क्रोध स्थायीभाव हुने रसलाई रौद्ररस भनिन्छ । यसमा शत्रु, विरोधी, विपक्षी आदि आलम्बन विभाव, शत्रुको हमला वा घात, कठोर बोली आदि उद्दीपन विभाव, दाह्रा किट्नु, ओठ टोक्नु, पाखुरा सुर्किनु, हतियार उठाउनु, हाँक दिनु आदि अनुभाव तथा उग्रता, आवेग आदि व्यभिचारी भाव हुन्छन् । जस्तै:

यसै अब त असह्य बनिसकेको छ,

अब साँढे आफ्नो सीमातर्फ फर्कनुपर्छ,

अहिले त अब किसान मुर्मुरिएको छ,

खतिदेखि समस्त प्राणी साँढेको अत्याचारले जुर्मुरिएको छ,

*साँढेले सीमा नाघेपछि*, पृ. ७ ।

यहाँ साँढे आलम्बन विभाव, साँढेको अत्याचार उद्दीपन विभाव, किसानहरू मुर्मुरिएर जुर्मुराउनु अनुभाव र साँढेको अत्याचारबाट असह्य भई आवेग र उग्रता पैदा हुनु व्यभिचारी भावका रूपमा आएर स्थायीभाव क्रोध उत्पन्न भएकाले रौद्ररसको प्रयोग पाइन्छ ।

यसरी रस विधानका दृष्टिले यो सङ्ग्रह सफल रहेको देखिन्छ ।

#### ४.२.२.१२ **निष्कर्ष**

कवि भूपेन्द्र शर्मा भट्टराईको पहिलो पुस्तकाकार कृति **शिवबस्तीदेखि शिवबस्तीसम्म** समकालीन परिवेशलाई छर्लङ्ग्याउने कृतिका रूपमा देखापरेको छ । राजनीतिक विकृति, आडम्बरी संस्कृति, स्वार्थीपना आदिलाई व्यङ्ग्य गर्दै देशभक्तिको भावना र आदर्श समाजको कल्पना गर्दै कविताहरू रचिएको पाइन्छ । छन्दोमुक्त र छन्दोबद्ध दुवैथरी कविताहरू यस सङ्ग्रहमा रहेका छन् । भावविधान, दृष्टिबिन्दु, लयविधान, अलङ्कार, बिम्ब, प्रतीक, रस, विषयवस्तु, शीर्षक आदि कविताकृतिमा सुललित र कुशल ढङ्गबाट प्रस्तुत भएका छन् । यी कविताहरूले सामाजिक विकृति हटेर समाजमा आदर्शको स्थापना हुनुपर्छ भन्ने मूल सन्देश प्रवाह गरेका छन् । यसैले यस कृतिले कवि भूपेन्द्र शर्मा भट्टराईको साहित्यिक यात्राको उठान र पहिचानमा महत्त्वपूर्ण खुड्किलाको कार्य गर्ने सफलता पाएको छ ।

## ४.२.३ **'रित्तो गिलास र अनारका आँखाहरू' कवितासङ्ग्रहको अध्ययन**

यस शीर्षकअन्तर्गत परिचयका साथै कविता तत्त्वका आधारमा यस कृतिको अध्ययन-विश्लेषण गरिएको छ ।

#### ४.२.३.१ **परिचय**

कवि भूपेन्द्र शर्मा भट्टराईको **रित्तो गिलास र अनारका आँखाहरू** दोस्रो कवितासङ्ग्रह हो । वि.सं. २०५९ सालमा नवलपरासी साहित्य परिषद् र देवचुली प्रकाशनले प्रकाशित गरेको यस कवितासङ्ग्रहमा कवि शर्माका वि.सं. २०४६ सालपछिका कविताहरू सङ्कलित छन् । पहिलो कवितासङ्ग्रह **शिवबस्तीदेखि शिवबस्तीसम्म**मा नै काव्यिक लेखनका दृष्टिले उच्चता प्राप्त गर्ने कवि भूपेन्द्र शर्मा भट्टराई दोस्रो कवितासङ्ग्रहसम्म आइपुग्दा आफ्नो लेखन प्रतिभालाई अझ परिष्कृत पार्न सफल भएका छन् । पहिलो कवितासङ्ग्रहमा पद्य र गद्य दुवै लयमा कविता रचना गर्ने कवि दोस्रो कवितासङ्ग्रहसम्म आइपुग्दा गद्यमा नै चुर्लुम्म डुबेका छन् ।

यस कवितासङ्ग्रहमा २१ वटा कविताहरू सङ्कलित छन् । यस कृतिको बाह्य आवरणमा अगाडिपट्टि नीलो कभरमा ठूलो अक्षरमा रित्तो गिलास र अनारका आँखाहरू लेखी त्यसको तल एउटा रित्तो गिलास र रातो रङको अनारको छायाँचित्र राखिएको छ, साथै त्यसको तल सेतो सतहमा नीलो अक्षरले भू.श.भ. गण्डर्षि लेखी कविको नाम दिइएको छ । यसैगरी पछिल्लो बाहिरी आवरणमा कविको छायाँचित्र र स्रष्टा-परिचय शीर्षकमा कविको पद, प्रतिष्ठा, सम्मान र साहित्यिक, पत्रकारिता तथा शिक्षा क्षेत्रमा उनले दिएको योगदानका बारेमा सङ्क्षिप्त चिनारी नवलपरासी साहित्य परिषद्का अध्यक्ष विष्णु लामिछानेले तयार पारेका छन् । यस कृतिको भित्री पहिलो पृष्ठमा कृतिको नाम ठूला अक्षरमा लेखी उक्त कृति कविका स्वर्गीय भाइ डोलराज भट्टराईप्रति समर्पण व्यक्त गरिएको छ र तल कविको नाम लेखिएको छ । यस कृतिको आवरण सज्जा यदुनन्दन भट्टराईले गरेका छन् । लुम्बिनी अफसेट प्रेसले मुद्रण गरेको यो कृति प्रथम संस्करण वि.सं. २०५९ मा १००० प्रति प्रकाशित भएको पाइन्छ । गोविन्दराज विनोदीको *कवि गण्डर्षिलाई चिनाउन खोज्दा* शीर्षकको भूमिका लेखमा कवि र उनको यस कृति तथा साहित्यिक प्रतिभाको खुलेर तारिफ गरेको पाइन्छ । नुमाखर भुर्तेलको *प्रकाशकीय,* कवि स्वयम्को *प्राक्कथन* त्यसपछि कविताक्रम वा विषयसूची राखिएको छ । लघु आकारको यस कृतिमा ३५ पृष्ठमा पाठ्यवस्तु र आवरण पृष्ठ, विषयसूची र भूमिका खण्ड गरी ४८ वटा पृष्ठहरू रहेका छन् । यस कृतिको मूल्य रु. ३०।- राखिएको छ ।

### ४.२.३.२ **शीर्षक**

विवेच्य कृतिभित्रका दुईवटा कविताहरू *रित्तो गिलास* र *अनारका आँखा*को संयोजन गरेर यस कृतिको शीर्षक विधान गरेकाले यस कृतिको शीर्षक **रित्तो गिलास र अनारका आँखाहरू** अत्यन्त सार्थक मान्न सकिन्छ । स्वर्गीय भाइप्रति समर्पित यस कृतिको शीर्षकले यस कृतिभित्रको भाव, कथ्य, विषय, विचारलाई पूर्णरूपमा समेटेको पाइन्छ । कवि शर्माका वि.सं. २०४६ सालपछिका कविताहरू यस सङ्ग्रहमा सङ्कलित गरिएका छन् ।

### ४.२.३.३ **संरचना**

**रित्तो गिलास र अनारका आँखाहरू** कवितासङ्ग्रह बाह्य संरचनाका दृष्टिले आवरण, भूमिका, विषयसूची र पाठ्यवस्तु ३५ पृष्ठ गरी जम्मा ४८ पृष्ठको लघु आकारको रहेको छ । यस सङ्ग्रहमा २१ वटा कविताहरू सङ्कलित गरिएको पाइन्छ । आकारप्रकारका दृष्टिले हेर्दा यस सङ्ग्रहमा सबैभन्दा लामो कविता *भोर्लोको जरा* ९१ पङ्क्ति र चार पृष्ठमा समेटिएको छ भने सबैभन्दा छोटो कविता *थर्मस देश* १० पङ्क्तिको रहेको छ । यसरी हेर्दा **रित्तो गिलास र अनारका आँखाहरू** कवितासङ्ग्रहभित्रका सम्पूर्ण कविताहरू फुटकर आकारमा नै रहेका छन् । यस सङ्ग्रहका सबै कविताहरू गद्यलयमा नै लेखिएका छन् र तिनमा पङ्क्तिपुञ्जगत समानता पाइँदैन । यस सङ्ग्रहका केही कविताहरूमा रचनाकालको तिथिमिति र उत्सवलाई अन्त्यमा उल्लेख गरिएको छ । त्यसैगरी केही कवितालाई नयाँ पृष्ठबाट शीर्षक दिएर सुरु गरिएका छन्

भने केहीलाई पृष्ठको बीच वा अन्त्यतिर शीर्षक दिएर पनि सुरु गरिएका छन् । यसरी कविता प्रकाशित गर्दा एक  र अर्कोबीचको फरकलाई विभेद गर्न १० वटा फूलको चित्र लस्करै तेर्सो पारेर राखिएको छ । यिनै संरचनागत विशेषता प्रस्तुत कवितासङ्ग्रहमा पाइन्छ । **शिवबस्तीदेखि शिवबस्तीसम्म** कवितासङ्ग्रहमा कृतिकार भूपेन्द्र शर्मा लेखेका कवि भूपेन्द्र शर्मा भट्टराईले यस कवितासङ्ग्रहमा भू.श.भ. गण्डर्षि लेखेर आफ्नो साहित्यिक परिचयलाई विशिष्टता दिन खोजेको पाइन्छ ।

### ४.२.३.४ **विषयवस्तु**

विविध विषयवस्तु समेटिएको कवि भूपेन्द्र शर्मा भट्टराईको **रित्तो गिलास र अनारका आँखाहरू** कवितासङ्ग्रहमा मानव, प्रकृति, राष्ट्रियता, जीवनको अस्मिताको खोज, सामाजिक विसङ्गत परिस्थिति, द्वन्द्वको पीडा, आत्मपहिचान, राष्ट्रिय गौरव, राष्ट्रियता, स्वतन्त्रता, समानता, मानवताजस्ता विषयवस्तुलाई प्रस्तुत गरिएको पाइन्छ ।

यस कृतिको पृष्ठ १ मा रहेको पहिलो कविताको शीर्षक *कविता* राखेर कविले काव्यशास्त्रको मान्यताअनुसार मङ्गलाचरणको रूपमा कविताको आराधना गरेको देखिन्छ । कविताको स्वरूप, रचना र प्रयोजनको व्याख्या गर्दै कविताको सिर्जन, श्रवण र सामीप्यले जोसुकैलाई पनि आनन्दानुभूति हुने साथै जिजीविषा थपिई लोककल्याण हुने कथ्य विषय प्रस्तुत गरी कविले साहित्यप्रतिको श्रद्धा, प्रेम, आरधना र गुणगान यसरी गाएका छन् :

मेरो तिमी प्रतिको आराधन
प्रेम र प्रीतिको चोखोपन
म प्रेम गर्छु-लेख्छु-कविता
म जीजीविषाको निम्ति लेख्छु-कविता

*कविता*, पृ. १ ।

कवि शर्माले आफ्ना स्वर्गीय भाइ डोलराजको सम्झनामा लेखिएको *रित्तो गिलास* शीर्षकको कवितामा भाइको निधनले आफ्नो जीवन नै रित्तो गिलासजस्तै निस्सार, उदास, एक्लो र रित्तो हुन पुगेको र लक्ष्मणजस्तो भातृप्रेमीको सङ्ख्या घटेर धुन्धकारीहरूको सङ्ख्या बढेकोले विच्छिप्त भई रक्सीको लतमा पुग्नुको साथै सोमरसको चाहना राखेको देखिन्छ । दाजुभाइबीच भातृत्व र सौहार्दपूर्ण वातावरण हुनुपर्ने सन्देश यस कवितामा व्यक्त गरिएको छ । भाइसँगको वियोग र तत्पश्चात् कविले जिएको निस्सार जीवनलाई कवितामा यसरी व्यक्त गरिएको छ :

अब मेरो सामु
मात्र रित्तो गिलास बाँकी छ
पिउनु जति पिइसकेँ
जिउनु जति जिइसकेँ

पिउने भाइ पनि छैन

जिउने गूडाकेश पनि छैन

म निस्सार बाँचिरहेछु ।

*रित्तो गिलास*, पृ. २ ।

वर्तमानको अभावग्रस्त मानवजीवन, बेरोजगारी, न्यून पारिश्रमिक, सङ्कुचित जीवन, कमजोर मानसिकताजस्ता विषयवस्तुलाई *मकैको जरा* शीर्षकको कवितामा प्रतीकात्मक रूपमा व्यक्त गरेको पाइन्छ । जसरी मकैलाई जति मलजल गरे पनि जरा कुहिएर पाएको मलजललाई बोट र घोगा वा फलसम्म पुर्‍याउन सक्दैन त्यसरी नै वर्तमानमा गरिबीको चपेटामा परेका सर्वसाधारण जनताले जति परिश्रम गरे पनि परिश्रमअनुसारको फल प्राप्त गर्न नसकेको र जरा कुहिएजस्तै बेरोजगारी समस्या बढेर मानिसका श्रम र सीप त्यसै खेर गएको कुरालाई कविले यसरी व्यक्त गरेका छन् :

मकैका जराजरामा बिछ्याएकै थिएँ !

नेपाल फाँटको सुन्दर बारीमा

मेसै-भाँती गोडमेल सिध्याएकै थिएँ,

तर खै त मकैका घोगाहरू लटरम्म फलेको ?

*मकैको जरा*, पृ. ५ ।

यस कृतिभित्र अनारलाई प्रतीकात्मक रूपमा सर्वज्ञानी र सर्वद्रष्टाको रूपमा प्रस्तुत गर्दै अनारका आँखाले नेपालको प्रकृति र समाजलाई चियाएर उन्नति र प्रगतिको कामना गरेको तर नेपालमा विकासका अनेक सम्भावनाका बाबजुद पनि आशातीत उन्नति र विकास हुन नसकेको कुरालाई यसरी चित्रण गरेका छन् :

ऊ वन पसेर घर देख्छ,

घर घुसेर वन भेट्छ,

अनारको आँखा-

रामग्रामको भग्न स्तुपजस्तै भत्किएको आँखा

दुबो पलाएर छेकेजस्तै

मखमली बोक्राले बेरिएको आँखा

त्यसैभित्र रमरम रसाएको आँखा ।

*अनारको आँखा*, पृ. ६ ।

वर्तमानको विषम अस्थिर र जटिल राजनैतिक अवस्था, अशान्ति, द्वन्द्व, राष्ट्रभक्त राजनेताको अभाव, लक्ष्यहीन यात्रा, अप्रजातान्त्रिक शैलीका कारण सहिदहरूको बलिदानबाट प्राप्त प्रजातन्त्र सुदृढ बन्न नसकेको कुरालाई सडकलाई प्रतीकात्मक रूपमा प्रजातन्त्रसँग दाँजेर यसरी चित्रण गरेका छन् :

पान्थहरू द्वन्द्वमा बल्भिरहेछन्

मखमली राजमार्ग

मर्मत सम्भार खोजिरहेछ

ऐतिहासिक सडक

मेचीकाली नपुग्दै

भत्किरहेछ ! भत्किरहेछ !!

*सडक भत्किरहेछ,* पृ. ८ ।

विश्लेष्य कृतिमा पृथ्वीनारायण, भानुभक्त, त्रिभुवन, बुद्ध, सीता, वी.पी. टङ्कप्रसाद, पुष्पलालजस्ता सपुतहरूको योगदानलाई वर्तमान समयमा किताबी पानामा मात्र सीमित गराइएको र उनीहरूको बलिदानबाट प्राप्त एकीकरण र प्रजातन्त्रलाई पनि कानुनको पानामा सीमित पारिएकाले सैद्धान्तिक रूपमा मात्र नेपालमा प्रजातन्त्र रहेको तर व्यवहारमा लागू हुन नसकेको विषय प्रस्तुत गरी जनताले प्रजातन्त्रको उपभोग गर्न नपाएको र राजनेताको सत्तालिप्साका कारण राष्ट्र र प्रजातन्त्र सङ्कटमा परेको जटिल राजनैतिक अवस्थाको चित्रण यसरी भएको छ :

गणेशमान र मनमोहनहरू

स्वतन्त्रताको वेदीमा

कर्मकाण्ड गर्दै थिए

उता स्वतन्त्रता र स्वाधीनता

अपहरित हुँदैछ

यतिबेला

प्रजातन्त्र भोजपत्रको बोटमा फल्दैछ

*भोजपत्रमा फलेको प्रजातन्त्र,* पृ. ९ ।

कविले सम्पूर्ण मानवजगत्मा एकअर्काबीच प्रेम र चुम्बन साटासाट गरुन् र त्यो सम्बन्धमा नि:स्वार्थ, अहिंसा, सत्य, न्याय, शान्ति, समानता, विश्वबन्धुत्व, भातृत्वको भावना

झ्याङ्गियोस् तर त्यसमा द्वन्द्व, हिंसा, युद्ध, लोभ, वासनाको छिर्का नपरोस् भन्ने कामना यसरी प्रस्तुत गरेका छन् :

गौतम बुद्धको शान्तिको चुम्बन जस्तै

त्यो चुम्बन अहिंसा सत्य र न्यायको होस्

मान्छे-मान्छेको बस्तीमा

*चुम्बन अनि चुम्बन*, पृ. १० ।

कवि नारीजातिको सुन्दरतालाई भोग र वासनाको दृष्टिले हेर्नुहुँदैन अर्थात् उनीहरूको अस्मिता लुटिनुहुँदैन भन्दै उनीहरू स्वतन्त्र रूपमा फुल्न फक्रन पाउनुपर्दछ र उनीहरूलाई भोग्याको रूपमा लिनुहुँदैन भन्दछन् । वर्तमानको नारीप्रतिको मांसलप्रेमलाई व्यङ्ग्य गर्दै नारीजातिको अस्तित्व संरक्षण हुनुपर्ने कुरालाई कवितामा यसरी प्रस्तुत गरेका छन् :

फूल फुल्छ - जीवनका लागि

यौवन फुल्छ - भविष्यका लागि

जीवन फुल्छ - जिन्दगीका लागि

फुल्नु र फल्नु प्रकृतिको नियम नै त हो

तर त्यसको अस्मिता

लुटिनु हुँदैन,

जीवन पुष्प - कसैले भुटेर भुटिनु हुँदैन ।

*गुलाबको बोटमा*, पृ. १२ ।

राष्ट्रियता, राष्ट्रिय एकता, राष्ट्रनिर्माण, स्वतन्त्रता र समानताका लागि उठ्नु, जाग्नु र जुट्नु नै नेपालीहरूको कर्तव्यपरायणता हो र यसको अभिभारा युवापिँढीको काँधमा रहेको कुरालाई कविले यसरी छर्लङ्ग्याएका छन् :

उठ ! जाग !!! तन्नेरीहरू

विकासद्वार उघार्दै जाऊ

विभाजित भएर होइन तन्नेरी हो -

एकता, स्वतन्त्रता र राष्ट्रियता -

समानताको उद्घोष गर्दै

राष्ट्रनिर्माणमा जुट्नुपर्छ ।

*साझा घर*, पृ. १४ ।

कवि शर्माले आफ्ना भोगाइ, अनुभूति र समसामयिक विषयवस्तु पनि आफ्ना कवितामा व्यक्त गरेका छन् । वर्तमानको जटिल अवस्था, स्रष्टाहरूप्रति देखिएको गास, बास, कपासको समस्या, उनीहरूप्रति राष्ट्रले गर्ने केवल देखावटी सम्मानलाई कविले व्यङ्ग्यका माध्यमबाट यथार्थपरक ढङ्गले प्रस्तुत गरेका छन् । आफ्नै जीवनानुभूतिको वृद्धावस्थालाई यसरी व्यक्त गरेका छन् :

(क) ढल्किसकेको गुरुपूर्णिमामा
गुरु भएको म ढलिसकेको थिएँ
निभ्नै लागेको मैनबत्तीको ज्योतिजस्तै
भित्रभित्रै धोद्रिएको सालको बूढो रुख म
उमङ्गरहित पुरानो पात
खसिरहेको थिएँ ।

*बूढो रुख,* पृ. ३५ ।

(ख) जिउनकै लागि कलम चलाएँ मैले
तर जीवित रहिरहन सकिनँ अहिले
उदर खाली छ
तर म सम्मानित भइसकेको छु
गुरुहरूको न्यानो स्पर्श भने भेटिरहेको छु
नतमस्तक छु - पाएको पत्रसँग
पत्र अनि पत्र कोट्याउँदै - कतै भरिन्छ कि ?
मेरो उदर ! मेरो अधर !!

*समर्पण,* पृ. १५ ।

दुई ढुङ्गाबीचको तरुलजस्तै दुई ठूला राष्ट्रबीच किचिएर, मिचिएर भूपरिवेष्टित अवस्थामा रहेको नेपाल सानो आयतनमा रहेको थर्मसजस्तै फैलन र फुक्न नसकेको अर्थात् थर्मसभित्रको वस्तु यथावत् रहेजस्तै यो देश सदियौँदेखि उही रूपमा, उही अवस्थामा खासै उन्नतिबिना केवल आफ्नो अस्तित्वलाई बचाइराखेको सन्दर्भलाई देखाएर राष्ट्रको अस्मिता रक्षाका निम्ति एकताको सूत्रमा बाँधिनुपर्ने आह्वान यसरी गरेका छन् :

म मेरो अस्मिता
साँचेर रमाउन चाहन्छु
तर तिमीले नथामिदिने हो भने

म खुस्किएँ भने

चकनाचुर हुनेछु

मेरो पलङ्ग

खुकुलो नहोस् ।

*थर्मस देश,* पृ. १४ ।

आफ्नो गृहजिल्ला, बस्ती र जन्मथलोप्रति सम्मान र श्रद्धा प्रकट गर्ने क्रममा कविले नवलपरासी र कावासोतीको ऐतिहासिक, धार्मिक, शैक्षिक, भौगोलिक, प्राकृतिक महत्तालाई *नवलपरासी गौरव* र *मेरो बस्ती* शीर्षकका कवितामा यसरी व्यक्त गरेका छन् :

जहाँबाट गजेन्द्रले मोक्ष भेटे

सती वियोगी शिव

होसियार भई सिद्ध बने

उल्टो 'मरा' मन्त्र जपेर

वाल्मीकि आदिकवि भए

लव र कुश जहाँबाट ज्ञानी पुरुष हुन पुगे

जहाँ परिव्यक्ता सीताले

न्यानो माया पाइन् - मातृभूमिको

यो प्राचीन कथा अन्यत्र कहाँ साक्षी छ र ?

*नवलपरासी गौरव,* पृ. १६ ।

कविले देशलाई जीर्ण घरको रूपमा सङ्केत गर्दै राष्ट्रियता, स्वाभिमान र समानताका निम्ति क्रान्तिको चाहनालाई कवितामा यसरी प्रस्तुत गरेका छन् :

उसो भए बाबु यो घर भत्काउनै पर्छ

स्वाभिमान र स्वतन्त्रता भित्र्याउनै पर्छ !

तर बाबु नयाँ घर कस्तो बनाउनुपर्छ

ऊ त्यो पराइको जस्तै बनाउनुपर्छ आमा !

जहाँ स्वतन्त्रता र स्वाभिमान बाँचिरहेछ

जहाँ राष्ट्रियता र समानता हाँसिरहेछ ।

*यो घर, खै के घर ?* पृ. १८ ।

यिनै विविध विषयवस्तुहरू समेटिएकाले यस कृतिको विषयवस्तु उच्च र विशिष्ट रहेको पाइन्छ ।

### ४.२.३.५ भाषाशैली

**रित्तो गिलास र अनारका आँखाहरू** कवितासङ्ग्रहको भाषाशैली पहिलो कृति **शिवबस्तीदेखि शिवबस्तीसम्म**मा भन्दा निकै नै परिष्कृत, परिमार्जित र सशक्त ढङ्गमा देखापरेको पाइन्छ । यस सङ्ग्रहभित्रका सम्पूर्ण कविताहरू गद्यलयमा नै रचिएको पाइन्छ । गद्य कवितामा पनि आन्तरिक लय बेजोड रहेको छ । प्रतीकात्मक रूपमा राखिएका शीर्षक र कविताभित्रका शब्दहरूले भाषाशैलीलाई विशिष्टता प्रदान गरेका छन् । तत्सम, तद्भव, झर्रा, आगन्तुक शब्दहरूको प्रयोग, सूक्तिमय रूपमा तत्सम शब्दको प्रयोग र कविताका धेरै शब्दहरूले व्यापक र गहन अर्थ उद्भूत गर्न सबल र सक्षम रहेको देखिन्छ । विभिन्न लेख्यचिह्न, उद्गार, उद्धरण, कोष्ठ, प्रश्नचिह्नहरूले कविताको विषयवस्तु र भावगाम्भीर्यलाई राम्रोसँग पक्रन सकेको पाइन्छ । कविताहरूमा विचार र भावको प्रस्तुतिमा बिनारोकटोक भाषाशैली प्रयुक्त भएको छ जसले कविको उन्मुक्त भावना र हृदयसंवेद्य अनुभूतिलाई न्याय प्रदान गरेका छन् । यस सङ्ग्रहभित्र केही तत्सम शब्दहरूमा सत्यम्, शिवम्, सुन्दरम्, अन्नपूर्णे, सदापूर्णेजस्ता तत्सम शब्द, आँखा (अक्षि), बूढो (वृद्ध), हात (हस्त), आज (अद्य) जस्ता तद्भव शब्द प्रयोग भएको पाइन्छ । यसैगरी निथ्रुक्क, फक्रक्क, गुद्रु-गुद्रुजस्ता झर्रा शब्द र अनार, फगत, थर्मस, अल्लाहजस्ता आगन्तुक शब्द प्रयोग भएको पाइन्छ ।

*यो घर खै के घर ?* शीर्षकको कविता संवादातात्मक रहेको पाइन्छ । त्यसको एक अंश यस प्रकार रहेको छ :

> आमा ! ए आमा !
>
> एउटा कुरा भनूँ
>
> भन्न बाबु के कुरा ?
>
> *यो घर खै के घर ?* पृ. १८ ।

यसैगरी *यो घर खै के घर ?* कविता शीर्षकमा संवादातात्मकता स्वरूप रहेको पाइन्छ ।

### ४.२.३.६ दृष्टिबिन्दु

यस कवितासङ्ग्रहभित्रका कविले आफ्ना विचार, भावना र अनुभूतिहरूलाई प्रथम पुरुष, द्वितीय पुरुष र तृतीय पुरुष कथनपद्धतिमा व्यक्त गरेको पाइन्छ । कुनै कविताहरूमा

सुरुदेखि अन्त्यसम्म एउटै दृष्टिबिन्दु रहेको पाइन्छ भने केही कविताहरूमा मिश्रित दृष्टिबिन्दु फेला पार्न सकिन्छ । कुनै कवितामा संवादात्मक रूपमा प्रथम र द्वितीय पुरुष प्रयोग गरिएको छ । कुनै कवितामा कविका अन्तर्हृदयका मनस्तरङ्गहरू प्रथम पुरुष दृष्टिबिन्दुमा आत्मालापित भएका पाइन्छन् । यस कृतिका विभिन्न कवितामा प्रयुक्त दृष्टिबिन्दुलाई यसरी प्रस्तुत गरिएको छ :

(अ) **प्रथम पुरुष दृष्टिबिन्दु**

अब मेरो साम्
मात्र रित्तो गिलास बाँकी छ
पिउनु जति पिइसकेँ
जिउनु जति जिइसकेँ

*रित्तो गिलास*, पृ. २ ।

(आ) **द्वितीय पुरुष दृष्टिबिन्दु**

अनन्त प्राण प्रिय कविता !
तिमी सुन्दर छ्यौ
तिम्रो माधुर्यले वृद्धहरूको बैँस फर्कन्छ
तरुणहरूको अझ झन् चर्कन्छ ।

*कविता*, पृ. १ ।

(इ) **तृतीय पुरुष दृष्टिबिन्दु**

झरीको त्यो दिन
शरीरका धरा धरा देखाएर
बादलको घुम्टो हाली
सुत्केरी बसुधा रुँदै थिइन्
उनकै काखमा नवजात भोर्लो
स्तनपान गर्दै भन्दै थियो
आमा !

*भोर्लोको जरा*, पृ. २४ ।

### ४.२.३.७ केन्द्रीय भाव

**रित्तो गिलास र अनारका आँखाहरू** कवितासङ्ग्रहभित्र नारी अस्मिता, जीवनजगत्को विसङ्गत परिस्थिति, बढ्दो बेरोजगारी समस्या, विसङ्गत र विकट राजनैतिक अवस्था, सङ्कटग्रस्त प्रजातन्त्र, विश्ववन्धुत्व, भातृत्व, मानवता, प्रकृति चित्रण, स्वतन्त्रता, समानता, न्याय, राष्ट्रभक्ति, कर्तव्यपरायणता, साहित्यकारप्रतिको देखावटी सम्मान, मातृभूमि र जन्मथलोप्रतिको गौरव, क्रान्तिको चाहना, द्वन्द्व र क्रान्तिको चपेटामा परेको विकराल अवस्था, भौतिक वस्तुप्रतिको तिरस्कार, अप्रजातान्त्रिक परिपाटीको चपेटामा रोएको राष्ट्र, महान् सपूतहरूको बलिदानी, शान्तिको चाहना, स्रष्टाहरूको उदेकलाग्दो जीवनयापनजस्ता कुराहरूलाई मार्मिक ढङ्गमा प्रशस्त प्रतीक र बिम्बको प्रयोगबाट प्रस्तुत गरी समृद्ध, शान्त, विकसित समाज र राष्ट्रको नवनिर्माणको अपेक्षा गरिएको छ । यसैगरी राष्ट्रिय एकता, राष्ट्रभक्ति र प्रजातन्त्रलाई सुदृढ गर्न समस्त देशवासी जुट्नुपर्ने सङ्केत व्यक्त गरिएको छ । सबै मनुष्यमा न्याय, समानता, स्वतन्त्रता र अस्मिताको निम्ति जागरुक र क्रियाशील हुनुपर्ने भाव यस कवितासङ्ग्रहमा व्यक्त गरिएको पाइन्छ । भावविधानका दृष्टिले यस कृतिमा सूक्ष्म र व्यापक परिस्थितिलाई समेटेको पाइन्छ ।

### ४.२.३.८ लयविधान

प्रस्तुत **रित्तो गिलास र अनारका आँखाहरू** कवितासङ्ग्रहमा सङ्कलित सम्पूर्ण कविता गद्यलयमा रचना गरिएको पाइन्छ । गद्य कवितामा पनि अन्त्यानुप्रास, अन्त:अनुप्रासजस्ता आनुप्रासिक सचेतता, भावगत तरलता, स्वत:स्फूर्त मूर्त शब्दसंयोजनमा बिम्बात्मक अर्थ पाइनु यस कवितासङ्ग्रहमा सङ्कलित कविताको विशेषता हो ।[३६] आन्तरिक लयका दृष्टिको यो कवितासङ्ग्रहका सम्पूर्ण कविताहरू बेजोड र सशक्त मान्न सकिन्छ । जस्तै :

(क) मान्छे हराएको देशमा  
शान्ति पलाएको देशमा  
क्रान्ति रसाएको देशमा,  
'दुबो' फेरि अङ्कुरित हुनुपर्छ

*दुबो हराएको देश,* पृ. ३४ ।

---

३६ गोविन्दराज विनोदी, *कवि गण्डर्षिलाई चिनाउन खोज्दा,* **रित्तो गिलास र अनारका आँखाहरू**, भू.श.भ. गण्डर्षि, (नवलपरासी : नवलपरासी साहित्य परिषद् र देवचुली प्रकाशन, २०५९), पृ. च ।

(ख) राष्ट्रको पहरेदार प्रहरीले
सत्य सेवा सुरक्षणम्को अभियानमा
आफ्नै अर्धाङ्गिनीलाई
लाठी बुट र जुत्तैजुत्ताले
सेवा र सुरक्षा प्रदान गरेको थियो ।

*साल, सिसौ र शिलाहरू*, पृ. २१ ।

### ४.२.३.९ बिम्ब र प्रतीक

**रित्तो गिलास र अनारका आँखाहरू** कवितासङ्ग्रह बिम्ब र प्रतीक विधानका दृष्टिले निकै उत्कृष्ट कृति ठहरिन्छ । कविले बिम्ब र प्रतीकको प्रयोगद्वारा देशमा व्याप्त समसामयिक परिस्थितिको चित्रण निकै कुशलताका साथ प्रस्तुत गरेका छन् । यस कृतिका *रित्तो गिलास, मकैको जरा, अनारका आँखा, सडक भत्किरहेछ, गुलाबको बोटमा, थर्मस देश, यो घर खै के घर, साल, सिसौ र शिलाहरू, गोलकाँक्री, भोर्लोको जरा, रातो सूर्य, पुतली संसार, दुबो हराएको देश, बूढो रुख*जस्ता कविताको शीर्षक नै प्रतीकात्मक रूपमा देख्न सकिन्छ । प्रतीकात्मक अर्थका दृष्टिले रित्तो गिलासलाई निस्सार जीवन, अनारलाई दिव्यद्रष्टा, सडकलाई प्रजातन्त्र, गुलाबलाई नारीजाति, थर्मसलाई साँगुरो आयतन, पुतलीलाई प्रजातन्त्र, माउसुलीलाई प्रजातन्त्रविरोधी, साल, सिसौ र शिलालाई क्रान्तिकारीका रूपमा प्रयोग गरिएको पाइन्छ । यस कृतिमा कवि मानवीय जनजीवनको प्रकृतिसँगको एकाकार सम्बन्ध, मानवमा सांस्कृतिक प्रभाव, वर्तमान समस्याले पिरोलिएका मानिसका यथार्थलाई प्राकृतिक, पौराणिक, सांस्कृतिक बिम्बका सहाराले अर्थ्याउन निकै कुशल देखिन्छन् ।[३७] यस सङ्ग्रहभित्रका कविताहरूमा बिम्ब र प्रतीकको प्रयोग गरी वर्तमान युगका विकृति, विसङ्गति, सामाजिक यथार्थता, युगबोध नारीअस्मिता, राष्ट्रभक्ति, राष्ट्रियता, कर्तव्यबोध, शान्ति र क्रान्तिको सङ्केत गरिएको पाइन्छ । यो कृति समसामयिक यथार्थ बिम्ब, ग्राम्य बिम्ब, प्राकृतिक बिम्ब, पौराणिक बिम्ब, ऐतिहासिक-राजनैतिक बिम्ब, क्रान्ति बिम्ब, प्रतीकात्मक बिम्ब, काव्य बिम्बजस्ता विभिन्न बिम्बयोजनाले प्रतीक र बिम्बका आधारमा उत्कृष्ट मान्न सकिन्छ । बिम्ब र प्रतीक प्रयोग भएका केही कवितांशलाई यसरी हेर्न सकिन्छ :

(क) म देख्छु त्यहाँ मात्र माउसुली
हत्या - बलात्कारी अनुहारजस्तो
म मूक - द्रष्टा !

---

३७ पूर्ववत्, पृ. ज ।

रुन्छु, चीत्कार गर्छु

तर अवशेष रहन्छ

हाय ! मेरी पुतली !!

हाय ! मेरी पुतली !!

*पुतली संसार,* पृ. ३० ।

(ख) यो देशका भोका शिलाहरू

चिचर पकाउँदै थिए

यो देशका निर्धा सालहरू

बस्तीभित्र हराइरहेका थिए ।

*साल, सिसौ र शिलाहरू,* पृ. २१ ।

### ४.२.३.१० अलङ्कार

**रित्तो गिलास र अनारका आँखाहरू** कृतिभित्रका कविताहरूमा अन्त्यानुप्रास, अन्त: अनुप्रासजस्ता आनुप्रासिक सचेतताले आन्तरिक लयलाई बेजोड पारेको पाइन्छ । शब्दालङ्कार र अर्थालङ्कारको समुचित प्रयोग यस कृतिका रचनाहरूमा रहेका छन् । आलङ्कारिक पद, पदावली, बिम्ब र प्रतीक प्रयोग गरिएको यस कृतिको केही अंश यसरी प्रस्तुत गरिएका छन् :

**(अ) अन्त्यानुप्रास**

प्रत्येक हरफको अन्त्यमा गरिने समान वर्णको पुनरावृत्तिलाई अन्त्यानुप्रास भनिन्छ । जस्तै:

उसो भए बाबु यो घर भत्काउनै पर्छ

स्वाभिमान र स्वतन्त्रता भित्र्याउनै पर्छ

*यो घर, खै के घर,* पृ. १८ ।

माथि रेखाङ्कित पदहरू 'उनै पर्छ' उक्त कविताांशका पहिलो र दोस्रो हरफका अन्त्यमा आई अनुप्रास मिल्न गएकाले यहाँ अन्त्यानुप्रास अलङ्कार प्रयोग भएको पाइन्छ ।

**(आ) उपमा**

दुई व्यक्ति वा वस्तु अथवा उपमेय र उपमानको सादृश्य वा तुल्यतालाई उपमा भनिन्छ । जस्तै:

गण्डऋषिले अविरल साधना गर्दागर्दै

कयौँ वर्ष बिताएझैँ

मुक्तिनाथको टाकुरामा

साल वृक्षको फेदीमा

दुई दशक बितेछन् - नारद र व्यासको भूमिका निभाउँदै

*समर्पण,* पृ. १५ ।

यहाँ उपमेय कवि र उपमान गण्डऋषिबीच वाचक शब्द झैँ ले समान धर्म साधनालाई बुझाएकाले उपमा अलङ्कारको प्रयोग भएको पाइन्छ ।

**(इ) रूपक अलङ्कार**

उपमेयमा उपमानको अभेद आरोप गरी फलानु नै फलानु हो भन्नुलाई रूपक अलङ्कार भनिन्छ । जस्तै:

त्यसबेला तिमी रामग्रामको अस्तित्व चुमेर

हाँस्नेछौ र  भन्ने छौ

गुरु विश्व - गोलकाँक्री

फगत् गोलकाँक्री

*गोलकाँक्री,* पृ. २४ ।

यहाँ उपमेय 'विश्व' लाई उपमान 'गोलकाँक्री' सँग अभेद आरोप गरिएकाले रूपक अलङ्कारको प्रयोग भएको पाइन्छ ।

**(ई) तुल्ययोगिता अलङ्कार**

प्रस्तुतहरू वा अप्रस्तुतहरूका बीच एउटै धर्मद्वारा सम्बन्ध देखाइने अलङ्कारलाई तुल्ययोगिता अलङ्कार भनिन्छ । जस्तै:

जहाँ धुपी, सल्ला र श्रीखण्ड फोएर

साल, सिसौ र शिलाहरू हराइरहेको थियो ।

*साल, सिसौ र शिलाहरू,* पृ. २० ।

यसमा धुपी, सल्ला र श्रीखण्डको एउटै धर्म फुउनु (फोक्याउनु) र साल, सिसौ र शिलाहरूको एउटै धर्म हराउनुको उल्लेख गरी सम्बन्ध देखाइएकाले तुल्ययोगिता अलङ्कार प्रयोग भएको पाइन्छ ।

यसरी यस कृतिमा शब्दालङ्कार र अर्थालङ्कारको प्रयोग भएको पाइन्छ ।

### ४.२.३.११ **रसविधान**

रसविधानका दृष्टिले यस सङ्ग्रहमा विभिन्न रसको अनुभूत गर्न सकिन्छ । साहित्यशास्त्रका प्रमुख रसहरूमध्ये केही रसहरूको समावेश भएको उदाहरण तल दिइएका छन् :

**(अ) शृङ्गाररस**

रति स्थायीभाव हुने रसलाई शृङ्गाररस भनिन्छ । यसमा नायक वा नायिका आलम्बन विभाव, एकान्त ठाउँ, बगैंचा, ऋतु, जून, कोइलीको स्वर आदि उद्दीपन विभाव, कर्के हेराइ, आँखा झिम्काइ, मुस्कान आदि अनुभाव तथा मोह, हर्ष, उन्माद, स्वप्न, चपलता आदि व्यभिचारी भाव हुन्छन् । जस्तैः

कविता !

म तिम्रो पाइतालादेखि सिउँदासम्म

सर्वाङ्ग चुम्न चाहन्छु

तिम्रो मुस्कानमा रम्न चाहन्छु ।

*कविता,* पृ. १ ।

यहाँ ‘म’ पात्र कवि र कविता आलम्बन विभाव, एकान्त ठाउँ उद्दीपन विभाव, चुम्बन र मुस्कान अनुभावका रूपमा आई नायक कविमा प्रेम र उन्माद हुन पुगेकाले शृङ्गाररसको प्रयोग पाइन्छ ।

**(आ) वीररस**

उत्साह स्थायीभाव हुने रसलाई वीररस भनिन्छ । यसमा शत्रु, विरोधी, दुःखी, पीडित आदि आलम्बन विभाव, शक्ति, बल, सौर्य आदि उद्दीपन विभाव, सजगता , गर्वपूर्ण बोली, सहायताको खोजी आदि अनुभाव तथा स्मृति, गर्व, आवेग आदि व्यभिचारी भाव हुन्छन् । जस्तैः

हजारौँ अजात शत्रुले
बुद्ध अस्तुको अस्तित्व लुट्न खोजे पनि
इतिहासका नागराज जुर्मुराएर रक्षा गरेझैँ
म पनि त नागराज हुन सक्छु ।

*रातो सूर्य,* पृ. २८ ।

यहाँ अजात शत्रु आलम्बन विभाव, अस्तित्व लुट्न खोज्नु उद्दीपन विभाव, नागराजझैँ जुर्मुराउनु अनुभावका रूपमा आएको र यसबाट गर्व, स्मृति, आवेग व्यभिचारी भाव उत्पन्न भई स्थायीभाव उत्साह रसावास्थामा आस्वाद्य बनेको हुनाले वीररसको अभिव्यक्ति पाइन्छ ।

**(इ) करुणरस**

शोक स्थायीभाव हुने रसलाई करुणरस भनिन्छ । यसमा विनष्ट व्यक्ति वा वस्तु आलम्बन विभाव, त्यस्ता व्यक्ति वा वस्तुको सम्झना, सम्झेर हुने डाहा, पीडा, छटपटी आदि उद्दीपन विभाव, रुनु, कराउनु, विलाप गर्नु, आँसु झार्नु आदि अनुभाव तथा निर्वेद, मोह, ग्लानि, चिन्ता, विषाद आदि व्यभिचारीभाव हुन्छन् । जस्तैः

सुत्केरी बसुधा रुँदै थिइन्
उनकै काखमा नवजात भोर्लो
स्तनपान गर्दै भन्दै थियो
आमा !
म हजुरको अश्रुसागर पुछ्नेछु
सुत्केरी ओठले उसलाई चुम्दै
बसुधा उसलाई सुम्सुम्याउँदै थिइन् ।

भोर्लोको जरा, पृ. २४ ।

यहाँ सुत्केरी बसुधा आलम्बन विभाव, उनको दयनीय र अभावपूर्ण जीवन उद्दीपन विभाव, नवजात भोर्लोलाई चुम्नु, सुम्सुम्याउनु र आँसु झार्नु अनुभाव र उनमा उत्पन्न चिन्ता, विषाद आदि व्यभिचारी भावले स्थायीभाव शोक रसावस्थामा पुगी आस्वाद्य बनेकाले करुणरसको अभिव्यक्ति पाइन्छ ।

**(ई) वीभत्सरस**

घृणा वा जुगुप्सा स्थायीभाव हुने रसलाई वीभत्सरस भनिन्छ । यसमा घिनलाग्दो वा दुर्गन्धित प्राणी, वस्तु, ठाउँ आदि आलम्बन विभाव, दुर्गन्ध,

विकृति आदि उद्दीपन विभाव, नाक थुन्नु, थुक्नु, आँखा चिम्लिनु, मुख फर्काउनु आदि अनुभाव तथा आवेग, मोह, ग्लानि, व्याधि, चिन्ता आदि व्यभिचारीभाव हुन्छन् । जस्तैः

यो घर जीर्ण भइसक्यो

भित्तो भित्तो चर्किसक्यो

निरङ्कुशताको दुर्गन्धले

हाम्रो स्वाभिमान पलायन भइसक्यो ।

*यो घर, खै के घर ?*, पृ. १८ ।

यहाँ चर्किएको जीर्ण घर आलम्बन विभाव, निरङ्कुशताको दुर्गन्ध उद्दीपन विभाव र यसबाट उत्पन्न चिन्ता व्यभिचारीभावका रूपमा आई घृणा स्थायीभाव आस्वाद्य बनेकाले वीभत्सरस अभिव्यक्त भएको पाइन्छ ।

यसरी शृङ्गार, वीर, करुण र वीभत्सरसको प्रयोग भएकाले रसविधानका दृष्टिले यो कृति सफल रहेको मान्न सकिन्छ ।

### ४.२.३.१२ **निष्कर्ष**

प्रस्तुत **रित्तो गिलास र अनारका आँखाहरू** कवितासङ्ग्रहमा कविको साहित्यिक कुशलता प्रखर रूपमा प्रकट भएको पाइन्छ । प्रकाशनका दृष्टिले दोस्रो कृति भए पनि साहित्यिक मूल्यका दृष्टिले यसको उचाइ अग्र पङ्क्तिमा रहेको छ । कविताविधानमा देखापर्ने सबै किसिमका सैद्धान्तिक पाटाहरूलाई यहाँ फेला पार्न सकिन्छ । गद्यशैलीमा सिर्जित यस कृतिमा कविताको रचनात्मक शैली, सिद्धान्त र उपयुक्तता आदि तत्त्वहरूबाट स्पष्ट भएको पाइन्छ । यसमा प्रयुक्त कविताहरूको गद्य भाषाशैली र आन्तरिक लयात्मकताले कविलाई सफल रचनाकारका रूपमा उभ्याएको देखिन्छ । सामाजिक चेतना, राष्ट्रिय चेतना, मानवता, प्रकृति चित्रण, उन्मुक्तिको चाहना, स्वार्थी नेताहरूप्रतिको खेद, प्रजातन्त्रप्रतिको चिन्ता, क्रान्तिकारी सोच, काव्य मोह, सामाजिक, सांस्कृतिक एवम् राजनैतिक पक्ष आदिलाई विभिन्न बिम्ब र प्रतीकहरूद्वारा प्रस्ट रूपमा व्यक्त गर्न सक्नु कविको लेखनकलाको विशेषता मान्न सकिन्छ । विवेच्य कृति दार्शनिक विचार, अस्तित्ववादी दर्शन, युगबोध, राष्ट्रप्रेम र ऋषिभावले युक्त समसामयिक विषयवस्तु बोकेको प्रयोगवादी-अस्मितावादी उत्कृष्ट कृतिको रूपमा पहिचान कायम गर्न सक्षम र सफल रहेको पाइन्छ ।

## ४.२.४ **'करुवाको पानी' गजलसङ्ग्रहको अध्ययन**

यस शीर्षकअन्तर्गत **करुवाको पानी**को परिचय, शीर्षकसंरचना आदि गजल तत्त्वका आधारमा अध्ययन-विश्लेषण प्रस्तुत गरिएको छ ।

### ४.२.४.१ **परिचय**

कवि भूपेन्द्र शर्मा भट्टराईको प्रथम र एक मात्र प्रकाशित गजलसङ्ग्रह **करुवाको पानी** हो । वि.सं. २०६१ मा प्रकाशित यस गजलसङ्ग्रहमा छत्तीस वटा गजलहरू समावेश छन् । गोजीमा राख्न सकिने सानो आकारको यस कृतिमा बाह्य आवरणबाहेक कृति परिचय, भूमिका र पाठ्यवस्तुलाई ४८ पृष्ठ खर्चिएको पाइन्छ । कृतिको बाह्य आवरणमा अगाडिपट्टि सेतो सतहमा नीलो मसीले करुवाको पानी लेखी कोष्ठकभित्र गजल-गोजीका सङ्ग्रह लेखिएको छ र त्यसको मुनि एउटा करुवाको चित्र कोरी त्यसतल कृतिकारको नाम भू.श.भ. गण्डर्षि लेखिएको छ । समालोचनाको क्षेत्रमा भूपेन्द्र शर्मा भट्टराई र कविता, गजल कृतिहरूमा भू.श.भ. गण्डर्षि लेख्ने उनको परम्परा बसेको कुरा यसबाट प्रस्ट हुन सकिन्छ । यसैगरी बाह्य आवरणको पछाडिपट्टि समालोचक भूपेन्द्र शर्मा भट्टराईका लेख र समालोचनाको शीर्षक कोष्ठकमा प्रकाशन वर्ष र पत्रपत्रिकाको नाम दिइएको पाइन्छ । यस कृतिको भित्री पहिलो पृष्ठमा कृतिको नाम र कृतिकारको नामसहितको ठेगाना लेखिएको छ । यसैगरी दोस्रो पृष्ठमा यस कृतिलाई केशवराज भुर्तेलले प्रकाशन गरेको र प्रथम संस्करण २०६१ मा गरिएको उल्लेख हुनुका साथै रचना सङ्कलनमा सहयोग गर्ने व्यक्तिहरूको नाम र मुद्रकको रूपमा बहुमुखी छापाखाना रहेको खुलासा गरिएको पाइन्छ । यस कृतिको मूल्य रु. २०।- तोकिएको छ ।

यस कृतिको पृष्ठ ग देखि पृष्ठ ञ सम्म करुवाको पानीका सम्बन्धमा भूमिका लेख लेखी महेन्द्र बहुमुखी क्याम्पस धरानका सह-प्राध्यापक टङ्कप्रसाद न्यौपानेले गजलकार गण्डर्षिको गजलकारिता र गजल रचनाहरूको विषयवस्तुमाथि चर्चा गरेका छन् । यसैगरी पृष्ठ ट र ठ मा *मेरा मनका शब्दहरू* शीर्षकको भूमिका लेखमा केशवप्रसाद भुर्तेलले गण्डर्षिलाई नवलपरासीको जीवित इतिहासको संज्ञा दिँदै यस गजलकृतिमा २०४८ देखि २०६१ सम्मका गजलहरू सङ्कलन गरिएको सन्दर्भ प्रस्ट पारेका छन् । यस कृतिमा विषयसूची नराखिएको र पृष्ठ १३ देखि पृष्ठ ४८ सम्म गजल - १, गजल - २ गरी क्रमश: ३६ वटा गजल समावेश गरिएका छन् । एक पृष्ठमा एउटा गजल समेटिएको पाइन्छ । माया, प्रेम, अध्यात्म, राष्ट्रवादी भावना, समसामयिक यथार्थता, विकृति, विसङ्गतिजस्ता विषयवस्तुलाई यस कृतिका रचनाहरूमा विषयवस्तु बनाइएको पाइन्छ ।

### ४.२.४.२ **शीर्षक**

यस कृतिको शीर्षक **करुवाको पानी** यसै कृतिभित्रको पृष्ठ २० मा रहेको आठौँ गजलबाट राखिएको पाइन्छ । यस कृतिको *गजल* - ८ मा करुवाको पानी शब्दलाई यसरी प्रस्तुत गरिएको छ :

तिमीले दिएको करुवाको पानी
पिएँ प्यारले यो टरुवाको पानी

*गजल* - ८, पृ. २० ।

माथिको गजलांशमा प्रेमप्रणयको भाव व्यक्त भएको पाइन्छ । यसरी यस गजल कृतिभित्रका अधिकांश गजलहरूले प्रेमप्रणयको भावलाई समेटेका हुनाले यस कृतिको नाम **करुवाको पानी** उपयुक्त रहेको बुझिन्छ ।

### ४.२.४.३ संरचना

**करुवाको पानी** गजलसङ्ग्रह बाह्य संरचनाका दृष्टिले ४८ पृष्ठमा पाठ्यवस्तु समेटिएको लघुतम आकारको कृति हो । यस सङ्ग्रहमा ३६ वटा गजलहरू सङ्ग्रह गरिएका छन् । प्रस्तुत गजलसङ्ग्रहका सबै गजलहरू एक पृष्ठमा नै सीमित देखिन्छन् त्यसैले सबै गजलहरू प्राय: छोटा छन् । अगाडिपट्टि सुरुका १२ पृष्ठ कृतिपरिचय र भूमिकामा खर्चिएको पाइन्छ भने बाँकी ३६ पृष्ठमा ३६ वटा गजलहरू पाठ्यवस्तुका रूपमा रहेका छन् । विषयसूची प्रयोग भएको पाइँदैन तर प्रत्येक गजलको सिरानमा कुनै छुट्टै शीर्षक नराखी गजल - १, गजल - २, गजल - ३, गर्दै गजल - ३६ सम्म पुऱ्याएको पाइन्छ । यस कृतिमा चारशेरदेखि ६ शेरसम्मका गजलहरू रहेका छन् जसमध्ये गजल २, १४ र ३० चार शेरमा, गजल - ८, २४ र २६ छ शेरमा संरचित छन् भने बाँकी सबै पाँच शेरमा संरचित छन् । यस कृतिभित्रका गजलहरूमा रदिफ, काफिया र तखल्लुसको समुचित प्रयोग भएको पाइन्छ । तखल्लुसका लागि गजलकारले 'गण्डर्षि' उपनाम प्रयोग गरेको पाइन्छ । गजल विधाको संरचनागत पक्षका आधारमा यस गजलसङ्ग्रहलाई विश्लेषण गरिएको छ ।

#### ४.२.४.३.१ शेर

शेर अरबी शब्द हो । यसको अभिधा अर्थले केश अर्थात् कपाललाई बुझाउँछ । गजलका सन्दर्भमा भने शेर एउटा अपरिहार्य उपकरण वा तत्त्व हो । वस्तुत: गजल भनेको नै शेरहरूको समष्टि रूप हो । गजल माला हो भने शेरहरू त्यसमा उनिएका विविध रङ्गी फूल हुन् । एउटा शेरमा दुई पङक्ति हुन्छन् । शेरको प्रथम वा माथिल्लो पङ्क्तिलाई 'मिसरा ए उला' र द्वितीय पङ्क्तिलाई 'मिसरा ए सानी' भनिन्छ ।[३८] न्यूनतम तीन शेरदेखि माथि बाइस शेरसम्मका गजल रचना गरिएका छन् तर कम्तीमा पनि पाँच शेर हुनुपर्दछ भन्ने काव्यशास्त्रीय मान्यता रहेको पाइन्छ ।[३९] गजलका प्रत्येक शेर एउटै बहरमा आबद्ध भए पनि प्रत्येकको अस्तित्व भने स्वतन्त्र र पूर्ण हुन्छ । शेरमा विषयवस्तुको प्रस्तुतिका दृष्टिले गजल

---

३८ घनश्याम न्यौपाने परिश्रमी, **गजल सौन्दर्य मीमांसा**, (काठमाडौँ : सनराइज आवासीय उच्च मा.वि., २०६४), पृ. २९ ।

३९ देवी नेपाल र अन्य, **गजल कसरी लेख्ने ?**, तेस्रो संस्क., (काठमाडौँ : ऐरावती प्रकाशन प्रा.लि., २०६७), पृ. २६ ।

'गजल मुसलसल' र गजल 'गैर मुसलसल' गरी दुई प्रकारका हुन्छन् ।[४०] **करुवाको पानी** गजलसङ्ग्रहमा कम्तीमा चार शेरदेखि बढीमा ६ शेरसम्मका गजलहरू रहेका छन् ।

### ४.२.४.३.२ **काफिया**

काफिया अरबी भाषाको पुलिङ्गी शब्द हो । यसको अर्थ बारम्बार आउने भन्ने हुन्छ । यो गजलको अनिवार्य तत्त्व हो । काफियाबिना गजलको विधागत पहिचान नै हुन सक्दैन । यस अर्थमा काफिया गजलको विधागत पहिचानको एउटा महत्त्वपूर्ण तत्त्व हो ।[४१] काफियामा स्वरमात्राको समता हुनुपर्दछ । स्वरमात्रामा अलिकति पनि गडबडी र असन्तुलन नभएको अनुप्रासयुक्त अर्थात् तुक मिलेको शब्द, शब्दांश वा अक्षर नै काफिया हो ।[४२] यो रदिफभन्दा पूर्व प्रयोग हुन्छ । शेरहरूमा भरसक काफियाको पुनरावृत्ति र जबर्जस्ती खोजेर काफिया प्रयोग गर्नु राम्रो मानिँदैन । काफिया मतलाका दुवै मिसरामा र अन्य शेरहरूमा 'मिसरा ए सानी'मा मात्र हुन्छ । यो पूर्ण शब्द काफिया, शब्दांश काफिया, एकाक्षरी काफिया र मिलित काफिया गरी चार प्रकारको हुन्छ । काफियाका दृष्टिले **करुवाको पानी** गजलसङ्ग्रह उत्कृष्ट नै रहेको छ । सम्पूर्ण रचनाहरूमा गजलकार शर्माले काफियाको प्रयोग गरेको पाइन्छ । यस कृतिभित्र प्रयुक्त काफियालाई यसप्रकार प्रस्तुत गरिएको छ :

(अ) भातृत्वको प्रेमजाल बुन्छ कावासोती
नेपालको उच्च गौरव छुन्छ कावासोती

*गजल* - ११, पृ. २३ ।

(आ) आँटेर आऊ म दिन्छु सिरानी
मलमल भुवाकै ल किन्छु सिरानी

*गजल* - २५, पृ. २७ ।

प्रस्तुत गजलांशहरूमा बुन्छ, छुन्छ, म दिन्छु र ल किन्छु जस्ता शब्दहरू काफियाका रूपमा प्रयोग भएका पाइन्छन् ।

### ४.२.४.३.३ **रदिफ**

रदिफ अरबी शब्द हो । यसको कोशीय अर्थ अनुगामी हुन्छ । काफिया र रदिफ दुवैको मञ्जुल समन्वितिले गजललाई आकर्षक र सुमधुर तुल्याएको हुन्छ । मतलाका दुवै मिसरा र

---

४० घनश्याम न्यौपाने परिश्रमी, पूर्ववत्, पृ. ३० ।

४१ देवी नेपाल र अन्य, पूवृवत्, पृ. १० ।

४२ घनश्याम न्यौपाने परिश्रमी, पूर्ववत्, पृ. ३३ ।

अन्य शेरहरूमा 'मिसरा ए सानी' को अन्त्यमा प्रयोग हुने उही पद वा पदावलीलाई रदिफ भनिन्छ ।[४३] रदिफ कम्तीमा एक शब्ददेखि तीन शब्दसम्मको हुनु शास्त्रीय दृष्टिले उचित मानिन्छ । रदिफ काफियाको ठीक पछाडिपट्टि प्रयोग हुन्छ । रदिफ गजलको अनिवार्य तत्त्व होइन तर रदिफयुक्त गजल गाउनका लागि उपयुक्त हुनुका साथै श्रुतिमधुर पनि हुने गर्छ ।[४४] रदिफ एकल र बहुल गरी दुई प्रकारका हुन्छन् । रदिफ प्रयोगका आधारमा रदिफ प्रयोग भएको गजललाई मुरद्दफ गजल र रदिफ प्रयोग नभएको गजललाई गैर मुरद्दफ गजल गरी दुई प्रकारका मानिन्छ । **करुवाको पानी** गजलसङ्ग्रहका सम्पूर्ण रचनाहरूमा रदिफको प्रयोग भएको पाइन्छ । यस कृतिमा प्रयुक्त रदिफका केही नमुना यसरी प्रस्तुत गरिएको छ :

(अ) तिमीले दिएको करुवाको पानी

पिएँ प्यारले यो टरुवाको पानी

*गजल* - ८, पृ. २० ।

(आ) कर्के परी प्रीतिसहरमा झुलायौ नयन ती

तनको गजल मनको बहरमा धुलायौ नयन ती

*गजल* - ३०, पृ. ४२ ।

प्रस्तुत गजलांशहरूमा 'पानी' र 'नयन ती' शब्दहरू काफियाका रूपमा प्रस्तुत भएका पाइन्छन् । यस कृतिमा गजलकार शर्माले काफियाको कुशल प्रयोग गरेको देखिन्छ । यस कृतिका सबै रचनाहरू मुरद्दफ गजलका रूपमा रहेका छन् ।

### ४.२.४.३.४ मतला

मतला अरबी पुलिङ्गी शब्द हो । यसबाट प्रारम्भ भन्ने अर्थ बुझिन्छ । गजलको पहिलो शेरलाई मतला भनिन्छ । मतलाका दुवै मिसरामा काफिया र रदिफको प्रयोग हुन्छ । यदि गैरमुरद्दफ गजल छ भने मतलामा पनि रदिफ हुँदैन । एउटै गजलमा दुई शेरका मतला पनि हुन सक्छन् । यदि गजलको दोस्रो शेर पनि हमकाफियाको छ भने त्यसलाई 'हुस्ने मतला' वा 'मतला ए सानी' भनिन्छ ।[४५] मतलाको व्यवस्थापनले गजलमा श्रुतिमधुरता र झङ्कारमयता प्रकट हुन्छ । विशेषगरी गायनका क्रममा प्रत्येक शेरहरूपछि मतलाको पुनरावृत्ति हुने गर्दछ । यस **करुवाको पानी** कृतिभित्रका सबै गजल रचनाहरूमा गजलकार शर्माले मतलाको प्रयोग गरेको पाइन्छ । यस कृतिभित्रका मतलाहरूको नमुना यसप्रकार छन् :

---

४३ घनश्याम न्यौपाने परिश्रमी, पूर्ववत्, पृ. ४७ ।

४४ देवी नेपाल र अन्य, पूर्ववत्, पृ. १९ ।

४५ घनश्याम न्यौपाने परिश्रमी, पूर्ववत्,पृ. ५५ ।

(अ) आज फेरि स्वर्गबाट आएछन् ईश्वर

सारा प्राणी 'मै हुँ' भन्दै गाएछन् ईश्वर

*गजल* - १, पृ. १३ ।

(आ) देशका तारा यो माटोमा सारिदेऊ न आमा

देशभक्त नेपालीलाई तारिदेऊ न आमा

*गजल* - ३२, पृ. ४४ ।

उल्लेखित शेरहरू मतलाको रूपमा रहेको पाइन्छ ।

### ४.२.४.३.५ मक्ता

गजलको अन्तिम शेरलाई मक्ता भनिन्छ । यो पनि अरबी शब्द हो । अरबीको मक्तुअबाट मक्ता शब्द बनेको हो । यस शब्दले समाप्ति वा काटिएको भन्ने अर्थ बुझाउँछ । यसबाट के स्पष्ट हुन्छ भने मक्ता भनेको गजललाई टुङ्ग्याउने अवयव वा अन्तिम शेर हो ।[४६] मक्ताका मिसरामा साधारणत: कविगण आफ्नो तखल्लुस पनि प्रयोग गर्दछन् । कतिपय लेखकहरूले जुन शेरमा तखल्लुस प्रयोग भएको छ, त्यसलाई मात्र मक्ता भनेको पाइए पनि मक्ता शब्दको अर्थ नै अन्त्य भएकाले तखल्लुस प्रयोग भए पनि नभए पनि गजलको अन्तिम शेरलाई मक्ता भनिन्छ ।[४७] नेपालीमा मक्ताको पर्यायका रूपमा अन्तिम शेर शब्दको प्रयोग बढी भएको पाइन्छ । **करुवाको पानी** गजलसङ्ग्रहमा गजलकार शर्माले केही गजलका मक्तामा तखल्लुसको प्रयोग गरेका छन् भने धेरैजसोमा तखल्लुसबिनाको मक्ता रहेको पाइन्छ । तखल्लुस रहित र तखल्लुस सहितको मक्ता यसप्रकार प्रस्तुत गरिएको छ :

(अ) झरेखोला सुकेजस्तै दिल धेरै सुकिसक्यो

रोक प्यारी गण्डर्षिलाई नत्र त्यो त छाडा हुन्छ

*गजल* - २, पृ. १४।

(आ) वेदना छ मनैभरि कहाँ गई पोखूँ

प्रीति-गङ्गा वैतरणी तर्नै सकिएन

*गजल* - ४, पृ. १६।

माथि प्रस्तुत पहिलो मक्तामा गजलकारले 'गण्डर्षि' उपनामलाई तखल्लुसको रूपमा प्रयोग गरेका छन् भने दोस्रो मक्तामा तखल्लुस प्रयोग गरेको पाइँदैन ।

---

४६ पूर्ववत्, पृ. ५७ ।

४७ देवी नेपाल र अन्य, पूर्ववत्, पृ. २३ ।

### ४.२.४.३.६ तखल्लुस

स्रष्टाले गजलमा आफूलाई सङ्केत गर्ने नाम वा उपनाम प्रयोग गर्न सक्छ । गजलमा प्रयोग गरिने स्रष्टाको यही नाम वा उपनामलाई तखल्लुस भनिन्छ ।[४८] तखल्लुस गजलको अनिवार्य तत्त्व होइन तर प्रयोग गरिएको छ भने यसका दुईवटा अर्थ हुनु जरुरी छ । गजल सिद्धान्तका केही व्याख्याताहरूले तखल्लुस प्रयोग नभएको शेरलाई मक्ता भन्न मिल्दैन पनि भनेका छन् । वस्तुत: यो भनाइ युक्तिसङ्गत छैन । यदि अन्तिम शेरभन्दा पूर्ववर्ती शेरहरूमा गजलकारले तखल्लुस प्रयोग गरेमा त्यो शेर नै मक्ता बन्दैन । अत: तखल्लुसको प्रयोग मूलत: अर्थको चमत्कारका लागि कुन गजलकारको रचना हो भनेर चिनाउनका लागि गरिएको हुन्छ । **करुवाको पानी** गजलसङ्ग्रहमा गजलकार शर्माले आफ्नो उपनाम 'गण्डर्षि' लाई तखल्लुसको रूपमा प्रयोग गरेका छन् । यस कृतिका धेरैजसो गजलहरूमा तखल्लुसको प्रयोग भएको देखिँदैन । यस कृतिका केही गजलहरूमा प्रयुक्त तखल्लुसलाई यसरी हेर्न सकिन्छ :

(अ) झरेखोला सुकेजस्तै दिल धेरै सुकिसक्यो
रोक प्यारी गण्डर्षिलाई नत्र त्यो त छाडा हुन्छ

*गजल* - २, पृ. १४ ।

(आ) भर्भराउँदो उन्माद्‌की परीअमिली
गण्डर्षिलाई एक्लै मार्‍यौ चरीअमिली

*गजल* - ३, पृ. १५ ।

प्रस्तुत गजलांशहरूमा गजलकार भूपेन्द्र शर्मा भट्टराईले आफ्नो साहित्यिक उपनाम 'गण्डर्षि' लाई तखल्लुसका रूपमा प्रयोग गरी प्रेमिकाको प्रेमप्रणयमा बाँधिन नसक्दा आफू छाडा हुन लागेको र एक्लै बन्न पुगेको सन्दर्भ प्रस्तुत गरेका छन् । यसमा एक अर्थमा 'गण्डर्षि' जस्ता तपस्वीलाई समेत प्रेमभावले मन हलचल गराएको भन्ने बुझिन्छ भने अर्को अर्थमा गण्डर्षि स्वयम् गजलकार रहेका छन् भन्ने बुझिन्छ ।

### ४.२.४.३.७ मिसरा

शेरका हरेक पङ्क्तिलाई मिसरा भनिन्छ । कुनै दुई मिसराहरूको उचित संयोजनमा एउटा शेर पूर्ण हुन्छ । गजलमा समेटिने भिन्न खालका भावहरूलाई मिसराहरूले उचित संयोजन गरेका हुन्छन् ।[४९] गजलको पहिलो शेरमा प्राय: अनुप्रासयुक्त मिसरा वा काफियायुक्त पङ्क्ति रहेका हुन्छन् । दोस्रो, तेस्रो र चौँथो आदि शेरका पछिल्ला मिसरामा पूर्ववत् अनुप्रास

---

४८ देवी नेपाल र अन्य, पूर्ववत्, पृ. २३ ।
४९ पूर्ववत्, पृ. २४ ।

वा काफियाको प्रयोग अनिवार्य हुन्छ । गजलका शेरहरूमा रहेका पहिलो पङ्क्ति वा मिसरालाई 'मिसरा ए उला' र दोस्रो पङ्क्ति वा मिसरालाई 'मिसरा ए सानी' भनिन्छ । मिसरा ए उलाको काम भनेको गजलमा कुनै कुराको उठान गर्नु वा काफियासँग मेल खाने गरी कुनै कुराको सिर्जना गर्नु हो । मिसरा ए सानीको काम भनेको मिसरा ए उलाले उठान गरेको कुरालाई पूर्णता दिनु हो । करुवाको पानी गजलसङ्ग्रहमा प्रयुक्त केही शेरहरूका मिसरालाई यसरी प्रस्तुत गरिएको छ :

(अ) सुनझैँ सुनौलो देखिन्छ रूप उनको
खारेर ईशले नै दियो स्वरूप उनको

*गजल* - १०, पृ. २२ ।

(आ) मनैभरि उनको माया तनैभरि छायाँ
तर उनको पँधेरीमा पर्नै सकिएन

*गजल* - ४, पृ. १६ ।

प्रस्तुत मतलामा प्रयुक्त दुवै शेरका पहिलो पङ्क्ति वा मिसरा 'मिसरा ए उला' हो र दोस्रो पङ्क्ति वा मिसरा 'मिसरा ए सानी' हो । पहिलो शेरमा प्रेमिकाको सुनौलो रूप हुनाको कारण ईश्वरद्वारा खारिएको भन्ने भाव व्यक्त गरी मिसरा ए उलाले उठान गरेको विषयलाई मिसरा ए सानीले पूर्णता दिएको छ । यसैगरी दोस्रो शेरको पहिलो पङ्क्ति 'मिसरा ए उला' मा प्रेमीको मन र तनमा प्रेमिकाको माया र छायाँ भएको तर दोस्रो पङ्क्ति 'मिसरा ए सानी' मा यति हुँदाहुँदै पनि प्रेमिकाको पँधेरी वा प्रेमरसमा डुब्न नपाएको सन्दर्भ प्रस्तुत गरी पहिलो पङ्क्तिले उठाएको विषयलाई दोस्रो पङ्क्तिले पूर्णता दिएको पाइन्छ ।

### ४.२.४.३.८ बहर

बहर भनेको छन्द हो । यो अरबी 'बह्र' बाट बनेको शब्द हो । कुनै न कुनै छन्दमा बन्धित हुनु गजलको शास्त्रीय मान्यता हो ।[५०] गजलमा प्रयोग हुने फारसी वा उर्दू शास्त्रीय लयलाई बहर भनिन्छ अर्थात् गजलमा प्रयोग हुने लयविधान नै बहर हो ।[५१] संस्कृतको काव्यशास्त्रमा अनेक छन्दको उल्लेख भएझैँ उर्दू काव्यशास्त्रमा पनि अनेक बहरको उल्लेख भएको पाइन्छ । छन्दोबद्ध नेपाली र संस्कृत कवितामा छन्दले लयव्यवस्थाको कार्य गरेझैँ गजलमा बहरले लयको निर्वाह गरेको पाइन्छ । संस्कृत छन्दशास्त्रमा गणबाट छन्द निर्मित भएझैँ बहरको निर्माण रुक्नबाट हुन्छ । बहरमा प्रयुक्त रुक्नहरू यसप्रकार रहेको पाइन्छ :

---

५० घनश्याम न्यौपाने परिश्रमी, पूर्ववत्, पृ. ६० ।

५१ देवी नेपाल र अन्य, पूर्ववत्, पृ. २८ ।

(अ) मफाईलुन – ISSS

(आ) मुस्तफ्इलुन् – SSIS

(ई) फाइलातुन् – SISS

(ई) फऊलुन् – ISS

(उ) फाइलुन् – SIS

(ऊ) मुतफाइलुन् – IISIS

(ए) मुफाइलतुन् – ISIIS

(ऐ) मफ्ऊलात – SSSI

रुक्नहरूको मेललाई अर्कान भनिन्छ । यिनै अर्कानहरूको संयोजनबाट बहरहरूको निर्माण हुन्छ । फारसी-उर्दू अरुज (वृत्तशास्त्र) ले गजल संरचनार्थ अनेकौँ बहरहरू निर्दिष्ट गरेको छ । झन्डै पचासवटा बहर गजल निर्माणका लागि तोकिएका छन् । गजलका सबै बहरहरूलाई मुख्यत: मुफरद बहर (मूल छन्द), मुरक्कब बहर (मिश्रित छन्द) र मुजाहिफ बहर (परिवर्तित छन्द) गरी तीन किसिमले वर्गीकरण गरिएको पाइन्छ ।[५२] गजलका बहरहरूलाई यसरी वर्गीकरण गर्न सकिन्छ :

**(क) मुफरद बहर**

एउटै रुक्नको आवृत्तिबाट बन्ने बहरलाई मुफरद बहर भनिन्छ । एउटा बहरले पूर्णता पाउनका लागि कम्तीमा दुईपटक र बढीमा चारपटक रुक्नहरूको पुनरावृत्ति हुने गर्छ ।[५३] यसअन्तर्गत हजज, रजज, रमल, मुतकारिब, मुतदारिक, कामिल, वाफिर नामक सातवटा बहरहरू पर्दछन् । यिनका पनि निम्नलिखित तीन-तीनवटा भेद छन् ।

**(अ) मुसम्मन सालिम**

एउटा मिसरा एउटै रुक्नका चार अर्कानबाट बनेको छ भने त्यसलाई मुसम्मन सालिम भनिन्छ ।

---

५२ घनश्याम न्यौपाने, पूर्ववत्, पृ. ७१ ।

५३ देवी नेपाल र अन्य, पूर्ववत्, पृ. ५९ ।

**(आ) मुसद्दस सालिम**

एउटा मिसरा एउटै रुक्नका तीन अर्कानबाट बनेको छ भने त्यसलाई मुसद्दस सालिम भनिन्छ ।

**(इ) मुरब्बा सालिम**

एउटा मिसरा एउटै रुक्नका दुई अर्कानबाट बनेको छ भने त्यसलाई मुरब्बा सालिम भनिन्छ ।

यसरी मुफरद बहरका सात र तिनका भेदहरूसहित एक्काइस प्रकारहरू छन् ।

**(ख) मुरक्कब बहर**

भिन्नभिन्न रुक्नका अर्कान मिलेर बन्ने बहरलाई मुरक्कब बहर भनिन्छ ।[५४] आठ रुक्नहरूमध्ये दुई वा तीन रुक्नको मिश्रण गर्नासाथ यसप्रकारका बहरहरू निर्माण हुने भएकाले यिनको निर्माण जति पनि हुन सक्छ ।[५५] यसअन्तर्गत मन्सरेह, मुक्तजिब, मुजारे, खफीफ, बसित, मुजास, सरीअ, मुसाकील, जदीद, करीब, मदीद र तबील गरी बाह्रवटा बहरहरू पर्दछन् ।

**(ग) मुजाहिफ बहर**

मूल रुक्नहरू तोडेर बनेका बहरहरूलाई मुजाहिफ बहर भनिन्छ ।[५६] यस्ता बहरहरू जति पनि निर्माण हुन सक्दछन् तापनि मुजाहिफ बहर २२ प्रकारका मानिन्छन् ।

नेपाली गजललेखनमा शास्त्रीय लयको कम प्रयोग भएको पाइन्छ । खासगरी वर्तमान समयमा नेपाली गजलकारहरूले स्वनिर्मित लयमा गजल लेख्ने गरेको पाइन्छ । संस्कृतका केही छन्दहरूसँग बहरहरूको मेल खाने हुँदा केही गजलकारहरूले शास्त्रीय छन्दमा पनि गजल लेखेको पाइन्छ । स्वनिर्मित लयअन्तर्गत झ्याउरे, सममात्रिक र आक्षरिक लयको बढी प्रयोग भएको पाइन्छ । गजलकार शर्माका गजलहरूमा झ्याउरे तथा आक्षरिक लयको प्रयोग

---

५४ घनश्याम न्यौपाने परिश्रमी, पूर्ववत्, पृ. ७९ ।

५५ देवी नेपाल र अन्य, पूर्ववत्, पृ. ७४ ।

५६ घनश्याम न्यौपाने परिश्रमी, पूर्ववत्, पृ. ८२ ।

भएको पाइन्छ । यसको अध्ययन तल *लयविधान* उपशीर्षक ४.२.४.८ अन्तर्गत गरिएको छ ।

### ४.२.४.४ विषयवस्तु

**करुवाको पानी** गजलसङ्ग्रहमा गजलकार शर्माका धेरैजसो गजलहरूमा प्रेमप्रणयलाई नै मूल विषयवस्तु बनाइएको पाइन्छ । अन्य गजलहरूमा ईश्वरीय महत्ता, कवि स्रष्टाहरूप्रति सम्मान, साहित्यिक उन्नतिको आह्वान, कृति चर्चा, देशभक्ति, जातिप्रेम, नेपाली रहनसहन, व्यवहार, जन्मभूमिप्रतिको श्रद्धा, समसामयिक यथार्थता, विकृति, युद्ध, विकास, प्रजातन्त्र, नेताहरूप्रतिको व्यङ्ग्य, विश्वशान्ति, जीवनजगत्, पारिवारिक घटना, राष्ट्रिय एकता, विश्वबन्धुत्व, मानवता, स्वतन्त्रता, नैतिक सन्देशजस्ता विषयवस्तु प्रस्तुत गरी सम्पूर्ण विश्वमा शान्ति, विश्वबन्धुत्व, मानवता, स्वतन्त्रता र समानता छाओस् भन्ने भाव व्यक्त गरिएको छ ।

शर्माले यस गजलसङ्ग्रहको पहिलो गजलमा ईश्वरीय महत्ता र आराधना प्रस्तुत गरी आध्यात्मिक भाव व्यक्त गरेको पाइन्छ । ग्रन्थको आरम्भमा शास्त्रीय परम्पराअनुसार मङ्गलाचरण वा देववन्दना गरेजस्तै मानवता, अहिंसा, समानता, परोपकार आदिको रक्षा गर्न ईश्वरले विभिन्न अवतार लिएको प्रसङ्गलाई यसरी व्यक्त गरिएको पाइन्छ :

'अहिंसा नै ठूलो धर्म' भनेर बुद्ध भै
दु:खीलाई दया गर्न धाएछन् ईश्वर ।

*गजल* - १, पृ. १३ ।

गजलसङ्ग्रहभित्रका धेरैजसो गजलहरूमा प्रेमप्रणयलाई विषयवस्तु बनाइएको छ । गजलकार शर्माले प्रेम र प्रणयको भाव व्यक्त गर्न कुनै गजलमा तिमी, उनीजस्ता सर्वनाम र कुनै गजलमा चरीअमिली, प्रेयसी, बुकी, बरकाउली, सानुजस्ता नामशब्द प्रयोग गरी आफ्नी प्रेमिकाप्रति आफ्ना हृदयका प्रेमभावनाहरू व्यक्त गरेको पाइन्छ । प्रेमप्रणयमूलक गजलहरूमा प्रेमीले प्रेमिकालाई फकाउन अनेक तरहले प्रयास गरेको र प्रेमिकाले आफ्नो प्रेमप्रस्ताव स्वीकार नगरेमा आफू छाडा हुनसक्ने सम्भावनालाई यसरी प्रस्तुत गरिएको छ :

झरेखोला सुकेजस्तै दिल धेरै सुकिसक्यो
रोक प्यारी गण्डर्षिलाई नत्र त्यो त छाडा हुन्छ ।

*गजल* - २, पृ. १४ ।

प्रेमीले प्रेमिकालाई पाउनका निमित्त अनेक प्रयत्न गर्दा पनि प्रेमिकाको मन जित्न नसक्दा प्रेमी विह्वल र निराश बन्न पुगेको र उसका मानसिक तरङ्गका भावहरूलाई गजलकारले यसरी प्रस्तुत गरेका छन् :

(क) भर्भराउँदो उन्मादकी परीअमिली

गण्डर्षिलाई एक्लै मार्‍यौ चरीअमिली

*गजल* - ३, पृ. १५ ।

(ख) वेदना छ मनैभरि कहाँ गई पोखूँ

प्रीति - गङ्गा वैतरणी तर्नै सकिएन ।

*गजल* - ४, पृ. १६ ।

(ग) मुहार तिम्रो कहाँ गै पाउँ खोजूँ म कहाँ खै ?

मरेर ज्यूँछु - सुनेर मनको त्यो धुन रातमा ।

*गजल* - १२, पृ. २४ ।

प्रेमीले आफ्नी प्रेमिकाको रूपसौन्दर्यमा लिप्त भएर उसका अङ्ग, अवयव, आनीबानी, व्यवहार, क्रियाकलाप आदिको प्रशंसा र गुणगान गाउन पुगेको सन्दर्भलाई यस कृतिभित्रका गजलहरूमा यसरी व्यक्त गरिएको पाइन्छ :

(क) तिमी जून तारा गजल गीत मेरै

यो दिलैभरिकी जरुवाको पानी

*गजल* - ८, पृ. २० ।

(ख) सुनझैँ सुनौलो देखिन्छ रूप उनको

खारेर ईशले नै दियो स्वरूप उनको ।

*गजल* - १०, पृ. २२ ।

(ग) संसारभरकी रूपसी थियौ गुलाबी वदनकी

तिमीलाई हेरी फेरि को हेरूँ म कुन रातमा

*गजल* - १२, पृ. २४ ।

(घ) क्षितिज खोल्ने मुस्कान उनको अधरमा

मेरो दिलको ताजमहल बनाऊँ झैँ लाग्छ ।

*गजल* - १३, पृ. २५ ।

कवि एउटा महान् कलाकार हो जसले आफ्नो कलाद्वारा संसारलाई हँसाउन र आलोकित पार्न सक्दछ । कविको कवितासाधना एवम् कवि र कविताको महिमा यस कृतिमा रहेको गजलमा गजलकारले यसरी व्यक्त गरेका छन् :

बतीजस्तै तिमी यहाँ सधैँ जल्नुपर्छ
काव्य संसारलाई उजिल्याउन कवि ।

*गजल* - ५, पृ. १७ ।

नेपाली परिकार, अन्न, पोसाक, प्रकृति आदिको प्रशंसा गर्दै ती सबैले नेपालको अस्मिता र मौलिकतालाई जोगाएका छन् र हामी नेपालीले आफ्नो स्वदेशी उत्पादनको उपभोग र आफ्नो राष्ट्रिय पहिचानलाई कदापि भुल्नुहुँदैन भन्ने राष्ट्रभक्तिको भावना गजलकारले यसरी व्यक्त गरेका छन् :

हाम्रै पाखा पखेरामा पोखौँ पसिना
दिलको खेती कोदो हो अलछिन्की नभन ।

*गजल* - ९, पृ. २१ ।

मातृभूमिप्रतिको श्रद्धा र आस्था व्यक्त गर्ने क्रममा गजलकारले आफ्नो थलो कावासोती र नवलपरासीका विभिन्न धार्मिक स्थल, मानवता, शान्ति र भातृत्वमय परिवेशको चित्रण यसरी गरेको पाइन्छ :

नेपालकै सन्तति हुन् सबै भाइ-बैना
परेवा र समानता चुन्छ कावासोती ।

*गजल* - ११, पृ. २३ ।

मानिस-मानिसका बीचमा होडबाजी, हिंसा, हत्या, शोषण, अन्याय, अत्याचार बढ्दै गएको र मानिसले विवेक हराउँदै गएको कुरालाई व्यङ्ग्य गर्दै मानिसमा पशुत्त्व र पशुमा मानवत्त्व देखिन थालेको विषयलाई गजलकारले प्रस्तुत कृतिमा यसरी देखाएका छन् :

विवेकका आँखाहरू बन्द हुँदै गएपछि
ईश्वरको रचनामा बरु पशु आँती देखेँ ।

*गजल* - १४, पृ. २६ ।

नेपालको राजनैतिक अस्थिरता, सत्तालोलुपताको कारण देशमा आशातीत प्रगति हुन नसकेको र धनी-गरिब, गाउँ-सहर, शासक-जनताबीचको सम्बन्ध बिग्रँदै गएको वा एक-अर्काबीचको सम्बन्ध सुदृढ पार्ने पुलको आवश्यकता परेको तर त्यो बन्न नसकी ‘आकाशको फल आँखा तरी मर’ को अवस्थामा पुग्नुपरेको यथार्थता प्रस्तुत गर्दै प्रेमी-प्रेमिका र आफन्तबीचको भेटघाट र सम्बन्ध पनि पातलिँदै गएको विषयवस्तुलाई गजलकारले यसरी प्रस्तुत गरेका छन् :

(क) परिपक्व प्रेम मेरो साँचेकै थेँ तिमीलाई

सम्झी मात्र बस तिमी मनले खन्ला पुल ।

*गजल* - १५, पृ. २७ ।

(ख) आफ्नो डम्फू बजाउन छोडे राम्रो हुन्थ्यो

होश राख इन्जिनियर बिग्र्यो झरे खोला ।

*गजल* - १७, पृ. २९ ।

देशमा बढ्दै गएको विकृति, विसङ्गति, हत्या, हिंसा, असहिष्णुता, अशान्तिप्रति व्यङ्ग्य गर्दै धर्तीरक्षाका निमित्त बुद्ध, सीताजस्ता आदर्श व्यक्तिहरूको जन्मथलो नेपालका पशुपति, स्वयम्भू, रामग्रामजस्ता धार्मिक पवित्र भूमिहरूले शान्तिको कामना गरेको र स्वयम् गजलकारले आफूलाई राष्ट्रप्रति समर्पित बनाउने चाहना व्यक्त गरी राष्ट्रभक्तिको भावना यसरी व्यक्त गरेका छन् :

(क) पशुपति, स्वयम्भू र रामग्राम बोल्छन्

छिटो बनोस् शान्ति सडक, रहोस् झरे खोला

*गजल* - १७, पृ. २९ ।

(ख) मुखै बन्द हुनेगरी देशै बन्द हुँदा

धरतीकै पिरतीमा गढुँगढुँ लाग्यो ।

*गजल* - १९, पृ. ३१ ।

(ग) बुद्ध पनि हिँड्न थाले शान्ति खोज्नलाई

हिजोआज गुलजस्तो छैन जिन्दगानी ।

*गजल* - २१, पृ. ३३ ।

यस गजलसङ्ग्रहभित्र गजलकार शर्माले आफ्नो स्वर्गीय भाइ डोलराजको सम्झना गर्दै स्रष्टा, शिक्षक, पत्रकार व्यक्तित्वका धनी डोलराजको जीवनलीला असामयिक रूपमा समाप्त भएको तर उनको सम्झना भने गजलकारको हृदयमा अमिट छाप बनेर बसिरहेको वास्तविक घटनालाई विषयवस्तु बनाएर भातृप्रेम यसरी प्रस्तुत गरेका छन् :

त्यो मोती हरायो सधैं जिन्दगीको

यी आँखाहरूमा छ यो डोलराज ।

*गजल* - २४, पृ. ३६ ।

राष्ट्रिय एकता, राष्ट्रियता, शान्ति, समानता, स्वतन्त्रता, विकास, न्याय, विश्वबन्धुत्व, मानवता स्थापना र सुदृढका निम्ति सबै नेपाली जनताहरू आफ्नो मातृभूमि र धर्तीलाई उर्वर र समुन्नत पार्न अघि बढ्नुपर्ने आह्वान गजलकारले यसरी व्यक्त गरेका छन् :

(क) दाजुभाइको द्वन्द्वबाट राष्ट्र बिग्रँदैछ
बन्धुत्व र मित्रतामा यी हात सर्नुपऱ्यो ।

*गजल* - ३४, पृ. ४६ ।

(ख) तिम्रो हाम्रो बास भाको नेपालीको गाउँ
आफै बनाउँछौ अरूको आश मारिदेउन आमा ।

*गजल* - ३२, पृ. ४४ ।

(ग) रुखो धर्ती मल हाली हरियाली पार्न
नेपालको कुनाकाप्चा बीउ फाल्नुपर्छ ।

*गजल* - २८, पृ. ४० ।

लैङ्गिक समानता कायम गराउन नारीपुरुष दुवै एक रथका दुई पाङ्ग्रा भई अघि बढ्नुपर्छ । नारी वा पुरुष कसैले पनि अहम् भाव राख्नुहुँदैन । प्रभुका निम्ति हामी सबै नारी-पुरुष समान सन्तति हौँ । आपसी कलह, हत्या, हिंसा त्यागेर राष्ट्रिय एकता र स्वाभिमान बचाउन नारी-पुरुष दुवैको समान दायित्व रहन्छ भन्ने विषयवस्तु प्रस्तुत गरी गजलकारले लैङ्गिक समानताको भाव यसरी प्रस्तुत गरेका छन् :

नरनारी नमिलेको गृहस्थी नै हुन्न
त्यही ग्लानि बोकी थाकेजस्तो लाग्यो

सबै जीवनको आत्मा हजुर त्यही प्रभुको हो
बुझिबुझी यो लडाइँ चाखेजस्तो लाग्यो ।

*गजल* - ३६, पृ. ४८ ।

यसरी यस गजलसङ्ग्रहमा विविध विषयवस्तु प्रस्तुत गरिएको पाइन्छ ।

### ४.२.४.५ भाषाशैली

प्रस्तुत **करुवाको पानी** गजलसङ्ग्रहको भाषाशैली सरल रहेको पाइन्छ । परम्परित प्रतीक र बिम्बको प्रयोगका साथै तत्सम, तद्भव, झर्रा र आगन्तुक शब्दहरूको प्रयोग भएको

पाइन्छ । यस सङ्ग्रहभित्रका गजलहरूमा रदिफ र काफियाको प्रयोग कुनै पङ्क्तिमा समुचित र स्वाभाविक देखिन्छन् भने कुनैमा लय सिर्जनाका निम्ति जबर्जस्ती प्रयोग भएका लाग्दछन् । त्यसैगरी कुनैकुनै गजलहरूमा तखल्लुसको प्रयोग भएको पाइन्छ । लेख्यचिह्नको कमै मात्रामा प्रयोग र कहीँकहीँ उद्धरण, पूर्णविराम, उद्गार र प्रश्नचिह्नको प्रयोग पाइन्छ । धेरैजसो गजलहरू अभिधा र केही लक्षणा र व्यञ्जनाको तहसम्म पुगेको पाइन्छ । यस गजलसङ्ग्रहमा ईश्वर, वैतरणी, ईशजस्ता तत्सम शब्द, आँसु (अश्रु), माछा (मत्स्य) जस्ता तद्भव शब्द, तलतल, चरीअमिलीजस्ता झर्रा शब्द र अजनवी, खुदा, जिगर, महफिलजस्ता आगन्तुक शब्दहरूको प्रयोग भएको पाइन्छ ।

### ४.२.४.६ **दृष्टिबिन्दु**

प्रस्तुत **करुवाको पानी** गजलसङ्ग्रहमा प्रथम, द्वितीय, तृतीय तीनै प्रकारको कथनपद्धति वा दृष्टिबिन्दु पाइन्छ । कुनैकुनै गजलमा भने मिश्रित दृष्टिबिन्दु पाइन्छ । यस सङ्ग्रहमा प्रयुक्त दृष्टिबिन्दुलाई यसरी हेर्न सकिन्छ :

**(अ) प्रथम पुरुष दृष्टिबिन्दु**

मानिसको बथानमा मानिसकै ताँती देखेँ
कतै बाज गिद्धहरू मानिसभन्दा जाती देखेँ

*गजल* - १४, पृ. २६ ।

**(आ) द्वितीय पुरुष दृष्टिबिन्दु**

शान्ति हौ तिमी कान्ति हौ तिमी बल्ने गर्दछ्यौ
मनबैंसकी कल्पना न हौ फल्ने गर्दछ्यौ

*गजल* - २३, पृ. ३५ ।

**(इ) तृतीय पुरुष दृष्टिबिन्दु**

अजनवी थियो त्यो गयो डोलराज
झझल्काहरूमा रह्यो डोलराज ।

गजल - २४, पृ. ३६ ।

### ४.२.४.७ **केन्द्रीय भाव**

**करुवाको पानी** गजलसङ्ग्रहभित्रका गजलहरूमा प्रेमप्रणय, अध्यात्म, राष्ट्रभक्ति, राष्ट्रिय एकता, स्वतन्त्रता, समानता, विश्वबन्धुत्व, भातृप्रेम, मानवता, नारीचेतना, मातृभूमिप्रतिको

आस्था, प्रकृतिचित्रण, कलासाहित्य, वर्तमान विकृति-विसङ्गतिजस्ता भावहरू समेटिएको पाइन्छ । समग्रमा यस कृतिले गजलकारका अघिल्ला कविताकृतिहरूकै भावभूमिमा गजल सिर्जना भएका पाइन्छन् ।

### ४.२.४.८ **लय विधान**

करुवाको पानी गजलसङ्ग्रहमा गजलकार शर्माले शास्त्रीय बहरको प्रयोग गरेको देखिँदैन । उनका धेरैजसो गजलहरू स्वनिर्मित आक्षरिक लयमा नै लेखिएको पाइन्छ । यो लय वा बहर उच्चार्य अक्षरमा आधारित हुन्छ । समान अक्षरको गणनाबाट यस्ता बहर बन्दछन् । यिनमा गणमात्रादिको गणना हुँदैन ।[५७] यसैगरी उनका गजलहरूमा झ्याउरे लयको पनि प्रयोग भएको पाइन्छ । उनको गजलकारिताको लयगत संरचना वा विशेषतालाई यसरी प्रस्तुत गर्न सकिन्छ :

(अ) पाँच, पाँच, छ अक्षरमा यति हुने सोह्र अक्षरको एक मिसरा भएको झ्याउरे लयको प्रयोग :

मुहार तिम्रो कहाँ गै पाऊँ खोजूँ म कहाँ खै ?
मरेर ज्यूँछु सुनेर मनको त्यो धुन रातमा

*गजल* - १२, पृ. २४ ।

(आ) चार, चार, छ अक्षरमा यति हुने चौध अक्षरको मिसरा प्रयोग भएको लय :

प्यार धेरै गर्नु थियो गर्नै सकिएन
ती नानीको जीवनरङ्ग भर्नै सकिएन

*गजल* - ४, पृ. १६ ।

(इ) चार, चार, चार, चार अक्षरमा यति हुने १६ अक्षरको लय प्रयोग भएको :

जिन्दगी नै आँसु रै'छ हाँसोखुसी भेटिनँ म
बन्दगी छन् खुसियाली रमाउनै बाधा हुन्छ

*गजल* - २, पृ. १४ ।

(ई) चार, चार, पाँच अक्षरमा यति हुने १३ अक्षरको लय प्रयोग भएको :

प्रीति मेरो परागथ्यो बुझ्न सकिनन्
आफन्तमा रमाएर खुसी रहिछन्

*गजल* -१८, पृ. ३० ।

---

५७ घनश्याम न्यौपाने परिश्रमी, पूर्ववत्, पृ. ६३ ।

(उ) चार, चार, दुई, चार अक्षरमा यति हुने १४ अक्षरको लय प्रयोग भएको :

भातृत्वको प्रेमजाल बुन्छ कावासोती
नेपालको उच्च गौरव छुन्छ कावासोती

*गजल* - ११, पृ. २३ ।

(ऊ) छ, छ अक्षरमा यति हुने १२ अक्षरको लय प्रयोग भएको :

तिमीले दिएको करुवाको पानी
पिएँ प्यारले यो टरुवाको पानी

*गजल* - ८, पृ. २० ।

(ए) पाँच, पाँच, पाँच अक्षरमा यति हुने पन्ध्र अक्षरको लय भएको :

मधुयामिनी दिल रम्भिका मेरी सुन्दरी
भित्री आत्माको ज्योति भै सधैँ जल्ने गर्दछ्यौ

*गजल* - २३, पृ. ३५ ।

(ऐ) चार, चार, चार, दुई अक्षरमा यति हुने १४ अक्षरको लय प्रयोग भएको :

धर्तीसँग प्रेमयुद्ध लडूँलडूँ लाग्यो
उनैसँग मायाजालमा सढूँसढूँ लाग्यो

*गजल* - १९, पृ. ३१ ।

(ओ) आठ, आठ अक्षरमा यति हुने १६ अक्षरको लय भएको :

सदैव प्रेमरन्धमा म कड्कँदैछु प्रेयसी
प्रिया प्रिया बोलाउँदै म तड्पिँदैछु प्रेयसी

*गजल* - १६, पृ. २८ ।

यसरी लयविधान वा बहरका दृष्टिले **करुवाको पानी** गजलसङ्ग्रहका गजलहरू प्राय: सबैजसो आक्षरिक लयमा नै रचिएका देखिन्छन् ।

### ४.२.४.९ बिम्ब र प्रतीक

प्रस्तुत गजल कृतिभित्र पौराणिक, ऐतिहासिक, सामाजिक बिम्ब र सजीव-निर्जीव, लौकिक-पारलौकिक प्रतीकहरूको प्रयोग गरी विषयवस्तु र भावलाई प्रस्ट पार्न खोजिएको पाइन्छ । यस कृतिभित्र प्रयोग भएका केही प्रतीकहरूलाई यसप्रकार हेर्न सकिन्छ :

चरीअमिली - प्रेमिका

पुल - सु-शासन

बरकाउली - प्रेयसी

यस गजलसङ्ग्रहभित्र प्रयुक्त बिम्बलाई यसरी प्रस्तुत गरिएको छ :

'अहिंसा नै ठूलो धर्म' भनेर बुद्ध भै

दु:खीलाई दया गर्न धाएछन् ईश्वर

*गजल* - १, पृ. १३ ।

माथिको गजलांशमा पौराणिक बिम्ब प्रयोग भएको पाइन्छ । यसरी बिम्ब र प्रतीक विधानका दृष्टिले यो कृति समग्रमा उत्तम मान्न सकिन्छ ।

### ४.२.४.१० अलङ्कार

भूपेन्द्र शर्मा भट्टराईको **करुवाको पानी** गजलसङ्ग्रहका रचनाहरूमा अलङ्कृत भाषाशैलीको प्रयोग भएको पाइन्छ । गजलहरूलाई श्रुतिमधुर र सरस तुल्याउन गजलकारले गजलमा रदिफ र काफियाको प्रयोग गरी अनुप्रास सिर्जना गरेको पाइन्छ । यसैगरी आफ्नो उपनाम 'गण्डर्षि' लाई केही गजलहरूमा तखल्लुसको रूपमा प्रयोग गरेको पाइन्छ । यस कृतिमा प्रयुक्त अलङ्कारलाई यसरी प्रस्तुत गरिएको छ :

**(अ) रूपक अलङ्कार**

उपमेयमा उपमानको अभेद आरोप गरी फलानु नै फलानु हो भन्नुलाई रूपक अलङ्कार भनिन्छ । जस्तै:

'अहिंसा नै ठूलो धर्म' भनेर बुद्ध भै

दु:खीलाई दया गर्न धाएछन् ईश्वर

*गजल* - १, पृ. १३ ।

यहाँ उपमेय अहिंसा र उपमान धर्म, उपमेय बुद्ध र उपमान ईश्वरबीच अभेद आरोप गरिएकाले रूपक अलङ्कार प्रयोग भएको पाइन्छ ।

**(आ) उपमा अलङ्कार**

दुई व्यक्ति वा वस्तु (उपमेय र उपमान) को सादृश्य वा तुलना गर्दा प्रकट हुने अर्थालङ्कारलाई उपमा अलङ्कार भनिन्छ । जस्तै:

सुनझैँ सुनौलो देखिन्छ रूप उनको

खारेर ईशले नै दियो स्वरूप उनको

*गजल* - १०, पृ. २२ ।

यहाँ उपमेय 'उनको रूप' लाई उपमान 'सुन' बीच वाचक शब्द झैँ ले समान धर्म सुनौलो भएको सादृश्य सम्बन्ध प्रस्तुत भएकाले उपमा अलङ्कार प्रयोग भएको देखिन्छ ।

**(इ) सन्देह अलङ्कार**

प्रस्तुत विषयमा यस्तो हो कि उस्तो हो भनी शङ्का पैदा भएमा त्यसलाई सन्देह वा संशय अलङ्कार भनिन्छ । जस्तै:

भूलमा परेँ कि फूलमा झरेँ केही जान्दिनँ

नवप्रीतिको मन्त्रणा गरी ढल्ने गर्दछ्यौ

*गजल* - २३, पृ. ३५ ।

यहाँ प्रेमीलाई भूलमा पर्नु र फूलमा झर्नुका बीच शङ्का पैदा भई कुन हो भन्ने सन्देह भएकाले यसमा सन्देह अलङ्कारको प्रयोग पाइन्छ ।

## ४.२.४.११ **रसविधान**

करुवाको पानी गजलसङ्ग्रहभित्रका रचनाहरूमा प्रेमप्रणय, देशभक्ति र ईश्वरभक्तिको भावना अभिव्यक्त भएको पाइन्छ । रसविधानका दृष्टिले यस कृतिका रचनाहरूमा यसप्रकारका रसभाव पाइन्छन् :

**(अ) शृङ्गाररस**

रति स्थायीभाव हुने रसलाई शृङ्गाररस भनिन्छ । यसमा नायक वा नायिका आलम्बन विभाव, एकान्त ठाउँ, बगैँचा, ऋतु, जुनेली रात आदि उद्दीपन विभाव, कर्के हेराइ, आँखा सन्काइ, परस्पर हेराइ अनुभाव तथा मोह, मद, गर्व, चपलता आदि व्यभिचारी भाव हुन्छन् । जस्तै:

संसारभरकी रूपसी थियौ गुलाबी वदनकी

तिमीलाई हेरी फेरि यो को हेरूँ म कुन रातमा

त्यो तिम्रो प्रीति समान प्यार कसमा खोजूँ म

डुलेको आँखाभरिको माया त्यो सुन रातमा

*गजल* - १२, पृ. २४ ।

यसमा नायिका, आलम्बन विभाव, गुलाबी वदन र सुनसान रात उद्दीपन विभाव, नायकको आँखामा डुलेको नायिकाको तस्बीर र हेराइ अनुभाव र यसबाट उत्पन्न उन्माद, स्वप्न आदि व्यभिचारीभावले शृङ्गाररसको स्थायीभाव रति आस्वाद्य हुन पुगेको देखिन्छ ।

**(आ) करुणरस**

शोक स्थायीभाव हुने रसलाई करुणरस भनिन्छ । यसमा विनष्ट व्यक्ति वा वस्तु आलम्बन विभाव, त्यस्ता व्यक्ति वा वस्तुको सम्झना, सम्झेर हुने पीडा, छटपटी उद्दीपन विभाव, रुनु, कराउनु, विलाप गर्नु, आँसु झार्नु आदि अनुभाव तथा निर्वेद, मोह, स्मृति, चिन्ता आदि व्यभिचारी भाव हुन् । जस्तैः

दया पवित्रा अनि कृष्णलाई

सौगात छाडी बह्यो डोलराज

खुदाको कदम त्यो कहाँ पार पायो ?

फकाई फुल्याई लग्यो डोलराज

*गजल* - २४, पृ. ३६ ।

यसमा स्वर्गीय डोलराज आलम्बन विभाव, डोलराजको सम्झना उद्दीपन विभाव, भगवान्सँगको विलाप अनुभाव र त्यसबाट उत्पन्न निर्वेद र चिन्ता व्यभिचारी भावका रूपमा आई स्थायीभाव शोक आस्वाद्य हुन पुगेकाले यहाँ करुणरसको अभिव्यक्ति पाइन्छ ।

**(इ) वीभत्सरस**

घृणा वा जुगुप्सा स्थायीभाव हुने रसलाई वीभत्सरस भनिन्छ । यसमा घिनलाग्दो वा दुर्गन्धित प्राणी, वस्तु, ठाउँ आदि आलम्बन विभाव, दुर्गन्ध, विकृति आदि उद्दीपन विभाव, नाक थुन्नु, आँखा चिम्लनु, थुक्नु आदि अनुभाव, आवेग, ग्लानि, चिन्ता आदि व्यभिचारी भाव हुन्छन् । जस्तैः

विकृति र विनाशले दु:खेको यो बेला

मानवीय ढोका खोली बढूँबढूँ लाग्यो

स्वयम्भूको मन्दिरमा रगतको खोला देखी

शान्ति खोज्दै सगरमाथा चढूँचढूँ लाग्यो

*गजल* - १९, पृ. ३१ ।

यसमा विकृत र विनाश देश आलम्बन विभाव, रगतको खोला उद्दीपन विभाव र यसबाट उत्पन्न चिन्ता र आवेग व्यभिचारी भावबाट स्थायीभाव शोकको आस्वाद्य हुन पुगेकाले वीभत्सरसको अभिव्यक्ति पाइन्छ ।

**(ई) शान्तरस**

शम वा निर्वेद स्थायीभाव हुने रसलाई शान्तरस भनिन्छ । यसमा अनित्य संसार, वैराग्य भाव, तत्त्वज्ञान आदि आलम्बन विभाव, सत्सङ्ग, तीर्थ, शास्त्र चिन्तन, नीतिशिक्षा, ईश्वर दर्शन आदि उद्दीपन विभाव, त्याग, रोमाञ्च आदि अनुभाव तथा निर्वेद, हर्ष, दया आदि व्यभिचारी भाव हुन्छन् । जस्तै:

आज फेरि स्वर्गबाट आएछन् ईश्वर

सारा प्राणी 'मै हुँ' भन्दै गाएछन् ईश्वर

'अहिंसा नै ठूलो धर्म' भनेर बुद्ध भै

दु:खीलाई दया गर्न धाएछन् ईश्वर

*गजल* - १, पृ. १३ ।

यसमा संसार र जीवजगत् आलम्बन विभाव, ईश्वर दर्शन उद्दीपन विभाव, त्यसबाट उत्पन्न रोमाञ्च अनुभाव र निर्वेद, हर्ष प्राप्ति व्यभिचारी भावले निर्वेद वा शम स्थायीभाव आस्वाद्य हुन पुगेकाले शान्तरसको अभिव्यक्ति पाइन्छ ।

### ४.२.४.१२ **निष्कर्ष**

प्रस्तुत **करुवाको पानी** गजलसङ्ग्रह एउटा सानो कृतिको आकारमा देखिए पनि साहित्यकार भूपेन्द्र शर्मा भट्टराईलाई गजलकारको रूपमा नेपाली साहित्यमा चिनाउने पहिलो कृति हो । गजलरचनाका मूल्यमान्यतालाई आत्मसात् गरी रचिएका यस कृतिका रचनामा प्रेमप्रणय, राष्ट्रभक्ति, सामाजिक राजनैतिक विकृति-विसङ्गतिप्रति व्यङ्ग्य, ईश्वरस्तुतिजस्ता विषयवस्तु समेटिएको पाइन्छ । गजल रचनाहरूमा सकेसम्म रदिफ, काफिया र तखल्लुसको

कुशल प्रयोग गर्न खोजिएको पाइन्छ । समग्रमा यस कृतिले नवलपरासीको गजलकारितामा एउटा स्तम्भको भूमिका निर्वाह गरेको पाइन्छ ।

## ४.२.५ 'गण्डर्षिका कविताहरू' कृतिको अध्ययन

यस शीर्षकअन्तर्गत परिचय, शीर्षक, संरचना, विषयवस्तु, भाषाशैली, केन्द्रीय भाव, लय आदि कविता तत्त्वका आधारमा **गण्डर्षिका कविताहरू** कृतिको अध्ययन गरिएको छ ।

### ४.२.५.१ परिचय

वि.सं. २०६७ मा प्रकाशित **गण्डर्षिका कविताहरू** साहित्यकार भूपेन्द्र शर्मा भट्टराईको प्रकाशनका दृष्टिले सबैभन्दा पछिल्लो कृति हो । यस कृतिमा सन् १९८५ देखि २०१० सम्म रचित पत्रपत्रिका, स्मारिकाहरूमा प्रकाशित तथा एफ.एम. रेडियोबाट प्रसारित रचनाहरूलाई सङ्कलन गरिएको पाइन्छ । यस कृतिको प्रकाशन नारायणी भट्टराईले गरेकी छन् । यस कृतिमा शर्माका कविता र गजल गरी ४७ वटा रचनाहरू सङ्कलित छन् । ६५ पृष्ठ पाठ्यवस्तु, १० पृष्ठ आवरण, भूमिका र विषयसूची गरी ७५ पृष्ठको लघु आकारको यो कृति शर्माका प्रकाशित कृतिहरूमध्ये सबैभन्दा ठूलो कृति हो । यस कृतिको बाहिरी आवरणमा नीलो र सेतो सतह रहेको छ र अघिल्लो आवरणमा सेतो सतहमा नीला अक्षरले गण्डर्षिका कविताहरू लेखिएको छ भने नीलो सतहमा स्वयम् कविको छायाँचित्र र तल कृतिकारको नाम भू.श.भ. गण्डर्षि लेखिएको छ । पछाडिपट्टिको बाहिरी आवरणमा कविको छायाँचित्र, परिचय, प्रकाशित कृतिहरू, मान-सम्मान, पद, संलग्नता आदिको चिनारी दिइएको पाइन्छ । यस कृतिको भित्री पहिलो पृष्ठमा कृति, कृतिकार, प्रकाशक, सङ्कलकको नाम राखिएको छ भने दोस्रो पृष्ठमा यीसहित संस्करण २०६७, प्रकाशित सङ्ख्या ५०१, मूल्य रु. १५१, कम्प्युटर, आवरण कला र मुद्रकका बारेमा जानकारी दिइएको छ । यसैगरी तेस्रो र चौँथो पृष्ठमा *कवि गण्डर्षिका सम्बन्धमा* भूमिका लेखमा टङ्कप्रसाद न्यौपाने, विष्णु लामिछाने, शङ्कर बस्याल, गोविन्दराज विनोदी, भगवती अर्याल (पाण्डे) र टङ्कप्रसाद काफ्लेका अभिव्यक्तिहरू उद्धृत गर्दै यस कृतिका रचनाहरूको सङ्कलन प्रक्रियाबारे नारायणी भट्टराईले जानकारी दिइएको पाइन्छ । यसैगरी पाँचौ र छैठौँ पृष्ठमा विषयसूची राखी क्रमैसँग ४७ वटा रचनाहरूको नाम र पेज निर्धारण गरिएको पाइन्छ । यस कृतिमा कविका कविता र गजलहरू संयुक्त रूपमा सङ्कलन गरी प्रकाशित गरिएको पाइन्छ ।

### ४.२.५.२ शीर्षक

कवि शर्माको पछिल्लो कृति **गण्डर्षिका कविताहरू** कृतिमा उनका विभिन्न शीर्षकका फुटकर कविता र गजलहरू सङ्कलित छन् । भूपेन्द्र शर्मा भट्टराईको साहित्यिक नाम भू.श.भ. गण्डर्षि भएको हुनाले उनले यस कृतिको नाम **गण्डर्षिका कविताहरू** राखेको पाइन्छ । यसले कवि प्रतिभाका रचनाहरू भन्ने अर्थ ध्वनित गरेको छ तसर्थ यसको शीर्षक सार्थक रहेको छ । यस सङ्ग्रहमा उनका २० वटा गद्य कविता, १२ वटा पद्य कविता र १५ वटा गजल रचना सङ्कलित छन् । शीर्षक विधानका दृष्टिले कविका सबै रचनाहरूमा उपयुक्त शीर्षक चयन भएको पाइन्छ । अघिल्लो कृतिको गजलमा कुनै छुट्टै शीर्षक नराखी गजल १, गजल २, गजल ३, जस्तो क्रमिक शीर्षक राख्ने उनले यस कृतिभित्रका गजलहरूको भने छुट्टै विषय र भाव अनुरूपका शीर्षक राखेको पाइन्छ । कवि प्रतिभाको आफ्नै मौलिक रचना भएको हुँदा साहित्यिक उपनाम गण्डर्षिलाई जोडेर **गण्डर्षिका कविताहरू** शीर्षक यस कृतिको लागि अत्यन्त सार्थक रहेको पाइन्छ ।

### ४.२.५.३ संरचना

**गण्डर्षिका कविताहरू** कृति बाह्य संरचनाका दृष्टिले पाठ्यवस्तु ६५ पृष्ठ रहेको लघु आकारको कृति हो । आवरण, भूमिका लेख र विषयसूची गरी १० पृष्ठ खर्चिएको यस कृतिभित्र ४७ शीर्षकका रचनाहरू सङ्कलित छन् । यस कृतिको नाम गण्डर्षिका कविताहरू राखिए पनि यस कृतिमा १५ वटा गजल रचनाहरू पनि समेटिएको पाइन्छ । २० गद्य कविता, १२ पद्य कविता र १५ गजल गरी ४७ वटा रचनाहरू समावेश गरिएको यस कृतिका रचनाहरू कम्तीमा ८ हरफ र बढीमा ८० हरफसम्मका छन् । यस कृतिका सम्पूर्ण रचना संरचनागत दृष्टिले फुटकर नै रहेको पाइन्छ । यस कृतिमा समावेश भएका गजलहरू ४ देखि ६ शेरसम्मका छन् भने पद्य कविता ४ श्लोकदेखि १३ श्लोकसम्मका र गद्य कविताहरू १८ देखि ८० पङ्क्तिसम्मका रहेका छन् । यस सङ्ग्रहमा शर्माका सन् १९८५ देखि २०१० सम्म विभिन्न पत्रपत्रिका, स्मारिका र रेडियोहरूमा प्रकाशित एवम् प्रसारित रचनाहरू भएकाले यी रचनाहरूले कवि प्रतिभाको लामो समयसम्मको काव्य सिर्जनालाई समेटेको पाइन्छ ।

यस कृतिमा रहेका *हिजोसम्म, चञ्चले मानुषी, लेख्दैछु कविता, सालीहजुर, समय, नजरको तीर, नमीठो माया, मध्यबिन्दु चौतारी, पिरतीको भात, ईश्वर, जवानीको नसा, राधानाम जप्दै, सम्झनामा भानु, बम भोले भन्दै, काले ?* शीर्षकका रचनाहरू विधागत संरचनाका दृष्टिले गजल हुन् भने बाँकी सबै रचनाहरू कविताअन्तर्गत पर्दछन् । यस कृतिमा शर्माका कविता र गजल दुवैलाई सङ्कलित गरेर पाठकवर्गमा खिचडीको स्वाद चखाउन खोजेको पाइन्छ साथै गजल र कविता दुई विधाबीच रहेको निकटतम सम्बन्धलाई पनि

देखाउन खोजेको पाइन्छ । प्रस्तुत कृतिको विश्लेषणमा यी दुवैथरी रचनाहरूलाई विभिन्न दृष्टिकोणबाट समन्वयात्मक ढङ्गले चर्चा गर्नु सान्दर्भिक देखिन्छ ।

### ४.२.५.४ **विषयवस्तु**

**गण्डर्षिका कविताहरू** कृतिभित्रका रचनाहरूमा देशप्रेम, राष्ट्रियता, राष्ट्रिय गौरव, आत्मस्वाभिमान, नारीचेतना, समसामयिक विकृति-विसङ्गतिप्रति व्यङ्ग्य, साहित्यिक चिन्तन, काव्यिक महिमा, राष्ट्रिय विभूतिप्रति श्रद्धा, पूर्ण लोकतान्त्रिक, प्रजातान्त्रिक परिपाटीप्रतिको चाहना, गरिब-निमुखाप्रति सहानुभूति, धार्मिक-आध्यात्मिक चिन्तन, विश्वबन्धुत्व, मानवता, स्वतन्त्रता, समानता, जन्मभूमिप्रतिको अगाध आस्था, प्रेमप्रणय, उज्ज्वल भविष्यप्रतिको कामनाजस्ता भावहरूलाई विभिन्न विषयवस्तुमार्फत् सरल-सरस भाषाशैलीमा व्यक्त गरिएको पाइन्छ ।

यस कृतिमा कविता र गजल संयुक्त रूपमा सङ्कलन गरिएको हुँदा विषयवस्तु प्रस्तुत गर्दा सर्वप्रथम कविताअन्तर्गत रहेर विश्लेषण गरिएको छ भने त्यसपश्चात् गजल रचनामा अन्तर्निहित विषयवस्तु प्रस्तुत गरिएको छ ।

**गण्डर्षिका कविताहरू** कृतिभित्रका कविताहरूमा साहित्यलाई समसामयिक राष्ट्रिय अस्मिताको रक्षा गर्ने गतिशील कलाको रूपमा व्यक्त गर्दै साहित्यले भानुभक्त, मोतीराम, लेखनाथ, देवकोटा, मोहन कोइराला, मदन रेग्मीजस्ता स्रष्टाहरूको विशेषता अँगाल्न सक्नुपर्दछ भन्ने विचार यसरी व्यक्त गरिएको पाइन्छ :

गाड्नुपर्छ
आफ्नो मौलिक अस्मिताको झन्डा
अनि पो हुन्छ त्यो
समयानुकूलको साहित्य
प्रारम्भ सुवानन्दको जस्तो
भानभक्तीय पकड
मोतीरामजस्तै चिन्तनशील
लेखनाथीय परिष्कृति
देवकोटीय स्वच्छन्द र स्वतस्फूर्तता
टिप्नुपर्छ र उन्नुपर्छ,

*समय साहित्य*, पृ. १ ।

युवा नै राष्ट्रको शक्ति हो । स्वराष्ट्र भक्तिका निम्ति युवाशक्तिले नै आफ्नो बल, बुद्धि, विवेक प्रयोग गरी पाखुरी चलाउनुपर्छ । एकतामा बाँधिएर देशको उन्नतिका निम्ति युवाहरूलाई कविले यसरी आह्वान गरेका छन् :

(क) स्वराष्ट्र भक्ति शक्ति हो स्वदेश नै हो देवता
यिनै स्वदेश अर्चना निमित्त लम्क लौ युवा
चमक्क चम्क हे युवा अनन्त हुन्छ उन्नति
युवा सबै फुटे भने स्वदेश फुट्छ चट्चटी ।

*युवा तिमी,* पृ. ३५ ।

(ख) धराको छेउछाउका प्राणीको दिल भन्दछ
युवा-शक्ति सबै जुटे राष्ट्रकै दिन खुल्दछ ।

*युवा राष्ट्रको आत्मा,* पृ. ५७ ।

(ग) सम्झेर नित्य मनले पसिना बगाऊ
ठग्ने नगर्नु बरु काम मीठो समाऊ ।
यो राष्ट्र खातिर युवा सब जुट्नुपर्छ
विश्वासघात नगरे तब राष्ट्र बन्छ ॥

*स्वर्गाधिक नेपाल,* पृ. ५४ ।

देशको सीमा मिचिँदै गएको गम्भीर प्रसङ्ग उठाउँदै कविले देशका शासकहरू सत्तालिप्साका निम्ति दानवीय प्रवृत्ति अँगाल्दै गएका र राष्ट्रियता, राष्ट्र, शान्ति, स्वतन्त्रता र प्रजातन्त्र खतरामा पर्दा पनि कानमा तेल हालेर बसेको कटुयथार्थलाई प्रस्तुत गरी देशमा विद्यमान विकृति, विसङ्गति, युद्ध र अशान्तिप्रति गहिरो चिन्ता कविले यसरी व्यक्त गरेका छन् :

(क) सहस्र वर्ष बाँच्ने म
जटायु भएर के काम ?
रावणी वृत्तिले पाइरहेछ सलाम !
सर्पले भ्यागुता निले झैँ
मेरी सुस्ता !
सर्लक्क निल्दैछ !

*ओम् शान्ति,* पृ. ३ ।

(ख) नसुत तिमीहरू

तिमी सुतिदिँदा

महात्मा सुस्ता

भाग्दैछन् - दक्षिणतिर

निष्क्रिय र निरर्थक तिम्रो

महत्त्वाकाङ्क्षा

आत्महीन शासकत्त्व

जलिरहेछ - चितामा

*नेपाली माटोबाट,* पृ. ६१ ।

(ग) कालो धूवाँले एकादेश ढाक्यो

शान्ति यज्ञ भङ्ग भयो

यो देश फेरि

कालो बादलको मुस्लोले

धूँवा र धुलोले

सम्पूर्ण ढाक्यो

*एकादेशमा,* पृ. ३१ ।

गरिब, निमुखा र किसानी जनताहरू जसको मिहिनेतबाट देशमा अन्न फल्छ, क्रान्ति सफल हुन्छ तर तिनीहरूकै टाउकामा टेकेर नेतृत्ववर्ग कुर्सीमा मस्त हुन्छन् । उनीहरू भने आफ्नो मिहिनेत, फल, शान्ति, विकास र परिवर्तनप्रति सदैव आशावादी बन्दछन् तर पनि उनीहरूको जीवनमा कहिल्यै उज्यालो आउन सक्दैन । यस्ता दयनीय जनताहरूप्रति कवि आफ्ना कविताहरूमा यसरी सहानुभूति प्रकट गर्दछन् :

(क) के खेत खलिहान, के सडक

उसले क्रान्ति गरेको छ - देशका लागि

भैँडीठिस क्रान्ति गरेको छ - पेटका लागि

उसको जीवन उस्तै छ - अहिले पनि

परिवर्तन भएको छैन - अहिले पनि ।

*भैँडहर, मुसहर,* पृ. ११ ।

(ख) बड्का दाइ यसपालि पनि
हरियो बारी बनाउन जुटेकै छ
प्रकृति - आफ्नो नियम
तोड्छ या जोड्छ - थाहा छैन
तर बड्का दाइ !
आफ्नो नियम - सदैव जोड्छ ! जोड्छ !!

*बड्का दाइ,* पृ. ४१ ।

सारा नेपालीहरूको एकता, बलिदानी र शहीदहरूको रातो रगतबाट प्राप्त गणतन्त्ररूपी बोट मेलमिलाप, एकता र सहमतिको गोडमेल नपाई फुल्न नसकेको अर्थात् पूर्ण गणतान्त्रिक नेपाल बन्न नसकेको, जनताको चाहना अनुरूप संविधान बन्न नसकेको राजनैतिक अन्योल र अस्थिरतालाई व्यक्त गर्दै कविले सबै नेपालीलाई यो फूल फुलाउन एकतामा जुट्नुपर्ने आग्रह कवितामा यसरी प्रस्तुत गरेका छन् :

(क) साझा सहमतिमा
रोपेको यो फूल
सबै मिलेर गोड्नुपर्छ
सिजनअनुसारको मल
सबै मिलेर हाल्नुपर्छ ।

*यो फूल,* पृ. ५ ।

(ख) फेरि पनि
सडकभरि रगत बगाउन
क्रान्तिवीरहरू दगुर्छन्
सडक अहिले पनि
जलिरहेछ - रगतको आगोमा
बगिरहेछ क्रान्तिको आगोमा

*ज्यूँदाहरूको लास,* पृ. १९ ।

कविले मानवजातिलाई श्रेष्ठ प्राणीको रूपमा चित्रण गर्दै मानिसमा विद्या, बुद्धि, विवेक, परोपकार, नि:स्वार्थ सेवाभाव रहेमा ऊ आलोकित हुन्छ, त्यसैले सबै मानवले आफ्ना हृदयबाट

खराब कर्म, कुसंस्कार, स्वार्थ आदिलाई त्यागेर सुसंस्कृत, सभ्य र नैतिकवान् बन्न उपदेशमूलक अभिव्यक्ति कवितामा यसरी व्यक्त गरेका छन् :

(क) मानिसभित्र चेतना हुन्छ चेतनभित्र दीप
त्यही दीप-शिखा बलेमा हुन्छ संसार समीप

*धन र मन,* पृ. ३३ ।

(ख) मान्छे एक मुहान हो अगम औ सानन्दको प्रेमको
आफैभित्र फुलेर मग्मग भए त्यो पुष्प वासन्त्यको

*किन मान्छे बुद्ध,* पृ. ३६ ।

ईश्वरीय सत्ता नै परमसत्ता हो । प्रभुकै कृपाले सबै प्राणीहरूको सृष्टि, लालनपालन र संहार हुने गर्दछ, तसर्थ व्यक्ति, परिवार, समाज र सम्पूर्ण विश्वको कल्याण र उज्ज्वल भविष्यका निम्ति कविमा अन्तर्निहित आध्यात्मिक चेतना कवितामा यसरी प्रस्तुत भएको पाइन्छ :

(क) जीवात्माहरू
तिमी सामु आइरहेछन्
प्रभु - यिनलाई हर्ष र उल्लास देऊ
तिमीप्रति समर्पित आत्माहरूलाई
सुख सम्पन्नता र मुक्ति देऊ ।

*प्रभुसँग,* पृ. ५३ ।

(ख) अष्ट हे देवता आयुमा चीरता
गर्दिनू - भर्दिनू काम्य होस् पूर्णता
ज्ञान लक्ष्मी तिमी ज्ञान भै रैदिनू
भाग्यलक्ष्मी तिमी भाग्य भै चम्किनू ।

*कामना,* पृ. ६३ ।

(ग) प्रभु नर्मदेश्वर तिमी सिद्ध भोला ।
हामी सबैको उद्धार होला ॥
संसाररूपी सुख-स्वर्ग हाम्रो ।
सिद्धेश्वरैले दिनुहुन्छ राम्रो ॥

*वन्दना,* पृ. ५५ ।

उनले यस कृतिभित्रका कवितामा पत्रकारिता र प्राध्यापन पेसामा देखिएका अभाव, कमजोरी, उदासीनता, आक्रोश, हस्तक्षेप र क्रान्तिचेत प्रस्तुत गर्दै आफ्नो पेसागत अनुभूतिबोधलाई यसरी व्यक्त गरेको पाइन्छ :

(क) उसको खेत ब्ल्याकबोर्ड !
उसको घर ब्ल्याकबोर्ड !
कहिल्यै भरिँदैन
उसको मखमली जीवन
फसलको हरियो च्यादरले ।

*उसको खेत,* पृ. ५९ ।

(ख) एकैपटक एकहातले कलम अर्को हातले
बन्दुक
चलाउन चाहन्छु
तर मसँग कलमको बन्दुक मात्र छ ।

*कस्तो भँगेरा,* पृ. ५२ ।

कवि आफ्नो जन्मथलो र त्यहाँका स्थानीय धार्मिक, सांस्कृतिक, पौराणिक, प्राकृतिक महत्त्वका बारेमा असीम श्रद्धाभाव व्यक्त गर्दै आफ्नो माटोप्रति गौरव गर्दछन् । यसैगरी प्राचीन महत्त्व हराउँदै गएकोमा कवि दु:खी बन्न पुगेका छन् र सबैलाई आफ्नो मौलिकता र प्राचीन सभ्यताप्रति सजग बन्न प्रेरित गरेका छन् । यिनै विषयवस्तु र भाव झल्किएका उनका अभिव्यक्तिहरू कवितामा यसरी व्यक्त भएका छन् :

(क) नेपाली धरतीभित्र उर्बराभूमि पुञ्ज यो
नवलपरासी हो हाम्रो पवित्र कर्मभूमि यो ।
जानेबुझे यहाँ मिल्छ ब्रह्मानन्द भनेजति
मौलाकाली, कुमारवर्ती, महाराजा अरू कति ॥

*नवलपरासी गौरव,* पृ. ५८ ।

(ख) कोदो, मकै, धान फल फल्छ दिव्य
शिक्षा उज्यालो सब मिल्छ ज्ञान
का सा शती हे ! शिव भन्नुहुन्थ्यो
पुराणको प्राचीन ठाउँ हो यो ।

*शिव भन्नुहुन्थ्यो,* पृ. ३० ।

(ग) सिद्धेश्वरको त्यो सिद्धभूमि

मधुशालामा परिणत भएको छ

आफ्नो विगतलाई

बाकसभित्र

भित्रभित्रै कुहाएर

बाँचिरहेछ शिवबस्ती

अँध्यारा गल्लीहरूमा

*शिवबस्तीका स्वरहरू*, पृ. ३७ ।

**गण्डर्षिका कविताहरू** कृतिभित्र भूपेन्द्र शर्मा भट्टराईका १५ वटा गजलहरू समाविष्ट छन् र ती गजल रचनाहरूमध्ये धेरै रचनामा प्रेमप्रणयलाई नै विषयवस्तु बनाइएको छ भने अन्य रचनाहरूमा क्रान्तिकारी विचार, लोकतन्त्रप्रतिको चाहना, काव्यसाधनाप्रतिको मोह, अग्रज साहित्यकारप्रति श्रद्धाभक्ति, आध्यात्मिक चिन्तन र ईश्वर स्तुतिजस्ता विषयवस्तुहरू प्रस्तुत गरिएको पाइन्छ ।

गजलकार शर्माले अतीतका निरङ्कुश शासनव्यवस्थाबाट प्रताडित जनताहरूले आफ्नो अथक बलिदानी, आन्दोलन र क्रान्तिबाट लोकतन्त्र प्राप्त गरेको र यसैमा सङ्घर्ष गरी देशलाई समुन्नत पारेर विगतका तीता अनुभूतिहरूलाई बिर्सिएर खुसी र उमङ्गसाथ स्वदेशभक्तिमा लाग्नुपर्ने विषयवस्तु प्रस्तुत गरी राष्ट्रभक्तिको भावना यसरी व्यक्त गरेका छन् :

हिजोसम्म जे भयो त्यो भुल्नु मानसी

लोकतान्त्रिक पिरतीमा नै भुल्नु मानसी

आन्दोलनका तीता-मीठा बात अनौठा

सम्झिएर नयनमा नै डुल्नु मानसी ।

*हिजोसम्म*, पृ. १२ ।

साहित्य र साहित्यका विविध विधाले मानवमनका भावनाहरूलाई उराल्ने गर्दछन् र त्यही साहित्यिक संसारमा रमेर प्रीति, इतिहास, कल्पना र भावनामा भुल्न चाहेको भावाभिव्यक्ति गजलमा यसरी प्रस्तुत भएको पाइन्छ :

(क) लेख्दैछु कविता तिम्रै लागि जप्दैछु कविता

नशालु छ्यौ र त नशा अझै थप्दैछु कविता

तिम्रा अङ्ग गीत गजल सङ्गीतमय हुन्छन्

त्यो रङ्गीन इतिहास झन् अझै तप्दैछु कविता

*लेख्दैछु कविता,* पृ. १६ ।

(ख) समयको गतिसँगै बस्न

साहित्यको यतिबाट पस्न

मनको भावना उर्लिएछ

हतार भो साहित्य भै खस्न

*समय,* पृ. २० ।

नेपाली साहित्याकाशका उज्ज्वल नक्षत्र आदिकवि भानुभक्त आचार्यको आदिकवित्वलाई सम्झनु नै धर्म हो र उनले डोऱ्याएको गोरेटोमा हिँड्नु नै सबैको कर्म हो । नेपाली भाषा, साहित्य र संस्कृतिको जगेर्ना गर्ने भानुभक्त अविष्मरणीय प्रतिभा हुन् । अग्रज साहित्यस्रष्टाहरू देशका अमूल्य गहना हुन् त्यसैले उनीहरूप्रति सबैले श्रद्धा व्यक्त गर्नुपर्छ भनी शर्माले अग्रज साहित्यकारप्रति श्रद्धाभक्ति यसरी व्यक्त गरेका छन् :

भानुको सम्झना गर्नु मेरो धर्म ठान्छु

उनकै पदचिह्नमा हिँड्नु मेरो कर्म ठान्छु

*सम्झनामा भानु,* पृ. ४२ ।

गजलकार शर्माको यस कृतिभित्रका गजलहरूमा ईश्वरभक्ति र आध्यात्मिक चिन्तन पनि व्यक्त भएको पाइन्छ । शिव, कृष्ण, राधा, लक्ष्मी, गणपतिजस्ता देवताहरूप्रति स्तुति गाइएका उनका गजलहरूमा सगुण भक्ति झल्किएको पाइन्छ, साथै आध्यात्मिक चिन्तन पनि प्रस्फुटित भएको पाइन्छ । उनका भजन एवम् स्तुतिपरक गजल रचनाहरूमा भगवान्को महिमा यसरी गाइएको पाइन्छ :

(क) सबैसँग परमात्मा आत्मा भई बस्छन्

उसलाई चिन्ने आत्मा छिचोल्छ ईश्वर

*ईश्वर,* पृ. २५ ।

(ख) राधा राधा राधानाम जप्दै आएँ राधा

कृष्णजीको मनैभित्र तिमीलाई पाएँ राधा

*राधानाम जप्दै,* पृ. २७ ।

(ग) शिवशक्ति स्वरूप तिमी सम्पूर्ण देवता

आदेश देऊ प्रभु तिमीमा सर्न चाहन्छु ।

*बम भोले भन्दै*, पृ. ४३ ।

(घ) नौनी चोरी खान्छस् काले किन हो सताउँछस्

हाँडी फोड्छस् दही चोर्छस् साथीलाई खुवाउँछस् ।

*काले ?*, पृ. ४४ ।

शर्माको यस कृतिभित्रका प्रेमप्रणयमूलक गजल रचनाहरूमा प्रेमीले आफ्नी प्रेयसीलाई मानुषी, साली, सुन्दरी, तिमी, उनीजस्ता शब्दहरूले सम्बोधन गर्दै प्रेमिकाको रूप, गुण र सुन्दरता यसरी अभिव्यक्त गरेका छन् :

(क) तिम्रो दिव्य अनुहार सामु शशि पनि नीला भए

झुठो बोल्दिनँ म यसमा सबै दिन्छन् ताली हजुर

*साली हजुर*, पृ. १७ ।

(ख) गाजले नानीको तिर्सना झन् मिठो

मोहिनी छौ तिमी तालमा मानुषी

*चञ्चले मानुषी*, पृ. १४ ।

प्रेमप्रणयभाव भएका गजलभित्रै प्रेयसीप्रति अगाध माया गर्दागर्दै पनि प्रेमसम्बन्ध गाँस्न नसक्दा प्रेमीका मनमा अनेक तर्कनाहरू खेल्न पुग्दछ र आफ्नो प्रेम कता निस्सार हुने त होइन भन्ने पिरलो प्रेमीमा परेको र प्रेमीले प्रेमिकाप्रति जिज्ञासा र आग्रह यसरी प्रकट गरिएको पाइन्छ :

(क) ओठ टोकी बस्छ्यौ किन ? मात लाग्यो कि ?

सुखदु:ख मिलाउँथे साथै लाइनौ ।

*पिरतीको भात*, पृ. २४ ।

(ख) मरिलानु के नै छ र सँगै बसौं सँगै बाँचौं

गण्डर्षिको कल्पना यो नजाओस् खाली हजुर

*साली हजुर*, पृ. १७ ।

यिनै विषयवस्तुहरू समेटिएको उनको यस कृतिभित्र समग्रमा कविता र गजल दुवै रचनामा विषयवस्तुगत विविधता पाइन्छ ।

### ४.२.५.५ भाषाशैली

भूपेन्द्र शर्मा भट्टराईको **गण्डर्षिका कविताहरू** कृतिको भाषाशैली सरल र सरस रहेको पाइन्छ । यस कृतिमा पद्य कविता, गद्य कविता र गजलहरूको सम्मिश्रणले लयात्मकता, बौद्धिकता, सरलता र श्रुतिमधुरता रहेको पाइन्छ । तत्सम, तद्भव, आगन्तुक र झर्रा शब्दको प्रयोगका साथै भावलाई सरल रूपमा प्रस्तुत गर्न विभिन्न प्रयुक्त लेख्यचिह्नहरू प्रश्न, अर्धविराम, उद्धरण, उद्गार, कोष्ठक, पूर्णविराम आदिको प्रयोग भएको पाइन्छ । यसैगरी नेपाली लोकजीवनमा प्रचलित उखानसमेत कविले प्रयोग गरेका छन् । यस कृतिमा संस्कृत र थारु भाषाका केही पदावलीसमेत पाइनाले भाषिक संयोजनमा कविको सिद्धहस्तता रहेको पाइन्छ । पद्य कवितामा शास्त्रीय छन्द, लोक वा झ्याउरे छन्द र स्वनिर्मित लयको प्रयोग हुनुको साथै गजल रचनाहरूमा रदिफ, काफिया र तखल्लुसको प्रयोगले भाषाशैलीमा सुनमा सुगन्ध थपिएको पाइन्छ ।

यस सङ्ग्रहमा नयन, देह, दीप, सत्यम्, शिवम्, सुन्दरम्, अश्रुजस्ता तत्सम शब्द, सेतो (श्वेत), रगत (रक्त), आँसु (अश्रु) जस्ता तद्भव शब्द, भेडीठिस, गुन्द्रुक, फुर्र-फुर्रजस्ता झर्रा शब्द र सिमेन्ट, एम्बुलेन्स, दिवानी, पायल, सौदाजस्ता आगन्तुक शब्द प्रयोग गरिएको पाइन्छ । यसैगरी 'बेला छँदै मेला हजुर, बैंस छँदै लाहुर' भन्ने प्रचलित उखान प्रयोग गरिएको पाइन्छ ।

### ४.२.५.६ दृष्टिबिन्दु

विवेच्य कृतिभित्रका कविता र गजलहरूमा शर्माले प्रथम, द्वितीय र तृतीय तीनै प्रकारका दृष्टिबिन्दुहरू प्रयोग गरिएको पाइन्छ । कुनै कुनै कविताहरूमा मिश्रित दृष्टिबिन्दु पनि प्रयोग भएको पाइन्छ । यस कृतिमा प्रयुक्त दृष्टिबिन्दुलाई यसप्रकार प्रस्तुत गरिएको छ :

(अ) **प्रथम पुरुष दृष्टिबिन्दु**

कल्पवृक्ष मुनि
बसेको ऋषि म गण्डर्षि
मैले गङ्गा झार्ने साधना गरेँ

*कल्पवृक्ष*, पृ. ६ ।

देखावटी भक्ति गरी हिँड्न जान्दिनँ
दिलैबाट ज्ञान पाई मर्न चाहन्छु ।

*बम भोले भन्दै*, पृ. ४३ ।

(आ) **द्वितीय पुरुष दृष्टिबिन्दु**

यौटा भूल भयो भनेर तिमीले देहै जलायौ किन ?
सानो दोष थियो विवेक नहुँदा त्यो बिर्सिएकी किन ?

*दोष छैन तिम्रो कतै,* पृ. ३३ ।

ओठ टोकी बस्छ्यौ किन ? मात लाग्यो कि
सुखदु:ख मिलाउँथे साथै लाइनौ ।

*पिरतीको भात,* पृ. २४ ।

(इ) **तृतीय पुरुष दृष्टिबिन्दु**

उसले क्रान्ति गरेको छ देशका लागि !
भेडीठिस क्रान्ति गरेको छ - पेटका लागि !
उसको जीवन उस्तै छ - अहिले पनि !
परिवर्तन आएको छैन - अहिले पनि
उसको जीवनमा !

*भैंडहर, मुसहर,* पृ. ११ ।

धनको साँचो मनको साँचो उसैसँग छ
सेवा गरे मेवा पनि घोल्छ ईश्वर

*ईश्वर,* पृ. २५ ।

## ४.२.५.७ केन्द्रीय भाव

भूपेन्द्र शर्मा भट्टराईको **गण्डर्षिका कविताहरू** कृतिभित्रका कविताहरूमा भाषा, साहित्य र संस्कृतिप्रतिको प्रेम, अग्रज साहित्यकारहरूप्रतिको श्रद्धा, समयअनुसार गतिशील साहित्यको अपेक्षा गरिएको पाइन्छ । यसैगरी राष्ट्र, राष्ट्रियता, राष्ट्रिय एकता, स्वतन्त्रता, मानवता, शान्ति र आत्मस्वाभिमानप्रति गम्भीर चिन्तन प्रस्तुत भएको पाइन्छ । मातृभूमिको ऐतिहासिक, सांस्कृतिक, भौगोलिक र प्राकृतिक महिमा पनि कविताहरूमा पाइन्छ । यसैगरी साहित्यसेवा, देश रक्षार्थ वीरता र शहादत प्राप्त गरेका ऐतिहासिक युगपुरुषहरूप्रति सम्मान र श्रद्धा व्यक्त गरी वर्तमान र भावी पुस्ताका युवाहरूलाई श्रम, पसिना र राष्ट्रसेवामा समर्पित बन्न आह्वान

गरी राष्ट्रको उज्ज्वल भविष्य निर्माणको कामना कवितामा मूलभाव बन्न पुगेको पाइन्छ । कतै गरिब, इमान्दार र परिश्रमी जनताको मिहिनेतको प्रशंसा गर्दै उनीहरूको दयनीय अवस्थाप्रति सहानुभूति प्रकट गरिएको पाइन्छ भने कतै शासकवर्ग र नेतृत्ववर्गको कार्यशैली, देशमा विद्यमान भ्रष्टाचार, शोषण, दमन, अन्याय र अत्याचारप्रति व्यङ्ग्य प्रहार भएको पाइन्छ । यसैगरी ईश्वर वन्दना, धार्मिक सहिष्णुता, आध्यात्मिक चिन्तन, औपदेशिकता एवम् नैतिक सन्देश पनि कविताहरूमा मूलभाव वा केन्द्रीय भावका रूपमा देखापरेको पाइन्छ ।

यस कृतिभित्रका गजलहरूमा प्रेमीप्रेमिकाबीचको प्रेमाकर्षण, रतिरागात्मक सम्बन्ध र शृङ्गारिकतालाई प्रस्तुत गरिएको पाइन्छ । यसैगरी धार्मिक चेतना, ईश्वरीय चिन्तन, आध्यात्मिक चिन्तन, साहित्यिक चिन्तन, क्रान्तिकारी विचार, लोकतान्त्रिक चाहना, अग्रज प्रतिभाप्रति श्रद्धा प्रस्तुत गरी प्रेम, धर्म, साहित्य, राजनीति र सम्पूर्ण मानवजगत्बीचको अन्तरसम्बन्ध र सारतत्त्व कुरालाई प्रकाश पार्न खोजिएको पाइन्छ ।

समग्रमा यस कृतिभित्रका गजलहरूमा प्रेमप्रणय, साहित्यिक चिन्तन, आध्यात्मिक चिन्तन, धार्मिक चेतना र ईश्वर स्तुति नै केन्द्रीय भावका रूपमा देखापरेको पाइन्छ ।

### ४.२.५.८ लयविधान

विवेच्य कृतिभित्रका कविताहरू पद्य र गद्य दुवै लयमा रचिएका छन् । गद्य कविताहरूमा आन्तरिक लय पाउन सकिन्छ भने पद्य कवितामा शास्त्रीय छन्द, झ्याउरे र स्वनिर्मित लयको प्रयोग भएको पाइन्छ । लयविधानका दृष्टिले यस कृतिमा २० वटा गद्य कविता र १२ वटा पद्य कविता रहेका छन् । गद्य कवितामा पनि कहीँकहीँ आनुप्रासिकता पाइन्छ साथै कवितामा प्रयुक्त गद्यले भाव र विषयलाई राम्रैसँग पक्रिएको पाइन्छ । आन्तरिक लयका दृष्टिले यस कृतिका रचनाहरू उत्कृष्ट नै रहेका छन् । जस्तै :

हित-अहित र शास्त्र भाव - बोल्छ साहित्य
गतिशील समयको दिलको भाव - खोल्छ साहित्य
समयको गतिसँगै चल्छ साहित्य
समाजको शब्दचित्र - बोल्छ साहित्य

*समय-साहित्य,* पृ. २ ।

दृष्टिहीन धृतराष्ट्रबाट
दाजुभाइको यो द्वन्द्व
के अब शान्त होला
निरङ्कुश मनहरू

किन हुँदैनन् शान्त

सबै नेपालीको

आँखामा किन जन्मदैन

यौटा फेरि नयाँ बुद्ध

*लडाइँमा जनता,* पृ. ४८ ।

यस कृतिमा रहेका पद्य कविताहरू शास्त्रीय छन्द, झ्याउरे र स्वनिर्मित लयले बाह्यलयका साथै विषयवस्तु र भावलाई समेत समेटेको पाइन्छ । यस कृतिका पद्य कविताको लयविधानलाई यसरी प्रस्तुत गर्न सकिन्छ :

**(अ) मन्दाक्रान्ता छन्द**

मन्दाक्रान्ता छन्दको प्रत्येक पाउमा १७-१७ वर्ण वा अक्षरहरू हुन्छन् । यस छन्दमा गणको स्थिति र क्रम तथा यति-विधान यस्तो हुन्छ :

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| गणको नाम | : | म | भ | न | त | त | गु | गु |
| गण-चिह्न | : | ऽऽऽ | ऽ।। | ।।। | ऽऽ। | ऽऽ। | ऽ | ऽ |
| यति-विधान | : | चारौँ, दसौँ र सत्रौँ वर्णमा । | | | | | | |

राम्रा-राम्रा तरल रचना काव्यका रत्नहार

आफ्नै भाषा गजल-कविता भावना औ विचार

*शिव भन्नुहुन्थ्यो,* पृ. ३० ।

**(आ) उपजाति छन्द**

उपजाति छन्द कुनै छुट्टै वा स्वतन्त्र छन्द नभएर इन्द्रवज्रा र उपेन्द्रवज्रा यी दुई छन्दहरूको सम्मिलित रूप हो । यसअन्तर्गत पर्ने उक्त दुई छन्दहरूको लक्षणलाई तल दिइएको छ :

इन्द्रवज्रा

| | | | | | | |
|---|---|---|---|---|---|---|
| वर्ण-सङ्ख्या | : | प्रत्येक पाउमा ११-११ वर्ण या अक्षर । | | | | |
| गणको नाम | : | त | त | ज | गु | गु |
| गण-चिह्न | : | ऽऽ। | ऽऽ। | ।ऽ। | ऽ | ऽ |
| यति-विधान | : | एघारौँ वर्णमा । | | | | |

उपेन्द्रबज्रा

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| वर्ण-सङ्ख्या | : | प्रत्येक पाउमा ११-११ वर्ण या अक्षर । | | | | | |
| गणको नाम | : | ज | त | ज | गु | गु | |
| गण-चिह्न | : | ।ऽ। | ऽऽ। | ।ऽ। | ऽ | ऽ | |
| यति-विधान | : | एघरौँ वर्णमा । | | | | | |

साहित्यको दीप जलाउँदैछौँ
सु-काव्य धारा मधु यो दिँदैछौँ ।

*शिव भन्नुहुन्थ्यो,* पृ. ३० ।

## (इ) शार्दूलविक्रीडित छन्द

शार्दूलविक्रीडित छन्दको प्रत्येक पाउमा १९-१९ वर्ण वा अक्षरहरू हुन्छन् । यस छन्दमा गणको स्थिति र क्रम तथा यति-विधान निम्नलिखितअनुसार भएको हुन्छ :

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| गणको नाम | : | म | स | ज | स | त | त | गु |
| गण-चिन्ह | : | ऽऽऽ | ।।ऽ | ।ऽ। | ।।ऽ | ऽऽ। | ऽऽ। | ऽ |
| यति-विधान | : | बाह्रौँ र उन्नाइसौँ वर्णमा । | | | | | | |

मेरो भिन्न-अभिन्न मित्र कविता गण्डर्षिको कामना
आत्मा भै दिलमा सदैव बस है मेरी प्रिया साधना

*दोष छैन तिम्रो कतै,* पृ. ३२ ।

## (ई) वसन्तलिका छन्द

वसन्तलिका छन्दको प्रत्येक पाउमा १४-१४ वर्ण या अक्षरहरू हुन्छन् । यस छन्दमा गणको स्थिति र क्रम तथा यति-विधान यस्तो हुन्छ :

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| गणको नाम | : | त | भ | ज | ज | गु | गु |
| गण-चिन्ह | : | ऽऽ। | ऽ।। | ।ऽ। | ।ऽ। | ऽ | ऽ |
| यति-विधान | : | आठौँ र चौधौँ वर्णमा । | | | | | |

माटो छ सुन्दर सफा हिम शैल राम्रो ।

पानी मिठो छ झरना अझ दिव्य हाम्रो ॥

*स्वर्गाधिक नेपाल*, पृ. ५४ ।

(उ) **झ्याउरे छन्द**

झ्याउरे छन्दमा ५ + ५ + ६ गरी १६ वा ५ + ५ + ७ गरी १७ वर्ण रहेका हुन्छन् । यसमा गण र मात्राको अनुशासन रहन्न । जस्तै:

आजको रात कसरी काटूँ सक्तिन बिर्सन

मायाको पोको खोलिँदै जान्छ भेटिन्न तिर्सना ।

*धन र मन*, पृ. ३३ ।

यसरी शास्त्रीय लय र लोक छन्द दुवैको प्रयोग भएकाले लयविधानका दृष्टिले यो कृति उत्कृष्ट रहेको पाइन्छ ।

## ४.२.५.९ बिम्ब र प्रतीक

भूपेन्द्र शर्मा भट्टराईको **गण्डर्षिका कविताहरू** कृतिभित्रका रचनाहरूमा बिम्ब र प्रतीकको प्रयोगका दृष्टिले प्राय: गद्य कविताहरू बिम्ब र प्रतीकप्रधान रहेको पाइन्छ भने कुनै कुनै पद्य कविता र गजलहरूमा पनि बिम्ब र प्रतीक प्रयोग भएको पाइन्छ । यस कृतिमा केही परम्परित प्रतीक र धेरैजसो नवनिर्मित प्रतीक भएको पाइन्छ । यस कृतिमा प्रयुक्त प्रतीक र तिनका प्रतीकात्मक अर्थलाई यसरी हेर्न सकिन्छ :

| | | |
|---|---|---|
| भ्यागुतो | - | अतिक्रमित स्थान सुस्ता |
| फूल | - | गणतन्त्र |
| सेतो सहर | - | रित्तो वा शून्य देश |
| अँगार | - | विनाश, मृत्यु |
| भँगेरो | - | पत्रकार |
| खेत | - | प्राध्यापन पेसा |
| बड्का दाइ | - | सर्वसाधारण नेपाली |

यसैगरी यस कृतिमा राजनैतिक, काव्य, ऐतिहासिक, ग्राम्य, प्रणय, पौराणिक, क्रान्ति र प्रतीकात्मक बिम्बहरूको प्रयोग भएको पाइन्छ । बिम्ब र प्रतीकको कुशल प्रयोग भएको एउटा कवितांश यसप्रकार छ :

सहस्र वर्ष बाँच्ने म
जटायु भएर के काम ?
रावणी वृत्तिले पाइरहेछ सलाम
सर्पले भ्यागुतो निलेझैँ
मेरी सुस्ता
सर्लक्क निल्दैछ ।

*ओम् शान्ति*, पृ. ३ ।

प्रस्तुत कवितांशमा जटायुलाई न्याय, धर्मका पक्षधर नेपाली जनता र रावणलाई दुष्ट, शोषक र अत्याचारीको प्रतीकका रूपमा प्रस्तुत गरिएको छ भने सर्पलाई नेपाली सीमा अतिक्रमण गर्ने विदेशी शक्ति र भ्यागुतालाई अतिक्रमित भूमि सुस्ताको प्रतीक प्रयोग गरेर पौराणिक बिम्ब र समसामयिक राजनैतिक बिम्ब प्रयोग भएको पाइन्छ । यस कृतिका गजलहरूमा प्रणय बिम्बकै प्रधानता रहेको पाइन्छ । प्रणय बिम्ब प्रयोग भएको गजलको एउटा अंश यसप्रकार प्रस्तुत गर्न सकिन्छ :

गाउँदै थिएँ नजरको तीर हानी गजबको
कर्केनजर नै उसले प्यार मानी गजबको

*नजरको तीर*, पृ. २१ ।

### ४.२.५.१० अलङ्कार

विवेच्य कृति **गण्डर्षिका कविताहरू**मा रचनाकार शर्माले शब्दालङ्कार र अर्थालङ्कारको प्रयोग गरी रचनाहरूलाई श्रुतिमधुर, संवेद्य एवम् सरस तुल्याएको पाइन्छ । अलङ्कार प्रयोगका दृष्टिले यस कृतिलाई समग्रमा उत्तम मान्न सकिन्छ । यस कृतिमा प्रयुक्त केही शब्दालङ्कार र अर्थालङ्कारको प्रयोग यसप्रकार रहेको पाइन्छ :

**(अ) अन्त्यानुप्रास अलङ्कार**

प्रत्येक हरफको अन्त्यमा गरिने समान वर्णको पुनरावृत्तिलाई अन्त्यानुप्रास भनिन्छ । यस कृतिमा रहेको अन्त्यानुप्रासलाई यहाँ यसरी प्रस्तुत गरिएको छ :

मान्छे एक कथा बनेर रमिता संसारमा गर्दछ ।

छाडी रम्न अगम्य दीप्ति किन हो पाखण्ड भै मर्दछ ।

*किन मान्छे बुद्ध*, पृ. ३६ ।

यसमा पहिलो र दोस्रो हरफका अन्त्यमा आएका रेखाङ्कित शब्द 'गर्दछ' र 'मर्दछ' ले कवितामा अन्त्यानुप्रास सिर्जना भएको छ ।

**(आ) छेकानुप्रास अलङ्कार**

उही क्रममा अनेक व्यञ्जनको एक पुनरावृत्तिलाई छेकानुप्रास भनिन्छ । छेकानुप्रास अलङ्कारको एउटा नमुना यस्तो रहेको छ :

मानिसभित्र चेतना हुन्छ चेतनभित्र दीप

त्यही दीप-शिखा बलेमा हुन्छ संसार समीप

*धन र मन*, पृ. ३३ ।

यसमा च्, त्, न्, भ्, त्र्, द्, प् व्यञ्जनको एक पुनरावृत्ति भएकाले छेकानुप्रास अलङ्कार प्रयोग भएको पाइन्छ ।

**(इ) श्लेष अलङ्कार**

एक शब्दले अनेक अर्थ दिन्छ भने त्यसलाई श्लेष भनिन्छ । श्लेष अलङ्कारको एउटा नमुना यहाँ प्रस्तुत गरिएको छ :

आज !

को जाग्रत छ देशको लागि !

को अहोरात्र खटेको छ देशका लागि

जननी र जन्मभूमिको

सम्मानका खातिर

*पूर्णिमा*, पृ. २९ ।

यसमा 'को जाग्रत' शब्दले कोजाग्रत पूर्णिमा र को जाग्रत वा जागेको भन्ने भिन्न-भिन्न अर्थ दिएकाले यहाँ श्लेष अलङ्कार प्रयोग भएको देखिन्छ ।

**(ई) उपमा अलङ्कार**

दुई व्यक्ति वा वस्तु (उपमेय र उपमान) को सादृश्य वा तुल्यतालाई उपमा अलङ्कार भनिन्छ । यसको नमुना यसप्रकार छ :

वंशको वृक्षमा ध्रुवझैँ चम्कनु,

वित्तको लोकमा लक्ष्मिझैँ फैलिनु

*कामना,* पृ. ६३ ।

यसमा उपमेय पुत्र वा सन्तानलाई उपमान ध्रुव र लक्ष्मीसँग वाचक शब्द 'झैँ' ले समान धर्म चम्कनु र फैलनु व्यक्त गरेको हुनाले उपमा अलङ्कार प्रयोग भएको पाइन्छ ।

**(उ) रूपक अलङ्कार**

उपमेयमा उपमानको अभेद आरोप गरी फलानु नै फलानु हो भन्नुलाई रूपक अलङ्कार भनिन्छ । यसको प्रयोग यस्तो छ :

ब्ल्याकबोर्ड

सेतो अक्षरले पुरिन्छ

अक्षरै अक्षरले खेती

गर्छ - ब्ल्याकबोर्डभरि

उसको खेत ब्ल्याकबोर्ड

उसको घर ब्ल्याकबोर्ड ।

*उसको खेत,* पृ. ५९ ।

यसमा उपमेय खेत र घर दुवैलाई उपमान ब्ल्याकबोर्डसँग अभेद सम्बन्ध देखाइएकाले रूपक अलङ्कारको प्रयोग भएको पाइन्छ ।

**(ऊ) उत्प्रेक्षा अलङ्कार**

उपमेयमा उपमानको सम्भावना देखाउँदा प्रकट हुने अर्थालङ्कारलाई उत्प्रेक्षा अलङ्कार भनिन्छ । यसको उदाहरण यसरी प्रस्तुत गरिएको छ :

मान्छे एक मुहान हो अगम औ सानन्दको प्रेमको

आफैभित्र फुलेर मगमग भए त्यो पुष्प वासन्त्यको

*किन मान्छे बुद्ध,* पृ. ३६ ।

यहाँ उपमेय मान्छे र उपमान पुष्प परस्परमा भिन्न वस्तु भईकन पनि मान्छे नै पुष्प हो कि भन्ने सम्भावना देखाइएकाले उत्प्रेक्षा अलङ्कार अभिव्यक्त भएको पाइन्छ ।

**(ए) सन्देह अलङ्कार**

प्रस्तुत विषयमा यस्तो हो कि उस्तो हो भनी शङ्का पैदा भएमा त्यसलाई सन्देह अलङ्कार भनिन्छ । यस कृतिमा एउटा नमुना यसरी प्रयोग भएको छ :

के यो गण्डर्षिको वचन !

के त्यो आप्तवचन !

हाम्रो लागि सिद्ध हुँदैन

या भनुँ

कल्पवृक्ष शक्तिहीन भयो

वा भनुँ

हामी शक्तिहीन भयौँ

भन त आमा भन ... ।

*कल्पवृक्ष*, पृ. ७ ।

यसमा वचन सिद्ध हुने कुरामा कल्पवृक्ष वा हामी शक्तिहीन भयौँ भन्ने शङ्का पैदा भई कुन हो भन्ने सन्देह भएकाले यहाँ सन्देह अलङ्कारको अभिव्यक्ति पाइन्छ ।

**(ऐ) लोकोक्ति अलङ्कार**

उखान, टुक्का र अन्य लोककथाको प्रयोग भएमा लोकोक्ति अलङ्कार हुन्छ । यसको नमुना यसप्रकार छ :

बेला छँदै मेला हजुर बैंस छँदै लाहुर

प्रीति अब के फुल्छ र बादल छाएपछि

*नमीठो माया*, पृ. २२ ।

यसमा 'बेला छँदै मेला हजुर बैंस छँदै लाहुर' भन्ने नेपाली प्रचलित उखान प्रयोग भएकाले लोकोक्ति अलङ्कारको अभिव्यक्ति पाइन्छ ।

### ४.२.५.११ रसविधान

भूपेन्द्र शर्मा भट्टराईको **गण्डर्षिका कविताहरू** कृतिका रचनाहरूमा विभिन्न रसहरूको प्राधान्य रहेको पाइन्छ । रसविधानका दृष्टिले प्रस्तुत कृति उत्तम रहेको देखिन्छ । यस कृतिमा प्रस्तुत रसहरूलाई यसप्रकार देखाउन सकिन्छ :

**(अ) शृङ्गाररस**

रति स्थायीभाव हुने रसलाई शृङ्गाररस भनिन्छ । यसमा नायक वा नायिका आलम्बन विभाव, एकान्त ठाउँ, बगैँचा, जुनेली रात, कोइली, भमराको भुनुनु आदि उद्दीपन विभाव, कर्के हेराइ, आँखा झिम्काइ, परस्पर हेराइ आदि अनुभाव तथा व्रीडा, मोह, हर्ष, चिन्ता, उन्माद, स्वप्न, चपलता आदि व्यभिचारीभाव हुन्छन् । यस कृतिभित्र शृङ्गाररस यसरी अभिव्यक्त भएको नमुना यस्तो छ :

असङ्ख्य प्रेम-दीपिका जलाउँछ्यौ प्रिया किन ?

कटाक्षपूर्ण नेत्रले लठाउँछ्यौ प्रिया किन ?

अटुट प्रेम चित्रिका हटेन फेरि क्यै गरी

मलाई बाँध रूपसी सदैव अञ्जुली भरी ।

*सम्झनामा उनी,* पृ. ३४ ।

यसमा आलम्बन विभाव प्रिया वा नायिका, उद्दीपन विभाव असङ्ख्य दीप र कटाक्षपूर्ण नेत्र अनुभावका रूपमा आएको छ । यसले उन्माद र मोहजस्ता व्यभिचारीभाव उत्पन्न भई स्थायीभाव रतिको आस्वाद्य हुन गएकाले यहाँ शृङ्गाररसको अभिव्यक्ति पाइन्छ ।

**(आ) वीररस**

उत्साह स्थायीभाव हुने रसलाई वीररस भनिन्छ । यसमा शत्रु, विरोधी, दु:खी, पीडित आदि आलम्बन विभाव, शक्ति, हाँक, हातहतियार, संहार-लीला आदि उद्दीपन विभाव, सजगता, सहायताको खोजी, गर्वपूर्ण बोली आदि अनुभाव र स्मृति, गर्व, आवेग, ग्लानि आदि व्यभिचारीभाव हुन्छन् । यहाँ वीररस यसरी अभिव्यक्त भएको छ :

छुराको धार जस्तै

धारिलो हतियारले

सुस्तावासी रेटिँदैछन् - दक्षिणतिरबाट !

उठ जाग र लाग न शासकहरू !

सुस्ता हराउँदैछ - नेपाली माटोबाट

*नेपाली माटोबाट,* पृ. ६२ ।

यसमा सुस्तावासी आलम्बन विभाव, धारिलो हतियार उद्दीपन विभाव र उठ्नजाग्न गरिएको आह्वान अनुभावको रूपमा आई आवेग, ग्लानि आदि व्यभिचारीभाव उत्पन्न भएको छ र स्थायीभाव उत्साह आस्वाद्य बन्न पुगेको छ । त्यसैले यहाँ वीररसको अभिव्यक्ति पाइन्छ ।

**(इ) करुणरस**

शोक स्थायीभाव हुने रसलाई करुणरस भनिन्छ । यसमा विनष्ट व्यक्ति वा वस्तु आलम्बन विभाव, त्यस्ता व्यक्ति वा वस्तुको सम्झना, सम्झेर हुने पीडा, छटपटी आदि उद्दीपन विभाव, रुनु, कराउनु, विलाप गर्नु आदि अनुभाव तथा निर्वेद, मोह, ग्लानि, चिन्ता, विषाद आदि व्यभिचारीभाव हुन्छन् । यस कृतिभित्रको एउटा अंशमा करुणरस अभिव्यक्त भएको छ :

उता लासघरमा

कैयौँ घाइते वीरहरू

ऐय्या ... ऐय्या ... चिच्याइरहेछन्

पानी मागिरहेछन्

बचाउन आग्रह गरिरहेछन्

मात्र घाइते छन्

तर ज्यूँदाहरू लासघरमा

मृत घोषित भएका छन्

हामी सुन्न सक्छौँ -

'म कहाँ छु ? बाँच्न चाहन्छु'

*ज्यूँदाहरूको लास,* पृ. १९ ।

यसमा घाइते वीरहरू आलम्बन विभाव, ऐय्या भन्नु, पानी माग्नु उद्दीपन विभाव, बचाउन आग्रह गर्नु अनुभावका रूपमा आई चिन्ता, विषाद, मोहजस्ता

व्यभिचारीभाव उत्पन्न भई स्थायीभाव शोक रसावस्थामा आस्वाद्य हुन पुगेकाले करुणरसको अभिव्यक्ति पाइन्छ ।

**(ई) वीभत्सरस**

घृणा वा जुगुप्सा स्थायीभाव हुने रसलाई वीभत्सरस भनिन्छ । यसमा घिनलाग्दो वा दुर्गन्धित प्राणी, वस्तु, ठाउँ आदि आलम्बन विभाव, दुर्गन्ध, विकृति आदि उद्दीपन विभाव, नाक थुन्नु, आँखा चिम्लनु, थुक्नु आदि अनुभाव तथा आवेग, मोह, ग्लानि, चिन्ता आदि व्यभिचारीभाव हुन्छन् । यसको एउटा नमुना यसरी हेर्न सकिन्छ :

दसैंको उल्लास छर्दै थियो तर

सडकभरि

मान्छे !

अकस्मात् ड्याम्म ढल्छ

एम्बुलेन्स आइपुग्दा नपुग्दै

सडकभरि बग्छ - रगत

मानव - शून्य सडकमा

टल्किरहेको हुन्छ -

राताराता - तातातातता - रगतका टाटाहरू !

*ज्यूँदाहरूको लास,* पृ. १८ ।

यसमा रगताम्य लास आलम्बन विभाव, रगतका टाटाहरू उद्दीपन विभाव र यसबाट उत्पन्न ग्लानि, चिन्ता आदि व्यभिचारीभावका रूपमा आई स्थायीभाव जुगुप्सा रसावस्थामा आस्वाद्य बनेकाले यहाँ वीभत्सरसको अभिव्यक्ति पाइन्छ ।

**(उ) अद्भुत रस**

विस्मय स्थायीभाव हुने रसलाई अद्भुत रस भनिन्छ । यसमा अनौठो वा असाधारण व्यक्ति, वस्तु, ठाउँ आदि आलम्बन विभाव, विस्मय, आश्चर्य, विचित्रता आदि उद्दीपन विभाव, आँखा ठूला हुनु, ट्वाल्ल पर्नु, अक्क न बक्क हुनु आदि अनुभाव तथा आवेग, तर्क, जडता, औत्सुक्य आदि व्यभिचारीभाव हुन्छन् । यस कृतिको एउटा अंशमा यसरी अद्भुत रस अभिव्यक्त भएको छ :

म खोज्दै हिँडिरहेको छु -

रङ्गहरूसँग - शान्तिको रङ्ग !

सयौँ हिरण्यकश्यपुहरू !

जुर्मुराउँदै छन् - होलिकाहरू !

दहन गरेर के भो त !

ब्युतँदै छन् - होलिकाहरू !

*रङ्ग*, पृ. १३ ।

यसमा हिरण्यकश्यपु र होलिका आलम्बन विभावको उपस्थितिले विस्मय, आश्चर्य उद्दीपन विभावका रूपमा आउनु तथा दहनपश्चात् देखेर अक्क न बक्क हुनु अनुभाव र यसबाट उत्पन्न आवेग, औत्सुक्य आदि व्यभिचारीभावले स्थायीभाव विस्मयको आस्वाद्य हुन गएकाले यसमा अद्भुत रसको अभिव्यक्ति पाइन्छ ।

यसरी रसविधानका दृष्टिले यो कृति उच्चस्तरको मान्न सकिन्छ ।

### ४.२.५.१२ **निष्कर्ष**

**गण्डर्षिका कविताहरू** कृतिमा साहित्यकार भूपेन्द्र शर्मा भट्टराईका कविता र गजलहरू सङ्कलन गरिएको पाइन्छ तसर्थ यस कृतिले स्रष्टाको कवित्व र गजलकारिताको पहिचानमा थप टेवा पुऱ्याउन सफल देखिन्छ । यस कृतिमा उनका फुटकर रूपमा विभिन्न पत्रपत्रिका र स्मारिकाहरूमा प्रकाशित एवम् विभिन्न कार्यक्रम र रेडियोमा प्रसारित कविता र गजलहरू सङ्ग्रह गरिएका छन् । यस कृतिमा सन् १९८५ देखि २०१० सम्मका रचनाहरू रहेकाले स्रष्टाका प्रथम र द्वितीय चरणका साहित्यिक विशेषता पाउन सकिन्छ । गद्य, पद्य कविता र गजल रचनाहरू एउटै कृतिभित्र रहेकाले यस कृतिमा पाठकवर्गले स्रष्टाको बहुमुखी प्रतिभाको चिनारी पाउन सक्ने देखिन्छ । राष्ट्रभक्ति, राष्ट्रियता, विकृति-विसङ्गतिप्रति व्यङ्ग्य, ईश्वरभक्ति, निम्नवर्गप्रति सहानुभूति, स्रष्टा र सपूतप्रति श्रद्धा, प्रेमप्रणय आदि व्यक्त भएका उनका रचनाहरूको संरचना, लयविधान, रस, अलङ्कार, बिम्ब-प्रतीकजस्ता तत्त्वहरूको समुचित प्रयोग भएको पाइन्छ । समग्रमा यस कृतिले नवलपरासी जिल्लाको कविता र गजलविधामा उल्लेखनीय चिनारी दिन सफल रहेको पाइन्छ ।

## ४.२.६ **'केही द्रष्टा : केही दृष्टि' समालोचनात्मक लेखसङ्ग्रहको अध्ययन**

यस शीर्षकअन्तर्गत **केही द्रष्टा : केही दृष्टि** कृतिको परिचय, शीर्षक, संरचना, विषयवस्तु, भाषाशैली आदिको अध्ययन गरिएको छ ।

### ४.२.६.१ परिचय

**केही द्रष्टा : केही दृष्टि** समालोचक भूपेन्द्र शर्मा भट्टराईको वि.सं. २०४७ मा तीर्थनारायण महर्जनद्वारा प्रकाशित प्रथम समालोचनात्मक कृति हो । यो कृति ४९ पृष्ठको पाठ्यवस्तु भएको लघु आकारको रहेको छ । बाहिरी आवरण पृष्ठमा अगाडिपट्टि दण्डपाणि उपाध्यायले कालो र सेतो रङमा दुई आँखा, रुख र अन्य अमूर्त आकृतिको चित्र उतारेका छन् र तल भूपेन्द्र शर्मा भट्टराई लेखी लेखकको चिनारी दिइएको छ । अन्तिम बाहिरी आवरण पृष्ठमा भूपेन्द्र शर्मा भट्टराईको छायाँचित्र र उनी तथा उनका कृति, पेसा र पदको परिचय दिइएको पाइन्छ । आवरण पृष्ठबाहेक सुरुका ८ पृष्ठमा कृति र कृतिकारको परिचय, शुभकामना, प्राक्कथन, विषयसूचीमा खर्चिएको छ भने ४९ पृष्ठमा पाठ्यवस्तु राखिएको छ । यस कृतिको सङ्कलन नारायणी भट्टराईले गरेकी छन् र यस कृतिको वितरक सृजना पुस्तक पसल, शिवबस्ती, नवलपरासी रहेको छ । मनश्री प्रिन्टिङ प्रेस, कमलाक्षी, काठमाडौँमा यसको मुद्रण भएको पाइन्छ । प्रथम संस्करण वि.सं. २०४७ मा १००० प्रति प्रकाशित गरिएको पाइन्छ । हिमांशु थापाले यस कृतिको सन्दर्भमा *सम्मति : शुभकामना* शीर्षकमा स्नातकोत्तर तह नेपाली विषयको समालोचनाका लागि निकै उपयोगी हुने कुरा व्यक्त गरेका छन् । यस कृतिमा विभिन्न पत्रपत्रिकाहरूमा प्रकाशित लेखरचनाहरूको सङ्कलन गरिएको पाइन्छ । यसमा समालोचक शर्माका ७ वटा समालोचनात्मक लेख सङ्कलित रहेका छन् ।

### ४.२.६.२ शीर्षक

यस कृतिको नाम यसै कृतिभित्रका सातवटा समालोचनात्मक लेखमध्येको सातौँ स्थानमा पृ. ४१ देखि ४९ सम्मको *केही द्रष्टा : केही दृष्टि* लेखबाट जुराइएको पाइन्छ । नौजना प्रमुख नेपाली समालोचनाको उत्तरवर्ती युगका समालोचकहरूको बारेमा यस लेखमा चर्चा गरिएकाले यस कृतिको नाम **केही द्रष्टा : केही दृष्टि** पूर्णत: शीर्षकविधानका दृष्टिले उपयुक्त रहेको पाइन्छ साथै यस कृतिका अन्य लेखहरूमा पनि विभिन्न समालोचकहरूका बारेमा टीकाटिप्पणी गरिएको पाइन्छ । प्रस्तुत कृतिमा नेपाली साहित्य र समालोचनाका द्रष्टा व्यक्तिमाथि नै दृष्टिपात गरिएको हुनाले कृतिको शीर्षक सार्थक रहेको देखिन्छ ।

### ४.२.६.३ संरचना

**केही द्रष्टा : केही दृष्टि** समालोचनात्मक कृति बाह्य संरचनाका दृष्टिले ४९ पृष्ठको पाठ्यवस्तु भएको लघु आकारको कृति हो । यस समालोचनात्मक कृतिभित्र सातवटा समालोचनात्मक लेखहरू सङ्कलित छन् । विभिन्न समयमा विभिन्न पत्रपत्रिकाहरूमा प्रकाशित लेखहरूको सङ्कलन गरी कृतिको रूपमा प्रकाशित गरिएकाले नेपाली समालोचना विधाको उठान र विकास प्रक्रियालाई समेट्ने प्रयास गरिए पनि विकासक्रमको व्यवस्थित रूप दिन

नसकेको पाइन्छ । यस कृतिभित्रका लेखहरू आयाम वा आकारका दृष्टिले समान छैनन् । यस कृतिको विषयसूचीमा क्रमभङ्ग रहेको देखिन्छ । विषयवस्तुलाई हेरेर क्रम अघिपछि पारिएकाले विषयसूचीअनुसार क्रमिक रूपमा पढ्नका लागि अनुरोध गरिएको पाइन्छ । पहिलो लेख *नेपाली समालोचनाको पहिलो चेष्टा* ४ पृष्ठ, *ज्ञवाली शर्मा : अमर समीक्षकका रूपमा* ७ पृष्ठ, *दुई समालोचकबारे केही कुरा* ४ पृष्ठ, *खोज अन्वेषण परम्पराका अविष्मरणीय प्रतिभा* ११ पृष्ठ, *प्रवास : एक दृष्टि* ११ पृष्ठ, *साहित्यिक इतिहास छोटो चिन्तन* ३ पृष्ठ र *केही द्रष्टा : केही दृष्टि* ९ पृष्ठ गरी ४९ पृष्ठको पाठ्यवस्तु रहेको छ । यी सातवटा लेखहरूमा २८ जना समालोचक, अन्वेषक र इतिहासकारहरूको बारेमा चर्चा गरिएको पाइन्छ ।

### ४.२.६.४ विषयवस्तु

**केही द्रष्टा : केही दृष्टि** समालोचनात्मक लेखसङ्ग्रहभित्र नेपाली समालोचनाको उठान, विकासक्रम र नेपाली समालोचक, अन्वेषक र इतिहासकारहरूको बारेमा सङ्क्षिप्त तर स्पष्ट चर्चा गर्न खोजिएको पाइन्छ । यस कृतिमा सङ्कलित लेखहरूलाई समग्रमा भन्दा छुट्टछुट्टै विश्लेषण गर्नु सान्दर्भिक रहेको पाइन्छ । विषयसूचीअनुसार यसभित्रका लेखहरू अघिपछि परे पनि विषयसूचीअनुरूप नै यसभित्रका लेखहरूको चर्चा गरिएको छ ।

#### ४.२.६.४.१ नेपाली समालोचनाको पहिलो चेष्टा

*नेपाली समालोचनाको पहिलो चेष्टा* प्रस्तुत कृतिको पहिलो लेख हो । समालोचक शर्माको प्रस्तुत लेख **नवरस** र **नयाँकिरण** पत्रिकामा यसभन्दा पूर्व नै प्रकाशित भएको छ । यस लेखमा शर्माले नेपाली समालोचनाको उठान, स्थापना र विकास प्रक्रियालाई देखाउने चेष्टा गरेका छन् । नेपाली समालोचनाको क्षेत्रमा पहिलो चेष्टाको रूपमा मोतीराम भट्ट र उनको **कवि भानुभक्तको जीवनचरित्र** (१९४८) लाई र पूर्व चेष्टाको अन्त्य राममणि आ.दी. सम्मलाई लिएका छन् ।

मोतीराम भट्टभन्दा अघि शक्तिवल्लभ अर्यालको **हास्यकदम्ब**, हीनव्याकरणी विद्यापतिको **नायिका भेद**, पतञ्जलि गजुऱ्यालको **अनुनय पद्य** र **रसवर्णन** छविलाल नेपालको **भानुभक्त** शीर्षकको पद्य कविता आदि उपलब्ध कृति भए पनि यी सबैमा समालोचनाको ध्येयभन्दा चिनारीको वा सामान्य परिचर्चा मात्र भएको हुनाले समालोचनाको ध्येयले कलम चलाउने प्रतिभा मोतीराम भट्ट र राममणि आ.दी.लाई लिनुपर्ने कुरामा उनले जोड दिएका छन् । मोतीराम भट्टलाई स्रष्टा, द्रष्टा, प्रकाशक, मण्डलीका नेता, अन्वेषक, सम्पादकजस्ता बहुमुखी व्यक्तित्वका धनी एवम् माध्यमिक कालका युगनिर्माताका रूपमा चिनाउने प्रयत्न गरेका छन् ।

यसैगरी मोतीरामको निधनपछि समालोचनाको क्षेत्रमा त्यति चहलपहल नभएको र यसपछि राममणि आ.दी.को सक्रियतामा **माधवी** (२०६५) पत्रिका प्रकाशन हुन थालेपछि राममणि आ.दी.को *कविता रीति* (२०६५) लेख **माधवी**मा प्रकाशित भएपछि मात्र समालोचना देखापर्दछ । हलन्त बहिष्कार, स्तरीय भाषा र साहित्यको रचना गर्न कविहरूलाई आह्वान गरिएको उनको लेख **माधवी**को अङ्क २, ३, ४ र ५ मा क्रमशः छन्द, भाषा, अर्थ र विषय उपशीर्षकमा विभाजन गरिएको हुनाले उनमा समालोचकीयभन्दा पनि साहित्यिक सिद्धान्तको चर्चा गरिएको पाइन्छ भन्ने उनको मत छ ।

समग्रमा नेपाली समालोचनाको आधारभूमि मोतीराम भट्टको **कवि भानुभक्त आचार्यको जीवनचरित्र**देखि राममणि आ.दी.को *कविता रीति*सम्मको समयावधिलाई मान्न सकिन्छ भन्ने दृष्टिकोण समालोचक शर्माको रहेको छ ।

### ४.२.६.४.२ **ज्ञवाली र शर्मा : अमर समीक्षकका रूपमा**

*ज्ञवाली र शर्मा : अमर समीक्षकका रूपमा* प्रस्तुत कृतिको दोस्रो समालोचनात्मक लेख हो । **राष्ट्रवाणी** पत्रिकामा यसभन्दा अघि प्रकाशित भइसकेको यस लेखमा सूर्यविक्रम ज्ञवाली र रामकृष्ण शर्मालाई नेपाली समालोचना क्षेत्रका अमर साधकका रूपमा प्रस्तुत गरेका छन् ।

*नैवेद्य-समालोचना* (१९७९) भन्ने लेख लेखी आलोचनाको क्षेत्रमा प्रवेश गरेका सूर्यविक्रम ज्ञवालीले स्वस्थ समीक्षाको थालनी गरेको चर्चा गरी उनका *रसमय नेपाली जीवन, लक्ष्मीपूजा समालोचना, नेपाली साहित्यका दुई तारा, देशभक्तिका केही कविता*जस्ता लेखहरू **नेपाली साहित्य सम्मेलन** पत्रिकामा प्रकाशित भएको र यस पत्रिकाको सम्पादन र प्रकाशनकार्य ज्ञवालीले गरेको कुरा उल्लेख गरेका छन् । सूर्यविक्रम ज्ञवालीले नै गुरुप्रसाद मैनाली, विश्वेश्वरप्रसाद कोइराला, पुष्कर शमशेर र बालकृष्ण समका कथाहरू सङ्कलन गरी **कथाकुसुम** (१९९५) प्रकाशित गरी नेपाली कथा क्षेत्रका प्रतिनिधि कथाकारहरूको प्रतिभा ठम्याउने कार्य गरेको उल्लेख पनि शर्माले गरेका छन् । **भानुभक्त स्मारक ग्रन्थ**को सम्पादन कार्य गरेर त्यसै ग्रन्थमा *भानुभक्त र नेपाली कवित्वको विकासमा भानुभक्तको स्थान* शीर्षक लेख लेखी भानुभक्तको योगदान र कवित्वको बारेमा ज्ञवालीले प्रशंसनीय कार्य गरेको कुरा उल्लेख गरी उनलाई आदर्शोन्मुख यथार्थवादी आलोचनात्मक वैशिष्ट्य भएका नीतिपरक समालोचक र समालोचनाको सूत्रपात गर्ने व्यक्तित्वको रूपमा चिनाएका छन् ।

यसैगरी यसै लेखभित्र रामकृष्ण शर्मालाई दोष-दर्शक, निर्भीक र निडर रूपमा आलोचना गर्ने अमर समीक्षकका रूपमा चिनाउँदै **शारदा** पत्रिकामा वि.सं. १९९९ मा *अङ्ग्रेजी साहित्यको प्रभाव* लेख लेखी मूर्धन्य साहित्यकार देवकोटा, सम र धरणीधर कोइरालाका कृतिमा परेको पाश्चात्य प्रभावलाई पङ्क्ति-पङ्क्तिको उधृत गर्दै सैद्धान्तिक एवम् निर्णायक समीक्षा प्रस्तुत गरेका शर्मालाई विवेकी आलोचकको रूपमा चिनाइएको छ । रामकृष्ण शर्माका

तीन कृतिहरू **सप्त शारदीय** (२०२४), **दश गोर्खा** (२०२६) र **टेबल गफ-नौ बैठक** (२०२७) कृतिहरूको अन्तर्वस्तुलाई केलाएर उनको वैशिष्ट्य समालोचकले निर्धारण गर्न खोजेका छन् । त्यसैगरी **सूक्तिसिन्धु** शृङ्गारिक कवितासङ्ग्रह (१९७४) लाई लिएर शर्मा र यदुनाथ खनालबीचको नेपाली समालोचनाको क्षेत्रमा भएको बौद्धिक द्वन्द्वको पनि चर्चा यस लेखमा भएको पाइन्छ । रामकृष्ण शर्माको सैद्धान्तिक चेत, गुण-दोष छुट्याउने विवेक र निर्भीक समालोचक व्यक्तित्वबाट नवोदित समीक्षक र साहित्यिक प्रतिभाहरूले सत्असत् छुट्याउने न्यायिक कसी सिक्नु जरुरी रहेको समालोचक भूपेन्द्र शर्मा भट्टराईको ठहर रहेको छ ।

### ४.२.६.४.३ खोज अन्वेषण परम्पराका अविष्मरणीय प्रतिभा

*खोज अन्वेषण परम्पराका अविष्मरणीय प्रतिभा* प्रस्तुत कृतिको विषयसूचीअनुसार तेस्रो क्रमाङ्कमा रहेको लेख हो । यसमा शर्माले नेपाली साहित्यको खोज अन्वेषणमा महत्त्वपूर्ण योगदान पुऱ्याएका पाँच प्रतिभाहरू क्रमशः बाबुराम आचार्य, कमलमणि दीक्षित, वासुदेव त्रिपाठी, बालकृष्ण पोखरेल, ईश्वर बरालका खोज अन्वेषण कार्यलाई सङ्क्षेपमा प्रस्तुत गरेका छन् । यस क्रममा उनले खोज अन्वेषण परम्परा मोतीराम भट्टबाट थालनी भए पनि बाबुराम आचार्यले त्यसलाई अरू प्राचीन गराउने कार्य गरे भने कमलमणि दीक्षित, वासुदेव त्रिपाठी, बालकृष्ण पोखरेल र ईश्वर बरालले हुर्काउने काम गरेका हुन् भन्ने कुरा उल्लेख गरेका छन् ।

ऐतिहासिक तथ्यका आधारमा नेपाली पुराना कविहरूका कृतिहरूलाई केलाउनु, समसामयिक स्थिति र परिवेशलाई नियालेर विवेचना गर्नु, तटस्थ दृष्टिद्वारा सूक्ष्मतम तत्त्वहरूलाई केलाउन सक्ने खुबी भएका बाबुराम आचार्यद्वारा नै नेपाली वाङ्मयले सर्वप्रथम ऐतिहासिक अन्वेषण र साहित्यिक विवेचनाको मौका पाएको उल्लेख यस कृतिमा गरिएको छ । **पुराना कवि र कविता** (२००३) कृतिमा बाबुराम आचार्यले भानुभक्तपूर्वका र उत्तरवर्ती कविहरूको कविताकृतिको विवेचना र नेपाली साहित्यको इतिहाससँगै कालविभाजनको कार्य गरी वि.सं. १९६० सम्म पुरानो समय भनेर कविहरूलाई पुराना कवि र नयाँ कविको दर्जा दिएको पाइन्छ । यसैगरी बाबुराम आचार्यले **तुलनात्मक सुन्दरकाण्ड** (२००२) मा भानुभक्त आचार्य र रघुनाथ पोखऱ्यालले भावानुवाद गरेका रामायणहरूको तुलना गरेको कुरा व्यक्त भएको छ । पुराना कवि र कवितामा कवि, कविता र काव्यको परिचय, भेद र विशेषताको चर्चा भएको र कविता वा काव्यमा लालित्य, सरलता र विचारको मौलिकता हुनुपर्ने मान्यताका साथै समालोचनामा रीति, रस र औचित्यवादबाट प्रभावित भएर कृतिहरूको मूल्याङ्कन गर्नु उनको वैशिष्ट्य रहेको उल्लेख समालोचक शर्माले गरेका छन् ।

प्रस्तुत लेखमा दोस्रो अन्वेषक, समालोचक व्यक्तित्वको रूपमा कमलमणि दीक्षितलाई समालोचक शर्माले खडा गरेका छन् । दीक्षितको वि.सं. २०१३ सालमा **शारदा** पत्रिकामा प्रकाशित **यस्तो पनि हुँदो रहेछ** पहिलो अनुसन्धानात्मक कृति रहेको ठहर शर्माले गरेका छन् ।

यसैगरी दीक्षितका *कालो अक्षर* (२०१७), *पर्खंदै बित्ला कि ?* (२०२६), *कागतीको सिरप* (२०२६), *भन्ने कुरा* (२०२१), *बुकी फूल* (२०२६), *उखान मिलेन* (२०३७) आदि समालोचनात्मक निबन्ध र उनले सम्पादन र सङ्कलन गरेका अन्य कृतिहरूको नामोल्लेख गरेका छन् । दीक्षितका सबैजसो रचनामा कृति र कृतिकारको वृहद् विश्लेषणभन्दा सूक्ष्म प्रयोगद्वारा घटना, तिथि, मिति आदिको निक्यौंलतिर झुकाव दिँदै रचना निर्धारणमा भन्दा सामग्री अन्वेषणमा तल्लीन रहेको शर्माको ठहर रहेको पाइन्छ ।

पुराना र तथ्य सामग्रीका आधारमा पूर्वीय र पाश्चात्य सिद्धान्तलाई संयोजन गरी औपचारिक अनुसन्धानको सूत्रपात सर्वप्रथम वासुदेव त्रिपाठीबाट भएको र उनको योगदानलाई औपचारिक अनुसन्धानपरक र अनुसन्धानमूलक गरी दुई भागमा विभक्त गर्न सकिने कुरा समालोचक शर्माले यसै कृतिभित्र उल्लेख गरेका छन् । वासुदेव त्रिपाठीका **सिंहावलोकन** (२०२६), **विवरण** (२०२८) र **केही फुटकर रचना** अनुसन्धानपरक रहेका र **लेखनाथ पौड्यालको कवित्वको विश्लेषण र मूल्याङ्कन** (२०३४), **महाकवि देवकोटा र यिनको महाकाव्य** (२०३१) का सम्बन्धमा भूमिका लेख, **पहलमानसिंह स्वाँरको पुनर्मूल्याङ्कन** (२०३४), **झपटबहादुरको पुनर्मूल्याङ्कन** (२०४५) अनुसन्धानमूलक रहेका भनी उनका अनुसन्धानात्मक लेख वा कृतिमा विषयको गम्भीरता, गहन व्याख्या, प्रस्तुतीकरणमा क्रमबद्धताजस्ता विशेषता रहेको ठहर समालोचक शर्माले प्रस्तुत गरेका छन् ।

यसैगरी भाषाशास्त्री बालकृष्ण पोखरेलका **पाँचसय वर्ष** (२०२०), **भाषा र साहित्य** (२०२१) जस्ता कृतिमा लेखक र सामग्रीको सत्यतालाई वैज्ञानिक आधारमा परिशोधन भएको र यी दुई कृतिले कथा र निबन्धका क्षेत्रमा झैँ अनुसन्धानमूलक समालोचनाका क्षेत्रमा पनि उत्तिकै महत्त्वपूर्ण योगदान दिई नेपाली वाङ्मयको श्रीवृद्धिमा केही नेपाली कृतिहरूको सम्पादन, समालोचन वा पुनर्मूल्याङ्कन कार्य गरी गहन भूमिका खेलेको कुरा स्वीकार्य हुने समालोचक शर्माले यस कृतिभित्र प्रस्तुत गरेको पाइन्छ ।

नेपाली वाङ्मयको अभिवृद्धिमा विधागत सम्पादन, सङ्कलन र आलोचनाको क्षेत्रमा गहन भूमिका खेलेका ईश्वर बरालले **झ्यालबाट** (२००४), **हिमालचुली** (२०१२) र **सयपत्री** (२०१३) कृतिका माध्यमबाट कथा, कविता र निबन्धको विधागत सैद्धान्तिक परिचय एवम् कथाको विकास प्रक्रियालाई आधिकारिक र प्रमाणिक बनाउने कार्य गरेको कुरा समालोचक शर्माको ठहर यस लेखमा रहेको पाइन्छ । साहित्यको भव्यतालाई केलाउने कसी युगबोध, भावबोध र अर्थोद्घाटन हो भन्ने मान्यता बरालमा रहेको पाइन्छ । समालोचक शर्माले बरालको भाषाशैली कमजोर रहे पनि विलक्षण समालोचकीय प्रतिभा रहेको र पूर्वीय र पाश्चात्य सैद्धान्तिक आधारमा कृतिपरक समालोचना गर्ने द्रष्टा व्यक्तित्व रहेको उल्लेख गरी उनको योगदानको प्रशंसनीय अभिव्यक्ति यस लेखमा प्रस्तुत गरेका छन् ।

### ४.२.६.४.४ दुई समालोचकबारे केही कुरा

*दुई समालोचकबारे केही कुरा* प्रस्तुत कृतिको विषयसूची क्रमको चौँथो लेख हो । यस लेखमा शर्माले यदुनाथ खनाल र सोमनाथ शर्मा सिग्द्यालको समालोचकीय व्यक्तित्वको समीक्षा गरेका छन् । पूर्वीय र पाश्चात्य काव्य मान्यताका अध्येता खनाल **समालोचनाको सिद्धान्त** (२००३) प्रकाशित गरी समालोचनाको क्षेत्रमा प्रवेश गरेका र उनको दृष्टिमा तुलनात्मक अध्ययन नै वैज्ञानिक समालोचना पद्धतिको आधारशिला हो भन्ने मान्यता रहेको कुरा शर्माले उल्लेख गरेको पाइन्छ । खनालले साहित्यसम्बन्धी मूल्य र सम्प्रेषणको सिद्धान्त स्थापना गरी यूरोपमा उठेको 'कला कलाका लागि' भन्ने प्रसङ्गलाई लिएर *कला कलाका लागि* लेखमा कला र साहित्यलाई पर्यायको रूपमा प्रस्तुत गरेको कुरा यस लेखमा पाइन्छ । नेपाली समालोचकहरूले आफ्नो साहित्यमा विशेषता खोज्नुभन्दा विश्वसाहित्यको परिवेशसित मेल खाने किसिमले व्यापक बनाउनुपर्ने मान्यता खनालको रहेको छ भन्ने शर्माको ठहर छ । **समालोचनाको सिद्धान्त** (२००३) र **साहित्यिक परिचय** (२०३४) गरी जम्मा दुईवटा पुस्तकाकार कृति र फुटकर लेखरचना प्रकाशित भएका खनालका रचनामा उच्च गुणात्मकता रहेकाले उनको योगदान महत्त्वपूर्ण रहेको कुरा यस लेखमा पाइन्छ ।

प्रस्तुत लेखमा सोमनाथ शर्मा सिग्द्याललाई पूर्वीय संस्कृत सिद्धान्तका मूल्य र मान्यतालाई पहिलोपटक नेपाली साहित्यमा भित्र्याउने समालोचकको रूपमा चिनाइएको पाइन्छ । उनी पूर्वका समालोचकहरूले गरेको पूर्वीय समालोचनामा एकाङ्की र सीमितता पाइएको र उनको **साहित्य प्रदीप** कृतिमा भने सीमित घेरालाई भताभुङ्ग पारी समालोचनाको क्षेत्रलाई विशाल बनाएर पूर्वीय गुणहरूलाई बाह्य तत्त्व र आन्तरिक तत्त्व गरी दुईभागमा बाँड्ने प्रयत्न गरेको कुरा उल्लेख गरिएको छ । समालोचक शर्माले सिग्द्याललाई जीवनवादी समालोचकको रूपमा मान्न सकिने सङ्केत गर्दै पूर्वीय संस्कृत सिद्धान्तलाई आत्मसात् गरी सैद्धान्तिक समालोचनाको स्थापना गर्ने सिग्द्याललाई अविष्मरणीय प्रतिभाका रूपमा चिनाउने प्रयास गरेका छन् ।

### ४.२.६.४.५ साहित्यिक इतिहास छोटो चिन्तन

यो लेख **केही द्रष्टा : केही दृष्टि** समालोचनासङ्ग्रहको विषयसूचीअनुरूप पाँचौ क्रमाङ्कमा रहेको लेख हो । यस लेखमा समालोचक शर्माले नेपाली साहित्यको इतिहास र विकासक्रमलाई प्रस्तुत गर्ने प्रयास गरेका छन् । **जनसन्देश** पत्रिकामा यसअघि नै प्रकाशित भएको यस लेखमा नेपाली साहित्यिक इतिहासका प्रमुख प्रतिभा र नेपाली साहित्यको इतिहाससँग सम्बद्ध कृतिहरूका नामोल्लेख गर्दै समालोचक शर्माले साहित्यिक इतिहासको क्षेत्रमा अझ व्यापक र गहन अध्ययनको खाँचो रहेको कुरा व्यक्त गरेका छन् ।

बाबुराम आचार्यद्वारा नेपाली साहित्यको इतिहासलेखन परम्परालाई **पुराना कवि र कविता** (२००३) को प्रकाशन गरी सूत्रपात भएको र त्यसपछि यज्ञराज सत्यालद्वारा लिखित **नेपाली साहित्यको भूमिका** (२०१७), डिल्लीराम तिमसिना र माधव भण्डारीको **हाम्रो साहित्य र साहित्यकार** (२०१८), रत्नध्वज जोशीको **नेपाली साहित्यको झलक** (२०२१), ताना शर्माको **नेपाली साहित्यको इतिहास** (२०२७), दयाराम श्रेष्ठ 'सम्भव' र मोहनराज शर्माको **नेपाली साहित्यको सङ्क्षिप्त इतिहास** (२०३४) आदि कृतिहरूले नेपाली साहित्यको इतिहासलाई थप प्रस्ट पार्ने काम गरेको कुरा समीक्षक भूपेन्द्र शर्मा भट्टराईको ठहर रहेको पाइन्छ ।

विधागत र समयगत साहित्यिक इतिहास लेखनतर्फ मोहनराज शर्माको **नेपाली केही आधुनिक साहित्यकार** (२०२६), केशवप्रसाद उपाध्यायको **प्राथमिककालीन कवि र काव्यप्रवृत्ति** (२०३२), शरदचन्द्र शर्मा भट्टराईको **नेपाली साहित्यको इतिहास** (२०३७), दयाराम श्रेष्ठ 'सम्भव' को **प्रारम्भिक कालको नेपाली साहित्यको इतिहास परम्परा** (२०२८) जस्ता कृतिले अवधिका आधारमा नेपाली साहित्यको इतिहासलाई अझ स्पष्ट पारेको स्वीकारोक्ति समालोचक शर्माको रहेको पाइन्छ ।

### ४.२.६.४.६ प्र.वा.स. : एक दृष्टि

**केही द्रष्टा : केही दृष्टि** समालोचनात्मक लेखसङ्ग्रहको विषयसूचीअनुरूप छैठौँ क्रमाङ्कमा रहेको *प्र.वा.स. : एक दृष्टि* लेख यसअघि **जनसन्देश** पत्रिकामा प्रकाशित भएको लेख हो । प्र.वा.स. अर्थात् प्रगतिवादी समालोचनाको आरम्भ, स्थापना र विकासका बारेमा यस लेखमा समालोचक शर्माले चर्चा गरेका छन् । नेपाली समालोचनाको क्षेत्रमा प्रगतिवादी दृष्टिकोणको पूर्वाधारको रूपमा ज्ञवालीको *नैवेद्य समालोचना* (१९७९) देखि नै लिनुपर्ने मान्यता राख्ने समालोचक शर्माले हृदयचन्द्रसिंह प्रधानको *हाम्रो अवस्था : हाम्रो साहित्य* (१९९५), *साहित्य एक दृष्टिकोण* (२००४) जस्ता आलोचनात्मक लेखहरूका माध्यमले नेपाली समालोचनाको क्षेत्रमा प्रगतिवादलाई प्रवेश गराएको ठहर रहेको पाइन्छ । वि.सं. २००७ सालको परिवर्तनका कारण प्रशासनिक बन्देजहरू एकाएक खुलेपछि कलासाहित्य समीक्षाका क्षेत्रमा समाज तथा सामाजिक सङ्घर्षका सापेक्षतामा मूल्याङ्कन गर्ने प्रवृत्ति विकसित हुँदै जाँदा मार्क्सवादी लेनिनवादी विश्वदृष्टिकोणका आधारमा साहित्यको सिर्जना र समीक्षा हुन थालेको औँल्याउँदै प्रगतिवादी मार्क्सवादी जीवनदृष्टिले नयाँ क्रान्तिकारी पुस्तालाई मात्र नभई पुराना पुस्ताका रोमान्टिक तथा क्लासिकल कविहरू देवकोटा, सम आदिमा समेत धेरथोर प्रभाव पार्न सफल भएको कुरा यस लेखमा उल्लेख गरिएको छ ।

प्रगतिवादी समालोचनालाई सक्रियताका साथ अगाडि बढाउने प्रतिभा र तिनका कृतिहरूमा वि.सं. १९९० को दशकबाट प्रकाशित आफ्ना लेखहरूमा प्रगतिवादी धारणालाई व्यक्त गर्ने हृदयचन्द्रसिंह प्रधान र उनको *हाम्रो अवस्था : हाम्रो साहित्य* (१९९५), *साहित्य एक*

*दृष्टिकोण* (२००४), कृष्णचन्द्रसिंह प्रधान र उनको **भञ्ज्याङनिरै** (कवितासङ्ग्रह, २००८) को भूमिका लेख, *प्रगतिशील साहित्य केही समस्या* (२०१२), *राजनीति र साहित्य* (२०१२), *नयाँ र पुरानो मान्यताको सङ्घर्ष चिसो चुल्हो* (२०१८), *जीवनमूलक साहित्य र यसको प्रयोग* (२०२०) आदि फुटकर कृति र **कवि व्यथित र काव्य साधना** (२०१५) पुस्तकाकार कृति, श्यामप्रसाद शर्मा र उनको **लेखक कसरी बन्ने ?** (२०१०), **साहित्यसम्बन्धी दुईचार कुरा** (२०२२) पुस्तकाकार कृति र *साहित्यिक पात्रपात्रीहरूका विषयमा स्पष्टीकरण* (२०२१), *सांस्कृतिक क्षेत्रमा लेनिनले देखाउनुभएको बाटो* (२०२४), *साहित्य र राजनीतिको सम्बन्ध* (२०२८), यसैगरी डी.पी. अधिकारी र उनका **यथार्थवादी समालोचना** (२०१७), **नेपाली साहित्य र आलोचना** (२०३२) समालोचनात्मक कृति, गोविन्दप्रसाद लोहनी र उनको *साहित्य: मार्क्सवादी दृष्टिकोण* (२०१०), *कला, जीवनदर्शन र यथार्थ* (२०१०), *जीवनको घुम्तीबाट मुनामदनको सर्वोत्तम प्रयोग* (२०१७), आनन्ददेव भट्ट र उनको **हाम्रा प्रतिभाहरू** (२०१९), **समालोचनाको बाटोतिर** (२०१९) पुस्तकाकार कृति, गोविन्द भट्ट र उनको *हृदयचन्द्रको विचार र दर्शन* (२०१७), *शिरीषको फूल कि कागजको फूल* (२०२२), *लक्ष्मीप्रसाद देवकोटामा क्रान्तिकारी प्रवृत्ति* (२०२५), *भानुभक्त र आजको नेपाल* (२०२८), ताना शर्मा र उनको *आगो र पानी एक घोत्ल्याइँ* (२०१३), **घोत्ल्याइँहरू** (२०२२), *भानुभक्तदेखि तेस्रो आयामसम्म* (२०२६), मोदनाथ प्रश्रित र उनको *कविशिरोमणि लेखनाथ पौड्याल र युगभावनाप्रति उनको दृष्टिकोण* (२०२३), *मुनामदन केही भर्रो केही खर्रो* (२०२५), *मोतीराम भट्टका दुवै पक्षलाई हेर्दा* (२०२६), *सुम्निमालाई हेर्दा लेखककै जीवनदर्शनको पृष्ठभूमिमा हेर्दा* (२०२८), *ऐतिहासिक सन्दर्भमा लक्ष्मीप्रसाद देवकोटा* (२०३५) आदि फुटकर लेखहरू र माथि उल्लेखित स्रष्टा र उनीहरूका कृति र लेखहरू रहेको कुरा यस लेखमा पाइन्छ । यसबाहेक प्रगतिवादी दृष्टिकोणलाई मलजल गर्ने अन्य प्रतिभाहरूमा सरिता ढकाल, गणेशलाल सुब्बा, भानुभक्त पोखरेल, रामचन्द्र भट्टराई, शक्ति लम्साल, टी.आर. विश्वकर्मा, मुरारी अधिकारी र हिरामणि पौड्याल आदि रहेको कुरा समालोचक शर्माको दृष्टिकोण रहेको छ ।

### ४.२.६.४.७ केही द्रष्टा : केही दृष्टि

**केही द्रष्टा : केही दृष्टि** विवेच्य कृतिको विषयसूचीअनुरूप सातौँ क्रमाङ्कमा रहेको लेख हो । यसमा शर्माले नेपाली समालोचनाको आधुनिक कालमा देखापरेका प्रतिभाहरूको विशेषतालाई देखाउने प्रयास गरेका छन् । उनले सूर्यविक्रम ज्ञवालीबाट समालोचनाको आधुनिक रूपको आरम्भ भएको र यदुनाथ खनाल र सोमनाथ सिग्द्यालबाट सैद्धान्तिक समालोचना थालनी भएको मानेका छन् । नेपाली समालोचकहरूलाई पूर्वीय साहित्य सिद्धान्तको आधारमा समालोचना गर्ने, पाश्चात्य सिद्धान्तको आधारमा समालोचना गर्ने र पूर्वीय एवम् पाश्चात्य मान्यतालाई सम्मिश्रण गरी समन्वयात्मक रूपमा सैद्धान्तिक समालोचना गर्ने गरी तीन वर्गमा समालोचक शर्माले वर्गीकरण गरेको पाइन्छ ।

उत्तरवर्ती समयमा नेपाली समालोचनाको क्षेत्र तुलनात्मक दृष्टिकोण, सैद्धान्तिक चेत र अनुसन्धानमूलक प्रवृत्तिका साथ अगाडि बढेको मान्यता राख्ने शर्माले पूर्वीय सिद्धान्तको आधारमा समालोचना गर्ने केशवप्रसाद उपाध्याय र उनको **पूर्वीय साहित्य सिद्धान्त** (२०३४), गोविन्दप्रसाद भट्टराई र उनको **पूर्वीय काव्यसिद्धान्त**, हेमाङ्गराज अधिकारी र उनको **पूर्वीय समालोचना सिद्धान्त** (२०३१) र डिल्लीराम तिमसिना र उनको **काव्य मीमांसा** (२०३०) जस्ता कृति र यिनै प्रतिभाहरू प्रमुख रहेको ठहर समालोचक शर्माले गरेका छन् ।

यसैगरी पाश्चात्य साहित्य सिद्धान्तका आधारमा समालोचना गर्ने वासुदेव त्रिपाठी र उनको **पाश्चात्य समालोचनाको सैद्धान्तिक परम्परा** (२०३०), अभि सुवेदी र उनको **पाश्चात्य काव्यसिद्धान्त** (२०३०), लीलाप्रसाद शर्मा र उनको **एरिस्टोटलको काव्यशास्त्र** (२०३०), कुमारबहादुर जोशी र उनको **पाश्चात्य साहित्यका केही प्रमुख वाद** (२०३८), गुमानसिंह चामजिङ र उनको **एरिस्टोटल र उनको काव्यशास्त्र** (२०३८), माधवलाल कर्माचार्य र लीलाप्रसाद शर्माको **आई.ए. रिचर्डस्को साहित्यिक समालोचनाको सिद्धान्त** (२०३०), लीलाप्रसाद शर्मा र उनको **जर्ज लुकासको साहित्यिक सिद्धान्त** (२०३१) जस्ता कृतिहरू र उल्लेखित प्रतिभाहरूलाई समालोचक शर्माले पाश्चात्य साहित्य सिद्धान्तका प्रयोक्ताको रूपमा लिएको पाइन्छ ।

पूर्वीय र पश्चिमी मान्यतालाई सम्मिश्रण गरी समन्वयात्मक रूपमा सैद्धान्तिक समालोचना गर्ने केशवप्रसाद उपाध्याय र उनको **साहित्य प्रकाश** (२०३०), मोहन हिमांशु थापा र उनको **साहित्य परिचय** (२०३५), इन्द्रबहादुर राई र उनको **टिपेका टिप्पणीहरू** (२०२३), **कथास्था** (२०२९) र **नेपाली उपन्यासका आधारहरू** (२०३१) आदि प्रतिभा र कृतिहरूले पूर्वीय र पश्चिमी मान्यतालाई आत्मसात् गरेको ठहर शर्माको रहेको छ ।

शर्माले उत्तरवर्ती समालोचकहरू र उनीहरूका कृति र देनको चर्चा गर्ने क्रममा सर्वप्रथम सैद्धान्तिक र व्यावहारिक दुवै दृष्टिका सशक्त प्रतिभा केशवप्रसाद उपाध्याय र उनको **प्राथमिककालीन कवि र काव्यप्रवृत्ति** (२०३२), **रिमाल : व्यक्ति र कृति** (२०३२), **तरुणतपसीको पुनर्मूल्याङ्कन** (२०३४), **विचार र व्याख्या** (२०४०), **समका दुःखान्त नाट्यचेतना** (२०४५), प्रगतिवादी समालोचक कृष्णचन्द्रसिंह प्रधान र उनको **साझा समालोचना** (२०३५) को भूमिका लेख, **नेपाली उपन्यास र उपन्यासकार** (२०३७), **सिर्जनाको सेरोफेरो** (२०४६), तारानाथ शर्मा र उनको **भानुभक्तदेखि तेस्रो आयामसम्म** (२०२७), **सम र समका कृति** (२०२८), **नेपाली साहित्यको इतिहास** (२०२७), **नेपाली साहित्यको ऐतिहासिक परिचय** (२०२९), **समसामयिक साझा कविता** (२०३९), **पच्चीस वर्षको नेपाली निबन्ध** (२०३९), वासुदेव त्रिपाठी र उनको **सिंहावलोकन** (२०२६), **विवरण** (२०२८), **लेखनाथ पौड्यालको कवित्वको विश्लेषण र मूल्याङ्कन** (२०३४), **महाकवि देवकोटा र यिनको महाकाव्य** (२०३१) को भूमिका लेख, **पहलमानसिंह स्वाँरको पुर्नमूल्याङ्कन** (२०३४), **झपटबहादुरको पुनर्मूल्याङ्कन** (२०४५), मोहनराज शर्मा र उनको **नेपालीका केही आधुनिक**

**साहित्यकार** (२०२९), **कथाको विकासप्रक्रिया** (२०३५), **नेपाली साहित्यको सङ्क्षिप्त इतिहास** (२०३४), चूडामणि बन्धु र उनको **देवकोटा** (२०३६), **महाकवि लक्ष्मीप्रसाद देवकोटा** (२०१८), ठाकुर पराजुली र उनको **नेपाली साहित्यको परिक्रमा** (२०४५), कुमारबहादुर जोशी र उनको **चार अमर कविका पाँच काव्यकृति** (२०२९), **महाकवि देवकोटा र उनका महाकाव्य** (२०३१), **विकीर्ण चिन्तन** (२०३३), **पाश्चात्य साहित्यका केही प्रमुख वाद** (२०३८), दयाराम श्रेष्ठ 'सम्भव' र उनका **सन्दर्भ र मूल्याङ्कलन** (२०२५), **नेपाली साहित्यका केही पृष्ठ** (२०३२), **वीरकालीन कविता** (२०३४), **प्रारम्भिक कालको नेपाली साहित्य : इतिहासपरम्परा** (२०३८), कृष्णप्रसाद पराजुली र उनको **पन्ध्र तारा र नेपाली साहित्य**, राजेन्द्र सुवेदी र उनका **विषय गहन : सतह चिन्तन** (२०३८), **स्रष्टा सृष्टि : द्रष्टा दृष्टि** (२०४३), घटराज भट्टराई र उनका **गुणराज : व्यक्ति र कृति** (२०३१), **भीमनिधि : व्यक्ति र कृति** (२०३२), **संस्कृतका अमर साहित्यकार** (२०३४), **प्रतिभैप्रतिभा र नेपाली साहित्य** (२०४०) जस्ता कृति र प्रतिभाहरूको बारेमा सङ्क्षिप्त चर्चा गरिएको पाइन्छ ।

उत्तरवर्ती अर्थात् आधुनिक नेपाली समालोचना क्षेत्रका स्थापित समालोचकहरूमा घनश्याम कँडेल, हीरामणि शर्मा पौड्याल, गुमानसिंह चामजिङ, लख्खीदेवी सुन्दास, जगन्नाथ त्रिपाठी, जनकलाल शर्मा, नरेन्द्र चापागाईं, राममणि रिसाल, शिवगोपाल रिसाल, नरहरि आचार्य, रामदयाल राकेश, मोदनाथ प्रश्रित, गोविन्द भट्टजस्ता व्यक्तिहरू पर्दछन् भने केही वर्ष यता समालोचनाको छोटो समयभित्र राम्रो ख्याति पाउने समालोचकहरूमा कृष्णहरि बराल, कुमार प्रधान, अशेष मल्ल, ध्रुवचन्द्र गौतम, तुलसी भट्टराई, भिक्टर प्रधान, कृष्ण गौतम, पुष्कर लोहनी, देवीप्रसाद गौतम, महादेव अवस्थी, सुधा त्रिपाठी, जगदीश शमशेर, भूपेन्द्र शर्मा भट्टराई, शिव रेग्मीजस्ता प्रतिभाहरू रहेका छन् भनी शर्माले उल्लेख गरेका छन् ।

निष्कर्षमा नेपाली समालोचना क्षेत्रमा सक्रिय नयाँ तथा पुराना पुस्ताका समालोचक प्रभाववादी दृष्टिकोणको घेराबाट मुक्त रही अन्तर्राष्ट्रिय साहित्यिक अध्ययनसाथ उचित मूल्याङ्कनमा प्रवृत्त भए नेपाली साहित्यको अध्ययन, विश्लेषण र ठोस मूल्याङ्कन हुन सक्ने सम्भावना समालोचक शर्माको ठहर रहेको पाइन्छ ।

### ४.२.६.५ भाषाशैली

प्रस्तुत **केही द्रष्टा : केही दृष्टि** समालोचनात्मक लेखसङ्ग्रहको भाषाशैली सरल रहेको पाइन्छ । तत्सम, तद्भव, प्राविधिक, पारिभाषिक, आगन्तुक शब्दहरूको प्रयोग, तिथि, मिति, उद्धरण र विभिन्न लेख्यचिह्नहरूको प्रयोगबाट यस कृतिभित्रका लेखहरूलाई प्रस्ट र सम्प्रेषणीय बनाइएको पाइन्छ । सङ्क्षिप्त चर्चा र प्रशस्त विवरणहरू प्रस्तुत गरिएको यस कृतिमा कुनैकुनै ठाउँमा वर्णविन्यास र तिथिमिति छपाइका क्रममा अशुद्ध र गल्ती हुन पुगेका

छन् । समग्रमा नेपाली साहित्यको इतिहास र समालोचनापरम्परालाई प्रस्तुत कृतिले सरल र सङ्क्षिप्त रूपमा पाठकवर्गलाई गम्भीर प्रभाव पार्न सक्ने देखिन्छ ।

### ४.२.६.६ निष्कर्ष

प्रस्तुत कृतिमा समग्रमा नेपाली समालोचनाको प्रारम्भ, उठान र विकासका बारेमा चर्चा गरिएको पाइन्छ । प्राचीन, माध्यमिक र आधुनिक कालका विभिन्न स्रष्टा र तिनका कृति तथा योगदानका बारेमा कलम चलाउने समालोचक, विभिन्न पत्रपत्रिकामा प्रकाशित समालोचनात्मक लेख एवम् पुस्तकाकार कृतिहरूको विवरण र सङ्क्षिप्त वर्णन गरिएको यस कृतिले नेपाली समालोचनाको इतिहास र महत्त्वमाथि सबैलाई गहन जानकारी दिन सफल रहेको मान्न सकिन्छ । विभिन्न पत्रपत्रिकामा प्रकाशित फुटकर लेखहरूको सङ्ग्रह भएकाले कालक्रमिक रूपमा प्रस्तुत गर्न कोसिस गरिए पनि विकासक्रमको व्यवस्थित रूप त्यति स्पष्ट हुन सकेको छैन । यस कृतिले समालोचक शर्माको समालोचकीय प्रतिभा र नेपाली समालोचना क्षेत्रको बारेमा पाठकवर्गलाई सङ्क्षिप्त रूपमा जानकारी प्रदान गर्न उपयोगी एवम् महत्त्वपूर्ण पुस्तकको रूपमा चिनाउन सफल रहेको पाइन्छ ।

## ४.२.७ 'नवलपरासीका साहित्यिक व्यक्ति र कृति' (साहित्य र पत्रकारिताको सङ्क्षिप्त इतिहास) कृतिको अध्ययन

यस शीर्षकअन्तर्गत विवेच्य कृति **नवलपरासीका साहित्यिक व्यक्ति र कृति**को परिचय, शीर्षक, संरचना, विषयवस्तु, भाषाशैली आदिको अध्ययन गरिएको छ ।

### ४.२.७.१ परिचय

**नवलपरासीका साहित्यिक व्यक्ति र कृति** पुस्तक भूपेन्द्र शर्मा भट्टराईको खोजअनुसन्धानमूलक समालोचना एवम् नवलपरासीको साहित्य र पत्रकारिताको सङ्क्षिप्त इतिहासको रूपमा वि.सं. २०६२ मा प्रकाशित कृति हो । यस कृतिका प्रकाशक श्यामप्रसाद श्रेष्ठ रहेका छन् । २८ पृष्ठमा मुख्य पाठ्यवस्तु रहेको यो कृति आवरण पृष्ठ, भूमिका खण्ड र विषयसूचीसमेत गरी ३६ पृष्ठमा संरचित छ । यस कृतिको बाहिरी आवरण पृष्ठमा नीलो र सेतो सतहमा सेता र नीला अक्षरले अगाडिको आवरणमा ठूलो अक्षरमा कृतिको नाम **नवलपरासीका साहित्यिक व्यक्ति र कृति** र त्यसको तल कोष्ठकमा साहित्य र पत्रकारिताको सङ्क्षिप्त इतिहास लेखिएको छ । त्यसको ठीक तल कृतिकारको नाम भूपेन्द्र शर्मा भट्टराई लेखिएको छ । यसैगरी पछाडिपट्टिको बाहिरी आवरणमा शर्माको छायाँचित्र र त्यसको तल कृतिकारको सङ्क्षिप्त चिनारीसहित उनी आबद्ध सङ्घसंस्था, पेसा, मानसम्मानको विवरण

प्रस्तुत गरी प्रकाशकको नाम साना अक्षरमा लेखिएको छ । यस कृतिभित्र विभिन्न समयमा प्रकाशित भएका वा हुन बाँकी जम्मा पाँचवटा समालोचनात्मक लेखहरू समेटिएको छ । आवरण पृष्ठपछिको भित्री पृष्ठमा कृति र कृतिकारको परिचय, त्यसपछिको पृष्ठमा प्रकाशक श्यामप्रसाद श्रेष्ठ, प्रथम संस्करण - २०६२, डिजाइन गणेश के.सी., कम्प्युटर टाइप लीलाधर भट्टराई, मूल्य रु. २५ र मुद्रक प्रज्ञा अफसेट प्रिन्टिङ प्रेस प्रा.लि., काठमाडौँ लेखिएको पाइन्छ साथै यसको सर्वाधिकार लेखकमा सुरक्षित रहेको जानकारी दिइएको पाइन्छ । यसैगरी यस कृतिमा यदुनन्दन भट्टराईले *मन्तव्य* भूमिका लेखमा अधिकांश पत्रकार र साहित्यकारका गुरुका रूपमा भूपेन्द्र शर्मा भट्टराईलाई चिनाउँदै उनको फुटकर लेखहरूको सङ्कलन यस कृतिले जिल्लाको साहित्यिक अन्वेषण गर्नेहरूलाई धेरै मद्दत पुग्ने अपेक्षा गरेको पाइन्छ ।[५८] त्यसभन्दा पछिल्लो पृष्ठमा विषयसूची राखी पाँचवटा लेखको शीर्षक र पृष्ठसङ्ख्या उल्लेख गरिएको छ । पहिलो संस्करण २०६२ मा ५०० प्रति प्रकाशित गरिएको यस कृतिमा नवलपरासी जिल्लाका साहित्यकार र उनीहरूका कृतिहरू, विभिन्न प्रकाशित पत्रपत्रिकाहरू, पत्रकारिता, गजल प्रतिभा र गजलकृति, अस्मितावादबारे जानकारी दिने उद्देश्य राखी सोहीअनुरूप लेखहरू समावेश गरिएको पाइन्छ । यस कृतिको पहिलो लेख *नवलपरासीका साहित्यिक व्यक्ति र कृति*बाट यस कृतिको नामकरण गरिएको छ ।

### ४.२.७.२ **शीर्षक**

**नवलपरासीका साहित्यिक व्यक्ति र कृति** समालोचनात्मक कृति यसै कृतिभित्रको पहिलो लेख *नवलपरासीका साहित्यिक व्यक्ति र कृति*बाट नामकरण गरिएको पाइन्छ । यस कृतिभित्र *नवलपरासीका साहित्यिक व्यक्ति र कृति, नयाँ कदमदेखि देवचुलीसम्म, नवलपरासीको पत्रकारिताको सामान्य परिचय, पाँच प्रतिभा सयौँ गजल, अस्मितावाद : आरम्भ सन्दर्भ* गरी पाँचवटा फुटकर लेखहरू समेटिएको पाइन्छ । समग्रमा यस कृतिले नवलपरासीका स्रष्टा, कृति, पत्रकारिता, गजलकारिता, साहित्यिक चिन्तन र गतिविधिलाई समेटेको देखिन्छ । त्यसैले यस कृतिको शीर्षक विषयवस्तुअनुरूप सार्थक रहेको पाइन्छ ।

### ४.२.७.३ **संरचना**

विवेच्य कृति २८ पृष्ठ पाठ्यवस्तु र आवरण, भूमिका र विषयसूचीसमेत ८ पृष्ठ गरी जम्मा ३६ पृष्ठको लघुआकारको कृति हो । समालोचक शर्माका पाँचवटा फुटकर लेखहरूको सङ्गालोको रूपमा प्रकाशित यस कृतिका लेखहरू कुनै लामा र कुनै छोटा आकारका रहेका

---

५८ यदुनन्दन भट्टराई, *मन्तव्य*, **नवलपरासीका साहित्यिक व्यक्ति र कृति**, (नवलपरासी : श्यामप्रसाद श्रेष्ठ, २०६२), पृ. ग ।

छन् । यस कृतिको सबैभन्दा लामो लेख *नवलपरासीका साहित्यिक व्यक्ति र कृति* १५ पृष्ठको छ भने सबैभन्दा छोटो लेख *अस्मितावाद : आरम्भ सन्दर्भ* २ पृष्ठको रहेको छ । यस कृतिका सबै लेखहरूको वर्ण्यविषय गद्यमा नै लेखिएका छन् तर कुनै लेखमा कविता र गजलका अंश पनि प्रस्तुत गरेर प्रस्ट्याउने कार्य शर्माले गरेका छन् । नवलपरासीका प्रतिभा, कृति, पत्रकारिता, पत्रपत्रिका, गजलकारिता आदिको सङ्क्षिप्त चर्चा र विवरण प्रस्तुत गरिएको यस कृति लघुआकारको संरचनामा पनि प्रशस्त अनुसन्धान र खोजको अभिव्यक्ति बन्न पुगेको छ ।

## ४.२.७.४ विषयवस्तु

यस कृतिमा सङ्कलित लेखहरू विषयवस्तुका आधारमा पृथक् रहेको पाइन्छ । त्यसैले यसमा सङ्कलित लेखहरूलाई विषयवस्तुगत छुट्टाछुट्टै चर्चा गर्नु सान्दर्भिक देखिन्छ ।

### ४.२.७.४.१ नवलपरासीका साहित्यिक व्यक्ति र कृति

*नवलपरासीका साहित्यिक व्यक्ति र कृति* प्रस्तुत समालोचनासङ्ग्रहको पहिलो क्रमाङ्कमा रहेको लेख हो । यसमा समालोचक शर्माले नवलपरासीका साहित्यिक व्यक्तित्वहरूको कोश प्रस्तुत गरेका छन् । स्थापित साहित्यकारहरूको जन्म, स्थान, बसोबास, पेसा तथा साहित्यिक कृतिहरूको विवरण उल्लेख गरेका छन् भने उदीयमान नवप्रतिभाहरूको नामोल्लेख गरेका छन् । शर्माले यस लेखमा साहित्यकारहरूको सामान्य परिचय दिनुका साथै कतै साहित्यकारहरूको प्रवृत्ति र कृतिको सङ्क्षिप्त समालोचना गरेका छन् । शर्माले नवलपरासीका २५ जना स्थापित साहित्यकारहरू क्रमशः चन्द्रप्रसाद अधिकारी, दीपक सोती, घनश्याम परिश्रमी, भू.श.भ. गण्डर्षि, गोविन्दराज विनोदी, केशवराज शर्मा डुम्रे, इन्द्र शाही 'डुम्राकोटी', नारायणप्रसाद खनाल, खगेन्द्रप्रसाद बस्याल, विष्णुप्रसाद लामिछाने, रमेश मिश्र, कृष्ण कँडेल, रमेश हरिलट्टक, सरोज उजाड, सदानन्द अभागी, कृष्णादेवी शर्मा श्रेष्ठ, खेचरनाथ नेपाल, नन्दलाल मिश्र, कोपिला शर्मा, श्यामप्रसाद न्यौपाने, दीपक भट्टराई 'निश्छल', रामहरि शर्मा गैरे, चेतनारायण भुसाल, विष्णुमाया विभु र शङ्कर बस्यालको साहित्यिक विवरण दिएको पाइन्छ । त्यस्तै अन्य व्यक्ति र कृतिमा पाँच दर्जनभन्दा बढी नवप्रतिभाहरूको नामोल्लेख गरेका छन् । यी साहित्यकारहरूमध्ये धेरैजसो फुटकर रचनामा सीमित देखिन्छन् भने केही कवितासङ्ग्रह, कथासङ्ग्रह, गजलसङ्ग्रह, खण्डकाव्य, महाकाव्य र नाटक रचनाको उचाइसम्म पुगेका पाइन्छन् । खेचरनाथ नेपाल र उनको **नलदमयन्ती** (२०५८) तथा सदानन्द अभागी र उनको **तीन युग एक कथा** (२०६०) र **अग्निज्वाला** (२०६१) महाकाव्यले यी दुई स्रष्टालाई महाकाव्यकारका रूपमा शर्माले प्रस्तुत गरेका छन् । यसैगरी शङ्कर बस्यालको **विधाताको खेल** (२०५९), कोपिला शर्माको **बबिता** (२०६२), रमेश हरिलट्टकको **सानु** (२०५५) र सदानन्द अभागीका **जीवनलीला** (२०६०), **नियति** (२०६१) र **तन्नेरी हजुरबा** (२०६१),

टीकाराम पाण्डेको **उपहार तिमीलाई** (२०५४) उपन्यास कृतिहरू प्रकाशित भएको पाइन्छ । घनश्याम परिश्रमीको **अन्त्यमा** (२०३६), केशवराज डुम्रेको **नारी** (२०४८) र कृष्णादेवी शर्मा श्रेष्ठको **स्मृतिको एक झिल्को** (२०६२) खण्डकाव्य प्रकाशित भएको पाइन्छ । यसैगरी विष्णुप्रसाद लामिछानेको **म पापी हुँ** (२०५०), **अभियान** (२०५०), **नेपाल आमाको श्राप** (२०६२) नाटक मञ्चन र प्रकाशन भएको पाइन्छ ।

गोपी सापकोटाको **खरानी** नाटक प्रकाशित अवस्थामा छ । बाँकी अन्य साहित्यकारहरू कथासङ्ग्रह, कवितासङ्ग्रह, गजलसङ्ग्रह, हाइकुसङ्ग्रह, फुटकर लेख र समालोचनामै सीमित रहेका छन् । यसप्रकार शर्माले वि.सं. २०६२ सम्मका नवलपरासी जिल्लामा देखापरेका साहित्यिक व्यक्ति र तिनका साहित्यिक कृतिको विवरण प्रस्तुत गरेका छन् ।

### ४.२.७.४.२ नयाँ कदमदेखि देवचुलीसम्म

*नयाँ कदमदेखि देवचुलीसम्म* प्रस्तुत कृतिभित्रको दोस्रो क्रमाङ्कमा रहेको लेख हो । यसमा लेखकले नवलपरासीको भूमिमा विकसित भएको पत्रपत्रिकाको इतिहासलाई दर्साउने काम गरेका छन् । वि.सं. २०२९ सालमा नवलपुर क्षेत्रका युवाहरूले कलकत्ताबाट इन्द्रप्रसाद अकेलाको प्रधान सम्पादकत्वमा **नयाँ कदम** नामक पत्रिका प्रकाशन गरी नवलपुरमा वितरण गरिएको पाइन्छ । त्यसपछिका अङ्क प्रकाशनमा तयारी गरिएको भए पनि निरन्तरता नपाएको तर नवलपरासीको साहित्यिक पत्रिकाको इतिहासमा यो अङ्क नै नवलपरासीको साहित्यिक पत्रिका मान्न सकिने समालोचक शर्माको ठहर रहेको देखिन्छ । **नयाँ कदम**को पहिलो अङ्कमा रहेको प्रकाशकीय र सम्पादकीयमा नवलपुर क्षेत्रको शैक्षिक, साहित्यिक र भौगोलिक परिचय सङ्क्षिप्त रूपमा दिइएको पाइन्छ । यसैगरी यस अङ्कमा साहित्यकार हंसपुरे सुवेदी, काशीराम शर्मा गैरे 'दु:खी' समेत आठजना अन्य कविका कविता, दुई लेखकका लेख, चारवटा कथा छापिएको शर्माले उल्लेख गरेका छन् ।

**नयाँ कदम** प्रकाशनपछि जिल्ला प्रशासन कार्यालयमा दर्ता भई वि.सं. २०३५ बाट **त्रिवेणी** पत्रिका प्रकाशनमा आयो । यसैगरी वि.सं. २०३७ मा **लालीगुराँस**, वि.सं. २०४८ मा **देवचुली** आदि नवलपरासीका साहित्यिक रचना छाप्ने स्थानीय पत्रपत्रिकामा पर्दछन् भनी भूपेन्द्र शर्मा भट्टराईले प्रस्तुत गरेका छन् । शर्माले **त्रिवेणी** साप्ताहिक र **लालीगुराँस** मासिक पत्रिकाका सम्पादक/प्रकाशक हिमलाल ज्ञवाली हुन् भनी चिनाएका छन् । **नयाँ ज्योति** साप्ताहिकका सम्पादक/प्रकाशक सूर्य भुसाल र **लुम्बिनी दैनिक**का सम्पादक/प्रकाशक कर्णबहादुर कार्की रहेको कुरा शर्माले व्यक्त गरेका छन् । **देवचुली** त्रैमासिक साहित्यिक पत्रिकाका प्रकाशक/सम्पादक यसै कृतिका लेखक भूपेन्द्र शर्मा भट्टराई रहेका र यो पत्रिका परासीबाटै मुद्रण हुनेगरी स्वीकृति लिइएको पहिलो पत्रिका रहेको शर्माले उल्लेख गरेका छन् ।

यसअघिका पत्रिकाहरू नवलपरासीबाट स्वीकृति लिए पनि बुटवल र काठमाडौँबाट मुद्रण भएको पाइन्छ । **लुम्बिनी** र **देवचुली**बाहेक अन्य पत्रिकाको साहित्यमा उल्लेख्य योगदान नभएको उल्लेख गर्दै **लुम्बिनी** दैनिकले साहित्यिक पाहुरको प्रकाशन गर्ने गरेको र **देवचुली** विशुद्ध साहित्यिक पत्रिकाको रूपमा प्रकाशित भएको उनको ठहर छ । **देवचुली**ले **पाल्ही सन्देश**, **परासी टाइम्स साप्ताहिक**लाई सह-प्रकाशन गरी पत्रकारिताको क्षेत्रमा उल्लेख्य भूमिका निर्वाह गरेको पाइन्छ । यसरी साहित्यिक पत्रकारिताको माध्यमबाट स्रष्टाहरूलाई स्थापित बनाउन नयाँ कदमको थालनीलाई **देवचुली**ले परिपूर्ति गर्न महत्त्वपूर्ण भूमिका निर्वाह गरेको उनको मत छ । नवलपरासीमा प्रकाशित यिनै पत्रपत्रिकाको बारेमा चर्चा-परिचर्चा समालोचक शर्माले गरेका छन् ।

### ४.२.७.४.३ **नवलपरासीको पत्रकारिताको सामान्य परिचय**

*नवलपरासीको पत्रकारिताको सामान्य परिचय* प्रस्तुत कृतिभित्र तेस्रो लेखका रूपमा रहेको छ । यसमा शर्माले नवलपरासी जिल्लामा रहेको पत्रकारिताको इतिहासलाई प्रस्तुत गरेका छन् । वि.सं. २०४९ आश्विन ३ गते रा.स.स. प्रतिनिधि एवम् **देवचुली** पत्रिकाका सम्पादक भूपेन्द्र शर्मा भट्टराईको अध्यक्षतामा नेपाल पत्रकार महासङ्घ जिल्ला तदर्थ समिति गठन गरी उपाध्यक्ष पदमा **लुम्बिनी** दैनिकका चूडामणि नेपाल, सचिव पदमा **चौतारी** दैनिकका टीकाराम गैरे, सह-सचिव पदमा **चेतना** पाक्षिककी सुश्री विष्णु पाण्डे, कोषाध्यक्ष पदमा **दैनिक जनसङ्घर्ष**का कुलप्रसाद शर्मा र अन्य सदस्यहरूमा जान्हवीप्रसाद जोशी, देवी सुवेदी रहेको र सल्लाहकार सदस्य पदमा प्रयागलाल श्रेष्ठ, हिमलाल ज्ञवाली र कर्णबहादुर कार्कीलाई चयन गरिएको पाइन्छ ।

वि.सं. २०४९ पौष २६ गते परासीमा सम्पन्न प्रथम जिल्ला अधिवेशनमा २० जना पत्रकारहरूलाई सदस्यता प्रदान गरिएको र केन्द्रीय प्रतिनिधि एवम् केन्द्रीय उपाध्यक्ष कर्णबहादुर कार्कीको प्रमुख आतिथ्यमा सम्पन्न उक्त अधिवेशनले पुन: भूपेन्द्र शर्मा भट्टराईको अध्यक्षतामा निर्विरोध नयाँ कार्य समिति गठन गरेको र केन्द्रीय प्रतिनिधिमा नवलपरासीबाट **नयाँ ज्योति** साप्ताहिकका सूर्य भुसाल र **परासी टाइम्स**का भूपेन्द्र शर्मा भट्टराईलाई पार्षद् चयन गरी वि.सं. २०५० साउनदेखि कार्यालय सञ्चालन गरेको उल्लेख शर्माले गरेका छन् ।

यसैगरी वि.सं. २०६१ फागुन २८ गते दोस्रो अधिवेशन सम्पन्न गरी नवनिर्वाचित कार्यसमितिमा अध्यक्ष पदमा टीकाराम गैरे, उपाध्यक्ष पदमा धर्म भुसाल, सचिव पदमा केशव पराजुली, कोषाध्यक्ष पदमा महेश थापा र अन्य तीन सदस्य गरी सात सदस्यीय कार्यसमिति र भूपेन्द्र शर्मा भट्टराई र कृष्णबहादुर कार्कीलाई केन्द्रीय प्रतिनिधिमा चयन गरिएको पाइन्छ । चौथो अधिवेशनका निर्वाचित अध्यक्ष कृष्णबहादुर कार्कीको कार्यकालमा नेपाल पत्रकार

महासङ्घ नवलपरासीको आफ्नै भवन र कार्यालय रामग्राम नगरपालिका क्षेत्रभित्र स्थापना भई पत्रकारिताको इतिहासमा उत्साहजनक सुरुवातको सङ्केत शर्माले व्यक्त गरेका छन् ।

#### ४.२.७.४.४ **पाँच प्रतिभा : सयौं गजल**

*पाँच प्रतिभा : सयौं गजल* प्रस्तुत कृतिमा चौथो क्रममा रहेको लेख हो । यस लेखमा भट्टराईले गजलको सामान्य परिचय दिँदै नेपालमा गजलको स्थापना, विकास र प्रचारका बारेमा केही चर्चा पनि गरेका छन् । नवलपरासी जिल्लामा गजलविधाको आगमन र विकासमा के-कस्ता गजलकारहरूको के-कस्तो योगदान रहेको छ सोको बारेमा पनि चर्चा गरिएको पाइन्छ ।

आधुनिक नेपाली साहित्यमा लोकप्रिय गजलविधा सुरुमा प्रणय-गीत गाउने सन्दर्भमा जन्मिएको र पछिपछि सामाजिक, राजनैतिक विकृति, विसङ्गतिप्रति पनि व्यङ्ग्य प्रहार गर्ने हतियार बन्न पुगेको शर्माको दृष्टिकोण रहेको पाइन्छ । नेपाली गजलकारिताले मोतीराम भट्ट, भीमनिधि तिवारी, उपेन्द्र जिगर हुँदै नयाँ मोड लिएर ज्ञानुवाकर पौडेलबाट पुनर्जागृति पाएको र विकासोन्मुख नेपाली गजलकारितामा उनीसँगै मनु ब्राजाकी, ललिजन रावल, बूँद राना, कृष्णहरि बराल र घनश्याम न्यौपाने 'परिश्रमी' लाई अब्बल प्रतिभा मानिएको पाइन्छ ।

नवलपरासी जिल्लामा सर्वप्रथम गजलविधामा कलम चलाएर गजलविधालाई प्रवेश गराउने प्रतिभाको विषयमा प्रस्ट प्रमाण फेला पार्न नसके पनि खगेन्द्रप्रसाद बस्याल, गोविन्दराज विनोदी, घनश्याम न्यौपाने 'परिश्रमी' मध्ये कुनै एक हुन् जसको विवाद गर्नुभन्दा नवलपरासीका साहित्यिक सङ्घसंस्था र पत्रपत्रिकाको योगदानका आधारमा प्रमाण पेस गरी स्पष्ट गर्नु राम्रो हुने कुरा समालोचक शर्माको ठहर रहेको पाइन्छ ।

वि.सं. २०४८ मा नवलपरासी जिल्लाबाट प्रकाशित पत्रपत्रिकामा सबैभन्दा पहिले **देवचुली** त्रैमासिक पत्रिकाको वर्ष १, अङ्क १ मा खगेन्द्रप्रसाद बस्यालको *गजल* छापिएको थियो र यसैलाई नवलपरासीमा प्रकाशित प्रथम गजलको रूपमा लिन सकिन्छ भन्ने मत उनको रहेको पाइन्छ । वि.सं. २०४९ को **देवचुली** गजलविशेषाङ्कमा भीमनिधि तिवारीको अप्रकाशित गजलसमेत खगेन्द्रप्रसाद बस्याल, गोविन्दराज विनोदी र भू.श.भ. गण्डर्षिका गजलहरू प्रकाशित गरिएको पाइन्छ । **देवचुली** पत्रिकाकै वर्ष २, अङ्क १ मा खगेन्द्रप्रसाद बस्यालको २४ वटा गजल प्रकाशित गरिएको पाइन्छ । यसैगरी यिनको **दैलातुङ फाँटबाट सुरु भएको यात्रा** (गजलसङ्ग्रह, २०४९) प्रकाशित प्रथम कृति हो जसमा ४८ वटा गजल रहेका छन् । वि.सं. २०३५-३६ देखि पुनर्जागृति पाएको नेपाली गजलयात्रामा नवलपरासीमा बस्यालको योगदान र **देवचुली** पत्रिकाको योगदानलाई बिर्सन नसकिने कुरा शर्माले उल्लेख गरेका छन् । त्यसैगरी वि.सं. २०५० मा घनश्याम न्यौपाने 'परिश्रमी' को **मौसम** गजलसङ्ग्रह प्रकाशित हुनु पनि नवलपरासीको गजलयात्राको उठानका लागि ठूलो उपलब्धि मान्न सकिन्छ ।

वि.सं. २०५८ देखि खगेन्द्रप्रसाद बस्यालको संयोजकत्वमा हरेक वर्ष मोती जयन्तीमा सङ्गीतमय रूपमा गजलयात्रा मनाउन थालेपछि नवोदित स्रष्टाहरू देखिन थालेको शर्माको ठहर छ । बूँद राना, घनश्याम परिश्रमी, खगेन्द्रप्रसाद बस्याल, गोविन्दराज विनोदी र भू.श.भ. गण्डर्षिको संलग्नतामा **देवचुली** पत्रिकामा गजलविशेषाङ्क २०६० र नवलपरासी साहित्य परिषद्को सक्रियतामा **समसामयिक गजल** (२०६१) प्रकाशित हुनु नवलपरासीकै गजल इतिहासमा कोशेढुङ्गो साबित हुन पुगेको मानिन्छ । **समसामयिक गजल** (२०६१) मा नवलपरासीका ३४ जना गजलकारहरूको रचना सङ्कलन गरी स्रष्टाको परिचयसमेत प्रकाशित गरिएको पाइन्छ ।

आधुनिक नेपाली गजलको पूर्वार्धदेखि कलम चलाउने यस जिल्लाका स्रष्टाहरूमा खगेन्द्रप्रसाद बस्याल, घनश्याम परिश्रमी, उज्ज्वल जि.सी., भूपेन्द्र शर्मा गण्डर्षि, वी.आर. कल्याणी, श्याम न्यौपाने, गोविन्दराज विनोदी आदि प्रतिभाहरू रहेका पाइन्छन् भने पछिल्ला चरणमा यी लगायत ईश्वरबा खनाल, उत्तम महतो 'दु:खी', उपेन्द्र प्रधान, कोपिला शर्मा, गोरखसागर खत्री, तिलक भट्टराई अञ्जान, दुर्गा भुसाल, हरिप्रसाद लम्फू, विष्णुमाया विभु, पिताम्बर चापागाईं, बबिता बरालजस्ता सैयौँ गजलकारहरू नवलपरासी जिल्लामा सक्रिय रहेको पाइन्छ । पचासको दशकतिर मुस्किलले पाँचजना गजलकार थिए भने वर्तमानमा सैयौँ गजलकार भेटिनु गजलविधाको लागि नवलपरासी उर्वर हुने सङ्केत समालोचक शर्माले गरेका छन् ।

### ४.२.७.४.५ अस्मितावाद : आरम्भ सन्दर्भ

*अस्मितावाद : आरम्भ सन्दर्भ* प्रस्तुत कृतिको अन्तिम लेख हो । यस लेखमा शर्माले 'अस्मितावाद' वि.सं. २०४५ देखि एक नवीन प्रयोग र शैलीका साथ देखापरेको साहित्यिक मान्यता हो तर त्यतिखेर यो वाद लोकप्रिय बन्न नसकेपछि २०५० को दशकपछि चर्चामा आउन थालेको उल्लेख शर्माले गरेका छन् । यो वाद नेपालको अस्मिता पहिचान गराउन स्थापना भएको देखिन्छ । नेपाली कला, संस्कृति, इतिहास, धर्म, परम्परा आदिको संरक्षण नभई नेपाली अस्मिता वा गौरव रहँदैन त्यसैले साहित्यिक कृतिमा यिनै नेपाली मौलिक बिम्ब, प्रतीक, विषय र शैलीलाई प्रयोग गरी वाङ्मय साधना गर्ने उद्देश्यले यस वादको स्थापना भएको ठहर यसका सम्बन्धमा **स्वदेश** वर्ष ९, अङ्क ४, २०४४ (काठमाडौँ, पृ. २४) मा प्रकाशित लेखबाट शर्माले गरेका छन् ।

यसै लेखमा शङ्कर बस्यालको वि.सं. २०६१ भदौ २५ गते **लुम्बिनी** दैनिकमा प्रकाशित *गण्डर्षि आफ्ना सिर्जनाहरूमा* शीर्षक लेख उद्धृत गर्दै प्रयोगवादी, अस्मितावादी, उत्तरआधुनिकतावादी सिद्धान्त देखापर्ने गण्डर्षिका रचनामा पाश्चात्य साहित्यको अत्यधिक प्रभावप्रति असन्तुष्टि, नेपालीको आत्मपहिचान, मौलिक राष्ट्रिय गौरवप्रति समर्पित भई ग्राम्य

परिवेशबाट राष्ट्रिय गौरव खोज्नु, विविध पक्षको अस्मिता वा अस्तित्वको खोजी गर्नु, राष्ट्र, राष्ट्रियता, संस्कृति, सभ्यता एवम् स्थानीय बिम्बलाई विषयवस्तुका रूपमा उठान गर्नु यस वादको मूलभूत विशेषता रहेको र भूपेन्द्र शर्मा भट्टराई यस वादका संस्थापक एवम् प्रवर्तक रहेको कुरा प्रस्ट पार्न चाहेको पाइन्छ ।

### ४.२.७.५ भाषाशैली

**नवलपरासीका साहित्यिक व्यक्ति र कृति** समालोचक भूपेन्द्र शर्मा भट्टराईको नवलपरासी जिल्लाको साहित्य र पत्रकारिताको सङ्क्षिप्त इतिहासका बारेमा खोज-अनुसन्धानमूलक कृति हो । यसमा शर्माले सरल भाषाशैलीको प्रयोग गर्दै प्राप्त भएसम्मका तिथि, मिति, प्रतिभा, सङ्घसंस्थाहरूको बारेमा सङ्क्षिप्त शैलीमा व्यापक विषयवस्तुलाई समेटिएको पाइन्छ । कहींकहीं कृति र कृतिकारको चर्चा गर्दा गजलको अंश पनि प्रस्तुत गरेका छन् भने कहीं विभिन्न पत्रपत्रिकाका लेखहरूलाई उद्धृतसमेत गरेका छन् । यो कृति सम्पूर्ण नवलपरासी जिल्लाको साहित्यिक इतिहासका रूपमा चिनिन सफल मानिन्छ तर पनि विभिन्न लेखहरूको सङ्ग्रह भएकाले विश्लेषणका क्रममा केही व्यापक र केही सङ्क्षिप्त बन्न पुगेका छन् । विभिन्न तत्सम, तद्भव, पारिभाषिक, प्राविधिक, झर्रा र आगन्तुक शब्द प्रयोग एवम् विभिन्न लेख्यचिह्नहरूको प्रयोग गरी लेखहरूलाई सम्प्रेषणीयता प्रदान गर्न समालोचक शर्मा सफल मानिन्छन् ।

### ४.२.७.६ निष्कर्ष

समालोचक भूपेन्द्र शर्मा भट्टराईको यस कृतिमा नवलपरासी जिल्लाको साहित्यिक गतिविधि र इतिहास प्रस्तुत गर्ने क्रममा जिल्लामा रहेका साहित्यकारहरू तथा उनीहरूद्वारा सृजित रचनाहरूका बारेमा विवरण प्रस्तुत गरी परिचयात्मक जानकारी दिइएको पाइन्छ । यसैगरी नवलपरासी जिल्लाबाट प्रकाशित विभिन्न पत्रपत्रिका, प्रकाशन संस्था र प्रकाशकहरूका बारेमा ऐतिहासिक अध्ययन अघि सारिएको छ । नवलपरासी जिल्लाको पत्रकारिताका साथै गजलकारिताको प्रारम्भ र विकास एवम् ती क्षेत्रमा संलग्न पत्रकार र गजलकारहरूको चिनारी दिइएको पाइन्छ । त्यस्तै नेपाली साहित्यमा देखापरेको नवीनतम प्रयोगवादी अस्मितावादी साहित्यलेखन र अस्मितावादको आरम्भ र त्यससम्बन्धी विभिन्न पत्रपत्रिकामा साहित्यकार तथा समालोचकद्वारा अभिव्यक्त विचारहरूलाई प्रस्तुत गरी प्रस्ट पारिएको देखिन्छ । निष्कर्षमा यस कृतिमा नवलपरासी जिल्लाभित्र साहित्य र पत्रकारिताको क्षेत्रमा भएका गतिविधि प्रस्तुत गरी नेपाली साहित्य र पत्रकारिताको विकासमा नवलपरासी जिल्लाको महत्त्वपूर्ण योगदान रहेको थाहा हुन्छ ।

## ४.३ प्रकाशित फुटकर लेख-रचनाहरूको विवरण

तालिका सं. १

| क्रम | प्रकाशित फुटकर रचनाको शीर्षक | विधा | प्रकाशित भएको पत्रिकाको नाम, स्थान | प्रकाशित वर्ष |
|---|---|---|---|---|
| १. | पृथ्वीनारायण शाहप्रति | कविता | संस्कृतामृतम्, गोरखपुर | वि.सं. २०३८ |
| २. | कठघरामा उभिएका विष्णु विभु घिमिरे | समालोचना | नवरस, काठमाडौँ | वि.सं. २०४४ |
| ३. | कालानुरागी रमेश विकल : कथा सिर्जनको परिप्रेक्ष्यमा | समालोचना | बगर, काठमाडौँ | वि.सं. २०४७ |
| ४. | कवि विनोदीको 'मेरो वर्तमानता' एक दृष्टिकोण | समालोचना | देवचुली, नवलपरासी | वि.सं. २०४८ |
| ५. | नवलपरासीका सिर्जनशील प्रतिभाहरू | समालोचना | देवचुली, नवलपरासी | वि.सं. २०५० |
| ६. | नवलपरासीको साहित्यिक व्यक्तित्व र कृतित्वको सङ्क्षिप्त रेखाङ्कन | समालोचना | पाल्हीनन्दन, नवलपरासी | वि.सं. २०५१ |
| ७. | 'बसाइँ' उपन्यासमा सामाजिक पक्ष | समालोचना | देवचुली, नवलपरासी | वि.सं. २०५८ |
| ८. | यस उपद्वीपका गजल-ज्ञानमणि | समालोचना | देवचुली, नवलपरासी | वि.सं. २०६० |
| ९. | गण्डर्षिका दुई गजल | गजल | देवचुली, नवलपरासी | वि.सं. २०६० |
| १०. | मेरा साहित्यिक सखाहरू | समालोचना | देवचुली, नवलपरासी | वि.सं. २०६० |

## ४.४ निष्कर्ष

भूपेन्द्र शर्मा भट्टराईले सर्वप्रथम वि.सं. २०३४ सालमा विद्यालयमा आयोजित कविता प्रतियोगितामा *पृथ्वीनारायण शाहप्रति* शीर्षकको कविता रचना र वाचन गरी पुरस्कृत भएबाट उनलाई साहित्य क्षेत्रमा लाग्ने हौसला मिलेको पाइन्छ । सोही कविता वि.सं. २०३८ सालमा गोरखपुर छात्र सङ्घद्वारा प्रकाशित **संस्कृतामृतम्** पत्रिकामा छापी नेपाली साहित्यमा प्रवेश गरेका उनले सुरुमा पिता इन्द्रप्रसाद त्यसपछि भारतीय महाकवि वनमालीदास शास्त्री र नेपाली आधुनिक प्रयोगवादी कवि मदन रेग्मीबाट प्रेरणा र प्रभाव ग्रहण गरेको पाइन्छ । काठमाडौँमा रहँदा त्यहाँबाट प्रकाशित **स्वदेश, नयाँ किरण, राष्ट्रवाणी, विन्ध्य-सन्देश, जनसन्देश, बगर, गोरखापत्र**जस्ता पत्रपत्रिकाहरूमा लेखरचना पठाउने र प्रकाशित गर्ने कार्य गरेका उनको प्रथम प्रकाशित कृति **शिवबस्तीदेखि शिवबस्तीसम्म** (२०४५) हो । त्यसपछि क्रमशः **केही द्रष्टा : केही दृष्टि** (२०४७), **रित्तो गिलास र अनारका आँखाहरू** (२०५९), **करुवाको पानी** (२०६१), **नवलपरासीका साहित्यिक व्यक्ति र कृति** (२०६२) र **गण्डर्षिका कविताहरू** (२०६७) कृतिहरू प्रकाशित भएको पाइन्छ । उनको साहित्ययात्रालाई वि.सं. २०३८ देखि वि.सं. २०४४ सम्मको अवधिलाई प्रथम चरण र वि.सं. २०४५ देखि हालसम्मको अवधिलाई द्वितीय चरण मान्न सकिन्छ । प्रथम चरण फुटकर रचना प्रकाशनको समय र आभ्यासिक काल मान्न सकिन्छ

भने द्वितीय चरण कृति प्रकाशनको समय र उर्वरकाल मान्न सकिन्छ । उनका कृतिहरूमा मूलतः प्रयोगवादी अस्मितावादी विचारधारा पाइन्छ । उनका कृतिमा राष्ट्रिय र सामाजिक विषयवस्तुलाई राष्ट्रिय अस्मितासँग जोडेर पौराणिक, ऐतिहासिक, राजनैतिक र सामाजिक बिम्बका सहायताले विभिन्न परम्परित र नवीनतम प्रतीकहरूको प्रयोगद्वारा राष्ट्र, राष्ट्रियता, कर्तव्यबोध, नारीअस्मिता, सौन्दर्यचेतना, वर्तमानका विकृत र विसङ्गत अवस्था, प्रेमप्रणय, विपन्न, शोषित र निमुखाप्रति सद्भाव र सहानुभूतिजस्ता विषयवस्तुहरूको प्रयोग तथा कुशल ढङ्गमा चित्रण गरिएको पाइन्छ । उनलाई आधुनिक नेपाली साहित्यजगत्का प्रयोगवादी-अस्मितावादी स्रष्टाका रूपमा चिन्न सकिन्छ । उनका साहित्यिक रचनाहरू विधागत तत्त्वहरूका आधारमा उत्तम रहेको मानिन्छ साथै संरचना, विषयवस्तु, शीर्षकविधान, भाषाशैली, छन्द, लय, बिम्ब, प्रतीक, अलङ्कार, रसजस्ता साहित्यिक विधागत तत्त्वहरूको कुशल प्रयोग फेला पार्न सकिन्छ । यसैगरी समालोचनात्मक कृतिमा नेपाली समालोचनाको प्रारम्भ, उठान र विकासका बारेमा चर्चा गर्दै नेपाली समालोचनाको क्षेत्रमा देखापरेका समालोचकहरू र साहित्यिक इतिहासलेखनमा देखापरेका खोज-अन्वेषकहरूका बारेमा चर्चा गर्दै उनीहरूका कृति, कार्य र योगदानका बारेमा प्रस्ट पार्न खोजिएको पाइन्छ । यसैगरी नवलपरासी जिल्लाको साहित्य, पत्रकारिता, सङ्घसंस्था गठन र साहित्यिक गतिविधिको ऐतिहासिक पक्षको बारेमा चर्चा गरिएको पाइन्छ । तसर्थ उनी साहित्यकार मात्र नभएर समालोचक र अनुसन्धेय व्यक्तित्व रहेको कुरा उनका कृतिहरूले प्रस्ट पारेका छन् । यसकारण उनका कृतिमार्फत् कवि, गजलकार र समालोचक एवम् अन्वेषक व्यक्तित्वका रूपमा उनी सुप्रसिद्ध बन्न पुगेका छन् ।

# पाँचौं परिच्छेद
# उपसंहार एवं निष्कर्ष

## ५.१ परिचय

यसअन्तर्गत भूपेन्द्र शर्मा भट्टराईको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययनका क्रममा यस शोधपत्रमा समावेश गरिएका विभिन्न परिच्छेदमा चर्चा गरिएका मूलभूत विषयवस्तुको परिच्छेदगत सारांशका साथै समग्र निष्कर्ष प्रस्तुत गरिएको छ ।

## ५.२ पहिलो परिच्छेदको निष्कर्ष

यस परिच्छेदमा **भूपेन्द्र शर्मा भट्टराईको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन** शीर्षकको शोधपत्रको परिचय रहेको छ । यसमा विषयपरिचय, समस्याकथन, उद्देश्य, पूर्वकार्यको विवरण र समीक्षा, औचित्य र महत्त्व, क्षेत्र र सीमा, सामग्रीसङ्कलन विधि, शोधविधि, शोधकार्यको रूपरेखाजस्ता शीर्षकमा रहेर चर्चा गरिएको छ ।

## ५.३ दोस्रो परिच्छेदको निष्कर्ष

यस परिच्छेदमा साहित्यकार भूपेन्द्र शर्मा भट्टराईको वंशपरम्परा, जन्म र नामकरण, पारिवारिक पृष्ठभूमि, बाल्यकाल, शिक्षा-दीक्षा, संस्कार-कर्महरू, दाम्पत्यजीवन र सन्तानलाभ, आर्थिक अवस्था, धार्मिक अवस्था, रुचि र स्वभाव, प्रेरणा र प्रभाव, दिनचर्या, सेवामा प्रवेश, सङ्घसंस्थासँगको आबद्धता, सम्मान तथा पुरस्कार र भ्रमणजस्ता शीर्षकअन्तर्गत विषयवस्तुहरूमाथि चर्चा गरिएको छ ।

भूपेन्द्र शर्मा भट्टराईको जन्म वि.सं. २०२१ जेठ १७ गतेका दिन नवलपरासी जिल्लाको पिठौली गा.वि.स.को कुस्नहरी गाउँमा भएको हो । पिता इन्द्रप्रसाद भट्टराई र माता लक्ष्मीदेवीका माहिला सुपुत्रका रूपमा जन्मिएका उनको न्वारनको नाम भोजराज भट्टराई भए पनि साहित्यका क्षेत्रमा भू.श.भ. गण्डर्षि र समालोचना, पत्रकारिता र समाजसेवाका क्षेत्रमा

भूपेन्द्र शर्मा भट्टराईका नामले परिचित रहेको पाइन्छ । उनका चार पुस्ता अघिदेखिका पुर्ख्यौलीहरूले पण्डित्याइँ कर्म गर्दै आएका र हिन्दू सनातन धर्मलाई अनुसरण गर्दै सोहीअनुसारका रीतिरिवाज र संस्कार कर्महरूलाई उनको पालासम्म पनि अँगाल्दै आएको पाइन्छ । उनको पुर्ख्यौली थलो पर्वत जिल्लाको शालिग्राम गा.वि.स., वडा नं. ५, बाहाकी ठाँटी रहे पनि उनका मातापिता त्यहाँबाट चितवनको माडी हुँदै नवलपरासीको पिठौली बसाइँ सरेका र त्यहीं नै उनको जन्म भएको र त्यसपछि कावासोतीमा सपरिवार बसाइँ सरेकाले हाल उनी छुट्टिभिन्न भई कावासोती-५, इन्द्रचोकमा एक पत्नी, दुई छोरा र एक छोरीका साथमा बसोबास गर्दै आएको पाइन्छ । बाल्यकालदेखि नै सुसंस्कृत, सभ्य, शैक्षिक र सुखद पारिवारिक वातावरण पाएका उनले नेपाल र भारतका विभिन्न शैक्षिक संस्थाहरूमा अध्ययन गरी संस्कृतमा आचार्य र नेपालीमा एम.ए.सम्मको अध्ययन हासिल गरेको पाइन्छ । विभिन्न समयमा उनले पत्रकारिता र प्राध्यापन सेवामा संलग्न रही जीवन गुजारा गर्दै आएका र पैतृक सम्पत्तिसमेत राम्रै रहेकाले उनको आर्थिक अवस्था सन्तोषजनक नै रहेको पाइन्छ । उनमा पिता इन्द्रप्रसाद, भारतीय महाकवि वनमालीदास शास्त्री र नेपाली प्रयोगवादी कवि मदन रेग्मी तथा अग्रज स्रष्टाहरूका कृतिहरूबाट साहित्यलेखनमा र किशोरीरमण राणाबाट पत्रकारिता क्षेत्रमा लाग्ने प्रेरणा र प्रभाव मिलेको पाइन्छ । साहित्य, पत्रकारिता, शिक्षा, धर्म र समाजसेवासँग सम्बन्धित विभिन्न सङ्घसंस्थाहरूसँग आबद्ध रही उनले योगदान दिएको देखिन्छ । हालसम्म पनि लुम्बिनी आदर्श डिग्री कलेजमा प्रशासनिक क्षेत्रमा प्रमुख रही पेसालाई निरन्तरता दिँदै उनले फुर्सदको समयमा साहित्य सिर्जना, रेडियो प्रस्तोता, समाजसेवा र विभिन्न कार्यक्रमहरूमा समय दिई आफ्नो दिनचर्या बिताइरहेको पाइन्छ । मिलनसार, मृदुभाषी, सहयोगी, परोपकारी र सिर्जनशील स्वभाव र रुचि भएका उनले साहित्य, पत्रकारिता र समाजसेवाको क्षेत्रमा योगदान पुऱ्याएबापत विभिन्न सङ्घसंस्थाहरूबाट समय-समयमा सम्मानित र अभिनन्दित हुँदै आएको देखिन्छ । उनले स्वदेश तथा विदेशका विभिन्न धार्मिक, पर्यटकीय, सांस्कृतिक, पुरातात्त्विक, ऐतिहासिक क्षेत्रहरूको भ्रमण गरेका छन् । यसैले उनको जीवन असाधारण एवम् उच्च रहेको पाइन्छ ।

## ५.४ तेस्रो परिच्छेदको निष्कर्ष

यस परिच्छेदमा भूपेन्द्र शर्मा भट्टराईको व्यक्तित्वलाई बाह्य व्यक्तित्व र आन्तरिक व्यक्तित्व गरी आन्तरिक व्यक्तित्वअन्तर्गत साहित्यिक व्यक्तित्व, प्रकाशक/सम्पादक व्यक्तित्व, पत्रकार व्यक्तित्व, प्राध्यापक व्यक्तित्व, समाजसेवी व्यक्तित्व र प्रशासक व्यक्तित्वको चर्चा गरिएको छ । साहित्यिक व्यक्तित्वमा कवि, गजलकार र समालोचक व्यक्तित्वको परिचर्चा गरिएको छ ।

भूपेन्द्र शर्मा भट्टराईको आकर्षक अङ्गअवयवसहितको शारीरिक जीउडाल, मृदुभाषी, चिन्तनशील, गम्भीर स्वभाव, भलाद्मी, शिष्ट, सरल, निष्कपट चारित्रिक विशेषता र साधारण नेपाली पहिरनले गर्दा उनको बाह्य व्यक्तित्व आकर्षक रहेको देखिन्छ । यसैगरी साहित्य र साहित्येतर क्षेत्रमा रहेको प्रतिभा र योगदानले उनको आन्तरिक व्यक्तित्व पनि उच्च रहेको पाइन्छ । उनका कविता, गजल र समालोचना विधाका विभिन्न प्रकाशित कृतिहरूले उनलाई कवि, गजलकार र समालोचक व्यक्तित्वको रूपमा चिनाउन सफल रहेको देखिन्छ । आफ्नै पिता इन्द्रप्रसाद, भारतीय महाकवि वनमालीदास शास्त्री र प्रयोगवादी कवि मदन रेग्मीलाई प्रेरणाको स्रोत मान्ने शर्माको वि.सं. २०३८ सालमा नेपाली छात्र सङ्घ, गोरखपुरद्वारा प्रकाशित **संस्कृतामृतम्** पत्रिकामा छापिएको *पृथ्वीनारायण शाह*प्रति शीर्षकको कविता प्रथम प्रकाशित रचना हो । उनको प्रथम प्रकाशित पुस्तकाकार कृति **शिवबस्तीदेखि शिवबस्तीसम्म** (कवितासङ्ग्रह, २०४५) हो भने हालसम्म उनका प्रकाशित अन्य कृतिहरूमा **केही द्रष्टा : केही दृष्टि** (समालोचनात्मक लेखसङ्ग्रह, २०४७), **रित्तो गिलास र अनारका आँखाहरू** (कवितासङ्ग्रह, २०५९), **करुवाको पानी** (गजलसङ्ग्रह, २०६१), **नवलपरासीका साहित्यिक व्यक्ति र कृति** (साहित्य र पत्रकारिताको सङ्क्षिप्त इतिहास, २०६७) रहेका छन् । उनका यी कृतिहरू उच्चकोटिका रहेको मान्न सकिन्छ । तसर्थ उनको साहित्यिक व्यक्तित्व उच्च रहेको पाइन्छ । यसैगरी उनले वि.सं. २०४० सालबाट प्रकाशक/सम्पादक भई कार्य गरेका र यसक्रममा **जुनेली** मासिक, **संरचना** साप्ताहिक, **नवरस** साप्ताहिक, **स्वदेश** साहित्यिक त्रैमासिक, **विन्ध्य–सन्देश** मासिक, **पाल्ही सन्देश**, **रामग्राम सन्देश**, **परासी टाइम्स**, **देवचुली** त्रैमासिक र **छुनामुना**जस्ता पत्रपत्रिकाहरूमा सम्पादक एवम् प्रकाशक भई कार्य गरेको पाइन्छ । वि.सं. २०४४ देखि रा.स.स.को संवाददाता रही काठमाडौँमा काम गरेका उनले यसै संस्थामा रहेर नवलपरासी जिल्लामा समेत पत्रकारिता गरेको पाइन्छ । यसैगरी पत्रकारहरूको हक, हित, स्वतन्त्रता र संरक्षणको उद्देश्यले नेपाल पत्रकार महासङ्घ नवलपरासी शाखा गठन गरी अध्यक्षको रूपमा कार्य गरेको पाइन्छ । यिनै योगदानले उनको प्रकाशक, सम्पादक र पत्रकार व्यक्तित्वलाई नवलपरासी जिल्लामा चिनाएको पाइन्छ । त्यस्तै वि.सं. २०४८ देखि परासीमा रहेको पाल्ही बहुमुखी क्याम्पसदेखि प्राध्यापन कार्यमा प्रवेश गरेका उनले कावासोतीस्थित लुम्बिनी आदर्श डिग्री कलेजमा केही वर्ष प्राध्यापन र हाल प्रशासन प्रमुख भई कार्य गरेको पाइन्छ । यसैगरी नवलपरासी जिल्लाका साहित्य, पत्रकारिता, शिक्षा, धर्म, समाजसेवा, मानवअधिकारसँग सम्बन्धित विभिन्न सङ्घसंस्था गठन गरेर त्यसमा आबद्ध रही लामो समय व्यतीत गरेका उनको प्राध्यापक, प्रशासक र समाजसेवी व्यक्तित्वले उनको आन्तरिक व्यक्तित्वलाई थप उज्यालो पार्ने काम गरेको छ । उनको जीवनी र व्यक्तित्वले उनको साहित्य सिर्जनाको सामीप्य ग्रहण गरेर नै साहित्यमा कलम अघि बढेको पाइन्छ । यसरी उनको व्यक्तित्व समग्रमा सबैका लागि प्रेरणादायक र प्रशंसनीय बन्न पुगेको पाइन्छ ।

## ५.५ चौथो परिच्छेदको निष्कर्ष

यस परिच्छेदमा भूपेन्द्र शर्मा भट्टराईका कृतित्वको प्रवृत्तिगत अध्ययन र मूल्याङ्कन प्रस्तुत गरिएको छ, जसमा उनले साहित्यलेखनमा ग्रहण गरेको प्रेरणा र प्रभाव, उनको आगमन र लेखनपरम्परा, साहित्ययात्रा, प्रवृत्तिगत साहित्यिक विशेषता र योगदानका साथै उनका प्रकाशित तीनवटा कवितासङ्ग्रह, एउटा गजलसङ्ग्रह र दुईवटा समालोचनात्मक लेखसङ्ग्रह गरी ६ वटा कृतिहरूको अध्ययन-विश्लेषण गरिएको छ ।

भूपेन्द्र शर्मा भट्टराईले सर्वप्रथम वि.सं. २०३४ सालमा विद्यालयमा आयोजित कविता प्रतियोगितामा *पृथ्वीनारायण शाहप्रति* शीर्षकको कविता रचना र वाचन गरी पुरस्कृत भएबाट उनलाई साहित्य क्षेत्रमा लाग्ने हौसला मिलेको पाइन्छ । सोही कविता वि.सं. २०३८ सालमा गोरखपुर छात्र सङ्घद्वारा प्रकाशित **संस्कृतामृतम्** पत्रिकामा छापी नेपाली साहित्यमा प्रवेश गरेका उनले सुरुमा पिता इन्द्रप्रसाद त्यसपछि भारतीय महाकवि वनमालीदास शास्त्री र नेपाली आधुनिक प्रयोगवादी कवि मदन रेग्मीबाट प्रेरणा र प्रभाव ग्रहण गरेको पाइन्छ । काठमाडौँमा रहँदा त्यहाँबाट प्रकाशित **स्वदेश, नयाँ किरण, राष्ट्रवाणी, विन्ध्य-सन्देश, जनसन्देश, बगर, गोरखापत्र**जस्ता पत्रपत्रिकाहरूमा लेखरचना पठाउने र प्रकाशित गर्ने कार्य गरेका उनको प्रथम प्रकाशित कृति **शिवबस्तीदेखि शिवबस्तीसम्म** (२०४५) हो । त्यसपछि क्रमश: **केही द्रष्टा : केही दृष्टि** (२०४७), **रित्तो गिलास र अनारका आँखाहरू** (२०५९), **करुवाको पानी** (२०६१), **नवलपरासीका साहित्यिक व्यक्ति र कृति** (२०६२) र **गण्डर्षिका कविताहरू** (२०६७) कृतिहरू प्रकाशित भएको पाइन्छ । उनको साहित्ययात्रालाई वि.सं. २०३८ देखि वि.सं. २०४४ सम्मको अवधिलाई प्रथम चरण र वि.सं. २०४५ देखि हालसम्मको अवधिलाई द्वितीय चरण मान्न सकिन्छ । प्रथम चरण फुटकर रचना प्रकाशनको समय र आभ्यासिक काल मान्न सकिन्छ भने द्वितीय चरण कृति प्रकाशनको समय र उर्वरकाल मान्न सकिन्छ । उनका कृतिहरूमा मूलत: प्रयोगवादी अस्मितावादी विचारधारा पाइन्छ । उनका कृतिमा राष्ट्रिय र सामाजिक विषयवस्तुलाई राष्ट्रिय अस्मितासँग जोडेर पौराणिक, ऐतिहासिक, राजनैतिक र सामाजिक बिम्बका सहायताले विभिन्न परम्परित र नवीनतम प्रतीकहरूको प्रयोगद्वारा राष्ट्र, राष्ट्रियता, कर्तव्यबोध, नारीअस्मिता, सौन्दर्यचेतना, वर्तमानका विकृत र विसङ्गत अवस्था, प्रेमप्रणय, विपन्न, शोषित र निमुखाप्रति सद्भाव र सहानुभूतिजस्ता विषयवस्तुहरूको प्रयोग तथा कुशल ढङ्गमा चित्रण गरिएको पाइन्छ । उनलाई आधुनिक नेपाली साहित्यजगत्का प्रयोगवादी-अस्मितावादी स्रष्टाका रूपमा चिन्न सकिन्छ । उनका साहित्यिक रचनाहरू विधागत तत्त्वहरूका आधारमा उत्तम रहेको मानिन्छ साथै संरचना, विषयवस्तु, शीर्षकविधान, भाषाशैली, छन्द, लय, बिम्ब, प्रतीक, अलङ्कार, रसजस्ता साहित्यिक विधागत तत्त्वहरूको कुशल प्रयोग फेला पार्न सकिन्छ । यसैगरी समालोचनात्मक कृतिमा नेपाली समालोचनाको प्रारम्भ, उठान र विकासका बारेमा चर्चा गर्दै नेपाली समालोचनाको क्षेत्रमा देखापरेका समालोचकहरू र साहित्यिक इतिहासलेखनमा देखापरेका खोज-अन्वेषकहरूका बारेमा चर्चा

गर्दै उनीहरूका कृति, कार्य र योगदानका बारेमा प्रस्ट पार्न खोजिएको पाइन्छ । यसैगरी नवलपरासी जिल्लाको साहित्य, पत्रकारिता, सङ्घसंस्था गठन र साहित्यिक गतिविधिको ऐतिहासिक पक्षको बारेमा चर्चा गरिएको पाइन्छ । तसर्थ उनी साहित्यकार मात्र नभएर समालोचक र अनुसन्धेय व्यक्तित्व रहेको कुरा उनका कृतिहरूले प्रस्ट पारेका छन् । यसकारण उनका कृतिमार्फत् कवि, गजलकार र समालोचक एवम् अन्वेषक व्यक्तित्वका रूपमा उनी सुप्रसिद्ध बन्न पुगेका छन् ।

## ५.६ समग्र निष्कर्ष

वि.सं. २०३८ सालमा *पृथ्वीनारायण शाहप्रति* शीर्षकको कविता गोरखपुर छात्र सङ्घद्वारा प्रकाशित **संस्कृतामृतम्** पत्रिकामा प्रकाशित गरी नेपाली साहित्यको फाँटमा प्रवेश गरेका भूपेन्द्र शर्मा भट्टराईको न्वारनको नाम भोजराज र साहित्यिक उपनाम भू.श.भ. गण्डर्षि हो । उनले नेपाली साहित्य तथा समालोचनाको क्षेत्रमा तीन दश लामो समय अनवरत रूपमा योगदान दिँदै आएका छन् । साहित्य, समालोचना, पत्रकारिता, प्राध्यापन, सम्पादन, प्रकाशन आदि क्षेत्रमा सिद्धहस्त शर्मा बहुमुखी प्रतिभासम्पन्न व्यक्तित्वका रूपमा चिनिन्छन् ।

वि.सं. २०२१ साल जेठ १७ गते पिता इन्द्रप्रसाद भट्टराई र माता लक्ष्मीदेवीका माहिला सुपुत्रका रूपमा नवलपरासी जिल्लाको पिठौली गा.वि.स.को कुस्नहरी गाउँमा जन्मिएका शर्माले त्यही स्थानमा बाल्यकालका सुखद क्षण बिताउँदै निम्न माध्यमिक तहसम्मको अध्ययन गाउँकै विद्यालय श्री शान्ति निकुञ्ज मा.वि., पिठौली र श्री शिव मा.वि., शिवमन्दिरमा गरी त्यसपछिको शिक्षा भारतको नयाँ दिल्लीको राजघाटस्थित ब्रह्मर्षि रामप्रपन्न महाविद्यालयमा भर्ना भई त्यहाँबाट संस्कृत व्याकरणमा पूर्वमध्यमा, गोरखपुरस्थित गोरक्षनाथ संस्कृत विद्यापीठबाट नव्यव्याकरणमा शास्त्री, वाल्मीकि विद्यापीठ काठमाडौँबाट आचार्य र त्रिभुवन विश्वविद्यालय काठमाडौँबाट नेपाली विषयमा स्नातकोत्तर तहसम्मको अध्ययन गरेका छन् । वि.सं. २०३७ सालमा नारायणी भुर्तेलसँग वैवाहिक जीवनमा बाँधिएका शर्मा हाल श्रीमती, दुई छोरा र एक छोरीका साथ कावासोती-५, नवलपरासीमा बसोबास गरिरहेको पाइन्छ ।

साहित्यकार भूपेन्द्र शर्मा भट्टराई आफ्नो साहित्यिक यात्राको प्रेरणाको स्रोतका रूपमा बाल्यकालमा पिता इन्द्रप्रसाद त्यसपछि भारतीय महाकवि वनमालीदास शास्त्री र नेपाली प्रयोगवादी कवि मदन रेग्मीसँगको उठबस र सहकार्यलाई मान्दछन् । उनको प्रथम प्रकाशित रचना नेपाली छात्र सङ्घ गोरखपुरद्वारा प्रकाशित **संस्कृतामृतम्** पत्रिकामा वि.सं. २०३८ सालमा छापिएको *पृथ्वीनारायण शाहप्रति* शीर्षकको कविता हो । उनका कविता, समालोचना, गजलजस्ता लेख-रचनाहरू **बगर, गरिमा, रत्नश्री, गोरखापत्र, मधुपर्क, पाल्ही नन्दन, स्वदेश, राष्ट्रवाणी, जनसन्देश, नयाँकिरण, देवचुली** आदि विभिन्न पत्रपत्रिकाहरूमा प्रकाशित भएको देखिन्छ । उनको पहिलो प्रकाशित पुस्तकाकार कृति **शिवबस्तीदेखि शिवबस्तीसम्म**

(कवितासङ्ग्रह, २०४५) हो । अन्य प्रकाशित कृतिहरूमा **केही द्रष्टा : केही दृष्टि** (समालोचनासङ्ग्रह, २०४७), **रित्तो गिलास र अनारका आँखाहरू** (कवितासङ्ग्रह, २०४९), **करुवाको पानी** (गजलसङ्ग्रह, २०६१), **नवलपरासीका साहित्यिक व्यक्ति र कृ**ति (साहित्य र पत्रकारिताको सङ्क्षिप्त इतिहास, २०६२) र **गण्डर्षिका कविताहरू** (कवितासङ्ग्रह, २०६७) रहेका छन् ।

पत्रकारिताको क्षेत्रमा किशोरीरमण राणाबाट प्रभाव र प्रेरणा ग्रहण गरेका शर्माले राजधानीबाट प्रकाशित **स्वदेश** साहित्यिक त्रैमासिक पत्रिकामा अतिथि सम्पादक, **विन्ध्य-सन्देश** मासिक पत्रिकामा प्रधान सम्पादक, **संरचना** साप्ताहिकमा सह-सम्पादक, **नवरस** साप्ताहिकमा कार्यकारी सम्पादक भई महत्त्वपूर्ण योगदान दिएको पाइन्छ । यसैगरी उनले नवलपरासीबाट प्रकाशित **पाल्ही सन्देश, रामग्राम सन्देश, परासी टाइम्स, देवचुली** साहित्यिक त्रैमासिक र **छुनामुना** बालपत्रिका सम्पादन एवम् प्रकाशन गरेको देखिन्छ ।

नवलपरासी जिल्लामा औपचारिक रूपमा साहित्यिक कार्यक्रम, गतिविधि र सङ्घसंस्थाहरूको थालनीकर्ताको रूपमा उनलाई लिइन्छ । वि.सं. २०४४ साल माघ २४ गते उनकै संयोजकत्वमा नाटककार बालकृष्ण समको स्मृतिमा प्रथम कविगोष्ठी भएको पाइन्छ । उनी नवलपरासी साहित्य परिषद्का संस्थापक अध्यक्ष (२०४९), परासी साहित्य समाजका संस्थापक सचिव, नेपाल पत्रकार महासङ्घ नवलपरासीका सभापति (२०४८-२०५३), देवचुली प्रकाशनका संस्थापक सम्पादक एवम् प्रकाशकका रूपमा पनि चिनिन्छन् । पछिल्ला समयमा उनी लुम्बिनी आदर्श डिग्री कलेज, सामुदायिक सेवा केन्द्र, नेपाल मानव अधिकार सङ्गठन, जिल्ला बालकल्याण समिति, नेपाल रेडक्रस सोसाइटी, सामुदायिक रेडियो मध्यबिन्दुजस्ता सङ्घसंस्थाहरूसँग आबद्ध रहेको पाइन्छ ।

नवलपरासीको साहित्यलाई उर्वर पार्ने साहित्यकार भूपेन्द्र शर्मा भट्टराई हालसम्म पनि विभिन्न साहित्यिक कार्यक्रमहरूमा संलग्न भई नवआगन्तुक प्रतिभाहरूलाई साहित्यलेखनमा प्रेरणा दिने गर्दछन् । उनका लेख-रचनाहरू समय-समयमा पत्रपत्रिकाहरूमा प्रकाशित भइरहन्छन् । नेपाली साहित्य र पत्रकारिताको क्षेत्रमा उनले दिएको योगदानको कदर गर्दै उनलाई नेपाल पत्रकार महासङ्घ नवलपरासीद्वारा वि.सं. २०५८ मा वरिष्ठ पत्रकार एवम् साहित्यकारका रूपमा सम्मान, लक्ष्मी स्मृति साहित्य समाजद्वारा वि.सं. २०६० मा अस्मितावादी-प्रयोगवादी काव्य सम्मान तथा अभिनन्दन, सहयोगी हातहरू संस्थाद्वारा वि.सं. २०६१ मा अभिनन्दन, नेपाल प्रेस युनियन कावासोती शाखाद्वारा वि.सं. २०६२ मा सम्मान, वि.सं. २०६२ मा नै सूर्यभक्त-पतनादेवी पत्रकारिता सम्मान, कालिका एफ.एम. चितवनबाट वि.सं. २०६६ मा कालिका स्रष्टा सम्मान, त्रिवेणी साहित्य परिषद्द्वारा वि.सं. २०६७ मा कृष्णजङ्ग-डम्बरजङ्ग पुरस्कार तथा सम्मान प्रदान गरिएको पाइन्छ ।

साहित्यकार शर्मा मूलत: प्रयोगवादी-अस्मितावादी साहित्यकारका रूपमा चिनिन्छन् । उनका कविताहरू नवीन गद्यशैलीमा लेखिएका हुन्छन् र बिम्ब-प्रतीकको समुचित प्रयोगले प्रयोगवादी लेखनका नजिक रहेका छन् । उनका कविताहरूमा राष्ट्र, राष्ट्रियता, जातीयता, स्वाभिमान आदिको अस्मिताको खोजी गरिएको हुनाले उनलाई प्रयोगवादी-अस्मितावादी कविका रूपमा चिनिन्छ । विशेषगरी गुणात्मक र सङ्ख्यात्मक दृष्टिकोणबाट उनका गद्यकविताहरू पद्यकविताहरूका तुलनामा उच्चस्तरका रहेका छन् । उनका पद्यकविताहरूमा सरल भाषाशैली, छन्द र अनुप्रासबीचको तालमेल, राष्ट्रभक्ति, नैतिक सन्देश, कोमल भावजस्ता विशेषताहरू पाइन्छन् । यसैगरी उनका गद्यकविताहरूमा अन्त्यानुप्रास, अन्तर अनुप्रासजस्ता आनुप्रासिक सचेतता, भावगत तरलता, स्वतस्फूर्त मूर्त शब्द संयोजनमा बिम्बात्मक अर्थ पाइन्छ । कवितामा बिम्ब र प्रतीकको प्रयोग गरी वर्तमान युगका विकृति, विसङ्गति, सामाजिक यथार्थता, युगबोध, नारीअस्मिता, राष्ट्रभक्ति, राष्ट्रियता, कर्तव्यबोध, शान्ति र क्रान्तिको सङ्केत पाइन्छ । उनका रचनाहरूमा नवीन प्रयोगवादी-अस्मितावादी, उत्तरआधुनिकतावादी सिद्धान्त देखापर्दछ । समाजको विकृति-विसङ्गतिको व्यवस्थित चिरफार गर्न यस लेखनलाई प्रयोजनपूर्ण लेखन मान्न सकिन्छ । पाश्चात्य साहित्यको अत्यधिक प्रभावप्रति असन्तुष्टि, नेपालीको आत्मपहिचान, मौलिक राष्ट्रिय गौरवप्रति समर्पित हुनु यस सिद्धान्तका विशेषता हुन् । कवि शर्माको ‘म प्रयोगशीलतामा अस्मितावादको अस्तित्व थोपर्न रुचाउँछु’ भन्ने अभिव्यक्तिबाट उनलाई प्रयोगवादी-अस्मितावादी कविका रूपमा चिन्न सकिन्छ । उनका समालोचनात्मक कृतिहरूमा नेपाली समालोचनाको प्रारम्भ, उठान र विकास तथा नेपाली साहित्यको इतिहासका बारेमा चर्चा गरिएको पाइन्छ । यसैगरी साहित्य, पत्रकारिता र साहित्यिक गतिविधिहरूको ऐतिहासिक महत्त्वमाथि प्रकाश पारिएको पाइन्छ । उनका गजल रचनाहरूमा प्रेमप्रणय र राष्ट्रियता, प्रजातन्त्र, नारीअस्मिता, शान्ति, सद्भाव, मानवता आदिको सुन्दर अभिव्यक्ति पाइन्छ । यिनै काव्यगत मान्यता र विशेषता बोकेका शर्मालाई नवलपरासीका मात्र नभई नेपाल अधिराज्यभरका एक स्थापित साहित्यकारका रूपमा चिन्न सकिन्छ ।

# सन्दर्भसामग्रीसूची

## (क) सन्दर्भग्रन्थसूची


अर्याल (पाण्डे), भगवती, **नवलपरासीको साहित्यिक गतिविधि**, (नवलपरासी : लालीगुराँस मासिक र अन्य, २०६३) ।

काफ्ले, टङ्कप्रसाद, **नवलपरासीका प्रतिनिधि कवि र तिनका कृतित्वगत विशेषता**, (अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि., केन्द्रीय नेपाली विभाग, कीर्तिपुर, २०६३) ।

खनाल, नारायणप्रसाद, **समीक्षा प्रहर–प्रहरका**, (नवलपरासी : त्रिवेणी साहित्य परिषद्, २०६१) ।

गण्डर्षि, भू.श.भ., **रित्तो गिलास र अनारका आँखाहरू**, (नवलपरासी : नवलपरासी साहित्य परिषद् र देवचुली प्रकाशन, २०५९) ।

____________, **करुवाको पानी**, (नवलपरासी : केशवराज भुर्तेल, २०६१) ।

____________, **गण्डर्षिका कविताहरू**, (नवलपरासी : नारायणी भट्टराई, २०६७) ।

गैह्रे, ईश्वरीप्रसाद, **आधुनिक नेपाली खण्डकाव्य र महाकाव्य**, (काठमाडौँ : न्यु हीरा बुक्स इन्टरप्राइजेज्, २०६०) ।

गौतम, लक्ष्मणप्रसाद, **समकालीन नेपाली साहित्यको बिम्बपरक विश्लेषण**, (ललितपुर : साझा प्रकाशन, २०६०) ।

घिमिरे, मैनादेवी, **रविकिरण निर्जीवको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन**, (अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि., नेपाली विभाग, वीरेन्द्र बहुमुखी क्याम्पस, भरतपुर, २०५९) ।

चापागाईं, धर्म, **नवलपरासी जिल्लाको गजलकारिता**, (अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि., केन्द्रीय नेपाली विभाग, कीर्तिपुर, २०६४) ।

ज्ञवाली, सूर्यविक्रम, (प्र.सम्पा.), **नेपाली सङ्क्षिप्त शब्दकोश**, (काठमाडौँ : नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान, २०४०) ।

त्रिपाठी, वासुदेव र अन्य, (सम्पा.), **नेपाली कविता** (भाग-४), तेस्रो संस्क., (ललितपुर : साझा प्रकाशन, २०५४) ।

नेपाल, देवी र अन्य, **गजल कसरी लेख्ने ?**, तेस्रो संस्क., (काठमाडौँ : ऐरावती प्रकाशन प्रा.लि., २०६७) ।

पराजुली, कृष्णप्रसाद, **राम्रो रचना : मीठा नेपाली**, बाह्रौँ संस्क., (काठमाडौँ : सहयोगी प्रेस, २०४६) ।

परिश्रमी, घनश्याम न्यौपाने, **गजल सौन्दर्य मीमांसा**, (रूपन्देही : सनराइज आवासीय उ.मा.वि., २०६४) ।

पोखरेल, बालकृष्ण (नि.), **नेपाली बृहत् शब्दकोश**, पुनर्मुद्रित, (काठमाडौँ : नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान, २०५५) ।

__________________, **नेपाली बृहत् शब्दकोश**, पुनर्मुद्रित, (काठमाडौँ : नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान, २०५८) ।

पौडेल, विष्णुप्रसाद, **संस्कृत काव्यशास्त्र**, (काठमाडौँ : भुँडीपुराण प्रकाशन, २०५७) ।

भट्टराई, गङ्गाकुमारी (सुवेदी), **कवि पोषराज पौडेलको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन**, (अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि., नेपाली विभाग, वीरेन्द्र बहुमुखी क्याम्पस, भरतपुर, २०५९) ।

भट्टराई, भूपेन्द्र शर्मा, **केही द्रष्टा : केही दृष्टि**, (काठमाडौँ : तीर्थनारायण महर्जन, २०४७) ।

________________, **नवलपरासीका साहित्यिक व्यक्ति र कृति**, (नवलपरासी : श्यामप्रसाद श्रेष्ठ, २०६२) ।

लुइटेल, खगेन्द्रप्रसाद, **कविताको संरचनात्मक विश्लेषण**, (काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार, २०६२) ।

________________, **कविता सिद्धान्त र नेपाली कविताको इतिहास**, (काठमाडौँ : नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान, २०६०) ।

शर्मा, भूपेन्द्र, **शिवबस्तीदेखि शिवबस्तीसम्म**, (काठमाडौँ : स्वदेश प्रकाशन, २०४५) ।

शर्मा, मोहनराज, **समकालीन समालोचना सिद्धान्त र प्रयोग**, (काठमाडौँ : नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान, २०५५) ।

सम्भव, दयाराम श्रेष्ठ र शर्मा, मोहनराज, **नेपाली साहित्यको सङ्क्षिप्त इतिहास**, चौथो संस्क., (ललितपुर : साझा प्रकाशन, २०४६)

श्रेष्ठ, ईश्वरकुमार, **पूर्वीय एवम् पाश्चात्य साहित्य समालोचना : प्रमुख मान्यता, वाद र प्रणाली**, चौथो संस्क., (ललितपुर : साझा प्रकाशन, २०६२) ।

## (ख) सन्दर्भ पत्रिकासूची

गण्डर्षि, भूपेन्द्र शर्मा, *'बसाइँ' उपन्यासमा सामाजिक पक्ष,* **देवचुली**, (वर्ष ११, अङ्क १, पूर्णाङ्क ७१, वैशाख/असार, २०५८), पृ. ३५-३६ ।

_______________, *यस उपद्वीपका गजल-ज्ञानमणि,* **देवचुली**, (वर्ष १३, अङ्क ११/१२, पूर्णाङ्क ७४, चैत/वैशाख, २०६०), पृ. २ ।

_______________, *गण्डर्षिका दुई गजल,* **देवचुली**, (वर्ष ११, अङ्क १, पूर्णाङ्क ७४, चैत/वैशाख, २०६०), पृ. १७ ।

ढकाल, महालक्ष्मी, *साहित्य अस्मितापूर्ण अभिव्यक्तिको कला बन्नुपर्दछ,* **अंशु,** (वीरेन्द्र बहुमुखी क्याम्पस, अप्रकाशित कार्यमूलक पत्रकारिता र स्नातक, तृतीय वर्ष, वर्ष १, अङ्क १, २०६४, असार), पृ. १२–१५ ।

बस्याल, शङ्कर, *गण्डर्षि आफ्ना सिर्जनाहरूमा,* **दैनिक लुम्बिनी**, (वर्ष १७, अङ्क २३७, २०६१ भदौ २५), पृ. २ ।

भट्टराई, भूपेन्द्र शर्मा, *नवलपरासीका सृजनशील प्रतिभाहरू,* **देवचुली**, (वर्ष ३, अङ्क १, पूर्णाङ्क ७१, वैशाख, २०५०), पृ. २७-३१ ।

शर्मा, भूपेन्द्र, *मेरा साहित्यिक सखाहरू,* **देवचुली**, (वर्ष १३, अङ्क १, पूर्णाङ्क ७२, पुस, २०६०), पृ. १३ ।

सापकोटा, कमला, *साहित्य र पत्रकारिताका केन्द्रबिन्दु भू.श.भ. गण्डर्षि,* **मधुश्री**, (वीरेन्द्र बहुमुखी क्याम्पस, अप्रकाशित कार्यमूलक पत्रकारिता र स्नातक, तृतीय वर्ष, वर्ष १, अङ्क १, २०६४, असार), पृ.२१–२२ ।